*"बालबालिकामा लगानी सबैको सरोकार,*
*बालमैत्री नगर विकास र गुणस्तरीय शिक्षाको आधार "*

# सोलुदुधकुण्ड नगरपालिका
# शिक्षा योजना (२०८३-२०९२)

सोलुदुधकुण्ड नगरपालिका,
सल्लेरी - ५, सोलुखुम्बु
मिति:- २०८३/०३/०८ गते नगरकार्यपालिकाबाट स्वीकृत

## हाम्रो भनाइ

नेपालको संविधान २०७२ ले संघीय, प्रदेश र स्थानीय सरकार गरी तीन तहको सरकार र विद्यालय तह शिक्षाको  जिम्मेवारी स्थानीय सरकारलाई दिएको छ । संघीय सरकारबाट निर्दिष्ट भए बमोजिम सोलुदुधकुण्ड नगरपालिकाले नगर शिक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याएको हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले क्षेत्रगत आवधिक योजना निर्माण र विषयगत योजनाहरू समेत निर्माण गरी कार्यान्वयनमा ल्याउने नीतिगत व्यवस्था गरेको सन्दर्भमा यस नगरपालिकाको नगर शिक्षा योजना तयार गरिएको हो।

योजना तयार गर्दा कार्यशाला सञ्चालन, तथ्याङ्क सङ्कलन, विज्ञहरूसँगको छलफल तथा अन्य क्षेत्रका सरोकारवालाहरुसँगको छलफलमा निस्किएका सुझावहरु समेतलाई समावेश गरिएको छ । प्रस्तुत दश वर्षीय सोलुदुधकुण्ड नगर शिक्षा योजना (२०८३-२०९२) हेर्दा महत्वकांक्षी देखिएता पनि नगरपालिकाको शिक्षा क्षेत्रको व्यापक सुधार गर्नका लागि नगरी नहुने क्रियाकलापहरूलाई समेटेर निर्माण गरिएको छ । संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्दै आवश्यकताका आधारमा कानुन समेत परिमार्जन गरी वाल विकास र शिक्षाको अवधि २ वर्षको बनाउने, शिक्षकहरू राजनीतिक दलको सदस्य हुन नपाउने, अभिभावक-विहिन बालबालिकाको अभिभावकत्व पालिकाले लिने, प्राविधिक धार अध्ययन गर्ने विद्याथीहरूलाई छात्रवृत्ति वितरण गर्ने, विद्यालय दुरी टाढा भएका विद्यार्थी लक्षित आवाशीय विद्यालय स्थापना गर्ने लगायत विविध महत्वपूर्ण योजनाहरू समेटेर १० वर्षको योजना तयार भएपनि ५ वर्षमा पुनरावलोकन हुनेछ भन्ने अभिप्रायले क्रियाकलापहरुको बजेट सूचकहरुको लक्ष्य ५ वर्षको मात्र तय गरिएको छ । यद्यपी बजेट र क्रियाकलापको विस्तृत खाका ५ वर्षको र रणनीतिक लक्ष्य १० वर्षको हो । यो योजनाबाट योजनावद्ध हिसाबले यस नगरपालिकाको लक्ष्य क्षेत्रको विकासमा टेवा पुर्याउने र राष्ट्रिय लक्ष्य हासिल मार्ग निर्देशन गर्नेछ भन्ने विश्वास लिएका छौं ।

यस लक्ष्य योजना निर्माणमा सहयोग पुर्याउनु हुने सरोकारवाला वि.व्य.स., शि.अ.सं., प्रधानाध्यापक, जनप्रतिनिधहरू र प्राविधिक सहयोग उपलब्ध गराउने रिड नेपालका तालिम अधिकृत बासु वाग्ले लगायत सबै नगरबासी प्रति आभार व्यक्त गर्दछौं । साथै यो योजना कार्यान्वयनमा हामी सबैको अमूल्य योगदान रहनेछ भन्नेमा विश्वास लिएका छौं ।

सोलुदुधकुण्ड नगरपालिका

## शुभकामना मन्तव्य



शिक्षा समृद्ध, सभ्य र आत्मनिर्भर समाज निर्माणको मूल आधार हो । गुणस्तरीय, समावेशी, जीवनोपयोगी तथा प्रविधिमैत्री शिक्षाको विकासमार्फत सक्षम, सिर्जनशील, नैतिक र जिम्मेवार नागरिक उत्पादन गर्नु आजको आवश्यकता मात्र नभई हाम्रो साझा दायित्व पनि हो । यही विषयलाई आत्मसात गर्दै १० वर्षे नगर शिक्षा योजना सार्वजनिक गर्न पाउदा मलाई अत्यन्त हर्ष र गौरवको अनुभूति भएको छ ।

यस योजनाले नेपालको संविधान, प्रचलित शिक्षा नीति, दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय शिक्षा नीति तथा स्थानीय सरकारको संवैधानिक जिम्मेवारीलाई आधार मानी आगामी दश वर्षका लागि नगरको शैक्षिक विकासको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ । यस योजनामार्फत प्रत्येक बालबालिकाको गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्दै सिकाई उपलब्धिमा सुधार, विद्यालय व्यवस्थापनको सुदृढीकरण, शिक्षकको व्यावसायिक क्षमता अभिवृद्धि, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग, समावेशी तथा बालमैत्री शिक्षण वातावरण निर्माण र स्थानीय आवश्यकता तथा सम्भावनासँग जोडिएको व्यवहारिक शिक्षाको विकासलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

शिक्षा क्षेत्रमा गरिएको लगानी नै नगरको दिगो विकास, सामाजिक रूपान्तरण र आर्थिक समृद्धिको सबैभन्दा बलियो आधार हो । त्यसैले हाम्रो नगरपालिका  शिक्षा क्षेत्रमा आवश्यक नीति, स्रोत व्यवस्थापन पूर्वाधार विकास र जनशक्तिको व्यवस्थापन गर्दै यस योजनाको प्रभावकारी कार्यान्वयनमा पूर्ण प्रतिबद्धत रहेको छ ।

यस योजनाको निर्माण प्रक्रियामा आफ्नो अमूल्य सुझाव, अनुभव र प्राविधिक सहयोग प्रदान गर्नुहुने जनप्रतिनिधिहरू, शिक्षा क्षेत्रका विज्ञहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी, सरोकारवाला संघसंस्था, राष्ट्रसेवक कर्मचारी तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक आभार व्यक्त गर्दछु । आगामी दिनमा पनि योजनाको सफल कार्यान्वयनका लागि सबै पक्षबाट निरन्तर सहयोग, समन्वय र साझेदारी प्राप्त हुने विश्वास लिएको छु ।

अन्त्यमा, यस १० वर्षे नगर शिक्षा योजनाले हाम्रो नगरलाई गुणस्तरीय, समावेशी, नवप्रवर्तनमुखी र प्रतिस्पर्धी शिक्षा प्रणालीतर्फ अग्रसर गराउँदै समृद्ध नगर निर्माणको साझा अभियानमा महत्वपूर्ण कोशेढुङ्गा सावित हुनेछ भन्ने पूर्ण विश्वास गरेको छु ।

धन्यवाद ।

नाम्गेल जाङबु शेर्पा
नगर प्रमुख
सोलुदुधकुण्ड नगरपालिका

विषयसूची

सन्दर्भ र औचित्य ........ १२
१. विषय प्रवेश ........ १२
२. शिक्षा योजना निर्माणको आवश्यकता ........ १२
३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य ........ १३
४ . शिक्षा योजना निर्माणका आधार ........ १३
५ . शिक्षा योजना निर्माण प्रकृया ........ १४
६ . योजनाको लेखाजोखा ........ १५
परिच्छेद १ : परिचय ........ १७
१.१ पृष्ठभूमि ........ १७
१.२ भौगोलिक अवस्थिति ........ १७
१.३ नगरपालिकाको सामान्य परिचय ........ १८
१.४ जनसाङ्ख्यिकी विवरण ........ १८
१.५ शैक्षिक अवस्था ........ २१
१.५.१ शिक्षक–विद्यार्थी अनुपात (तह अनुसार) पालिका तह ........ २२
१.५.२ पालिकामा संचालित वडागत विद्यालय विवरण ........ २३
१.५.३ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतिहरु ........ २६
१.५.४ विद्यालय शिक्षा क्षेत्रका अवसरहरु ........ २७
परिच्छेद २ : दूरदृष्टी, उद्देश्य, रणनीति र लक्ष्य निर्धारण ........ २७
२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधार ........ २७
२.१.१ सन्दर्भ र औचित्य ........ २८
२.१.२ योजना विकास प्रक्रिया ........ २९
२.२ दूरदृष्टि ........ ३०
२.३ लक्ष्य ........ ३०
२.४ उद्देश्य ........ ३०
२.५ रणनीति ........ ३०
२.६ रणनीति र रणनीतिगत कार्यनीतिहरू ........ ३०
२.७ अपेक्षित उपलब्धि ........ ३७
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ ३८
परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र ........ ४३
३.१ प्रारम्भिक बाल विकास र शिक्षा ........ ४३
३.१.१ परिचय ........ ४३

३.१.२ विद्यमान अवस्था ........................................................................................ ४४

३.१.३ समस्या........................................................................................................ ४५

३.१.४ चुनौती........................................................................................................ ४६

३.१.५ अवसर ........................................................................................................ ४६

३.१.६ सोच ........................................................................................................... ४६

३.१.७ लक्ष्य............................................................................................................ ४६

३.१.८ उद्देश्य ......................................................................................................... ४६

३.१.९ रणनीति ...................................................................................................... ४६

३.१.१० कार्यनीति.................................................................................................... ४७

३.१. ११ प्रमुख कार्यक्रम र भौतिक लक्ष्य.......................................................................... ४७

३.१.१२ अपेक्षित उपलब्धि.......................................................................................... ४९

३.२ आधारभूत शिक्षा ............................................................................................. ४९

३.२.१ परिचय ........................................................................................................ ४९

३.२.२ विद्यमान अवस्था ........................................................................................... ५०

३.२.३ समस्या........................................................................................................ ५०

३.२.४ चुनौती......................................................................................................... ५२

३.२.५ अवसर ........................................................................................................ ५२

३.२.६ लक्ष्य............................................................................................................ ५२

३.२.७ उद्देश्य ......................................................................................................... ५२

३.२.८ रणनीति ...................................................................................................... ५२

३.२.९ कार्यनीति...................................................................................................... ५३

३.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य....................................................................... ५४

३.२.११ अपेक्षित उपलब्धिहरू ..................................................................................... ५६

३.३ माध्यमिक शिक्षा.............................................................................................. ५७

३.३.१ परिचय ........................................................................................................ ५७

३.३.२ विद्यमान अवस्था........................................................................................... ५८

३.३.३ समस्या........................................................................................................ ५८

३.३.४ चुनौती ........................................................................................................ ५९

३.३.५ अवसर ........................................................................................................ ५९

३.३.६ लक्ष्य.................................................................... **ङ्कचचद्धच! ख्द्धद्धण□कचण थद्ध□ घङ्गद्ञथङ्गघ.**

३.३.७ उद्देश्य ......................................................................................................... ६०

३.३.८ रणनीति ...................................................................................................... ६०

३.३.९ कार्यनीति ........ ६०

३.३.१० प्रमुख  कार्यक्रम तथा भौतिक लक्ष्य ........ ६१

३.३.११ अपेक्षित उपलब्धिहरू ........ ६३

३.४ प्राविधिक तथा व्यावसायिक तालिम ........ ६३

३.४.१ परिचय ........ ६३

३.४.२ विद्यमान अवस्था ........ ६४

३.४.३ समस्या ........ ६५

३.४.४ चुनौती ........ ६५

३.४.५ अवसर ........ ६६

३.४.६ लक्ष्य ........ ६६

३.४.७ उद्देश्य ........ ६६

३.४.८ रणनीति ........ ६६

३.४.९ कार्यनीति ........ ६६

३.४.१० प्रमुख  कार्यक्रम तथा भौतिक लक्ष्य ........ ६७

३.४.११ अपेक्षित उपलब्धि ........ ६८

३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाई ........ ६८

३.५.१  परिचय ........ ६८

३.५.२  विद्यमान अवस्था ........ ६९

३.५.३ समस्या ........ ६९

३.५.४ चुनौती ........ ६९

३.५.५ अवसर ........ ७०

३.५.६  लक्ष्य ........ ७०

३.५.७ उद्देश्य ........ ७०

३.५.८ रणनीति ........ ७०

३.५.९ कार्यनीति ........ ७०

३.५.१० प्रमुख कार्यक्रम  तथा भौतिक लक्ष्य ........ ७१

३.५.११ अपेक्षित उपलब्धि ........ ७१

परिच्छेद ४ : शिक्षाका अन्तरसम्बन्धित विषय ........ ७२

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मुल्याङ्कन ........ ७२

४.१.१ परिचय ........ ७२

४.१.२ विद्यमान अवस्था ........ ७२

४.१.३ समस्या ........ ७३

४.१.४ चुनौती........ ७३
४.१.५ अवसर ........ ७३
४.१.६ लक्ष्य........ ७३
४.१.७ उद्देश्य ........ ७३
४.१.८ रणनीति ........ ७४
४.१.९ कार्यनीति........ ७४
४.१.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ ७४
४.१.११ अपेक्षित उपलब्धिहरू ........ ७५
४.२ शिक्षक व्यवस्थापन र विकास........ ७५
४.२.१ परिचय ........ ७५
४.२.२ विद्यमान अवस्था........ ७६
४.२.३ समस्या........ ७७
४.२.४ चुनौती........ ७७
४.२.५ अवसर ........ ७८
४.२.६ लक्ष्य........ ७८
४.२.७ उद्देश्य........ ७८
४.२.८ रणनीति........ ७८
४.२.९ कार्यनीति ........ ७८
४.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य........ ७९
४.२.११ अपेक्षित उपलब्धि........ ८०
४.३ शिक्षामा समता र समावेशीकरण ........ ८१
४.३.१ परिचय ........ ८१
४.३.२ विद्यमान अवस्था........ ८१
४.३.३ समस्या........ ८४
४.३.४ चुनौती ........ ८५
४.३.५ अवसर........ ८५
४.३.६ लक्ष्य........ ८५
४.३.७ उद्देश्य ........ ८५
४.३.८ रणनीति ........ ८६
४.३.९ कार्यनीति........ ८६
४.३.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य........ ८६
४.३.११अपेक्षित उपलब्धि........ ८८

४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ८८

४.४.१ परिचय ........ ८८

४.४.२ विद्यमान अवस्था ........ ८९

४.४.३ समस्या ........ ९०

४.४.४ चुनौती ........ ९०

४.४.५ अवसर ........ ९०

४.४.६ लक्ष्य ........ ९०

४.४.७ उद्देश्य ........ ९०

४.४.८ रणनीति ........ ९१

४.४.९ कार्यनीति ........ ९१

४.४.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ ९१

४.४.११ अपेक्षित उपलब्धि ........ ९३

४.५ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलता ........ ९३

४.५.१ परिचय ........ ९३

४.५.२ विद्यमान अवस्था ........ ९४

४.५.३ समस्या ........ ९५

४.५.४ चुनौती ........ ९५

४.५.५ अवसर ........ ९५

४.५.६ लक्ष्य ........ ९५

४.५.७ उद्देश्य ........ ९५

४.५.८ रणनीति ........ ९५

४.५.९ कार्यनीति ........ ९६

४.५.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ ९७

४.५.११ अपेक्षित उपलब्धि ........ ९९

४.६ शिक्षामा सूचना सञ्चार र प्रविधिको प्रयोग ........ ९९

४.६.१ परिचय ........ ९९

४.६.२ विद्यमान अवस्था ........ १००

४.६.३ समस्या ........ १०१

४.६.४ चुनौती ........ १०१

४.६.५ अवसर ........ १०१

४.६.६ लक्ष्य ........ १०१

४.६.७ उद्देश्य ........ १०१

४.६.८ रणनीति ........ १०२
४.६.९ कार्यनीति ........ १०२
४.६.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ १०२
४.६.११ अपेक्षित उपलब्धि ........ १०३
परिच्छेद ५ : अन्य उपक्षेत्र ........ १०३
५.१ विद्यालय व्यवस्थापन ........ १०३
५.१.१ परिचय ........ १०३
५.१.२ विद्यमान अवस्था ........ १०४
५.१.३ समस्या ........ १०४
५.१.४ चुनौती ........ १०५
५.१.५ अवसर ........ १०५
५.१.६ लक्ष्य ........ १०५
५.१.७ उद्देश्य ........ १०५
५.१.८ रणनीति ........ १०५
५.१.९ कार्यनीति ........ १०५
५.१.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ १०६
५.१.११ अपेक्षित उपलब्धि ........ १०७
५.२ शैक्षिक गुणस्तर ........ १०७
५.२.१ परिचय ........ १०७
५.२.२ विद्यमान अवस्था ........ १०८
५.२.३ समस्या ........ १०८
५.२.४ चुनौती ........ १०९
५.२.५ अवसरहरू ........ १०९
५.२.६ लक्ष्य ........ १०९
५.२.७ उद्देश्य ........ १०९
५.२.८ रणनीति ........ १०९
५.२.९ कार्यनीति ........ ११०
५.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ ११०
५.२.११ अपेक्षित उपलब्धि ........ १११
परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन ........ ११२
६.१ संस्थागत संरचना र क्षमता विकास ........ ११२
६.१.१ परिचय ........ ११२

६.१.२ समस्याहरू ........ ११४
६.१.३ लक्ष्य ........ ११४
६.१.४ उद्देश्य ........ ११४
६.१.५ रणनीति ........ ११४
६.१.६ कार्यनीतिहरू ........ ११५
६.१.७ संस्थागत संरचना ........ ११५
६.१.८ संस्थागत क्षमता विकास ........ ११६
६.१.९ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य ........ ११६
६.१.१० अपेक्षित उपलब्धि ........ ११८
परिच्छेद ७: लगानी र स्रोत व्यवस्थापन ........ ११८
परिच्छेद ८ : योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समन्वय ........ १२३
८.१ योजना तर्जुमा ........ १२३
८.१.१ समस्या ........ १२३
८.१.२ चुनौती ........ १२३
८.१.३ अवसर ........ १२३
८.१.४ सोच ........ १२४
८.१.५ लक्ष्य ........ १२४
८.१.६ उद्देश्य ........ १२४
८.१.७ रणनीति ........ १२४
८.१.८ कार्यनीति ........ १२४
८.१.९ अपेक्षित उपलब्धि ........ १२५
८.२ अनुगमन तथा मूल्याङ्कन ........ १२५
८.२.१ समस्या ........ १२५
८.२.२ चुनौती ........ १२६
८.२.३ अवसर ........ १२६
८.२.४ सोच ........ १२६
८.२.५ लक्ष्य ........ १२६
८.२.६ उद्देश्य ........ १२६
८.२.७ रणनीति ........ १२६
८.२.८ कार्यनीति ........ १२७
८.२.९ अपेक्षित उपलब्धि ........ १२७
८.३ समन्वय र सहकार्य ........ १२७

८.३.१ समस्या........................................................................................................................१२८

८.३.२ चुनौती.........................................................................................................................१२८

८.३.३ अवसर ........................................................................................................................१२८

८.३.४ सोच.............................................................................................................................१२८

८.३.५ लक्ष्य.............................................................................................................................१२८

८.३.६ उद्देश्य...........................................................................................................................१२८

८.३.७ रणनीति ........................................................................................................................१२८

८.३.८ कार्यनीति.......................................................................................................................१२९

८.३.९ अपेक्षित उपलब्धि...........................................................................................................१२९

अनुसूची १: (२०८०-२०८४) पाँच वर्षे शिक्षा योजना निर्माण सल्लाहकार समिति..................................................१२९

अनुसूची २ : (२०८३-२०९२) दश वर्षे शिक्षा योजना निर्माण समिति..............................................................१२९

अनुसूची ३ : (२०८३-२०९२) दश बर्षे शिक्षा योजना सल्लाहकार समिति ..........................................................१३०

अनुसूची ४ : (२०८३-२०९२) दश वर्षे शिक्षा योजना मुल्याङ्कन समिति ...........................................................१३०

अनुसूची ५ : नगर शिक्षा योजना बैठक तथा निर्णयहरु ..........................................................................................१३१

अनुसूची ६ : शिक्षा योजना निर्माण बैठकका केहि तस्विरहरु...................................................................................१३५

## सन्दर्भ र औचित्य

नेपालको संविधानले संघीय गणतान्त्रिक लोकतान्त्रिक शासन व्यवस्थालाई अङ्गिकार गरी विभिन्न तहमा नेपाल सरकार क्रियाशील रहेको छ । संविधानमा व्यवस्था भए अनुसार शिक्षा साझा अधिकार सूचीमा परे पनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन स्थानीय तहको अधिकार क्षेत्रमा परेको छ । यही व्यवस्था अनुसार स्थानीय तहहरूले कायम गर्दै आएका छन। विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहको भए अनुसार विद्यालय शिक्षाको विकासको योजना निर्माणको दायित्व स्थानीय तहको हुन आएको छ । स्थानीय सरकार सञ्चालन ऐनले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागि मार्गनिर्देश गरेको छ। दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको लक्ष्यको सुनिश्चित गर्नु सबै तहका सरकारको दायित्व हुन आएको सन्दर्भ विद्यमान रहेको छ । संघीयता लागू हुनु पूर्व नेपाल सरकार, शिक्षा मन्त्रालयले कार्यान्वयनमा ल्याएको SSDP को अवधि २०७८ आषाढमा समाप्त भई हाल शिक्षा तथा खेलकुद मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ विद्यालय शिक्षा क्षेत्र योजना (SESP) कार्यान्वयन गरिरहेको छ । साथै सबै प्रदेश सरकार र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागी मार्गनिर्देश गरेको अवस्था छ । सोलुदुधकुण्ड नगरपालिकाले संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता सहितको शिक्षाका लागि शिक्षा क्षेत्रको योजना निर्माण आवश्यक ठानी दश वर्षे योजना निर्माण गरेको छ ।

### १. विषय प्रवेश

शैक्षिक तथा शैक्षणिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समानता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको लक्ष्यको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भए पछि आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागी ७५३ ओटै स्थानीय तहले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखि स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने काम प्रारम्भ गरेको सन्दर्भमा यस सोलुदुधकुण्ड नगरपालिकाले पनि शिक्षा योजना निर्माण गरेर कार्यान्वयन गर्नको लागि यो नगर शिक्षा योजना तयार गरिएको छ।

### २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्वन्धी ऐन कानुनले प्राथमकितमा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाइ दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाइ आत्मसात गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाइ समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधानको अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा लक्ष्यको अधिकार तोकेको छ ।

यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपललब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा तथा खेलकुद मन्त्रालयले १० बुंदे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यायिन्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सोलुदुधकुण्ड नगरपालिकाले शिक्षा योजना निर्माण र कार्यान्यवन गर्नु पर्ने आवश्यकतालाई महसुस गरी नगर शिक्षा योजना निर्माण गरेको हो।

## ३. स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापना गर्न,
- संघीय र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
- साझा विषयममा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्दता हासिल गर्न सहयोग पुर्याउन,
- विद्यालय शिक्षामा देखिएको कमिकमजोरीहरुको अन्त्य गरेर संविधानले सुनिश्चित गरेको हक अधिकार कार्यान्वयन गर्न ।

## ४ . शिक्षा योजना निर्माणका आधार

सोलुदुधकुण्ड नगरपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

- नेपालको संविधान,
- सोह्रौं आवधिक योजना,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली,
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना,
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीलि २०७६, शिक्षाको सोचपत्र, २०७९
- विद्यालय शिक्षामा समता रणनीति,

- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र स्थानीय तहको विकास योजना,
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना,
- राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघ संस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि,
- सामुदायिक तथा संस्थागत विद्यालयहरुले बनाएका विद्यालय सुधार योजना ।

यो नगर शिक्षा योजना निर्माण गर्दा सोलुदुधकुण्ड नगरपालिकाले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानेर विभिन्न योजना बिचको अन्तरसम्बन्ध कायम हुने नगर शिक्षा योजना तर्जुमा भएको छ । माथि उल्लेखित योजनाका लागि सोलुदुधकुण्ड नगरपालिका अन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गरिएको छ ।

## ५ . शिक्षा योजना निर्माण प्रकृया

स्थानीय तह नागरिकसँग दैनिक रूपमा साक्षात्कार हुने भएकोले स्थानीय आवश्यकता र प्राथमिकतामा बढी जानकार हुने गर्दछ । यसका साथै शैक्षिक सेवा प्रवाह र विद्यालय शिक्षाको विकास लगायतका कार्य तथा जिम्मेवारी स्थानीय तहको कार्ययक्षेत्रमा पर्ने भएकाले शैक्षिक योजना तर्जुमा गर्नु पर्ने प्राबधान अनुरूप सोलुदुधकुण्ड नगरपालिकाले यो योजना तर्जुमा गरेर कार्यान्वयनमा ल्याउने प्रयास गरेको छ । नगर शिक्षा योजना निर्माणको सुरुवाति चरणमा नगर शिक्षा समितिमा छलफल भइ नगर शिक्षा योजना निर्माण कार्यशालाको तयारी गरिएको थियो । योजना निर्माणका लागि तपसिलमा सामग्री तथा श्रोतहरुको अध्ययन गरेर समिक्षा गरिएको थियो ।

- सामुदायिक तथा संस्थागत विद्यालयहरुको IEMIS २०८१/२०८२,
- विद्यालय अनुगमन प्रतिवेदनहरु,
- नगरपालिकाको वार्षिक बजेट,
- शिक्षा सम्बन्धि ऐन नियम तथा कार्यविधिहरु,
- राष्ट्रिय शिक्षा नीति, २०७६
- सोह्रौं पञ्चवर्षीय योजना ।

सोलुदुधकुण्ड नगरपालिकाद्वारा शिक्षा योजनाको निर्माण सहभागीमूलक प्रक्रिया नै अवलम्बन गरिएको छ । यो शिक्षा योजना निर्माणको क्रममा अवलम्बन गरिएका प्रमुख प्रक्रिया उल्लेखित निम्नानुसार रहेका छन् ।

१. नगरसभा र नगरकार्यपालिका स्तरीय स्थानीय तहको बैठक,

२. योजना निर्माण समितिको गठन,

३. स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण,

४. नगर/टोल तथा वडा स्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अपाङ्गता भएका व्यक्ति सँग सम्बन्धित संघ सस्था लगायत विभिन्न सरकारी/गैरसरकारी संघ संस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन,

५. योजनाको मस्यौदा तयारी,

६. मस्यौदा माथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण,

७. योजनाको अन्तिमीकरण,

८. बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन,

९. स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन ।

## ६ . योजनाको लेखाजोखा

| क्र.स. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्व तथा सहभागीता | • शिक्षा योजना निर्माणमा प्रारम्भिक चरणको छलफलदेलि नै मूल नेतृत्वको संलग्नता रहेको छ ।<br>• सामाजिक विकास समिति संयोजकत्वमा शिक्षा योजना निर्माण समिति बनेको<br>• शिक्षा सरोकारवालाको संलग्नता सहितको योजना मस्यौदा कार्यदल गठन गरी पारदर्शी ढङ्गमा मस्यौदा तयार गरिएको छ ।<br>• सूचना र सुझाव सङकलनका क्रममा सरोकारवालाको अर्थपूर्ण सक्रिय सहभागीता भएको छ । |
| २ | पर्याप्तता र सान्दर्भिकता | • यस योजनामा उल्लेख गरिएका रणनीति, कार्यक्रम तथा क्रियाकलापहरू नगरपालिकाका शिक्षा क्षेत्रका समस्या र चुनौतिहरू सम्बोधन गर्न पर्याप्त छन् । |
| ३ | समता, सक्षमता तथा गुणस्तर | • यो योजनाले समता, सक्षमता तथा सिकाइ र गुणस्तर जस्ता सबालमा अपेक्षित वृद्धि गर्दै शिक्षा क्षेत्रको समग्रतामा उन्नयनको पर्याप्त प्रयास गरेको छ । |
| ४ | अन्तरसम्बन्ध र तादम्यता | • यो योजना नगरपालिकाका विभिन्न नीति कार्यक्रम लगायत अन्य योजनाहरूबिच अन्तरसम्बन्धित छ ।<br>• शिक्षाका राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्यहरूसँग अनुकूलन गरिएको छ ।<br>• स्थानीय तहको योजना तर्जुमा सम्बन्धि अद्यावधिक मार्गनिर्देशन २०८१ मा आधारित यस योजनाले शिक्षाका उल्लेखित क्षेत्रहरू र अन्तरसम्बन्धित विषयबिच उपयुक्त तालमेल राखेको छ । |
| ५ | सम्भाव्यता, कार्यान्वयन योग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयको शिक्षाका उपक्षेत्र, अन्तरसम्बन्धित विषय साथै उपलब्ध स्रोत र अनुगमन मूल्याङ्कनसँग तादम्यता कायम गरिएको छ ।<br>• स्थानीय आवश्यकता र भोगाईका प्रमुख चुनौतिलाई सम्बोधन गर्ने प्रयास योजनाले हदैसम्म गरेको छ । |

| | | |
|---|---|---|
| ६ | श्रोतको प्रबन्ध | - योजनामा उल्लेखित गरिएका क्रियाकलापका लागि आवश्यक बजेटको प्रस्ताव गरिएको छ ।<br>- अपुग बजेटका लागि सरकारी र गैरसरकारी संस्थाहरूसँग निरन्तर सहकार्य गर्नु पर्ने छ । |
| ७. | संस्थागत सक्षमता | - योजना साथै क्रियाकलापहरू कार्यान्वयनका लागि उपयुक्त संयन्त्र र आवश्यक क्षमता विकास कार्यक्रम राखिएका छन् । |
| ८. | कार्यान्वयनमा तत्परता | - स्थानीय तहभित्रका सरोकारवालाको सहभागीतामै योजना तयार भएको छ ।<br>- यो योजना स्वीकृति पूर्व जिम्मेवार पक्षलाई प्रबोधीकरण र अभिमुखिकरण गरिएको छ।<br>- स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा योजनाकै आधारमा कार्यक्रम प्रस्ताव गर्नु पर्ने आवश्यकता रहेको छ । |

## ७. योजनाको दस्तावेजको स्वरूप

यस योजनाको पहिलो परिच्छेदमा स्थानीय तहको पृष्ठभूमि शिक्षा क्षेत्रका समस्याहरू चुनौतिहरू र अवसरहरू उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा यस योजनाका दूरदृष्टि, ध्येय, उद्देश्य तथा रणनीतिहरू र प्रमुख अपेक्षित उपलब्धिहरू प्रस्तुत गरिएको छ । परिच्छेद ३ मा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन ।

परिच्छेद ४ मा विद्यालय शिक्षाका विभिन्न अन्तर सम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा समावेश गरिएका अन्तर सम्बन्धित विषयहरूमा पाठ्यक्रम तथा मूल्याङकन, शिक्षक विकास तथा व्यवस्थापन, समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, विद्यालय सुरक्षा, विपद न्यूनीकरण तथा उत्थानशीलता, विद्यालय भौतिक विकास र शिक्षामा सूचना तथा सञ्चार प्रविधि रहेका छन् । परिच्छेद ५ मा सुशासन तथा व्यवस्थापन अन्तर्गत आवश्यक संस्थागत संरचना तथा क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था समावेश गरिएको छ । परिच्छेद ६ मा योजनाका लागी लगानी र स्रोत व्यवस्थापन के कसरी गर्ने भन्ने विषय प्रस्तुत गरिएको छ । परिच्छेद ७ मा योजनाको कार्यान्वयन अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली उल्लेखित गरिएको छ । त्यसै गरि परिच्छेद ८ मा योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समन्वय कस्तो हुने भन्ने बारे उल्लेख गरिएको छ ।

## परिच्छेद १ : परिचय

### १.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक तथा रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन, तथा दीर्घकालीन विकास योजना बनाई कार्यान्वयन गर्ने नीतिगत व्यवस्था भएको छ । समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षाको सुनिश्चित तथा आजीवन सिकाइका अवसरहरूलाई प्रोत्साहन गरी नगरपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, नीति तथा रणनीलि एवम क्रियाकलाप यस योजनाले निर्धारण गरेको छ । स्थानीय तहको शिक्षाको क्षेत्रगत योजना, स्थानीय तहका आवधिक विकास योजना, वार्षिक नीति कार्यक्रम, तथा बजेट तथा प्रदेश एवम संघीय आवधिक योजना तथा शिक्षा क्षेत्रका योजनाले लिएका लक्ष्य उद्देश्य, रणनीति, कार्ययनीति एवम् कार्यक्रमहरु एक अर्कामा अन्तरसम्बन्धित हुने गर्दछन् ।

### १.२ भौगोलिक अवस्थिति

धरातलीय अवस्थालाई मध्यनजर गर्दा कोशी प्रदेश अन्तर्गत सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नगरपालिका पहाडी तथा उच्च पहाडी धरातलीय स्वरुपमा रहेको छ । यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले ठूला पहाडमा हिउँ पर्ने तथा तलीय क्षेत्रमा धान फल्ने ठाउँ सम्म छन्। धेरै अग्ला र भिराला पहाडी शृङखलाले बनेको यस नगरपालिकामा भीरपाखामा बसोबासको क्षेत्र सहितको विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ । अधिकांश भिरालो क्षेत्र वन जङगलले ढाकेको छ भने केही क्षेत्र उजाड डाँडाका रुपमा पनि रहेका छन् ।

प्राकृतिक सम्पदाका रुपमा यस नगरपालिकामा यसै क्षेत्रलाई मूल प्रवाह क्षेत्र बनाएर अनवरत रुपमा बगिरहने सोलुखोला, दुधकोशी नदी, लोदिङखोला, बेनिखोला, कुनीखोला, सिसाखोला लगायत पिके डाँडा जहाँबाट सगरमाथाको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ तथा नुम्बुर हिमाल जसको काखमा नगरपालिका अवस्थित छ जुन यहाँको मुख्य आकर्षण हो। आर्थिक विकासका प्रमुख क्षेत्रहरूका रुपमा विविधता देख्न सकिन्छ जहाँ प्रमुख बालीहरू गहुँ, मकै, आलु, कोदो, ऊवा र नगरको तल्लो भाग तिङ्गलामा धान समेत फल्ने गर्दछन । त्यसै गरी फलफुलहरूमा स्याउ, आरु, नासपाती, किवी तथा आरुबखडा आदि उत्पादन हुने गर्दछ । तरकारी बालीमा काउली, केराउ, सिमी, काँक्रो, फर्सी, गाजर, चम्सुर, पालुङ्गो, लसून, बन्दाकोभी, गोलभेडा, खिरिलो, च्याउ आदि फल्दछन भने प्रमुख जडीबुटीमा जटामसी, सुगन्धवाला, सुगन्धकोकिला, च्याउ, भुईझ्याउ, सर्पगन्धा, यार्सागुम्बा, पाँचऔले, चिराइतो, कुड्की, मजिठो, पदमचाल, बोझो, सुनपाति आदि पाइन्छ, त्यसैगरी पशुहरुमा चौंरी, भेडा, गाई, गोरु, भैंसी, बाख्रा, तथा चराचुरुङगीहरुमा डाँफे, कालिज, वन कुखुरा, भँगेरा, सारौ, काग, ढुकुर, मयुर र वन्य जन्तुहरुमा मृग, भालु, चितुवा, खरायो, जरायो, घोरल, चित्तल, चितुवा मुख्य रुपमा पाइन्छन्।

भौगोलिक अवस्थिति हेर्ने हो भने पूर्वी सिमानाको रुपमा माप्य दुधकोशी गाउँपालिका र खुम्बु पासाङल्हामु गाउँपालिका, पश्चिम तर्फ लिखुपिके गाउँपालिका तथा रामेछाप जिल्ला, उत्तर तर्फ पनि खुम्बु पासाङल्हामु गाउँपालिका, दक्षिण तिर नेचासल्यान गाउँपालिका र ओखलढुङ्गा जिल्ला पर्दछन् ।

सोलुखुम्बु जिल्लाकै एक मात्र नगरपालिका तत्कालिन बेनी, तामाखानी, सल्लेरी र गार्मा गा. वि. स. मिलेर दुधकुण्ड नगरपालिकाको स्थापना बिक्रम सम्बत २०७१ मंसिर १७ गते भएको थियो । पुर्वाञ्चल विकास क्षेत्रमा रहेको यस नगरपालिका २७° ५०' २१" उत्तरी अक्षांश र ८६° ५८' ६१" पुर्बी देशान्तरमा अवस्थित छ । तत्कालिन नगरपालिकाको क्षेत्रफल २५४.३ वर्ग किमी रहेकोमा मिति २०७३ साल फाल्गुन २७ गते तत्कालिन टाक्सिन्दु, केरुङ, गोराखानी र टाप्टिङ समाबेश भई सोलुदुधकुण्ड नगरपालिका कायम रहेको छ ।

२०६८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या २०,३९९ र क्षेत्रफल ५३८.०९ वर्ग किलोमिटर रहेकोमा मिति २०७४-११-१४ गते साविकको नेचासल्यान ६,तिङला वडासमेत समावेश भई नगरपालिकाको कुल जनसङ्ख्या २०७८ सालको जनगणनाको नतिजा अनुसार २५,६७८ र क्षेत्रफल ५६५.०६ वर्ग किलोमिटर कायम रहेको छ ।

## १.३ नगरपालिकाको सामान्य परिचय

सोलुदुधकुण्ड नगरपालिका सोलुखुम्बु जिल्लाका ८ स्थानीय तहहरुमध्येको १ मात्र नगरपालिका हो जुन खुम्बु पासाङल्हामु गाउँपालिका पछिको दोश्रो उच्च हिमाली भूभागमा अवस्थित सुन्दर र प्राकृतिक रुपमा मनमोहक पर्यटकीय स्थानीय तह हो । मुलुकको संघीय राजधानीबाट करिब २८० किलोमिटरको दूरीमा रहेको यो नगरपालिका पुग्न २०औं नम्बरको राष्ट्रिय राजमार्ग प्रयोग हुन्छ भने हवाईयात्रा गर्दा काठमाडौंको त्रिभुवन विमास्थलबाट यही नगरपालिकामा अवस्थित फाप्लु एयरपोर्ट पुग्न लगभग २० मिनट लाग्दछ। सोलुदुधकुण्ड नगरपालिका नामको शाब्दिक अर्थ यसका दुई मुख्य भागबाट बुझ्न सकिन्छ, सोलु नेपालको सोलुखुम्बु जिल्लाको दक्षिणी क्षेत्रलाई जनाउने नाम हो भने दुधकुण्ड "दूध" (सेतो,दूधजस्तै देखिने) र "कुण्ड" (ताल वा पोखरी) मिलेर बनेको शब्द हो। सोलुखुम्बुमा अवस्थित प्रसिद्ध धार्मिक तथा प्राकृतिक ताल दुधकुण्डको नामबाट यो शब्द आएको हो। तालको पानी दूधजस्तै सेतो र स्वच्छ देखिने भएकाले यसलाई दुधकुण्ड भनिएको मानिन्छ। यस आधारमा सोलुदुधकुण्ड नगरपालिका को शाब्दिक अर्थः "सोलु क्षेत्रको दुधकुण्ड (पवित्र हिमाली ताल) को नामबाट नामकरण गरिएको नगरपालिका" भन्ने बुझिन्छ।सांस्कृतिक र भौगोलिक सन्दर्भमा हेर्दा,यो नामले सोलु क्षेत्रको पहिचान र दुधकुण्ड तालको धार्मिक,प्राकृतिक तथा ऐतिहासिक महत्वलाई प्रतिनिधित्व गर्ने स्थानीय तह जनाउँछ।

यो सोलुदुधकुण्ड नगरपालिका कोशी प्रदेश अन्तर्गत रहेको १३७ वटा स्थानीय तह भित्रको ४६ नगरपालिका मध्येको यस जिल्लामा अवस्थित एक मात्र नगरपालिका हो ।

## १.४ जनसाङ्ख्यिकी विवरण

जनगणना २०७८ को प्रतिवेदन अनुसार यस सोलुदुधकुण्ड नगरपालिका सोलुखुम्बु जिल्लाको एकमात्र नगरपालिका हो। यसको हालसम्मको उपलब्ध जनगणना विवरण अनुसार कुल जनसंख्या २५६७८ छ जसमध्ये पुरुषहरु १२,६७२ जना छन् भने महिलाहरु १३,००६ जना छन् । यस नगरपालिकामा जम्मा वडा संख्या ११ छ भने यसको कुल क्षेत्रफल ५६५.०६ वर्ग कि.मि. रहेको छ ।

**तालिका १: सोलुदुधकुण्ड नगरपालिकाको उमेरगत जनसंख्या विवरण २०२६**

| उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| **सबै उमेर समुह** | **२५,६७८** | **१२,६७२** | **१३,००६** |
| ००-०४ वर्ष | २,०८६ | १,०४९ | १,०३७ |
| ०४-०९ वर्ष | २,५४७ | १,३०२ | १,२४५ |
| ०९-१४ वर्ष | २,९६८ | १,५२१ | १,४४७ |
| १५-१९ वर्ष | २,८३२ | १,४५५ | १,३७७ |
| २०-२४ वर्ष | १,९०३ | ९३८ | ९६५ |
| २५-२९ वर्ष | १,३६६ | ६२६ | ७४० |
| ३०-३४ वर्ष | १,४३५ | ६४७ | ७८८ |
| ३५-३९ वर्ष | १,५१० | ६९४ | ८१६ |

| | | | |
|---|---|---|---|
| ४०-४४ वर्ष | १,४०५ | ६६५ | ७४० |
| ४५-४९ वर्ष | १,२५३ | ५९४ | ६५९ |
| ५०-५४ वर्ष | १,१९४ | ५८५ | ६०९ |
| ५५-५९ वर्ष | ९७१ | ४८० | ४९१ |
| ६०-६४ वर्ष | ८९९ | ४४१ | ४५८ |
| ६५-६९ वर्ष | १,२३६ | ६२५ | ६११ |
| ७०-७४ वर्ष | ८८६ | ४४८ | ४३८ |
| ७५-७९ वर्ष | ६२१ | ३१४ | ३०७ |
| ८०-८४ वर्ष | ३५६ | १८० | १७६ |
| ८५-८९ वर्ष | १९४ | १०५ | ८९ |
| ९०-९४ वर्ष | १६ | ५ | ११ |
| ९५-९९ वर्ष | ० | ० | ० |

**स्रोतः- राष्ट्रिय तथ्याङ्क विभाग , २०८२**

राष्ट्रिय तथ्याङ्क विभागको २०८२ साल को तथ्यांक हेर्दा सबै भन्दा बढी जनसंख्या उमेर समुह ३०-३४ वर्ष को १,१०८ रहेको छ भने र सबै भन्दा कम ९०-९४ वर्षका उमेर समुह को १७ रहेको छ भने ९५ वा सो भन्दा माथिको जनसंख्या शुन्य रहेको देखिन्छ ।

**तालिका २ : सोलुदुधकुण्ड नगरपालिका विद्यालय उमेर समुहको जनसंख्या विवरण साक्षरता अवस्था (४ वर्ष भन्दा माथिको)**

| उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ० वर्ष | ३५७ | १८९ | १६८ |
| १ वर्ष | ३६४ | १९१ | १७३ |
| २ वर्ष | ३६६ | १९२ | १७४ |
| ३ वर्ष | ३७० | १९६ | १७४ |
| ४ वर्ष | ३७४ | १९६ | १७८ |
| ५ वर्ष | ३७४ | १८८ | १८६ |
| ६ वर्ष | ३९० | १९९ | १९१ |
| ७ वर्ष | ४०० | २०६ | १९४ |
| ८ वर्ष | ४१५ | २१६ | १९९ |
| ९ वर्ष | ४३४ | २२६ | २०८ |
| १० वर्ष | ४४४ | २३१ | २१३ |
| ११ वर्ष | ४४८ | २३२ | २१६ |
| १२ वर्ष | ४४२ | २२९ | २१३ |
| १३ वर्ष | ४३५ | २२८ | २०७ |

| | | | |
|---|---|---|---|
| १४ वर्ष | ४२० | २१९ | २०१ |
| १५ वर्ष | ४१३ | २१३ | २०० |
| १६ वर्ष | ४१३ | २१२ | २०१ |
| १७ वर्ष | ४२२ | २१२ | २१० |
| १८ वर्ष | ४२२ | २०८ | २१४ |

**EMIS २०८२**

विद्यालय उमेर समुह भनेर ४ वर्ष देखि १८ वर्ष सम्मको उमेर समुहलाई जनाउँछ । यस समुहको जनसंख्या केलाउँदा सबै भन्दा बढि संख्या ११ वर्षका बालबालिकाको २१६ छ भने दोश्रो १८ वर्ष को २१४ छ भने सबै भन्दा कम ४ वर्षको उमेर समुह को १७८ छ तथा तेश्रो ठुलो जनसंख्या १२ वर्षका बालबालिका छ ।

**तालिका ३ः सोलुदुधकुण्ड नगरपालिकाको वडागत जनसंख्या विवरण, २०८२ को विवरण**

| **वडा** | **घरधुरी संख्या** | **जनसंख्या** | | | **लिङ्ग अनुपात** |
|---|---|---|---|---|---|
| | **जम्मा** | **जम्मा** | पुरुष | महिला | औसत |
| | ६,७४४ | २४,७३८ | १२,०८७ | १२,६५१ | ९४.४८ |
| **१** | ५०८ | १.८१० | ९०३ | ९०७ | १०३.९ |
| **२** | ३७३ | १,५५३ | ८१३ | ७४० | ११४.६ |
| **३** | २८१ | ९६१ | ४५३ | ५०८ | ९२.४ |
| **४** | ४६४ | १,७६४ | ८५२ | ९१२ | ९६.६ |
| **५** | १,१०५ | ४,०२५ | १,९२४ | २,१०१ | ९३.३ |
| **६** | ६०८ | २,२४५ | १,१२३ | १,१२२ | १०४.१ |
| **७** | ६२८ | २,२७८ | १,०९७ | १,१८१ | ९५.३ |
| **८** | ९५७ | ३,४४७ | १,६५८ | १,७८९ | ९५.७ |
| **९** | ३१० | १,०७३ | ५२६ | ५४७ | ९८.८ |
| **१०** | ५३८ | १,८५५ | ९५६ | ८९९ | ९४.३ |
| **११** | ९७२ | ३,७२७ | १,७८२ | १,९४५ | ९४.३ |

**स्रोतः-राष्ट्रिय तथ्याङ्क विभाग, २०८२**

उपलब्ध तथ्यांक अनुसार पालिकामा कुल ६,७४४ घरधुरी र २४,७३८ जनसंख्या रहेको देखिन्छ । कुल जनसंख्यामध्ये १२,०८७ पुरुष तथा १२,६५१ जना महिला रहेका छन् । लिङ्ग अनुपात ९४.४८ रहेको छ । पुरुषको तुलनामा महिलाको संख्या केहि बढी रहेको संकेत गर्दछ । वडा नं. ५ मा सबैभन्दा बढी ४,०२५ जनसंख्या र १,१०५ घरधुरी रहेका छन् भने वडा नं ११ र ८ क्रमशः ३,७२७ र ३,४४७ जनसंख्या सहित दोश्रो र तेश्रो स्थानमा छन् । विपरित रुपमा वडा नं ३ मा सबैभन्दा कम ९६१ जना तथा २८१ घरधुरी रहेका छन् । लिङ्ग अनुपातको दृष्टिले वडा नं ६ को उच्चतम, ११४ रहेको छ । त्यसैगरि वडा नं ४ को लिङ्ग अनुपात न्युनतम ९२.३ रहेको छ । समग्रमा, पालिकाभित्र जनसंख्या र घरधुरीको वितरण असमान रहेको देखिन्छ भने अधिकांश वडाहरूमा महिलाको संख्या पुरुषभन्दा केही बढी रहेको पाइन्छ।

उक्त तथ्यांकको आधारमा साक्षरता हेर्ने हो भने निम्न तथ्यांक पाईन्छ।जम्मा साक्षर व्यक्तिहरु १८,५३७ जना छन् भने पढ्न मात्र सक्ने १२२ जना रहेका छन् भने जम्मा निरक्षर व्यक्तिहरु ४,९५२ जना रहेका छन् ।

जन्म स्थानका आधारमा तथ्यांक केलाउँदा, यही नगरपालिका भित्र जन्मेका व्यक्तिहरु २०,६८४ जना छन् सोलुखुम्बु जिल्लाकै अन्य स्थानीय तहमा जन्मेर यहाँ बसोबास गर्ने व्यक्ति हरु ३,२५४ छन्, अन्य जिल्लामा जन्मेका तर यहाँ बस्ने व्यक्तिहरु १,६८३ र विदेशमा जन्मेका व्यक्तिहरु जम्मा ५२ जना छन् ।

नागरिकताका आधारमा नेपाली नागरिकहरु २५,६७१ छन् ; भारतीय नागरिकहरु ६ जना रहेका छन् तथा अन्य १ जना व्यक्ति राखेको पाइन्छ ।

यस नगरपालिकाको जनघनत्व लगभग ४५ जना प्रति वर्ग कि.मि. (२५,६७८÷५६५.०६) रहेको छ भने यहाँको जातीय संरचना (२०७८ को जनगणना अनुसार) हेर्ने हो भने यहाँ मुख्य रूपमा शेर्पा, तामाङ, कुलुङ, क्षेत्री, ब्राह्मण, विस्वकर्मा, नेवार, तथा राई जसमध्ये खालिङ, नाछिरिङ, थुलुङ, कुलुङ आदि समुदायहरूको बसोबास रहेको पाइन्छ ।

### १.५ शैक्षिक अवस्था

शैक्षिक अवस्था अन्तर्गत सोलुदुधकुण्ड नगरपालिकाको विभिन्न पक्षहरूको हालको अवस्थालाई विश्लेषण गरिएको छ । यसमा मूलत शैक्षिक सूचकहरूलाई प्राथमिकता दिई विद्यमान अवस्थाको समीक्षा गरिएको छ ।यस अन्तर्गतका विभन्न सूचकहरूको अवस्थालाई देहाय बमोजिम प्रस्तुति गरिएको छ ।

**तालिका : ४ विद्यालयमा अध्ययनरत विद्यार्थीको विवरण**

| कक्षा | छात्रा | छात्र | अन्य | जम्मा |
|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास | ३८२ | ४३३ | ० | ८१५ |
| कक्षा १-५ | १,३२८ | १,७६९ | ० | ३.०९७ |
| कक्षा ६-८ | ७४६ | ८०३ | ० | १,५४९ |
| कक्षा ९-१० | ४१४ | ४७७ | ० | ८९१ |
| कक्षा ११-१२ | २८५ | ३४० | ० | ६२५ |
| जम्मा | ३,१५५ | ३,८२२ | ० | ६,९७७ |

**EMIS 2082**

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको तथ्यांक अनुसार कुल ६,९७७ विद्यार्थी अध्ययनरत रहेका छन्, जसमा ३,१५५ छात्रा र ३,८२२ छात्र रहेका छन्। समग्र रूपमा छात्रको संख्या छात्राभन्दा बढी रहेको देखिन्छ। तहगत रूपमा हेर्दा कक्षा १-५ मा सबैभन्दा बढी ३,०९७ विद्यार्थी अध्ययनरत रहेका छन्, जुन कुल विद्यार्थी संख्याको ठूलो हिस्सा हो। त्यसपछि कक्षा ६-८ मा १,५४९ विद्यार्थी, प्रारम्भिक बाल विकास (ECD) मा ८१५ विद्यार्थी, कक्षा ९-१० मा ८९१ विद्यार्थी तथा कक्षा ११-१२ मा ६२५ विद्यार्थी अध्ययनरत रहेका छन्। तथ्यांकले आधारभूत तहमा विद्यार्थी संख्या उच्च रहेको तर माथिल्लो कक्षातर्फ जाँदा विद्यार्थी संख्या क्रमशः घट्दै गएको देखाउँछ। साथै, सबै तहमा छात्रको संख्या छात्राभन्दा बढी रहेको पाइन्छ भने अन्य लिङ्गका विद्यार्थीको संख्या शून्य रहेको छ। समग्रमा, विद्यालय तहमा विद्यार्थी भर्नादर सन्तोषजनक देखिए पनि माथिल्ला कक्षाहरूमा विद्यार्थी टिकाइराख्ने तथा निरन्तरता बढाउने पक्षमा थप ध्यान दिन आवश्यक देखिन्छ।

**तालिका : ५ नगरपालिकामा कार्यरत शिक्षकको विवरण**

| तह | स्वीकृत दरबन्दी | राहत/अनुदान | जम्मा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | ५० | ० | ५० |
| प्राथमिक (१-५) | १८६ | ३२ | २१८ |
| निम्न माध्यमिक (६-८) | २९ | २८ | ५७ |
| माध्यमिक (९-१०) | २५ | १५ | ४० |
| उच्च माध्यमिक (११-१२) | ३ | ७ | १० |
| जम्मा | २९३ | ८२ | ३७५ |

**EMIS 2082**

नगरपालिकाभित्रका विद्यालयहरूमा कार्यरत शिक्षकहरूको विवरण अनुसार कुल ३७५ जना शिक्षक कार्यरत रहेका छन्। यसमध्ये २९३ जना स्वीकृत दरबन्दी अन्तर्गत तथा ८२ जना राहतअनुदान/ कोटाबाट कार्यरत छन्। तहगत रूपमा हेर्दा प्राथमिक तह (कक्षा १-५) मा सबैभन्दा बढी २१८ जना शिक्षक कार्यरत रहेका छन्, जसमा १८६ जना स्वीकृत दरबन्दी र ३२ जना राह त अनुदानका शिक्षक रहेका छन्।त्यसपछि प्रारम्भिक बालविकास तथा शिक्षा (ECD) मा ५० जना, निम्न माध्यमिक तह (कक्षा ६-८) मा ५७ जना, माध्यमिक तह (कक्षा ९-१०) मा ४० जना तथा माध्यमिक तह (कक्षा ११-१२) मा १० जना शिक्षक कार्यरत छन् ।तथ्यांकले आधारभूत तहमा विद्यार्थी संख्या बढी भएकाले शिक्षकहरूको संख्या पनि सोही अनुसार केन्द्रित रहेको देखाउँछ। साथै, निम्न माध्यमिक, माध्यमिक तथा उच्च माध्यमिक तहमा राहतअनुदानका शिक्षकहरूको / उल्लेखनीय सहभागिता रहेको देखिन्छ, जसले शैक्षिक सेवा सञ्चालनमा वैकल्पिक शिक्षक व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहेको संकेत गर्दछ। समग्रमा, नगरपालिकाको विद्यालय शिक्षण प्रणाली सञ्चालनका लागि आवश्यक जनशक्ति व्यवस्था गरिएको देखिए पनि केही तहहरूमा राहत तथा अनुदान शिक्षकमा निर्भरता रहेको अवस्था स्पष्ट हुन्छ।

### १.५.१ शिक्षक-विद्यार्थी अनुपात (तह अनुसार) पालिका तह

विद्यालय विद्यार्थी अनुपातले शिक्षक व्यवस्थापनको अवस्था र गुणस्तरीय शिक्षाको वस्तुस्थितिको अवस्थालाई हेर्ने गरिन्छ । यहाँ यसलाई नगरपालिका तहमा हेरिएको छ ।गुणस्तरीय सिकाइ वातावरण सिर्जना गर्नमा शिक्षक-विद्यार्थी अनुपातले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । यसले विद्यालयमा विद्यार्थीको चाप समेतलाई इङ्गित गर्छ । यसका आधारमा विद्यालयको पर्याप्तता भए नभएको र थप विद्यालयको आवश्यकता भए नभएको पक्षलाई विश्लेषण गर्न सहज हुन्छ । सोलुदुधकुण्ड नगरपालिकाको विद्यालय विद्यार्थी अनुपातलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

**तालिका : ६ पालिका तहमा शिक्षक-विद्यार्थी अनुपात (तह अनुसार)**

| तह | अनुपात प्रति विद्यालय सामुदायिक विद्यालय |
|---|---|
| प्रारम्भिक बाल विकास | १:१६.३ |
| आधारभूत (१-८) | १:१६.८९ |
| माध्यमिक तह (९-१२) | १:३०.३२ |

**EMIS 2082**

माथि प्रस्तुत विद्यालय-विद्यार्थी अनुपातले सोलुदुधकुण्ड नगरपालिकामा प्रति शिक्षक ६२.३९ जना विद्यार्थी चापलाई देखाएको छ । माथिको तालिकालाई अध्ययन गर्दा वालविकास, १-८ तथा कक्षा १२ सम्म क्रमशः प्रति शिक्षक १६.३, १६.८९ र ३०.३२ विद्यार्थीको अनुपात रहेको छ। यसरी हेर्दा अनुपातिक रुपमा विद्यार्थी शिक्षक निकै कम भए पनि कक्षा कोठा तथा घन्टीको वितरणले शिक्षक अपुग भएको पाइन्छ ।

### १.५.२ पालिकामा संचालित वडागत विद्यालय विवरण

**तालिका : ७ वडागत विद्यालय संख्या**

| क. स. | वडा न. | विद्यालय संख्या |
|---|---|---|
| १ | १ | ६ |
| २ | २ | ७ |
| ३ | ३ | ४ |
| ४ | ४ | ४ |
| ५ | ५ | ५ |
| ६ | ६ | ३ |
| ७ | ७ | ४ |
| ८ | ८ | ९ |
| ९ | ९ | २ |
| १० | १० | ८ |
| ११ | ११ | ७ |
| **जम्मा** | | ५९ |

**EMIS 2082**

पालिकामा सञ्चालित विद्यालयहरूको वडागत विवरण अनुसार कुल ५९ वटा विद्यालय सञ्चालनमा रहेका छन्। वडा अनुसार हेर्दा वडा नं. ८ मा सबैभन्दा बढी ९ वटा विद्यालय रहेका छन् भने वडा नं. १० मा ८ वटा, तथा वडा नं. २ र ११ मा समान ७-७ वटा विद्यालय सञ्चालनमा रहेका छन्। त्यसैगरी वडा नं. १ मा ६ वटा, वडा नं. ५ मा ५ वटा, वडा नं. ३, ४ र ७ मा समान ४-४ वटा तथा वडा नं. ६ मा ३ वटा विद्यालय रहेका छन्। वडा नं. ९ मा सबैभन्दा कम २ वटा विद्यालय मात्र सञ्चालनमा रहेका छन्। तथ्यांकले विद्यालयहरूको वितरण वडागत रूपमा समान नभएको देखाउँछ, जहाँ केही वडामा विद्यालयको संख्या बढी रहेको छ भने केही वडामा तुलनात्मक रूपमा कम रहेको छ। यस्तो अवस्थाले जनसंख्या, भौगोलिक पहुँच तथा शैक्षिक आवश्यकताअनुसार विद्यालयको स्थापना र व्यवस्थापन गरिएको संकेत गर्दछ। समग्रमा, पालिकाभर विद्यालयहरूको पर्याप्त सञ्जाल विस्तार भएको देखिए पनि विद्यालय संख्या कम भएका वडाहरूमा शैक्षिक पहुँच र सेवा विस्तारको आवश्यकता हुन सक्ने देखिन्छ।

**तालिका : ८ विद्यालयगत शिक्षक विवरण**

| *क.स.* | *विद्यालयको नाम* | **इसिडि** | | | **आधारभूत तह (१-५)** | | | **आधारभूत तह (६-८)** | | | **माध्यमिक तह (९-१२)** | | | **जम्मा शिक्षकहरु** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **जम्मा शिक्षकहरु** | | | **जम्मा शिक्षकहरु** | | | **जम्मा शिक्षकहरु** | | | **जम्मा शिक्षकहरु** | | | | | |
| | | *सरकारी* | *निजि* | *जम्मा* | *सरकारी* | *निजि* | जम्मा | *सरकारी* | *निजि* | जम्मा | *सरकारी* | *निजि* | जम्मा | *सरकारी* | *निजि* | जम्मा |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री तेन्जिङ नोर्गे आ.वि | | - | - | ३ | - | ३ | | | | | | | ३ | - | ३ |
| २ | श्री फलामखानी आ.वि. | | | | ३ | - | ३ | | | | | | | ३ | - | ३ |
| ३ | श्री ज्वालामाई आ.वि. | १ | - | १ | ३ | - | ३ | | | | | | | ३ | - | ४ |
| ४ | श्री पिके मा.वि.तामाखानी | १ | | १ | ७ | | ७ | २ | १ | ३ | २ | | २ | | | १३ |
| ५ | श्री बाबुछिरी बालकल्याण आ.वि. | - | १ | १ | १ | २ | ३ | | | | | | | २ | १ | ३ |
| ६ | श्री फताञ्जे आ.वि. | - | १ | १ | २ | १ | ३ | २ | २ | ३ | | | | ४ | ४ | ८ |
| ७ | श्री सिंहकाली आ.वि. केरुङ | १ | - | १ | २ | १ | ३ | ३ | २ | ५ | | | | ६ | ३ | ९ |
| ८ | श्री बालेश्वर मा.वि. घुन्सा | १ | - | १ | २ | - | २ | ५ | - | ५ | २ | २ | ४ | १० | २ | १२ |
| ९ | श्री सिद्धार्थ आ.वि. गार्मा | - | - | - | २ | १ | ३ | | | | | | | २ | १ | ३ |
| १० | श्री पत्ताले आ.वि. केरुङ | - | १ | १ | ३ | १ | ४ | २ | ३ | ५ | | | | ५ | ४ | ९ |
| ११ | श्री वाङछु विश्वदर्शन आ.वि. टाप्टिङ | - | - | - | ४ | - | ५ | | | | | | | ४ | १ | ५ |
| १२ | श्री ढिकुरे आ.वि. टाप्टिङ | १ | - | १ | २ | - | २ | | | | | | | २ | १ | ३ |
| १३ | श्री नमोबुद्ध आ.वि. भित्ताखर्क | १ | - | १ | २ | - | २ | | | | | | | ३ | - | ३ |
| १४ | श्री दुधकुण्ड आ.वि. हेवा | - | - | - | ३ | १ | ४ | | | | | | | ३ | १ | ४ |
| १५ | श्री रिङमु आ.वि. रिङमु | १ | - | १ | ३ | - | ३ | २ | - | २ | | | | ६ | - | ६ |
| १६ | श्री सरस्वती आ.वि. फुलेली | २ | - | २ | ३ | - | ३ | ४ | १ | ५ | | | | ९ | १ | १० |
| १७ | श्री टाक्सिन्दु मा.वि. टाक्सिन्दु | २ | - | २ | ३ | २ | ५ | ५ | २ | ७ | ३ | १ | ४ | १३ | ५ | १८ |
| १८ | श्री बालविकास आ.वि. | - | - | - | १ | १ | २ | | | | | | | १ | १ | २ |
| १९ | श्री जनकल्याण आ.वि. | १ | - | १ | १ | - | १ | | | | | | | २ | - | २ |
| २० | श्री चाँगेस्थान मा.वि. केरुङ | १ | - | १ | ३ | - | ३ | ५ | - | ५ | ६ | - | ६ | १५ | - | १५ |
| २१ | श्री सिंहकाली मा.वि. तिङ्ला | २ | - | २ | ६ | - | ६ | ३ | - | ३ | ७ | १ | ८ | १७ | १ | १८ |
| २२ | श्री बरबोट आ.वि. तिङ्ला | १ | - | १ | ४ | १ | ५ | | | | | | | ५ | १ | ६ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २३ | श्री जलेश्वरी आ.वि. तिङ्ला | १ | - | १ | ३ | १ | ४ | | | | | | | ४ | १ | ५ |
| २४ | श्री भिमसेनथान मा.वि. मुडे | १ | - | १ | ५ | १ | ६ | ८ | - | ८ | ३ | - | ३ | १२ | १ | १३ |
| २५ | श्री सिद्ध आ.वि. तिङ्ला | - | - | - | ३ | १ | ४ | | | | | | | ३ | १ | ४ |
| २६ | श्री सिंहकाली आ.वि. तिङ्ला | २ | - | २ | ३ | - | ३ | ४ | १ | ५ | | | | ९ | १ | १० |
| २७ | श्री सिसाखोला आ.वि. टाप्टिङ | १ | - | १ | ३ | - | ३ | - | ३ | ३ | | | | ३ | ३ | ६ |
| २८ | श्री गोराखानी आ.वि. गोराखानी | १ | - | १ | २ | १ | ३ | ४ | २ | ६ | | | | ७ | ३ | १० |
| २९ | श्री जनप्रिय मा.वि. टाप्टिङ | १ | - | १ | ३ | - | ३ | ५ | - | ५ | ४ | - | ४ | १३ | - | १३ |
| ३० | श्री गार्मा मा.वि. गार्मा | १ | - | १ | ४ | २ | ६ | ५ | १ | ६ | ९ | १ | १० | १८ | ४ | २२ |
| ३१ | श्री जनजागृति आ.वि. सल्लेरी | १ | - | १ | ८ | - | ८ | ४ | - | ४ | | | | १३ | - | १३ |
| ३२ | श्री रमाइलो ज्योति आ.वि. जैदु | १ | - | १ | ४ | - | ४ | | | | | | | ५ | - | ५ |
| ३३ | श्री जनसुधार आ.वि. खोरिया | १ | - | १ | ३ | १ | ४ | | | | | | | ४ | १ | ५ |
| ३४ | श्री सरस्वती आ.वि. कुनिखोप | १ | - | १ | २ | - | २ | | | | | | | ३ | - | ३ |
| ३५ | श्री हिमालय शेर्पा बुद्धिष्ट आ.वि. फोग्मोछे | १ | - | १ | ३ | १ | ४ | ३ | १ | ४ | | | | ७ | २ | २ |
| ३६ | श्री सेती गैया आ.वि. केरुङ | १ | - | १ | १ | - | १ | १ | - | १ | | | | ३ | - | ३ |
| ३७ | श्री दोर्पू आ.वि. दोर्पू | १ | - | १ | २ | १ | ३ | १ | - | १ | | | | ४ | १ | ५ |
| ३८ | श्री सेर्गा वागम आ.वि. सेर्गा | - | - | - | ३ | - | ३ | | | | | | | ३ | - | ३ |
| ३९ | श्री मोपुङ आ.वि. मोपुङ | - | - | - | २ | २ | २ | | | | | | | २ | - | २ |
| ४० | श्री मञ्जुश्री आ.वि. लुरा | १ | - | १ | ४ | १ | ५ | | | | | | | ५ | १ | ६ |
| ४१ | श्री स्वर्णिम आ.वि. थातिङ | १ | - | १ | २ | - | २ | | | | | | | ३ | - | ३ |
| ४२ | श्री चिवाङ आ.वि.चिवाङ | - | - | - | २ | १ | ३ | | | | | | | २ | १ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४३ | श्री नमोबुद्ध आ.वि. | १ | - | १ | १ | १ | १ | २ | १ | ३ | | | | ४ | २ | ६ |
| ४४ | श्री जुनवेशी मा.वि. जुनवेशी | १ | - | १ | ५ | २ | ७ | ३ | - | ३ | ५ | | ५ | १४ | २ | १६ |
| ४५ | श्री वेनी आ.वि. सालावेशी | | | | ३ | | ३ | | | | | | | ३ | - | ३ |
| ४६ | श्री बुद्ध एकेडेमी आ.वि. | १ | - | १ | ३ | २ | ५ | | | | | | | ४ | २ | ६ |
| ४७ | श्री सेती देवी आ.वि. | १ | - | १ | ३ | २ | ५ | | | | | | | ४ | २ | ६ |
| ४८ | श्री हिमालय विद्यापिठ सेर्लो | | | | १ | | | | | | | | | १ | | १ |
| ४९ | श्री क्याम्जे आ.वि. क्याम्जे | | | | २ | | २ | | | | | | | २ | | २ |
| ५० | श्री दुधकुण्ड हिमालय आ.वि. फाप्लु | १ | - | १ | ७ | - | ७ | १ | | १ | | | | ९ | | ९ |
| ५१ | श्री जनजागृति मा.वि. सल्लेरी | | | | | | | ६ | | ६ | ९ | | ९ | १५ | | १५ |
| ५२ | श्री सेकार सिंग आ.वि. सेकारसिंग | १ | - | १ | ५ | १ | ६ | १ | १ | २ | | | | ७ | २ | ९ |
| ५३ | श्री नमूना ज्योति आ.वि. केरुङ | १ | - | १ | ३ | २ | ५ | १ | २ | ३ | | | | ५ | ४ | ९ |
| ५४ | श्री जमूना आ.वि. केरुङ | १ | | १ | ४ | | ४ | | १ | १ | | | | ५ | १ | ६ |
| ५५ | श्री महेन्द्र ज्योति आ.वि. केरुङ | १ | | १ | ४ | | ४ | | | | | | | ५ | | ५ |
| ५६ | श्री जनचेतना आ.वि. गोराखानी | १ | | १ | ४ | | ४ | २ | १ | ३ | | | | ७ | १ | ८ |
| ५७ | श्री जनप्रिय आ.वि. टाप्टिङ | १ | | १ | १ | | १ | | | | | | | २ | | २ |
| ५८ | श्री चम्पादेवि आ.वि. | १ | | १ | २ | | २ | | | | | | | २ | | २ |
| ५९ | श्री दिमिल आ.वि टाप्टिङ | १ | | १ | ३ | | ३ | | | | | | | ४ | | ४ |
| ६० | श्री चन्द्र ज्योति आ.वि. | | | | २ | | २ | | | | | | | २ | | २ |

### १.५.३ विद्यालय शिक्षा क्षेत्रका समस्या तथा चुनौतिहरु

सोलुदुधकुण्ड नगरपालिकाको समग्र शैक्षिक सन्दर्भ र विद्यालय शिक्षाका उपलब्धताका आधारमा विद्यालय शिक्षाको क्षेत्रमा देखिएका मुख्य समस्या तथा चुनौतिहरु निम्नानुसार छनः

- विद्यालयको अनुपातमा शिक्षकको कमि, तह तथा विषय अनुसार शिक्षक व्यवस्थापन, तालीमको अभाव।
- बालमैत्री भौतिक संरचना तथा आवश्यकताको अधारमा भवन, शौचालय, घेराबार अभाव।

- विद्यालय प्रति अभिभावकहरुको चासोमा कमि ।
- शैक्षिक सामग्रीको अभाव तथा भएको सामग्रीको पनि उचित प्रयोग नभएको ।
- प्रारम्भिक बालविकास केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु।
- नक्शाङ्कनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गर्नु।
- बालमैत्री, अपाङ्गतामैत्री, लैङगिकमैत्रीको सिकाइ वातावरण निर्माण गर्नु।
- भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण गर्नु।
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्नु।
- व्यवहारकुशल सीपलाई विद्यालय शिक्षाको प्रारम्भिक बालविकास शिक्षादेलि माध्यमिक तहसम्म एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग अनुकूलन गर्न पाठ्यक्रममा परिमार्जन गरी विद्यालय शिक्षाको औचित्यता वृद्दि गर्नु।
- व्यवसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुयक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु।
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढंगले प्रयोग गर्नु।

### १.५.४ विद्यालय शिक्षा क्षेत्रका अवसरहरु

माथि उल्लेख गरिएका चुनौतिहरु समाधान गरेर विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि सोलुदुधकुण्ड नगरपालिकामा निम्न अवसरहरु रहेकाछनः

- विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्दिका लागि सञ्चालन भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रुपमा रहन सक्ने ।
- शिक्षालाइ स्थानीय तहले प्राथमिकता दिईएको ।
- नगरपालिकाबाट नियमित रुपमा अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने गरिएको ।
- नगरपालिकामा शिक्षक पेशागत सहयोगका लागि विषय विज्ञ समुह गठन तथा परिचालन भएको ।
- दिगो विकासको लक्ष्य प्राप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा परिचालन रहेको।
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तरीय र सुधारको लागि जनप्रनितिधि तथा स्थानीय जनमत सकारात्मक रहेको।
- संविधान अन्तर्गतको ऐन कानूनले नै स्थानिय सरकारलाइ शिक्षा सम्बन्धी अधिकार प्रदान गरेको ।

## परिच्छेद २ : दूरदृष्टी, उद्देश्य, रणनीति र लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनु पर्ने आधार

स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा विभिन्न आधारहरूलाई ध्यानमा राख्न आवश्यक हुन्छ। पहिलो आधार भनेको स्थानीय आवश्यकताहरू हुन्। प्रत्येक स्थानीय तहमा विद्यार्थीको संख्या, विद्यालयको अवस्था, शिक्षकको उपलब्धता, भौगोलिक अवस्था तथा सामाजिक-आर्थिक परिवेश फरक हुन्छ। त्यसैले योजना निर्माण गर्दा यिनै वास्तविक अवस्थाको विश्लेषण गर्नुपर्छ।

दोस्रो आधार नीतिगत र कानुनी संरचना हो। नेपालको संविधान, शिक्षा ऐन तथा स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार र जिम्मेवारीअनुसार शिक्षा योजना तयार गर्नुपर्छ। राष्ट्रिय शिक्षा नीति तथा कार्यक्रमसँग समन्वय कायम गर्नु पनि अत्यन्त आवश्यक हुन्छ।

तेस्रो आधार भनेको तथ्याङ्क र प्रमाण (data and evidence) हो। विद्यार्थी भर्ना दर, विद्यालय छोड्ने दर, सिकाइ उपलब्धि, शिक्षक दरबन्दीको अवस्था जस्ता सूचकहरूको विश्लेषणले योजना अधिक यथार्थपरक र प्रभावकारी बनाउन मद्दत गर्छ।

चौथो आधार सरोकारवालाको सहभागिता हो। शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति तथा समुदायको सक्रिय सहभागिताले योजना बढी व्यवहारिक र स्वीकार्य बनाउँछ। यसरी बहुआयामिक आधारहरूलाई समेटेर स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिन्छ।

### २.१.१ सन्दर्भ र औचित्य

नेपालको संविधान २०७२ अनुसार हाल नेपालमा संघीय गणतान्त्रिक शासन व्यवस्था कार्यान्वयनमा रहेको छ । समग्र राज्य व्यवस्थालाई गरी तीन तहमा विभक्त गरी संघ प्रदेश तथा स्थानीय सरकार निर्वाचित सरकार मार्फत राज्य सञ्चालन हुँदै आएको छ ।संविधानले माध्यमिक तह सम्मको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसो भएता पनि शिक्षालाई संविधानले तीन ओटै सरकारको साझा कार्य सूचीमा राखेको छ । संवैधानिक व्यवस्था अनुसार स्थानीय तहहरूले शिक्षा विकासका कार्यहरू गर्दै आएका छन् । विद्यालय शिक्षाको मूल जिम्मेवारी स्थानीय तहमा रहेकोले स्थानीय सरकारले शिक्षाको छुट्टै योजना तयार गरी कार्यान्वयनमा ल्याउनु अपरिहार्य भएको छ ।

स्थानीय तहले योजनावद्ध रूपमा शिक्षा विकासका कार्यक्रमहरू सञ्चालन गर्न सकेको अवस्था छैन । पालिकाको सन्तुलित विकास तथा समान शैक्षिक अवसरको सुनिश्चित गर्न पर्ने अवस्था विद्यमान रहेको छ । सिकाइ वातावरण, सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन लगायतका पक्षहरूमा समान अवस्था सिर्जना गर्न अत्यावश्यक देखिन आएको छ । यसका लागि विद्यालय शिक्षाको विकासको योजना निर्माण तथा यसको प्रभावकारी कार्यान्वयनको दायित्व स्थानीय तहमा निहित रहेकाले शिक्षाको वृहत योजना निर्माण गर्न जरुरी हुन आएको छ ।

स्थानीय सरकार सञ्चालन ऐनले पनि क्षेत्रगत आवधिक योजना निर्माण र कार्यान्वयनका लागि स्थानीय तहलाई मार्गनिर्देश गरेको छ । स्थानीय सरकारलाई शिक्षा विकासका कार्यहरू सञ्चालन गर्ने अधिकार प्रत्यायोजन गरेको छ । त्यसै गरी दिगो विकास लक्ष्य (SDG) अनुरूप सबैका लागि गुणस्तरीय आधारभूत शिक्षाको सुनिश्चिता गर्नु सबै तहका सरकारको समान दायित्व हुन आएको छ । नेपाल सरकारले यसको प्राप्तिका लागि अन्तराष्ट्रिय तहमा प्रतिवद्धता जनाइ सकेको अवस्था छ । संघीयता लागु हुनुपूर्व देखि नै नेपाल सरकार, शिक्षा मन्त्रालयले विद्यालय क्षेत्र विकास कार्यक्रम सञ्चालनमा ल्याएको र यसका लागि स्थानीय सरकारको पनि समान दायित्व हुने भएकाले पनि शिक्षाको योजना तथा कार्यक्रमलाई थप व्यवस्थित गर्न जरुरी छ ।

हाल शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले परिवर्तित सन्दर्भ अनुसार नयाँ शिक्षा क्षेत्र योजना सन् २०२१-२०३० तर्जुमा गरी शैक्षिक सत्र २०७९ देखि कार्यान्वयनमा ल्याएको छ । यसले विद्यालय शिक्षको दूर दृष्टि लक्ष्य उद्देश्य तथा रणनीति र कार्यनीतिहरू तय गरी सकेको सन्दर्भ विद्यमान रहेको छ । साथै सबै प्रदेश सरकार र स्थानीय सरकारलाई शिक्षा क्षेत्रको आवधिक योजना निर्माणका लागि संघले मार्गनिर्देश गरेको अवस्था छ ।

सोलुदुधकुण्ड नगरपालिका जहिले पनि संविधान प्रदत्त अधिकार र जिम्मेवारी अनुरूप शिक्षालाई समय सापेक्ष बनाउन अग्रसर हुँदै आएको छ । शिक्षाको पहुँच, गुणस्तर, समता र सक्षमता अभिवृद्धिका लागि नीतिगत व्यवस्थाका साथै पालिकाको गुरुयोजना तयार भएको छ । त्यसैगरी शिक्षामा समता रणनीति तय गरी

कार्यान्वयनमा ल्याएको छ । यसका आधारमा शिक्षाका कार्यक्रमहरू विकास गरी कार्यान्वयन गर्दै आएको छ । यसो भएता पनि  शिक्षाको सन्दर्भमा शिक्षाको वृहत योजना तयार गरी  दीर्घकालीन सोच, लक्ष्य, रणनीति, कार्यनीति तथा प्राथमिकताका क्षेत्रहरू पहिचान सहितको शिक्षा क्षेत्रको योजना निर्माण भइ शिक्षालाइ सर्वसुलभ गुणस्तरीय तथा प्रभावकारी बनाउन र सबै समुदायको सन्तुलित विकासको अवस्था सुनिश्चित गर्न अत्यावश्यक भएकाले यो दश वर्षे योजना निर्माण गरिएको छ।

### २.१.२ योजना विकास प्रक्रिया

नगर शिक्षा योजना विकास गर्दा देहायका प्रक्रिया अवलम्बन गरिएको थियो ।

**(क) कार्यदल गठनः** नगरपालिका शिक्षा समितिले शैक्षिक योजना निर्माणको लागि पालिका स्तरीय शैक्षिक योजना निर्माण कार्यदल गठन गरी प्रक्रिया अगाडी वढाएको थियो । शैक्षिक योजना निर्माणको लागि पालिका स्तरीय सरोकारवालाहरुको कार्यशाला गोष्ठी सञ्चालन गरेको जसमा साझेदार संस्था रीड नेपालको समन्वयमा  शिक्षा क्षेत्रका विज्ञद्धारा सहजिकरण गरी आवश्यक सूचना संकलन गरेको थियो ।

**(ख) दस्तावेज अध्ययनः** विगतका अभ्यास, संघीय योजना तथा कार्यक्रम, नगरपालिकाले अवलम्बन गरेका शिक्षा नीति तथा कार्यक्रम आदिको पुनरालोकन गरी शैक्षिक अवस्था, समस्या तथा चुनौती आवश्यकता र सम्भावना आदिको अध्ययन गरीएको थियो ।

**(ग) वडागत समिति विकास र छलफलः** नगरपालिकाले सम्बन्धित वडा तहमा योजना विकास गर्ने प्रयोजनका लागि वडागत छलफल गरी आवश्यक सूचना सङ्कलन गरेको थियो । हालको अवस्था विश्लेशण गरी आगामी १० वर्षका लागि आवश्यक पर्ने शिक्षा नीति तथा कार्यक्रमका बारेमा विस्तृत छलफल गरिएको थियो ।

**(घ)आधारभूत सूचना सङ्कलनः** योजना विकासका लागि आवश्यक सूचना संकलन फाराम तयार गरी सबै विद्यालयका र स्थानीय सरोकारवाला र प्रधानाध्यापक सँग छलफल तथा अन्तरक्रिया संपन्न गरिएको थियो।

**(ङ)योजना निर्माण कार्यशालाः** योजना विकासका लागि वृहत छलफल तथा अन्तर्क्रिया गर्न सरोकारवालाको सहभागितामा योजना निर्माण कार्यशालन सम्पन्न गरिएको थियो । कार्यशालामा विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अभिभावक, प्रारम्भिक बाल विकास शिक्षाका शिक्षक, वडाध्यक्ष, शिक्षक अभिभावक संघका पदाधिकारी , गैरसरकारी संघसंस्थाका प्रतिनिधि, शिक्षा तथा खेलकुद शाखाका अधिकृत, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा समितिका पदाधिकारी तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सहितको सहभागितामा कार्यशाल सञ्चालन गरी आवश्यक सूचना संकलन गरिएको थियो ।

**(च)प्रारम्भिक खाका माथि छलफल तथा पृष्ठपोषण सङ्कलनः** योजनाको प्रारम्भिक खाकामा पालिकाका सदस्य तथा अन्य प्राविधिक कर्मचारी समेतको सहभागितामा छलफल गरी आवश्यक पृष्ठपोषण लिने कार्य गरिएको थियो । पृष्ठपोषणका आधारमा योजनामा आवश्यक सुधार गरिएको थियो ।

**(छ) नगरपालिका सभाबाट अनुमोदनः** योजनालाई कार्यदलले शिक्षा समितिमा पेश गरी शिक्षा समितिले अनुमोदनका लागि कार्यपालिकामा पेश गरेको थियो भने नगर सभाबाट अनुमोदन तथा पारित गरी कार्यन्वनमा ल्याएको छ ।

## २.२ दूरदृष्टि

*"जीवनोपयोगी समतामूलक सोलुदुधकुण्ड नगरपालिकाको लागी गुणस्तरीय शिक्षा"* ।

## २.३ लक्ष्य

राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा प्रतिस्पर्धी, सक्षम, स्वस्थ, सभ्य, संस्कारयुक्त नेपाल र नेपाली प्रति गौरव गर्ने जनशक्ति तयार गर्ने ।

## २.४ उद्देश्य

१. बाल विकास शिक्षाको अनुभव सहित निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको समावेशी पहुँच र सहभागिता वृद्धि गर्नु,

२. आधारभूत पूर्वाधारहरुको अधिकतम विकास गरी गुणस्तरीय सिकाइ वातावरणमा सबै तहको शिक्षाको गुणस्तरमा सुधार गर्नु,

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू सिर्जना गर्नु,

४. निरन्तर सिकाइ तथा सीप विकासका लागि वैकल्पिक तथा आजीवन सिकाइको अवसर प्रदान गर्नु र अनौपचारिक शिक्षालाई सीप विकास तथा आय आर्जनसँग आवद्ध गर्नु,

५. शैक्षिक सुशासनमा आधारित जवाफदेही शैक्षिक व्यवस्थापन सुनिश्चित गर्नु,

६. विपद् तथा महामारीका समयमा समेत सिकाइ निरन्तरता प्रदान गर्न सक्षम र उत्थानशील शिक्षा प्रणाली (Resilient System) को विकास गर्नु,

७. अपाङ्गता भएका तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरूको सबै तहको शिक्षामा पहुँच अभिवृद्धि गर्नु

## २.५ रणनीति

१. सबै विद्यालयहरूमा बालबालिकालाई विद्यालयमा आधारित एक वर्षको बाल शिक्षा अनिवार्य गर्ने ।

२. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।

३. लोपोन्मुख, अति सीमान्तकृत, अति विपन्न, अपाङ्गता भएका, र जोखिममा रहेका बालबालिकालाई सबै तहको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्ने ।

४. सबै विद्यालयलाई न्यूनतम मापदण्ड सहित आधारभूत भौतिक पूर्वाधार सहितको सहजकारी तथा प्रविधि मैत्री सिकाइ वातावरण निर्माण गर्ने ।

५. नक्शाङ्कन तथा सम्भाव्यताका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका अवसरहरू वृद्धि गरी सीपयुक्त र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने ।

६. अनौपचारिक शिक्षा, साक्षरता तथा साक्षरोत्तर शिक्षा सहितको निरन्तर एवम् जीवन पर्यन्त सीप विकासको अवसर प्रदान गर्ने ।

७. विपद तथा महामारीमा शैक्षिक निरन्तरता प्रदान गर्न प्रत्येक विद्यालयलको उत्थानशीलता अभिवृद्धि गरी वैकल्पिक तथा आपतकालीन शैक्षिक क्रियाकलापहरू सञ्चालन गर्ने र सिकाइ निरन्तरता प्रदान गर्ने ।

८. न्यूनतम गुणस्तर मापदण्ड विकास गरी सिकाइको गुणस्तरमा सुधार गर्ने ।

९. शिक्षामा लैङ्गिक समानता, सशक्तीकरण, शैक्षिक सुशासन तथा जवाफदेहीता कायम गर्ने ।

## २.६ रणनीति र रणनीतिगत कार्यनीतिहरू

| रणनीति | कार्यनीति |
|---|---|
| १. चार वर्ष उमेर समूहका | १. नक्शाङ्कनका आधारमा बालबिकास केन्द्रहरूको व्यवस्थापन गरी चार वर्ष |

| | |
|---|---|
| सबै बालबालिकालाई सबै विद्यालयमा एक वर्षको बाल शिक्षा अनिवार्य गर्ने | उमेर समूहका सबै बालबालिकाको बाल विकास शिक्षामा पहुँच सुनिश्चित गरिनेछ ।<br>२. प्रारम्भिक बालबिकासको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइनेछ ।<br>३. वाल विकास केन्द्रका बालबालिकाका लागि अत्यावश्यक सिकाइ सामग्रीहरूको विकास गरी तिनको सर्वसुलभता कायम गरिने छ ।<br>४. आधारभूत तथा पुनर्ताजगी तालिम प्रदान गरी प्रारम्भिक बाल विकास शिक्षाका शिक्षकको सक्षमता विकास गरिनेछ ।<br>५. न्यूनतम शैक्षिक योग्यताका आधारमा सहजकर्ताको चयन गर्ने नीतिगत व्यवस्था गरिने छ ।<br>६. प्रविधिमा आधारित सिकाइ सामग्री विकास तथा प्रयोग गरी बालबालिकालाई सिकाइ प्रतिको उत्प्रेरणा विकासका गरिनेछ ।<br>७. न्यूनतम भौतिक वातावरण तयार गरी दिवा खाजाको प्रवन्ध गरिने छ ।<br>८. वार्षिक रूपमा बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरिने छ ।<br>९. उचित स्वास्थ्य सरसफाइ स्याहार पोषणयुक्त खानाका बारेमा अभिभावक सचेतना कार्यक्रम कार्यान्वयन गरिने छ । |
| २. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने । | १. मापदण्डमा आधारित अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।<br>२. अपाङ्गता भएका, विपन्न तथा सीमान्तकृत र जोखिममा रहेका बालबालिकाहरूको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने संवैधानिक हकको सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।<br>३. सबै विद्यालयमा अपाङ्गता भएका वा सिकाइ सिमितता भएका बालबालिकाको पहिचान (Screening) गर्ने पद्धति विकास गरिने छ ।<br>४. सिकारुको सिकाइ उपलब्धिमा सुधार ल्याउन विद्यालयमा आधारित शिक्षक सहयोग पद्धति विकास गरी कार्यान्वयनमा ल्याइने छ ।<br>५. कमजोर सिकाइ क्षमता भएका बालबालिकाको सिकाइमा सुधार गर्न र गुणस्तरीय सिकाइ उपलब्धि सुनिश्चित गर्न विद्यार्थी सहयोग पद्धति विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>६. निरन्तर सिकाइको मूल्याङ्कन तथा उपचारात्मक सिकाइको अवसर वृद्धि गरी सिकाइको गुणस्तरमा सुधार गरिने छ ।<br>७. एक विद्यालय एक पुस्तकालयको अवधारणा अनुसार पुस्तकालयको प्रवन्ध गरी पठन संस्कृति विकास गरिने छ ।<br>८. स्थानीय पाठ्यक्रम विकास तथा कार्यावयन्वयन गरी मूल्य मान्यता संस्कृति पर्यटन जडीवुटी तथा स्थानीय प्रविधिको संरक्षण तथा संवर्धन गरिने छ ।<br>९. शिक्षकको पेसागत विकास गरी एकीकृत पाठ्यक्रम, प्रविधिमा आधारित शिक्षण सिकाइ तथा कार्यमूलक अनुसन्धानमा आधारित शिक्षण |

| | |
|---|---|
| | सिकाइको वातावरण तयार गर्न प्रदेश शिक्षक तालिम केन्द्र तथा गैर सरकारी निकायहरूसँग समन्वय गरिनेछ ।<br>१०. विद्यालयको भौतिक तथा शैक्षिक वातावरणलाई समावेशी बनाइने छ।<br>११. विद्यालयमा समावेशी, लैङ्गिकमैत्री तथा वालमैत्री शिक्षण सिकाइको वातावरण सिर्जना गर्न गैर सरकारी निकायहरूसँग समन्वय गरिने छ ।<br>१२. अपाङ्गता भएका बालबालिकाको सिकाइ अवसरहरू वृद्धि गर्न विभिन्न प्रकारका सिकाइ सामग्रीहरूको विकास तथा तिनको सर्वसुलभता गरिने छ।<br>१३. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको तथ्याङ्क अद्यावधिक गरी विद्यालयको पहुँचमा ल्याउन थप कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>१४. विद्यालयमा मापदण्ड बमोजिम सङ्घीय सरकार र प्रदेश सरकारसँग सहयोगमा विषयगत शिक्षकको व्यवस्था गरिने छ ।<br>१५. भौगोलिक अवस्था र जनसङ्ख्या बनोटका आधारमा विद्यालय नक्शाङ्कनका गरी विद्यालय एकीकरण गरिने छ।<br>१६. प्रदेश तथा संघ सरकारसँगको समन्वय र सहकार्यमा आवाशीय विद्यालय सञ्चालनका लागि सहजीकरण गरिने छ ।<br>१७. विद्यार्थीको सर्वाङ्गीण विकासको लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालनलाई संस्थागत गरिने छ ।<br>१८. विद्यालयमा उपयुक्त भौतिक वातावरण तयार गरी दिवाखाजाको व्यवस्थालाई निरन्तरता प्रदान गरिने छ ।<br>१९. आधारभूत तहका बालबालिकाहरूको वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी आवश्यकता अनुसार रेफर गरिने छ ।<br>२०. अभिभावकहरूलाई पोषण युक्त खाना उचित स्याहार उपयुक्त सिकाइ वातावरण विकास सम्बन्धमा सचेतीकरण गरिने छ ।<br>२१. स्वास्थ्य, सरसफाइ, यौन तथा प्रजनन् स्वास्थ्य, सेनिटरी प्याडको प्रयोग लगायतका विषयहरूमा स्वास्थ्यकर्मीबाट आवश्यक ज्ञान तथा सीप विकास गरिनेछ ।<br>२२. विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किट तथा यसको प्रयोगका बारेमा शिक्षकहरूलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| ३. लोपोन्मुख, अति सीमान्तकृत, अति विपन्न, अपाङ्गता भएका, र जोखिममा रहेका बालबालिकालाई सबै | १. सबै विद्यालयहरूलाई अपाङ्गता मैत्री सिकाइ वातावरण बनाउन अत्यावश्यक भौतिक संरचनामा सुधार गरिनेछ ।<br>२. अपाङ्गता भएका लोपोन्मुख अति विपन्न तथा जोखिममा रहेका बालबालिकाहरूको उच्च शिक्षा सम्मको अध्ययनका लागि विशेष छात्रवृत्ति कार्यक्रम कार्यान्वयनमा ल्याइने छ । |

| | |
|---|---|
| तहको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्ने | ३. अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच बढाउन ब्रेल तथा साङ्केतिक भाषाका सिकाइ सामग्री विकास गरिनेछ ।<br>४. अपाङ्गता भएका, लोपोन्मुख, अति सिमान्तकृत, अति विपन्न र जोखिममा रहेका बालबालिकालाई सबै तहको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. विशेष कक्षा सञ्चालित विद्यालय तथा कक्षाहरूलाई व्यवस्थित गरिने छ ।<br>६. सीमान्तकृत समूहका बालबालिकाको शैक्षिक निरन्तरताका लागि विभिन्न गैर सरकारी निकायहरूसँगको सहकार्यमा अभिभावकको आय आर्जन क्षमता विकास गरिनेछ ।<br>७. विशेष शैक्षिक आवश्यकता भएका बालबालिकाका लागि सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरी सिकाइ उपलब्धिमा सुधार गरिने छ । |
| ४. सबै विद्यालयलाई न्यूनतम मापदण्ड सहित आधारभूत भौतिक पूर्वाधार सहितको सहजकारी, बालमैत्री तथा प्रविधिमैत्री सिकाइ वातावरण निर्माण गर्ने | १. सम्भाव्यताका आधारमा प्रत्येक विद्यालयमा एक सूचना सञ्चार तथा प्रविधि ल्याव स्थापना गरी सञ्चालनमा ल्याइने छ ।<br>२. प्रविधिमा आधारित शैक्षिक क्रियाकलाप सञ्चालन गर्न अत्यावश्यक पेसागत विकासका लागि प्रदेश तालिम केन्द्रसँग समन्वय गरी शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. सूचना संचार तथा प्रविधिका लागि अत्यावश्यक विद्युतीय पावर सप्लाइ तथा इन्टरनेटको पहुँचमा सुधार गरिने छ ।<br>४. सूचना सञ्चार तथा प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा भइरहेका सामग्रीको प्रयोगलाई बढावा गरिनेछ ।<br>५. प्रविधिमैत्री सिकाइका लागि विद्यालयको भौतिक पूर्वाधार विकास गरिने छ ।<br>६. प्रत्येक विद्यालयका कक्षाकोठामा सिकाइ कुनाको प्रबन्ध गरी सिकाइ वातावरणमा सुधार गरिनेछ ।<br>७. प्रत्येक विद्यालयमा उचित खानेपानी स्वास्थ्य तथा सरसफाइको प्रबन्ध गरिनेछ । |
| ५. नक्शाङ्कन तथा सम्भाव्यताका आधारमा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासका अवसरहरू वृद्धि गरी सीपयुक्त र उत्पादनमुखी जनशक्ति उत्पादन गर्ने | १. पालिका भित्र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर तथा सम्भावना यकिन गर्न नक्शाङ्कन गरिनेछ।<br>२. नक्शाङ्कनका आधारमा प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरूको विकास तथा विस्तार गरिनेछ ।<br>३. स्थानीय उद्योग तथा यस सँग सम्बन्धित कार्य गर्ने निकायहरूसँग समन्वय र सहकार्य गरी प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर वृद्धि गरिनेछ ।<br>४. पालिका भित्र कम्तिमा पनि एक प्राविधिक शिक्षा तर्फको विद्यालय सञ्चालन गरिने छ ।<br>५. प्राविधिक शिक्षामा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको |

| | |
|---|---|
| | पहुँच सुनिश्चित गर्न छात्रवृत्ति उपलब्ध गराइने छ ।<br>६. विद्यालयमा आधारित छोटो र लामा अवधिका सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गरी स्वरोजगारमुखी जनशक्ति विकासका लागि अभिप्रेरित गरिने छ ।<br>७. अतिरिक्त क्रियाकलापलाई केवल खेलकुदमा मात्र सीमित नराखी अन्तर-विद्यालय वक्तृत्वकला, हाजिरीजवाफ, चित्रकला, सङ्गीत, नृत्य, र स्काउट जस्ता विधालाई वार्षिक क्यालेन्डरमै समेटेर अनिवार्य गर्ने |
| ६. अनौपचारिक शिक्षा, साक्षरता तथा साक्षरोत्तर शिक्षा सहितको निरन्तर एवम् जीवन पर्यन्त सीप विकासको अवसर प्रदान गर्ने | १. निरक्षरता सम्बन्धी घरधुरी सर्वेक्षण गरी त्यसको सूचना तथा तथ्याङ्कलाई अद्यावधिक गरिनेछ ।<br>२. निरक्षरता सर्भेको नतिजाका आधारमा साक्षरता सिप विकास, निरन्तर शिक्षा, अनौपचारिक तथा वैकल्पिक खुला शिक्षा जस्ता कार्यक्रमहरू विकास गरी कार्यान्वयन गरिनेछ ।<br>३. सामुदायिक सिकाइ केन्द्रको संस्थागत सुदृढीकरण गरिने छ ।<br>४. सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता तथा वैकल्पिक सिकाइ, समुदाय सदस्यहरूलाई सशक्तीकरण, वित्तीय तथा डिजिटल साक्षरता र आयआर्जन सीप विकास जस्ता कार्हरूका लागि सक्षम बनाइने छ ।<br>५. गैर सरकारी निकायहरूसँगको समन्वय र सहकार्यमा द्रुत शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी विद्यालय बाहिर रहेका वा विद्यालयबाट कक्षा पूरा नगरी बिचैमा विद्यालय छाडेका बालबालिकालाई शैक्षिक निरन्तरताको अवसर वृद्धि गरिनेछ ।<br>६. पालिकालाई साक्षर पालिकाका रूपमा घोषणा गर्न अत्यावश्यक साक्षरता शिक्षाका कार्यक्रमहरू विकास गरी कार्यान्वयन गरिने छ ।<br>७. साक्षरता सिप विकास कार्यक्रमलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी स्वरोजगारका अवसर वृद्धि गरिने छ ।<br>८. विभिन्न गैरसरकारी निकायहरूसँग समन्वय गरी जीवनपर्यन्त सिकाइका अवसरहरूमा वृद्धिका लागि लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>९. अनौपचारिक रूपमा हासिल भएको ज्ञान तथा सीपलाई प्रमाणीकरण गरी शैक्षिक निरन्तरता तथा व्यावसायिक दक्षता अभिवबृद्धिको अवसर वृद्धिका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ। |
| ७. विपद् तथा महामारीमा शैक्षिक निरन्तरता प्रदान गर्न प्रत्येक विद्यालयलको उत्थानशीलता अभिवृद्धि गरी वैकल्पिक तथा आपतकालीन शैक्षिक | १. सबै विद्यालयहरूमा आपत्कालीन अवस्थामा सिकाइ सुनिश्चितताका लागि विपद् प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।<br>२. आपतकालमा शैक्षिक निरन्तरता दिन अत्यावश्यक सिकाइ सामग्री विकास गरिनेछ ।<br>३. पालिका तहमा आपतकालिन सिकाइको व्यवस्थालाई सहजीकरण गर्न सिकाइ पोर्टलको व्यवस्था गरी विकसित सामग्रीहरुको सूचि तथा वेव |

| | |
|---|---|
| क्रियाकलापहरू सञ्चालन गर्ने र सिकाइ निरन्तरता प्रदान गर्ने | पेज, इ-लाइब्रेरीको व्यवस्था गरिने छ ।<br>४. आपत्कालिन शिक्षण सिकाइका  बारेमा शिक्षकको पेसागत विकास गरिनेछ।<br>५. आपतकालिन सिकाइ वातावरण तयार गर्न विद्यार्थी समुदायमा आधारित अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ तथा अन्य सरोकारवालाहरूलाई आपतकालिन शैक्षिक व्यवस्थापनका बारेमा अभिमूखीकरण गरी प्रभावकारी रूपमा परिचालन गरिने छ ।<br>७. संघले तयार गरेको मापदण्डलाई पूर्णतः पालना गरी विद्यालयको भौतिक संरचना विकास गरिने छ ।<br>८. विभिन्न गैरसरकारी निकायहरूसँग उचित एवम् प्रभावकारी समन्वय गरी आपतकालिन वैकल्पिक शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>९. विपत वा आपतकालिन समयमा बालबालिका तथा तिनका अभिभावकलाई मानसिक तथा स्वास्थ्य सम्बन्धि परामर्श प्रदान गरिनेछ ।<br>१०. विपद् व्यवस्थापन तथा आपत्कालिन सिकाइ निरन्तरताका लागि समुदायमा रहेका युवा परिचालन गर्ने नीति कार्यान्वयन गरिनेछ ।<br>११. पालिकाको Vulnerability Capacity Assessment गरी यसका आधारमा विपद् व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| ८. न्यूनतम गुणस्तर मापदण्ड विकास गरी सिकाइको गुणस्तरमा सुधार गर्ने | १. न्यूनतम गुणस्तर मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।<br>२. गुणस्तर मापदण्डका आधारमा शिक्षकको पेसागत विकासका लागि प्रदेश तालिम केन्द्र तथा अन्य तालिम प्रदायक निकायहरुसँग समन्वय र सहकार्य  गरिनेछ ।<br>३. विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग गर्ने पद्धति विकास गरी कार्यान्वयन गरिनेछ ।<br>४. शैक्षिक व्यवस्थापन तथा सुशासन कायम गर्न र सिकाइको गुणस्तरमा सुधार गर्न प्रत्येक विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना गरी व्यवस्थापन  गरिने छ ।<br>५. विद्यालय व्यवस्थापनलाई गुणस्तर सुधारका कार्यका लागि जिम्मेवार बनाउन प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको सक्षमता विकास गरिनेछ ।<br>६. शिक्षक विद्यार्थी अनुपात कायम गरी शिक्षकहरूको दरबन्दी मिलान गरिने छ ।<br>७. विषयगत शिक्षकको अवस्था सुनिश्चित गर्न संघ तथा प्रदेशसँग प्रभावकारी समन्वय गरिनेछ  र पालिकाले व्यवस्थापन गर्ने शिक्षकलाई विषयगत शिक्षकको अवधारणा अनुसार व्यवस्थित गरिने छ । |

| | |
|---|---|
| | ८. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, र अतिरिक्त सिकाइ सहजीकरणका लागि थप शिक्षकको व्यवस्था गर्न नगरपालिकाको आन्तरिक स्रोत परिचालन गरिने छ ।<br>९. सिकाइ क्षमता कमजोर भएका सिकारुका लागि सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरि सिकाइमा सुधार गरिनेछ ।<br>१०. सूचना तथा सञ्चार प्रविधि, विज्ञान प्रयोगशाला र पुस्ताकालयको व्यवस्था गरी गुणस्तरीय सिकाइ वातावरण निर्माण गरिने छ ।<br>११. विद्यालयको नियमित नियमन कार्यलाई व्यवस्थित गरिनेछ।<br>१२. सिकाइको मूल्याङ्कन तथा मूल्याङ्कन नतिजाको विश्लेषणका आधारमा अतिरिक्त शैक्षणिक सहयोग कार्यक्रम तय गरी कार्यान्वयन गर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।<br>१३. गैर सरकारी निकायहरूसँगको समन्वय र सहकार्यमा समुदायमा रहेका विभिन्न सामुदायिक सञ्जाल, युथ क्लव, बालक्लव, महिला समूह, लगायतका सञ्जालहरू परिचालन गरी सम्बन्धित शिक्षा सरोकारवालाहरूको शैक्षिक सहभागिता बढाइने छ र गुणस्तरमा सुधार गरिनेछ ।<br>१४. समाजमा रहेका अन्धविश्वास, लैङ्गक विभेद, कुरीति, परम्परागत रूपमा चलिआएका गलत मूल्य मान्यता जस्तै बालबिवाह, दाइजो प्रथा, घरेलु हिंसा जस्ता अभ्यासहरूलाई निरुत्साहित गर्न युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१५.प्रत्येक विद्यालयलाई अपाङ्गतामैत्रीलैङ्गिकमैत्री बनाइने छ र यसका , लागि आवश्यक शौचालय खानेपानी तथा सरसफाइको व्यवस्था गरिनेछ।<br>१६. असल अभ्यासहरूको अवलोकन गर्न सिकेका ज्ञान तथा सीप एक आपसमा आदान प्रदान गर्न शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१७. शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरी गुणस्तरीय सिकाइका लागि शैक्षिणिक सुधारमा आधारित प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने छ।<br>१८. विद्यालयलाई गुणस्तर सुधार अनुदान प्रदान गरी गुणस्तरीय शैक्षिक व्यवस्थापनका लागि प्रतिस्पर्धी हुने वातावरण सिर्जना गरिने छ । |
| ९. शिक्षामा लैङ्गिक समानता, सशक्तीकरण, शैक्षिक सुशासन तथा जवाफदेहीता कायम गर्ने | १. सवै तहको शिक्षामा लैङ्गिक समानताको अवस्था सिर्जना गर्न लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।<br>२. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्तिका रूपमा एक जना शिक्षकलाई तोकि जिम्मेवार बनाइने छ ।<br>३. छात्राहरूका स्वास्थ्य सम्बन्धी समस्याहरू समाधान गर्न आवश्यक परामर्श |

| | |
|---|---|
| | सेवा प्रदान गर्ने व्यवस्था गरिने छ ।<br>४. नेतृत्व विकास तालिम सञ्चालन गरी महिला शिक्षकलाई विद्यालय व्यवस्थापन तथा शैक्षिक नेतृत्वका लागि प्रोत्साहित गरिनेछ ।<br>५. रिक्त हुन आएका प्रधानाध्यापकको नियुक्तिमा महिला शिक्षकलाई प्राथमिकता दिइने छ ।<br>६. विद्यालय तथा पालिकाको योजना तथा बजेट निर्माण कार्यमा लैङ्गिक उत्तरदायी बजेटको अवधारणा अवलम्बन गरिने छ ।<br>७. अनलाइन पद्धति विकास गरी विद्यालयमा आधारित कार्यक्रम बजेट तथा अन्य सेवाहरूको पारदर्शिता र सूचनाको पहुँच बढाइने छ ।<br>८. विद्यालय तथा नगरपालिका र अन्तर्गतका वडाहरूबाट सम्पादित कार्यहरूको सामाजिक परीक्षण गरी सुशासनमा आधारित शैक्षिक तथा व्यवस्थापकीय कार्यहरू सम्पादन गरिने छ ।<br>९. विद्यालय तहबाट हुने कार्यहरूको सही कार्यान्वयन तथा शैक्षिक क्रियाकलापहरूमा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिलाई थप जिम्मेवार बनाइने छ ।<br>१०. विद्यालय तथा शिक्षकहरूलाई सिकारुको सिकाइ उपलब्धिप्रति जिम्मेवार तथा जबाफदेही बनाउन कार्यसम्पादनमा आधारित विद्यालय अनुदान तथा कार्यसम्पादनमा आधारित सेवा सुविधाको व्यवस्थालाई कार्यान्वयनमा ल्याइने छ ।<br>११. विद्यार्थी सङ्ख्याको आधारमा शिक्षकहरूको दरबन्दी मिलान तथा न्यून विद्यार्थी संख्या भएका विद्यालयलाई मापदण्ड तयार गरी कक्षा घटाउने तथा नजिकको विद्यालयमा विद्यालय समायोजन गर्ने कार्यलाई व्यवस्थित गरिने छ । |

## २.७ अपेक्षित उपलब्धि

१. बाल विकास शिक्षाको अनुभव सहित निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको समावेशी पहुँच र सहभागिता वृद्धि भएको हुनेछ।

२. आधारभूत न्यूनतम पूर्वाधार विकास गरी गुणस्तरीय सिकाइ वातावरणमा सबै तहको शिक्षाको गुणस्तरमा सुधार हुनेछ।

३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू सिर्जना भएको हुनेछ।

४. निरन्तर सिकाइ तथा सीप विकासका लागि वैकल्पिक तथा आजीवन सिकाइको अवसर प्रदान गर्नु र अनौपचारिक शिक्षालाई सीप विकास तथा आय आर्जनसँग आवद्ध गरिनेछ।

५. शैक्षिक सुशासनमा आधारित जवाफदेही शैक्षिक व्यवस्थापन सुनिश्चित गरिनेछ।

६. विपद् तथा महामारीका समयमा समेत सिकाइ निरन्तरता प्रदान गर्न सक्षम र उत्थानशील शिक्षा प्रणाली (Resilient Education System) को विकास गरिनेछ।

७. अपाङ्गता भएका तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरूको सबै तहको शिक्षामा पहुँच अभिवृद्धि गरिनेछ।

**तालिकाः ९ कार्यसम्पादन सूचक र लक्ष्य**

| क्र.सं. | सूचक | स्थानीय तहको सूचक | आधार वर्ष २०८३ | २०८७ को लक्ष्य | २०९२ को लक्ष्य | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

शैक्षिक योजना निर्माणको क्रममा तय गरिएका उद्देश्यलाई मात्रात्मक लक्ष्य किटान गरी निश्चित समय सिमा सहित तलको तालिकामा प्रस्तुत गरिएको छ । यस तालिकामा प्रस्तुत सूचकहरू दिगो विकास लक्ष्य ४ को National Indicator Framework (NIF) र विद्यालय शिक्षा क्षेत्र योजना (SESP २०२२-२०३२) बाट अनुशरण गरी सोलुदुधकुण्ड नगरपालिकाको स्थानीय शिक्षा क्षेत्रहरुका वास्तविकतामा आधारित छन् ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | स्थानीय | ४४ | ९७ | १०० | १ | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षा केन्द्र (सङ्ख्या) | स्थानीय | ४८ | ५५ | ५९ | | |
| १.३ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकाहरू मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका दर* (%) | स्थानीय | १०० | १०० | १०० | | |
| १.४ | प्रारम्भिक बालविकास र शिक्षामा बालबालिका र तालिम प्राप्त शिक्षक तथा सहजकर्ताको अनुपात | स्थानीय | १७:१ | २०:१ | २०:१ | | |
| १.५ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ता* (%) | स्थानीय | ७७ | ८५ | १०० | | |
| १.६ | प्रारम्भिक बालविकास र शिक्षामा दिवा खाजा, खेल तथा सिकाइ सामग्रीसहितको अनुदान प्राप्त गर्ने बालबालिकाको सङ्ख्या* प्रतिशत) | स्थानीय | १०० | १०० | १०० | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | | | | |
| २.० आधारभूत शिक्षा (कक्षा १-८) | | | | | | | |
| २.१ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त | स्थानीय | ८५ | १०० | १०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | शिक्षक*(%) | | | | | | |
| २.२ | आधारभूत तह(कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | स्थानीय | ५६२:१८० | :२१८ | :२१८ | | |
| २.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको अनुपात | स्थानीय | १६५७:२०० | :३७७ | :३७७ | | |
| २.४ | आधारभूत तह (कक्षा १-८)मा भर्ना भएका ५-१२वर्ष उमेर समूहका भन्दा माथिका बालबालिका* (%) | स्थानीय | ८६ | १०० | १०० | | |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षकहरू* (%) | स्थानीय | ८५ | १०० | १०० | | |
| ४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम | | | | | | | |
| ४.१ | स्थानीय तहमा कम्तिमा एक वटा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक सामुदायिक विद्यालय (सङ्ख्या) | स्थानीय | १ | २ | २ | | |
| ४.२ | ईन्टरनेट उपयोग गर्न सक्ने आर्थिक रूपले सक्रिय जनशक्ति* (%) | स्थानीय | ४३.१ | ७५ | १०० | | |
| | | प्रदेश | ८० | | | | |
| | | राष्ट्रिय | ८२ | | | | |
| ५. सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ५.१ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय (%) | स्थानीय | ७.६ | २० | ३० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.२ | नर्सिङ् सेवा तथा सुविधा पुगेको विद्यालय (%) | स्थानीय | १५ | ३० | १०० | | |
| ५.३ | आधारभूत तह (कक्षा१-८) मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी* (%) | स्थानीय | ९० | १०० | १०० | | |
| ५.४ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक (%) | स्थानीय | ५० | ७० | १०० | | |
| ५.५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय (%) | स्थानीय | ४० | ६० | १०० | | |
| ५.६ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने आधारभूत तहको विद्यालय (%) | स्थानीय | ३२ | ६० | १०० | | |
| ५.७ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक तहको | स्थानीय | ४० | ६० | १०० | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय (%) | | | | | | |
| ५.८ | विद्युतको पहुँच पुगेको विद्यालय* (%) | स्थानीय | १०० | १०० | १०० | | |
| ५.९ | ईन्टरनेट सुविधा पुगेको विद्यालय* (%) | स्थानीय | १०० | १०० | १०० | | |
| ५.१० | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको विद्यालय* (%) | स्थानीय | ९० | ९५ | १०० | | |
| ५.११ | अपाङ्गतामैत्री विद्यालय* (%) | स्थानीय | ० | २ | ५ | | |
| ५.१२ | राष्ट्रिय तथा स्थानीय पाठ्यक्रममा मानव अधिकार, दिगो विकास, लैङ्गिक समानता जस्ता विषयवस्तुहरूको समावेशीकरण भएको सुनिश्चितता (%) | स्थानीय | ३३ | ५० | १०० | | |
| ५.१३ | एक वर्षमा सेवावाट अवकास लिने शिक्षक (निवृत्त भएका समेत) दर* (%) | स्थानीय | ६ | १५ | ३० | | |
| ५.१४ | मुख्य विषयहरूमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या (%) | स्थानीय | १६ | ३० | ५० | | |
| ६. शिक्षामा लगानी | | | | | | | |
| ६.१ | सुत्रमा आधारित शिक्षामा लगानी (%) | स्थानीय | २२ | ३० | ३५ | | |
| ६.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी लागत (रू.) | स्थानीय | ६००० | ७००० | ८००० | | |

**नोटः** (१) * चिह्न भएका सूचकहरू SESP र SDG-४ NIF अन्तर्गतका अनिवार्य सूचकहरू हुन् । (२) '' चिह्नले सोलुदुधकुण्ड नगरपालिकाले स्थानीय सर्वेक्षण वा IEMS अद्यावधिकबाट तथ्याङ्क पूर्ण गर्नुपर्ने सूचक हो ।

(३) आधार वर्षको तथ्याङ्क IEMS/EMS प्रतिवेदन, राष्ट्रिय जनगणना २०७८ र नगरपालिकाको स्थानीय तथ्याङ्कमा आधारित छ । (४) राष्ट्रिय लक्ष्य मार्गदर्शन २०७९ (परिमार्जित संस्करण, २०८१) बाट लिइएका हुन् । (५) स्थानीय लक्ष्य वास्तविक आधार वर्षको तथ्याङ्क र स्थानीय सन्दर्भका आधारमा निर्धारण गरिएका हुन् ।

*स्रोतः सोलुदुधकुण्ड नगरपालिका शिक्षा तथ्याङ्क (IEMS/EMS), राष्ट्रिय जनगणना २०७८, नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम, स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१)*

## परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

देशको आर्थिक विकास तथा सामाजिक विकास, राजनैतिक परिर्वतन र स्थिरता तथा रूपान्तरणको सशक्त माध्यम शिक्षा हो । नेपालको संविधान २०७२ ले गुणस्तरीय शिक्षा प्राप्त गर्ने हक प्रत्येक नागरिकलाई प्रदान गरेको छ ।त्यसै गरी देशको विकास तथा सम्वृद्धिको लागि तीन तहको सरकार रहने गरी शासकीय स्वरूप निर्धारण गरेको छ । यसका लागि सबै तहका सरकारहरूबीच समन्वय, सहकार्य, सहयोग तथा लगानी गर्ने वातावरण निर्माण गर्न जरुरी छ । स्थानीय तहको शिक्षा क्षेत्रको कार्य जिम्मेवारी अन्तर्गत प्रारम्भिक बाल विकास देखि माध्यमिक शिक्षा कक्षा १२ सम्मको औपचारिक शिक्षा प्रदान गर्ने गरी शैक्षिक व्यवस्थापन गर्न पाउने अवस्था विद्यमान छ।साथै अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा, समावेशी शिक्षा, शिक्षक व्यवस्थापन पूर्वाधार विकास, गुणस्तरीय शिक्षा, दूर तथा खुला शिक्षा, सूचना प्रविधि शिक्षा, पोषण तथा विद्यालय सरसफाइ र विपद् व्यवस्थापन लगायतका शैक्षिक क्रियाकलापहरूको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारलाई रहेको छ । यी क्षेत्रहरूमा यस सोलुदुधकुण्ड नगरपालिकाको विद्यमान शैक्षिक अवस्थाको विश्लेषण गरिनु अत्यावश्यक हुन्छ । त्यसैगरी शिक्षाको सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्या तथा चुनौतीहरूको सामना गर्न उपयुक्त रणनीति मार्फत सञ्चालन गर्न सकिने शैक्षिक कार्यक्रमहरूको यकिन हुन जरुरी छ । विद्यार्थीहरूको सिकाइ उपलब्धिमा बढोत्तरी गर्दै गुणस्तरीय शिक्षाको अभिवृद्धि गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा रहेको छ । यिनै परिवेशमा यस नगरपालिकाका शिक्षाका क्षेत्रगत विश्लेषण र भावी रणनीति तथा कार्यक्रमहरू तय गरी निम्नानुसार प्रस्तुत गरिएको छ।

### ३.१ प्रारम्भिक बाल विकास र शिक्षा

#### ३.१.१ परिचय

सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास सम्बन्धी सेवाहरू सहजताका साथ उपलब्ध गराउन अत्यावश्यक हुन्छ । बाल बालिकाको बाँच्न पाउने अधिकार हुन्छ । संरक्षणको अधिकार हुन्छ । त्यसै गरी विकास तथा सहभागीताको अधिकार हुन्छ । यी अधिकारको सुनिश्चित गर्ने दायित्व सरकारको हुन्छ । नेपाल सरकार यस प्रति प्रतिबद्ध रहँदै आएको छ । नेपाल सरकारले *"सुखी नेपाली, समृद्ध नेपालको"* दीर्घकालीन सोच तय गरेको छ । यो लक्ष्य हासिल गर्न बालबालिकामा लगानी गर्नु पर्ने आवश्यकता रहन्छ । दिगो विकास लक्ष्यले पनि बाल बालिकाको हक हित तथा विकास र संरक्षण केन्द्रित लक्ष्य लिएको अवस्था विद्यमान रहेको छ । दिगो विकासका १७ ओटा लक्ष्यहरू मध्ये ११ ओटा लक्ष्यहरू प्रत्यक्ष रूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन्।

नेपाल सरकारले बाल विकास र शिक्षाको महत्वलाई आत्मसाथ गर्दै बालविकास सम्बन्धी राष्ट्रिय रणनीति २०७७-२०८८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसले गर्भावस्थादेखि ८ वर्ष सम्मका सम्पूर्ण बालबालिकाको सर्वाङ्गीण विकास गर्ने लक्ष्य लिएको छ । तीनै तहका सरकारका सम्बद्ध निकायहरूबीच स्पष्ट एवं समान धारणा बनाउन, बालिविकासका कार्यक्रमहरूमा स्पष्टता र एकरुपता कायम गर्न र गुणस्तरीय बाल विकास र शिक्षाको अवस्था सुनिश्चित गर्न यो रणनीति केन्द्रित रहेको छ ।

प्रारम्भिक बाल विकास र शिक्षाको क्षेत्र वृहद हुन्छ । उमेर अनुसारको विभिन्न प्रकारका सेवाको सुनिश्चितता गर्नुपर्ने हुन्छ । सबै बालबालिकाहरूलाई स्वास्थ्य, पोषण, सुरक्षा, संरक्षण, शिक्षा र सफा खानेपानी तथा सरसफाई सम्बन्धी सबै सेवाहरू एकीकृत रुपमा प्रदान गर्नु पर्छ । सेवा प्रवाहमा परिवार तथा समुदायको सहभागिता सुनिश्चित गर्नुपर्छ । सबैको संलग्नता र जिम्मेवारी अभिवृद्धि गरी गुणस्तरीय बाल विकास र शिक्षाको अवस्था सुनिश्चित गर्नु पर्छ । यस्ता महत्वपूर्ण क्षेत्रहरुमा बाल विकास र शिक्षा केन्द्रित हुनु पर्ने भएकाले प्रत्येक शिक्षाका योजनाले यसलाई महत्वका साथ लिने गरेको अवस्था छ ।

बालबालिकाको सर्वाङ्गीण विकास र विद्यालय प्रवेशको तयारी गर्ने गरी प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रम सञ्चालन गरिदै आएको छ । प्राथमिक तह कक्षा एकमा भर्नाका लागि तयार गर्ने गरी सञ्चालित विद्यालय तथा समुदायमा आधारित शैक्षिक क्रियाकलाप प्रारम्भिक बाल विकास शिक्षा अन्तरगत पर्छन् । यसको प्रमुख उद्देश्य नै कक्षा १ मा भर्नाका लागि तयार गर्नु हो ।हाल कार्यान्वयनमा रहेको शिक्षा ऐन तथा नियमावली अनुसार ३ वर्ष देखि ४ वर्षको उमेरलाई प्रारम्भिक बाल शिक्षाको उमेरको रूपमा व्याख्या गरिएको छ । शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासको दृष्टिले यो उमेर समुह महत्वपूर्ण हुन्छ । हाल विद्यालयमा र समुदायमा आधारित प्रारम्भिक बाल शिक्षाका कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

संस्थागत विद्यालयमा प्रारम्भिक बाल विकास कक्षालाई नर्सरी, किन्डरगार्डेन वा केजी, मन्टेश्वरी जस्ता नाममा सञ्चालनमा रहेका छन् । विभिन्न प्रकारका मन्टेश्वरीमा आधारित कक्षा सञ्चालन पनि हुँदै आएको परिप्रेक्ष्य विद्यमान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पनि स्थानीय तहलाई प्रारम्भिक बाल विकास केन्द्रहरूको स्थापना र सञ्चालनको अनुमति प्रदान गर्ने अधिकार प्रदान गरेको छ । यिनै कानुनी व्यवस्थाका आधारमा स्थानीय तहले प्रारम्भिक बाल विकास र शिक्षाका कार्य्रकमहरू सञ्चालन गर्दै आएका छन् । तर पनि यसलाई थप व्यवस्थित गर्नु पर्ने अवस्था विद्यमान रहेको छ ।

### ३.१.२ विद्यमान अवस्था

चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको शिक्षा प्रदान गर्ने कानुनी प्रावधान रहेको छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६ ले भने चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने नीति तय गरेको छ । चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ । संविधान, ऐन तथा कानुनले पनि बालविकास कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउने प्रावधान राखेका छन् । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५, बालबालिकासम्बन्धी ऐन, २०७५ आदिमा प्रारम्भिक बालविकास सम्बन्धी प्रावधान रहेका छन्। पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१), बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९, विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८), बहुक्षेत्रीय पोषण योजना, दोस्रो (२०७५/७६-२०७९/८०) र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ समेतमा प्रारम्भिक

बालविकास सम्बन्धी प्रावधानहरू समेटिएका छन् । यसका साथै पाठ्यक्रम विकास केन्द्रले प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ लागु गरेको छ।

राष्ट्रिय योजना आयोगले प्रारम्भिक वालविकास र शिक्षाको रणनीति २०७८-२०८८ जारी गरेको छ । यसले सबै बालबालिकाको सर्वाङगीण विकास सुनिश्चित गरी सक्षम तथा दक्ष मावन स्रोत विकास गर्ने दूर दृष्टि तय गरेको छ। त्यसैगरी गर्भावस्थादेखि ८ वर्ष सम्मका सबै बालबालिकाको शारीरिक सामाजिक वौद्धिक र भाषिक विकासका अवसर सुनिश्चित गरिने लक्ष्यका साथ विभिन्न उद्देश्यहरु समेत तय गरेकोले स्थानीय तहमा विकास हुने शिक्षाका योजना तथा नीतिले पनि यससँग तादम्यता कायम गर्न अत्यावश्यक देखिन्छ।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्याश प्रतिवेदन सन् २०२१-२०२२ अनुसार नेपालमा कूल ३६४९८ प्रारम्भिक बालविकास र शिक्षाका केन्द्रहरू सञ्चालनमा रहेका छन् । जसमध्ये ३०४५० (८३.४%) सामुदायिक विद्यालयमा आधारित छन् । त्यसैगरी ६०४८ संस्थागत विद्यालयमा सञ्चालन भएका छन् । प्रारम्भिक बालबिकास र शिक्षामा कूल १०१०१९५ जना बालबालिका अध्ययनरत छन् । जसमा ४६६३१४ जना छात्रा रहेका छन् जसको लैङ्गिक समविकास दर ०.८५ प्रतिशत हुन आउँछ । यसै गरी प्रति केन्द्र विद्यार्थी सङ्ख्याको दर २८.०१ रहेको छ ।

सोलुदुधकुण्ड नगरपालिकाको कूल ४८ वालविकास केन्द्र सञ्चालनमा रहेका छन् । कूल ४९१ जना बालबालिकाहरू प्रारम्भिक बालबिकास र शिक्षामा अध्ययनरत रहेका छन् । जसमा छात्राको सङ्ख्या २१९ रहेको छ भने छात्र संख्या २६२ छन्। यी ४८ ओटा विद्यालयमा प्रारम्भिक बालबिकास र शिक्षाका केन्द्र सञ्चालनमा रहेको अवस्था छ ।

### ३.१.३ समस्या

(क) प्रारम्भिक बाल विकास उमेर समूहको सबै बालबालिकाहरूको सही तथ्याङ्क अद्यावधिक नहुनु,
(ख) प्रारम्भिक बाल विकास उमेर समूहको सबै बालबालिकाहरू प्रारम्भिक बाल विकास शिक्षामा भर्ना नहुनु,
(ग) सबै विद्यालयहरूमा प्रारम्भिक बाल विकास र शिक्षाका कक्षाहरू सञ्चालनको अवस्था नहुनु,
(घ) विद्यालयमा सञ्चालिन बाल विकास र शिक्षाका कार्यक्रमहरूमा समावेशी तथा गुणस्तरीयताको पक्ष कमजोर हुनु,
(ङ) सबै बालविकास शिक्षामा सबै बालबालिकाको पहुँचको अवस्था सुनिश्चित गर्न नसकिनु,
(च) प्रारम्भिक बालशिक्षा सञ्चालनका लागि न्युनतम पारिश्रमिकको व्यबस्था हुन नसक्दा दक्ष तथा योग्य शिक्षकको व्यवस्थापन हुन नसक्नु,
(छ) हाल कार्यरत सहजकर्ताको सक्षमता विकासका पर्याप्त अवसर प्रदान गर्न नसक्नु,
(ज) पर्याप्त मात्रामा शैक्षिक सामग्रीहरूको विकास गर्नु नसकिनु वा विकसित सामग्रीहरूको वाल विकास कक्षाहरूमा प्रबन्ध गर्न नसकिनु,
(झ) प्रारम्भिक बाल विकास तथा शिक्षाका कक्षाहरू अपाङ्गतामैत्री हुन नसक्नु,
(ञ) सानो उमेर समूहका बालबालिकाहरूको लागि अनुकूल शौचालय तथा खानेपानीको प्रबन्ध हुन नसक्नु,
(ट) प्रारम्भिक बाल विकास शिक्षामा अभिभावकको चासो कम हुनु,
(ठ) प्रारम्भिक बाल विकास र शिक्षाका कार्यक्रमहरूमा सरसफाइको अवस्था कमजोर हुनु,
(ड) बालमैत्री तथा अपाङ्गतामैत्री कक्षा कोठाको व्यवस्थापन नहुनु,
(ढ) बालबालिकाको शैक्षिक उपलब्धि तथा सिकाइ सम्बन्धी शैक्षिक अभिलेखको व्यवस्थापन हुन नसक्नु,
(ण) बालबालिकाको नियमित स्वास्थ्य परीक्षण सम्बन्धी व्यवस्था नहुनु,

(त) विद्यालय व्यवस्थापनले प्रारम्भिक बाल विकास र शिक्षालाई प्राथमिकतामा नराख्नु।

### ३.१.४ चुनौती

प्रारम्भिक वाल विकास र शिक्षाका सम्बन्धमा देहायका चुनौतीहरू विद्यमान रहेका छन्

(क) पर्याप्त बजेटको व्यवस्था गरी न्यूनतम मापदण्डमा आधारित प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रम सञ्चालन गर्नु,

(ख) योग्य तथा सक्षम बालविकास शिक्षकको व्यवस्थापन गर्नु,

(ग) पर्याप्त शैक्षिक सामग्रीमा आधारित प्रारम्भिक बाल विकास र शिक्षा कार्यक्रम सञ्चालनको अवस्था सुनिश्चित गर्नु,

(घ) उचित स्वास्थ्य सरसफाइ तथा पोषणको व्यवस्था गरी शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक विकासको अवस्था सुनिश्चित गर्नु ।

(ङ) प्रारम्भिक बाल विकास र शिक्षाका कक्षाकोठा, शौचालय तथा कार्यक्रमलाई बालमैत्री अपाङ्गतामैत्री बनाउनु।

### ३.१.५ अवसर

(क) संविधान,ऐन कानुन तथा नीतिगत रूपमा स्पष्ट कानुनी आधार तय हुनु,

(ख) नगरपालिकालाई प्रारम्भिक बाल विकास र शिक्षाको विकास तथा सुधार गर्ने कानुनी आधार हुनु,

(ग) योजनावद्ध विकासको थालनी हुनु,

(घ) नगरपालिकाले शिक्षाको पहुँच तथा गुणस्तरमा प्राथिमकता प्रदान गर्नु,

(ङ) अन्य गैरसरकारी निकायहरूबाट प्रारम्भिक बालबिकास र शिक्षाको विकास गर्ने पर्याप्त अवसर हुनु,

### ३.१.६ सोच

उपयुक्त शारीरिक, बौद्धिक, संवेगात्मक विकास र उत्प्रेरणामा आधारित व्यवहार, बालबालिकाको सर्वाङ्गीण विकासको आधार ।

### ३.१.७ लक्ष्य

समावेशी तथा गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षाको अवसर वृद्धि गरी आधारभूत तहको कक्षा १ को शिक्षाको निरन्तरताका लागि तयार गर्ने ।

### ३.१.८ उद्देश्य

(क) शारीरिक, सामाजिक, संवेगात्मक,संज्ञानात्मक,क्षमताको विकास गर्नु ।

(ख) प्रारम्भिक बालविकास र शिक्षालाई आधारभूत शिक्षाको मुख्य आधारका रूपमा विकसित गर्नु,

(ग) गुणस्तरीय तथा समावेशी प्रारम्भिक बालविकास र शिक्षाको व्यवस्था गर्नु,

(घ) स्वास्थ्य सरसफाइ र पोषणको अवस्थामा सुधार गर्नु

### ३.१.९ रणनीति

(क) प्रारम्भिक बालविकास उमेर समुहका बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको अवसर सुनिश्चित गर्ने,

(ख) प्रारम्भिक बालविकास र शिक्षाका कक्षाहरूलाई बालमैत्री अपाङ्गमैत्री तथा शैक्षिक सामग्रीले युक्त गराउने,

(ग) प्रारम्भिक बालविकास र शिक्षामा तालिम प्राप्त तथा योग्य शिक्षकहरूको प्रबन्ध गर्ने,

(घ) प्रारम्भिक बालविकास र शिक्षाका बारेमा अभिभावकलाई अभिमुखीकण गरी उपयुक्त वाल स्यहार,स्वास्थ्य र सुरक्षित वातावरण सिर्जना गर्न सक्रिय बनाउने,

(ङ) प्रारम्भिक बालविकास र शिक्षाका कार्यक्रमहरूको गुणस्तरीयता कायम गर्ने,

(च) प्रारम्भिक बालविकास र शिक्षाको अनुभवि बनाएर मात्र आधारभूत तह कक्षा एकमा भर्ना हुने अवस्था सुनिश्चित गर्ने।

### ३.१.१० कार्यनीति

(क) नक्शाङ्कनका आधारमा बालबिकास केन्द्रहरूको पुनर्व्यवस्थापन गरिने छ र एक विद्यालय एक प्रारम्भिक बाल विकास शिक्षा को अवस्था सुनिश्चित गरिनेछ ।

(ख) प्रारम्भिक बालबिकासको न्यूनतम मापदण्ड विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

(ग) स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामग्रीहरूको व्यवस्था गरी प्रारम्भिक बालबिकास सिकाइ सहजीकरण गरिनेछ ।

(घ) मन्टेश्वरीमा आधारित तालिम प्रदान गरी प्रारम्भिक बालविकास र शिक्षाका सहजकर्ता वा शिक्षकको सक्षमता विकास गरिनेछ ।

(ङ) न्यूनतम शैक्षिक योग्यताका आधारमा सहजकर्ताको चयन तथा परिचालन गरिनेछ ।

(च) सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्री विकास तथा तिनको सर्वसुलभताको अवस्था सुनिश्चित गरिने छ ।

(छ) प्रारम्भिक बालविकासमा भर्ना गर्दा जन्मदर्ता प्रमाणपत्रलाई अनिवार्य रुपमा पेश गर्ने व्यबस्था गरिनेछ ।

(ज) अभिभावक सचेतना विकास गरी प्रारम्भिक बालविकास र शिक्षाको सुधारमा सक्रिय सहभागी गराइनेछ।

(झ) प्रारम्भिक बालविकास सम्बन्धी सूचना तथा तथ्याङ्क निरन्तर रूपमा  अद्यावधिक गरिनेछ।

(ञ) प्रदेश र गैरसरकारी संस्थाहरुको समन्वयमा प्रारम्भिक बालविकास र शिक्षाको कार्यक्रममा समुदायको संलग्नता बढाइ सिकाइको गुणस्तर सुधार गरि सबै बालविकासमा सिकाइ कुनाको व्यवस्था गरिनेछ।

(ट) दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा कोठा तथा भाँडाकुँडाहरूको प्रबन्ध गरी व्यवस्थित गरि जंक फुडको उपभोगलाई निरुत्साहित गरिनेछ।

(ठ) अभिभावकरूलाई स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा आधारित सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

(ड) विद्यालयमा बालबालिकाहरूको वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी आवश्यकता अनुसार रेफर सेवा प्रदान गरिनेछ ।

(ढ) बालबालिकालाई समाज, स्थानीय जातजातिको सहअस्तित्व-, लिङ्ग, र अपाङ्गता भएका व्यक्तिहरूप्रति उत्तरदायी बनाउन सामाजिकीकरण' आवश्यक छ। यसका लागि बालक्लब, युथ क्लब, र समुदायसँगको प्रत्यक्ष अन्तर्क्रिया गरिनेछ ।

### ३.१. ११ प्रमुख कार्यक्रम र भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| प्रारभ्भिक बालविकास र शिक्षा सम्बन्धी मापदण्ड निर्धारण र अद्यावधिक | पटक | १ | १ | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बालविकास र शिक्षाको नक्शाङ्कन | पटक | १ | १ | नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| भौतिक संरचनमा सुधार तथा कक्षाकोठा पुनरसंरचना | सङ्ख्या | १५ | ५९ | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| सहजकर्ताका लागि आधारभूत तथा पुनर्ताजगी तालिम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, नगरपालिका र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बाल विकास स्वास्थ्य र पोषणमा आधारित अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार नगरपालिका र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी स्वास्थ्य र सरसफाइ सुधार कार्यक्रम | पटक | १० | १० | संघ, प्रदेश सरकार नगरपालिका र गैर सरकारी निकायहरू |
| बालबालिकाको वार्षिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | १० | १० | संघ, प्रदेश सरकार नगरपालिका र गैर सरकारी निकायहरू |
| स्थानीय स्रोतमा आधारित प्रारम्भिक बाल विकास र शिक्षा सम्बन्धी सिकाइ सामग्री विकास र व्यवस्थापन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार नगरपालिका र गैर सरकारी निकायहरू |
| कक्षामा सिकाइ कुनाको व्ययवस्थापन | सङ्ख्या | ५९ | ५९ | संघ, प्रदेश सरकार नगरपालिका र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बाल विकास र शिक्षाका बालबालिकालाई दिवा खाजा कार्यक्रम सञ्चालन | विद्यायलय सङ्ख्या | ५९ | ५९ | संघ, प्रदेश सरकार नगरपालिका र गैर सरकारी निकायहरू |
| वालविकास केन्द्र अवलोकन भ्रमण | पटक | १ | १ | संघ, प्रदेश सरकार नगरपालिका र गैर सरकारी निकायहरू |
| सहजकर्ताको पारिश्रमिक | मासिक | ५९ | ५९ | संघ, प्रदेश सरकार नगरपालिका |
| प्रारम्भिक बाल विकास र शिक्षाका केन्द्रमा प्राथमिक उपचार किटको व्यवस्था | पटक | ५ | ५ | संघ, प्रदेश सरकार नगरपालिका र गैर सरकारी निकायहरू |
| सहजकर्ताहरूका लागि प्राथमिक उपचार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार नगरपालिका र गैर सरकारी निकायहरू |
| प्रारम्भिक बालविकास र शिक्षामा प्रविधमैत्री वातावरण विकास | सङ्ख्या | ३० | ५९ | संघ, प्रदेश सरकार नगरपालिका र गैर |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरकारी निकायहरू |

### ३.१.१२ अपेक्षित उपलब्धि

(क) प्रारम्भिक बालविकास र शिक्षाको न्युनतम मापदण्ड विकास भइ प्रयोगमा आएको हुने,
(ख) प्रारम्भिक बालविकास उमेर समूहका (३–४वर्ष) सबै बालबालिका विद्यालय शिक्षामा समावेश भएका हुने,
(ग) आधारभूत तह कक्षा एक मा भर्ना हुन आउने सबै बालबालिकाका गुणस्तरीय आधारभूत शिक्षाको निरन्तरता प्रदान गरेको हुने,
(घ) प्रारम्भिक बालविकास कक्षाहरू सिकाइमैत्री वातावरणमा सञ्चालन भएका हुने,
(ङ) सबै प्रारम्भिक बालविकास सहजकर्ताहरू योग्य र तालिम प्राप्त हुने,
(च) प्रारम्भिक बालविकास कक्षामा सिकाइ कुनाको व्यवस्था भएको हुने,
(छ) प्रत्येक बालविकास शिक्षाका कक्षाहरू स्थानीय स्रोतमा आधारित सिकाइ सामग्रीले युक्त हुने,
(ज) प्रारम्भिक बालविकास र शिक्षाका बालबालिकाको वार्षिक रूपमा स्वास्थ्य परीक्षण भएको हुने,
(झ) प्रारम्भिक बालविकास र केन्द्र सञ्चालन भएका विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अलग्गै भान्साको प्रबन्ध भएको हुने,
(ञ) प्रारम्भिक बालविकास र शिक्षामा प्राथमिक उपचार किटको प्रबन्ध तथा उपयोग भएको हुने,
(ट) प्रारम्भिक बालविकास र शिक्षामा समावेश बालबालिकाका अभिभावक उपयुक्त पोषण, स्वास्थ्य, उत्प्रेरित सिकाइ वातावरण सम्बन्धी सचेतना विकास तथा प्रयोग भएको हुने,

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपालको शैक्षिक विकासको सुरुवात वि.सं. १९९६ बाट भएको हो । वि.सं. १९९६ सालमा जारी भएको शिक्षाको इस्तिहारले शैक्षिक विकास क्रमलाई थप सहजीकरण गर्न पुग्यो । प्राथमिक कक्षा १-३, मिडिल स्कुल कक्षा ४-७ र हाइस्कुल कक्षा ८-१० का रूपमा वर्गीकरण गरी शिक्षा प्रणालीलाई व्यवस्थित हुन थाल्यो ।

नेपालको शैक्षिक इतिहासमा विभिन्न समयमा उच्चस्तरीय आयोगहरूको प्रबन्ध गरी पटक पटक संरचनामा फेरबदल हुदैं आएको छ । तहगत संरचनामा वेला वखत फेरवदल हुने क्रम जारी रहेको छ । हाल अन्तर्राष्ट्रिय स्तरमा शिक्षामा भइरहेको विकासलाई दृष्टिगत गरी आधारभूत तहलाई कक्षा ८ सम्म कायम गरिएको छ ।

नेपालको संविधानले आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क हुने व्यवस्था समेत गरी सबै नागरिकलाई आधारभूत तहसम्मको शिक्षा पाउने हक सुनिश्चित गरेको छ । संविधानको यो व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७५ जारी गरीसकेको अवस्था छ । यसको कार्यान्वयनका लागि तीन तहको सरकारको भूमिका किटान गरेको छ । आधारभूत तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । समग्रमा शिक्षा प्राप्त गर्ने प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकार एवं संविधान प्रदत्त मौलिक हकलाई व्यहारमा कार्यान्वयन गर्न हाल भएका कानुनी व्यवस्थाहरू सकारात्मक छन् ।

आधारभूत तहको शैक्षिक सञ्चालन तथा व्यवस्थापनका विभिन्न समस्याहरू रहेका छन् । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले गरेको व्यवस्था अनुसारको अनिवार्य र निःशुल्क शिक्षाको सुनिश्चतता गर्ने कार्य थप चुनौतीपूर्ण रहेको छ । प्रत्येक स्थानीय तह यसका लागि पूर्णतः जिम्मेवार हुनु पर्ने अवस्था छ । यसका

लागि अतिरिक्त लगानी गर्नु पर्ने अवस्था रहेको छ । सङ्घीय तथा प्रदेश सरकारले प्रत्येक वर्ष आफ्नो बजेट मार्फत स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाका लागि कानुन बमोजिम निश्चित रकम अनुदानको रूपमा विनियोजन गर्दै आएको छ । सशर्त अनुदानमा आधारित शैक्षिक कार्यक्रमहरू सञ्चालन हुदै आएका छन् । यसप्रकारको लगानीले मात्र स्थानीय आवश्यकतामा आधारित शिक्षा सञ्चालन तथा व्यवस्थापन हुने अवस्था छैन। यसका लागि स्थानीय सरकारले पनि सबैको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको अवस्था सुनिश्चित गर्न योजनावद्ध विकासको अभ्यास जरुरी हुन्छ ।

### ३.२.२ विद्यमान अवस्था

नेपाल सरकारले विद्यमान अवस्थामा आधारभूत शिक्षालाई कक्षा ८ सम्म हुने गरी व्यवस्थित गरेको छ । पूर्व प्राथमिक शिक्षालाई पनि विद्यालय शिक्षाको अङ्गका रूपमा स्थापित गरी कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । आधारभूत शिक्षालाई संविधानले अनिवार्य तथा निःशुल्क गरेकोले यो कार्य नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको अवस्था छ । यसका लागि विभिन्न प्रकारका शैक्षिक कार्यक्रमहरू तय गरी कार्यान्वयनमा ल्याइसकेको छ ।

सोलुदुधकुण्ड नगरपालिकाले नेपाल सरकारको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐनको व्यवस्था अनुसार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने उद्देश्यका साथ कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आधारभूत शिक्षाको अवस्थालाई हेर्दा स्थानीय स्रोत साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परालाई आवश्यकताको आधारमा लागू गर्ने प्रयास गरेको अवस्था विद्यमान छ।तर अझै पनि आधारभूत तहको गुणस्तरीय शिक्षाको सुनिश्चितता भई सकेको छैन ।

स्थानीय पाठयक्रममा आधारित शिक्षालाई व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनका प्रयासहरूको थालनी गरेको छ । तर पनि राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेको व्यवस्था अनुसार आधारभूत तह सम्म पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको अवस्था छैन । त्यसैगरी शैक्षिक गुणस्तरको अवस्थामा सुधार हुन सकेको अवस्था छैन ।

सोलुदुधकुण्ड नगरपालिकामा कूल ६३ ओटा विद्यालय सञ्चालनमा रहेका थिए भने ४ विद्यालय मर्जरमा गएर हाल ५९ ओटा छन् । पालिकाभित्र निजी विद्यालयको संख्या ७, क्याम्पस संख्या २, आधारभूत विद्यालय ४९, मा. वि १०, गुम्वा शिक्षा १०, तथा बालविकास केन्द्र संख्या ४८ रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार उमेर राष्ट्रमा समूह ५ वर्ष भन्दा माथिको साक्षरताको हकमा पढ्न र लेख्न दुवै जान्नेको संख्या अति न्यून रहेको छ । पढ्न र लेख्न दुवै नजान्नेको जनसङ्ख्या कूल ३०.९ प्रतिशत मात्र रहेको छ । यसबाट पनि साक्षरता सुधारका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षाको विकास तथा विस्तार जरुरी देखिन आएको छ ।

आधारभूत शिक्षाका पहुँचको पक्षबाट हाल सञ्चालनमा रहेका विद्यालय पर्याप्त नै देखिएका छन् । तर विद्यार्थी सङ्ख्याका आधारमा भने आधारभूत विद्यालयको वितरणमा समस्या देखिएको छ । नक्शाङ्कन गरी त्यसका आधारमा विद्यालय स्थापना भएको अवस्था देखिदैन ।यिनै परिप्रेक्षमा शिक्षाको दीर्घकालिन योजनाले आधारभूत शिक्षामा उच्च प्राथमिकता प्रदान गरी शैक्षिक कार्क्रमहरू कार्यान्वयन गर्नुपर्ने अवस्था विद्यमान रहेको छ ।

### ३.२.३ समस्या

(क) आधारभूत तह अनिवार्य शिक्षाको सुनिश्चितता हुन नसक्नु,

(ख) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन भई सबैको शैक्षिक पहुँच सुनिश्चित हुन नसक्नु,

(ग) आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर नरोकिनु,

(घ) प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहितका बालकालिकाहरू कक्षा एकमा भर्ना हुने अवस्था नहुनु,

(ङ) कक्षा एकमा भर्ना भएका बालबालिकालाई आधारभूत तहको अन्तसम्म विद्यालयमा टिकाई राख्न नसक्नु तथा उनीहरूको माध्यमिक शिक्षामा निरन्तरता प्रदान गर्न नसकिनु,

(च) अभिभावकमा सार्वजनिक विद्यालयको गुणस्तरीय शिक्षा प्रतिको आकर्षणमा अभिवृद्धि गर्न नसक्नु,

(छ) अभिभावकमा दिनानुदिन संस्थागत विद्यालय प्रतिको आकर्षण वृद्धि हुँदै जानु,

(ज) विद्यार्थी सङ्ख्या र विषयको आधारमा शिक्षक दरबन्दी मिलान हुन नसक्नु,

(झ) विद्यालयमा वियषगत शिक्षकको व्यवस्थापन गर्न नसकिनु,

(ञ) हाल स्वीकृत शिक्षक दरवन्दी विद्यार्थी सङ्ख्याका आधारमा अपुग हुनु,

(ट) नगरपालिकाले अत्यावश्यक शिक्षक व्यवस्थापन गर्न सक्ने अवस्था नहुनु,

(ठ) विद्यालयको भौतिक पूर्वाधारलाई लैङ्गिक मैत्री, अपाङ्गता मैत्री बनाउन नसकिनु,

(ड) कक्षा कोठा वातावरणलाई बालमैत्री तथा प्रविधि मैत्री बनाउन नसक्नु,

(ढ) शिक्षकहरूलाई प्रविधि मैत्री शिक्षण सिकाइका लागि तयार गर्न नसकिनु,

(ण) प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास तथा प्रयोगको अवस्था सिर्जना हुन नसक्नु,

(त) विद्यार्थीको रुचि, चाहाना र क्षमताअनुसार शिक्षण सिकाइमा सहजता कायम गर्न नसक्नु,

(थ) जनसाङ्ख्यिक बनोट, तथा बसाइँसराईबाट जनसाङ्ख्यिकीमा आएको परिवर्तनका आधारमा विद्यालय समायोजन तथा पुर्नव्यवस्थापन हुन नसक्नु,

(द) विद्यालयमा आधारित शिक्षक सहयोग पद्धति विकास हुन नसक्नु,

(ध) विद्यालय निरीक्षण तथा सुपरिवेक्षण कार्य संस्थागत गर्न नसक्नु,

(न) शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा सहयोग गर्ने पद्धति विकास हुन नसक्नु,

(ऩ) विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहनु र स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन नहुनु,

(प) विद्यालयमा किशोरीहरूका लागि प्रदान हुने स्यानिटेरी प्याडको उचित व्यवस्थापन नहुनु,

(फ) विद्यालयमा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकास भइ कार्यान्वयनमा आउन नसक्नु,

(ब) विद्यालयमा प्राथमिक उपचारसम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु,

(भ) विद्यालयका बालबालिकाहरूका लागि वार्षिक रूपमा स्वास्थ्य परीक्षण गरी रेफर गर्ने सेवा प्रदान नहुनु,

(म) सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूका लागि उपचारात्मक सिकाइको प्रबन्ध गरी सिकाइ सुधारका कार्यक्रमहरू सञ्चालनमा नरहनु,

(य) विद्यालयमा पुस्तकालयको उचित प्रबन्ध हुन नसक्नु र कक्षा कोठामा आधारित सिकाइ कुना व्यवस्थापन हुन नसक्नु,

(र) विद्यालयलाई उत्थानशील बनाउन नसक्नु तथा आधारभूत तहको सिकाइ उपलब्धी कमजोर हुनु,

### ३.२.४ चुनौती

(क) विद्यालय उमेर समूहका सबै बालबालिकाको आधारभूत तहको अनिवार्य र गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गर्नु,

(ख) आधारभूत तहको शिक्षालाई समतामूलक, समावेशी र गुणस्तरीय बनाउनु र गुणस्तरीय मापदण्डमा आधारित शिक्षाको अवस्था सुनिश्चित गर्नु,

(ग) शिक्षालाई बालमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री बनाउनु,

(घ) कक्षा एकमा भर्ना भएका सबै बालबालिकाहरूलाई आधारभूत तको कक्षा ८ सम्म विद्यालयमा टिकाइ राख्नु,

(ङ) विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउनु,

(च) नक्शाङ्कन तथा जनसाङ्ख्यिकीको आधारमा विद्यालयको पुनःव्यवस्थापन गर्नु,

(छ) तोकिएको मापदण्डमा आधारित भई विषय तथा विद्यार्थी सख्याको आधारमा दरबन्दी मिलान गर्नु,

(ज) शिक्षा क्षेत्रको संस्थागत क्षमता अभिवृद्धि गरी विद्यालय सुशासनको प्रत्याभूति दिनु,

(झ) कमजोर क्षमता भएका बालबालिकालाई उपयुक्त सिकाइ सहयोग कार्यक्रम सञ्चालन गरी सिकाइ उपलब्धिमा सुधार गर्नु,

(ञ) निरन्तर विद्यार्थीको मूल्याङ्कन गरी मूल्याङ्कन नतिजाका आधारमा सिकाइ समस्या पहिचान गरी उपचारात्मक शिक्षण सिकाइको वातावरण सिर्जना गर्नु,

(ट) सामुदायिक विद्यालयमा अभिभावकको विश्वसनीयता कायम गरी विद्यार्थी भर्ना दर अभिवृद्धि गर्नु,

(ठ) सबै विद्यालयहरूमा पुस्तकालाय तथा सूचना र प्रविधि सहितको ल्यावको व्यवस्था गर्नु,

(ड) सबै विद्यालयलाई विपद् उत्थानशील बनाउनु।

### ३.२.५ अवसर

(क) स्थानीय सरकारलाई आधारभूत तहको शिक्षाको सञ्चालन तथा व्यवस्थापनको पूर्ण अधिकार हुनु,

(ख) स्थानीय सरकारले आधारभूत तहको शिक्षाको सर्वसुलभतालाई उच्च प्राथमिकतामा राख्नु,

(ग) शिक्षाको विकासका लागि दीर्घकालिन सोच तथा योजनाका आधारमा अगाडी बढ्ने सोच तथा व्यवहार देखाउनु।

### ३.२.६ लक्ष्य

आधारभूत शिक्षालाई समावेशी, अनिवार्य तथा निःशुल्क यथावत राखी गुणस्तरीय बनाएर सबैको पहुँच सुनिश्चित गर्ने ।

### ३.२.७ उद्देश्य

(क) अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु,

(ख) गुणस्तरीय व्यवस्थित भौतिक संरचना सहितको स्वच्छ खानेपानी सहितको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा गुणस्तर कायम गर्नु,

(ग) सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरी आधारभूत शिक्षाको शैक्षिक व्यवस्थापनमा सुधार गर्नु।

### ३.२.८ रणनीति

(क) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच वृद्धि गरी सबैका लागि सर्वसुलभ गर्ने,

(ख) आधारभूत शिक्षाको गुणस्तरमा सुधार गर्ने,

(ग) नक्शाङ्कनका आधारमा गुणस्तरीय सिकाइका लागि अत्यावश्यक पूर्वाधार सहितको आधारभूत विद्यालयको व्यवस्थापन गर्ने,

(घ) गुणस्तर मापदण्डमा आधारित शिक्षक तथा विद्यालय व्यवस्थापनको अवस्था सिर्जना गर्ने,

(ङ) बालमैत्री, प्रविधि मैत्री तथा अपाङ्गता मैत्री विद्यालय तथा कक्षाकोठा वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

(च) सबैको सिकाइ उपलब्धिमा सुधार गरी गुणस्तरीय सिकाइका लागि आवश्यकतामा आधारित सिकाइ सहयोग कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने,

(छ) सुरक्षित विद्यालय वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अवस्था सिर्जना गर्ने,

(ज) आपतकालिन अवस्थामा सिकाइको निरन्तरताका लागि अत्यावश्यक योजना विकास तथा कार्यान्वयन गर्ने,

(झ) उचित भौतिक वातावरणमा स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन तथा उपयुक्त स्वास्थ्य तथा पोषण समबन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

(ञ) शैक्षिक सुशासनका लागि सरोकारवालाहरूको सक्रिय सहभागिता अभिवृद्धि गर्ने।

### ३.२.९ कार्यनीति

(क) अनिवार्य तथा निःशुल्क शिक्षालाई मापदण्डमा आधारित भई शैक्षिक गुणस्तरमा सुधार गरिने छ ।

(ख) विद्यालयको नक्शाङ्कनका आधारमा आधारभूत विद्यालयहरूको पुनर्व्यवस्थापन गरिने छ ।

(ग) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐनको प्रभावकारी कार्यान्वयन गरी प्रत्येक बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गरिने छ ।

(घ) अपाङ्गता भएका बालबालिका, विपन्न तथा सीमान्तकृत र जोखिममा रहेका बालबालिकाहरुको अनिवार्य तथा निःशुल्क शिक्षा पाउने संवैधानिक हकको सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालन गरिने छ।

(ङ) अपाङ्गता भएका वा सिकाइ सिमितता भएका बालबालिकाको पहिचान (Screening) गरी वैयक्तिक सिकाइ योजना कार्यान्वयन गरी सिकाइमा सहजीकरण गरिने छ ।

(च) विद्यालयमा आधारित शिक्षक सहयोग, तथा विद्यार्थी सहयोग पद्धति विकास तथा कार्यान्वयन गरी शैक्षिक गुणस्तरमा सुधार गरिने छ ।

(छ) निरन्तर सिकाइको मूल्याङ्कन तथा नतिजा विश्लेषणका आधारमा कमजोर सिकाइ भएका बालबालिकाका लागि उपचारात्मक सिकाइको अवसर सुनिश्चित गरिने छ ।

(ज) एक विद्यालय एक पुस्तकालयको अवधारणा अनुसार पुस्तकालयको प्रवन्ध गरिने छ ।

(झ) स्थानीय मूल्यमान्यता, परम्परागत प्रविधि, लगायतका अन्य विशिष्ट मूल्यहरूको संरक्षण तथा सम्बर्द्धनका लागि स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गरिने छ ।

(ञ) बालबालिकाको अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि नवप्रवर्तनमा आधारित सहकार्यकलाप सञ्चालन गरिने छ ।

(ट) एकीकृत पाठ्यक्रम तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक क्षमता विकास गरिने छ।

(ठ) सबै विद्यालयमा समावेशी शिक्षण सिकाइका लागि न्यूनतम वातावरण विकासका लागि विद्यालय व्यवस्थित भौतिक संरचना विकास गरीने छ ।

(ड) जोखिममा परेका, अल्पसङ्ख्यक, लोपोन्मुन्ख तथा अति सिमान्तकृत समूहका विद्यार्थीको शैक्षिक सुनिश्चितताका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

(ढ) अपाङ्गता भएका बालबालिकाको सिकाइ अवसरहरू वृद्धि गर्न विभिन्न प्रकारका सिकाइ सामग्रीहरूको विकास तथा तिनको सर्वसुलभता गरिने छ ।

(ण) गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँचमा ल्याईने छ ।

(त) निरन्तर मूल्याङ्कन प्रणालीलाई थप सहज तथा व्यवस्थित गरिनेछ ।

(थ) विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि उपयुक्त भान्सा कोठा तथा सामग्री भण्डारणको व्यवस्था गरी स्थानीय उत्पादनमा आधारित दिवा खाजा खुवाउने प्रबन्ध गरिने छ ।

(द) विद्यालका बालबालिकाहरूको वार्षिक रूपमा स्वास्थ्य परीक्षण कार्य गरी आवश्यकता अनुसार रिफरल सेवा प्रदान गरिने छ ।

(ध) विद्यालयमा आधारित किशोर किशोरी लक्षित यौन प्रजनन तथा स्वास्थ्य र सरसफाइ सम्बन्धी ज्ञान तथा सीप विकासका लागि स्थानीय स्वास्थ्यकर्मीहरूको परिचालन गरिने छ ।

(न) विद्यालयमा प्राथमिक उपचार किटको प्रबन्ध गरिने छ।

(ऩ) शिक्षकलाई प्राथिमक उपचार किटको उचित प्रयोगकोका लागि अत्यावश्यक सीप विकास गरिने छ।

(प) स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास तथा प्रयोगका लागि विद्यालयलाई जिम्मेवार बनाइने छ ।

(फ) विद्यालयमा सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाईको व्यवस्था कार्यान्वयन गरी शैक्षिक सुशासन कायम गरिने छ ।

(ब) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूतिका लागि विद्यालय सुधार योजनामा आधारित लक्षित कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।

### ३.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | **समन्वय र साझेदारी** |
|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष २०८७** | **दोस्रो पाँच वर्ष २०९२** | |
| आधारभूत तहको शिक्षाको मापदण्ड विकास | पटक | १ | अध्यावधिक | नगरपालिका र गैर सरकारी निकायहरू |
| विद्यालय नक्शाङ्कन सर्भे | पटक | १ | अध्यावधिक | नगरपालिका र गैर सरकारी निकायहरू |
| आधारभूत तहका विद्यालयहरूको पूर्वाधार विकास (बाल मैत्री लैङ्गिक मैत्री तथा अपाङ्गता मैत्री) | सङ्ख्या | ३० | ५९ | नगरपालिका र गैर सरकारी निकायहरू |
| विद्यालयमा शौचालय तथा | सङ्ख्या | ५० | ५९ | नगरपालिका र गैर |

| | | | | |
|---|---|---|---|---|
| खाने पानी निर्माण | | | | सरकारी निकायहरू |
| मागमा आधारित विज्ञान प्रयोगशाला निर्माण | सङ्ख्या | ३५ | ५९ | नगरपालिका र गैर सरकारी निकायहरू |
| सूचना सञ्चार तथा प्रविधि ल्याव स्थापना र सञ्चालन | सङ्ख्या | ३५ | ५९ | नगरपालिका र गैर सरकारी निकायहरू |
| एक विद्यालय एक पुस्तकालय कार्यक्रम | सङ्ख्या | ३० | ५९ | नगरपालिका र गैर सरकारी निकायहरू |
| खेल मैदान सुधार तथा विद्यालय घेरावार कार्यक्रम | सङ्ख्या | २० | ५९ | नगरपालिका र गैर सरकारी निकायहरू |
| एकीकृत पाठ्यक्रम र सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षकको पेसागत विकास तालिम सञ्चालन | सङ्ख्या | २४० | २४० | नगरपालिका र गैर सरकारी निकायहरू |
| विषयगत तथा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी मिलान | सङ्ख्या | ५९ | ५९ | नगरपालिका |
| कक्षाकोठामा सिकाइ कुनाको प्रबन्ध | सङ्ख्या | ५९ | ५९ | नगरपालिका र गैर सरकारी निकायहरू |
| कक्षाकोठामा वुक कर्नर निर्माण | सङ्ख्या | १८० | १८० | नगरपालिका र गैर सरकारी निकायहरू |
| स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | २ | २ | नगरपालिका र गैर सरकारी निकायहरू |
| परीक्षा स्तरीकरण कार्यक्रम | पटक | ५ | ५ | नगरपालिका र गैर सरकारी निकायहरू |
| दिवा खाजा व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका र गैर सरकारी निकायहरू |

| | | | | |
|---|---|---|---|---|
| स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | नगरपालिका र गैर सरकारी निकायहरू |
| विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था र शिक्षकलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | नगरपालिका र गैर सरकारी निकायहरू |
| स्वास्थ्यकर्मी परिचालन गरी किशोर किशोरी लक्षित कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | नगरपालिका र गैर सरकारी निकायहरू |
| प्रतिभा प्रस्फुटनमा आधारित सह-कार्यकलाप सञ्चालन | पटक | १० | १० | नगरपालिका र गैर सरकारी निकायहरू |
| सिकाइ उपलब्धी कमजोर भएका बालबालिकाहरू लक्षित सिकाइ सहयोग कार्यक्रम सञ्चालन | निरन्तर | निरन्तर | निरन्तर | नगरपालिका र गैर सरकारी निकायहरू |
| स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | नगरपालिका र गैर सरकारी निकायहरू |
| विद्यालयमा आधारित सार्वजिनक सुनुवाई कार्यक्रम सञ्चालन | सङ्ख्या | ५ | ५ | नगरपालिका र गैर सरकारी निकायहरू |
| अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन | पटक | १० | १० | संघीय सरकर नगरपालिका र गैर सरकारी निकायहरू |
| विपन्न तथा सीमान्तकृत समुदायका बालबालिका लक्षित शैक्षिक सहयोग कार्यक्रम | सङ्ख्या | ३ | ३ | नगरपालिका र गैर सरकारी निकायहरू |

### ३.२.११ अपेक्षित उपलब्धिहरू

(क) आधारभूत तह को खूद भर्ना दरमा वृद्धि भएको हुने,

(ख) सबै बालबालिकाको आधारभूत तहको शिक्षामा पहुँच सुनिश्चित भएको हुने,

(ग) विद्यालयहरूको पूर्वाधार बालमैत्री, अपाङ्गता मैत्री भई सबै वालबालिकाको पहुँच सहज भएको हुने,

(घ) नक्शाङ्कनका आधारमा विद्यालय पुनर्व्यवस्थित भएको हुने,

(ङ) प्रत्येक आधारभूत विद्यालयमा सूचना प्रविधिको ल्याब, ई.लाइब्रेरी, एक विद्यालय एक पुस्तकालय स्थापना भइ शिक्षण सिकाइ क्रियाकलापमा आधुनिकीकरण भएको हुने ।

(च) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवम् प्रयोग भएको हुने,

(छ) प्रत्येक विद्यालयमा कक्षा ८ मा स्तरीकृत परीक्षाको सञ्चालन भएको हुने,

(ज) शिक्षकको पेसागत क्षमता विकास भएको हुने र शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री भएको हुने,

(झ) बालबालिका केन्द्रित सहकार्यकलाप सञ्चालन संस्थागत भएको हुने,

(ञ) आधारभूत तहका प्रत्येक कक्षामा बुक कर्नर निर्माण भएको हुने,

(ट) कक्षा ८ को अन्त्यमा लिइने परीक्षाको उपलब्धिमा सुधार भएको हुने,

(ठ) आधारभूत तहमा विषयगत शिक्षकको व्यवस्थापन भएको हुने र विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक दरबन्दी मिलान भएको हुने,

(ड) आधारभूत विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि भान्साकोठा तथा भाँडाकुँडाको प्रबन्ध भइ स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन भएको हुने र जंक फुड निरुत्साहित भएको हुने ,

(ढ) आधारभूत तहका बालबालकाहरूले स्थानीय स्वास्थ्यकर्मीबाट किशोर किशोरी लक्षित ज्ञान तथा सीप हासिल गरेको हुने,

(ण) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुने,

(त) कमजोर सिकाइ भएका बालबालिकालहरूले थप सिकाइ सहयोग मार्फत सिकाइ उपलब्धिमा सुधार भएको हुने,

(थ) आपतकालीन तथा विपद्को समयमा सिकाइले निरन्तरता पाएको हुने,

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

सबैका लागि शिक्षा आजको माग हो । यसैका आधारमा नेपाल सरकारले शिक्षाका कार्यक्रम सञ्चालन गर्दै आएको छ । सबैका लागि शिक्षा कार्यक्रम, विद्यालय क्षेत्र सुधार कार्यक्रम, जस्ता कार्यक्रम सञ्चालन हुँदै आएका छन् । शिक्षाका लागि खाद्यान्न, विद्यालय दिवा खाजा कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गरी सबैका लागि शिक्षाको अवस्था सुनिश्चित गर्ने प्रयास हुँदै आएका छन् । नेपाल सरकारले कक्षा ९-१२ सम्मको शिक्षालाई माध्यमिक शिक्षाका रूपमा परिभाषित गरेको छ । कक्षा ९-१० र ११ र १२ गरी दुई समूहमा माध्यमिक शिक्षा व्यवस्थापन हुँदै आएको छ । त्यसै गरी कक्षा ९-१२ मा साधारण विद्यालयमा प्राविधिक धारका शैक्षिक कार्यक्रम सञ्चालन हुँदै आएको छ । यसरी साधारण तथा प्राविधिक धारका माध्यमिक शिक्षा पद्धति सञ्चालन हुँदै आएका छन् ।

माध्यमिक शिक्षा उच्च शिक्षा अध्ययनको आधारशिला हो । विश्वब्यापी प्रतिस्पर्धामा मानवश्रोतको विकासका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेल्नु पर्छ । राजनैतिक, आर्थिक र सामाजिक रूपमा सचेत तथा सक्रिय नागरिक तयारीका लागि पनि शिक्षा गुणस्तरीय हुन अत्यावश्यक हुन्छ । साथै माध्यमिक तह सम्मको निःशुल्क शिक्षामा अपाङ्गता भएका बालबालिकाको शैक्षिक अधिकार समेत सुनिश्चित गर्नु आजको आवश्यकता बन्न गएको छ ।

नेपालको संविधान, २०७२ ले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क हुने कानुनी प्रावधान गरेको छ । सबै बालबालिकालाई निःशुल्क शिक्षा लिने अधिकार तथा हक सुनिश्चित गरेको छ । संविधानले

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँने गरी निर्दिष्ट गरेको छ । साथै संविधानले सक्षम, प्रतिस्पर्धी नैतिक एवम् राष्ट्रहितप्रति समर्पित जनशक्ति तयार गर्ने नीति लिएको छ । नेपालको संविधान बमोजिम आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । विद्यालय शिक्षालाई थप व्यवस्थित गर्न नेपाल सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारुप विकास गरी कार्यान्वयनमा ल्याएको छ । यस अन्तर्गत माध्यमिक तहको शिक्षाको सक्षमताहरू तय गरिएका छन् । हालै नेपाल सरकारले समग्र शिक्षा पद्धतिलाई राष्ट्रिय योग्यता प्रारुपका आधारमा व्यवस्थित गर्ने गरी कार्यहरू प्रारम्भ गरेको छ । माध्यमिक शिक्षामा प्राविधिक धारको पाठ्यक्रम पनि पठनपाठनमा रहेको छ । साधारण शिक्षा अन्तर्गत यस्ता कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

### ३.३.२ विद्यमान अवस्था

शिक्षा तथा मावस्रोत विकास केन्द्रबाट प्रकाशित फ्ल्यास प्रतिवेदन सन् २०२१-२०२२ अनुसार माध्यमिक तह कक्षा ९-१२ मा कूल १७,६९,४५५ विद्यार्थी अध्ययन गरिरहेका छन् । जसमध्ये १०,७९,३५२ (६१.० %) जना कक्षा ९-१० मा र बाँकी ६,९०,१०२ (३९.० %) कक्षा ११-१२ मा अध्ययनरत रहेका छन् । छात्राको सहभागिता कक्षा ९-१० मा ४९.४९ प्रतिशत र कक्षा ११-१२ मा ५१.७ प्रतिशत रहेको अवस्था विद्यमान छ।

त्यसैगरी लैङ्गिक समता दरको अवस्था कक्षा ९-१० मा १.०१ प्रतिशत र कक्षा ११-१२ मा ०.९३ प्रतिशत रहेको छ । सहजै देखिने भर्ना दरको हकमा कक्षा ९-१० मा ९७.८५ प्रतिशत र कक्षा ११-१२मा ६२.८ प्रतिशत रहेको छ । खुद भर्ना दरको हकमा कक्षा ९-१० मा ७६.०५ प्रतिशत र कक्षा ११-१२ मा ५६ प्रतिशत रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार उमेर राष्ट्रमा समूह ५ वर्ष भन्दा माथिको साक्षरताको हकमा पढ्न र लेख्न दुवै जान्नेको संख्या अति न्यून रहेको छ । पढ्न र लेख्न दुवै नजान्नेको जनसङ्ख्या कूल ३०.९ प्रतिशत मात्र रहेको छ । यसबाट पनि साक्षरता सुधारका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षाको विकास तथा विस्तार जरुरी देखिन आएको छ ।

### ३.३.३ समस्या

(क) भबन तथा कक्षाकोठा प्रशस्त भए पनि व्यवस्थित नहुनु तथा बस्ने बेन्च चिसो हुनु,
(ख) सबै विद्यालय भवन भूकम्प प्रतिरोधी नहुनु,
(ग) शौचालयको अवस्था कमजोर हुनु र छात्र/छात्रा/ शिक्षक महिला /पुरुष अपाङ्ग मैत्री शौचालयको अभाव हुनु,
(घ) घेराबारको अवस्था कमजोर हुनु र भएकामा पनि बालमैत्री पक्षलाई ध्यान नदिइनु,
(ङ) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइका लागि कम्प्युटर ल्याब नहुनु,
(च) प्रविधि मैत्री शिक्षणका लागि अत्यावश्यक पूर्वाधार जस्तै नियमित विद्युत आपूर्ति तथा इन्टरनेट कनेक्टिभिटि नहुनु र भएकोमा पनि व्याण्डविथ कमजोर हुनु,
(छ) विज्ञान प्रयोगशाला नहुनु,
(ज) सिकाइका लागि पुस्तकालयको अभाव हुनु,
(झ) विद्यालयमा उपयुक्त खेल मैदानको व्यवस्था नहुनु,
(ञ) प्राविधिक धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको व्यवस्थापन हुन नसक्नु साथै विद्यार्थीको आकर्षण नहुनु,

(ट) विपन्न तथा पिछपिडएका समुदायका बालबालिकाका लागि छात्रावासको व्यवस्था हुन नसक्नु,
(ठ) माध्यमिक तहमा विषयगत शिक्षकहरूको अवस्था अपर्याप्त रहनु,
(ड) विद्यार्थी सङ्ख्या र विषयका आधारमा आवश्यक शिक्षक आपूर्ति हुन नसक्नु,
(ढ) विद्यालय वातावरण तथा भौतिक संरचनालाई बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री बनाउन नसकिनु,
(ण) प्रविधि मैत्री शिक्षण सिकाइका लागि अत्यावश्यक सक्षमता विकास हुन नसक्नु र शिक्षक यसका लागि उत्प्रेरित र प्रतिवद्ध नहुनु,
(त) माध्यमिक शिक्षाले स्थानीय तहमा रोजगारमूलक जनशक्ति तयार गर्न नसक्नु,
(थ) अभिभावकको शिक्षा सुधार तथा विकास प्रति कम चासो हुनु,
(द) विद्यालयमा सुपरीवेक्षण तथा अनुगमन गर्ने पद्धति विकास हुन नसक्नु।

### ३.३.४ चुनौती

सोलुदुधकुण्ड नगरपालिकाका शैक्षिक चूनौतिहरू देहायबमोजिम रहेका छन्:
(क) माध्यमिक शिक्षा नक्शाङ्कनका आधारमा व्यवस्थित गर्नु,
(ख) विद्यालय भौतिक संचनामा सुधार गरी विद्यालयलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिक मैत्री बनाउनु
(ग) विद्यालयमा सामाजिक समावेशीकरण र समतामूलक पहुँच सुनिश्चित गर्नु,
(घ) सामाजिक तथा आर्थिक कारणले पिछडिएका, विविध कारणले बहिष्करणमा परेका बालबालिकाहरूको तथा अन्य शरीरिक तथा मानसिक रूपमा अशक्तहरूको माध्यमिक शिक्षामा सहभागिता सुनिश्चत गर्नु,
(ङ) सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्नु,
(च) विद्यालय छोड्ने तथा कक्षा दोहोर्याउने दरमा न्यूनता ल्याउनु,
(छ) प्रविधि मैत्री शिक्षण सिकाइका आधारमा माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्नु,
(ज) माध्यमिक शिक्षामा व्यवस्थापन प्रभावकारिता सुनिश्चित गर्नु,
(झ) विषयगत शिक्षकहरूको आपूर्ति गर्नु,
(ञ) विद्यालयमा पर्याप्त प्रयोगशालाहरूको प्रबन्धका साथ क्रियाकलापमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
(ट) सूचना सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइको अवस्था सुनिश्चित गर्नु।

### ३.३.५ अवसर

(क) विद्यमान ऐन कानुन तथा नियमावलीले माध्यमिक शिक्षाको विकासका लागि कार्यक्रम तय गरी कार्यान्वयनमा जाने पर्याप्त कानुनी आधार हुनु,
(ख) पालिकालाई कानुन बनाइ शिक्षा विकास योजना तथा कार्यक्रम सञ्चालन गर्ने अधिकार हुनु,
(ग) स्थानीय सरकारले शिक्षा क्षेत्रको विकासका लागि वृहत योजना तयार गरी कार्यान्वयनमा जाने प्रतिवद्धता जाहेर गर्नु,
(घ) शिक्षक तथा विद्यार्थीमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शैक्षिक क्रियाकालाप सञ्चालन गर्नुपर्छ भन्ने मान्यता विकास हुँदै जानु।

प्रत्येक व्यक्तिको सर्वाङ्गीण विकास गरी व्यक्ति, समाज तथा राष्ट्र विकास प्रति प्रतिवद्ध, प्रतिस्पर्धी, सीपयुक्त र रोजगार उन्मुख असल नागरिक तयार गरिने छ ।

### ३.३.७ उद्देश्य

(क) प्रविधियुक्त तथा रोजगारीमुखी शिक्षामा पुहँच, समता, गुणस्तर र सान्दर्भिकतामा सुधार गर्नु ।

(ख) श्रमबजारमा प्रतिस्पर्धा गर्न सक्षम जनशक्ती तयार गर्नु ।

(ग) बिद्यालय र समुदाय बिच समुधर सम्बन्ध कायम गरी अभिभावको शैक्षिक सहभागिता अभिवृद्धि गर्नु ।

(घ) शैक्षिक व्यवस्थापनमा सुधार गर्नु ।

### ३.३.८ रणनीति

(क) नक्शाङ्कनका आधारमा विद्यालयको पुनरव्यवस्थापन गर्ने,

(ख) विद्यालयको भौतिक संचनालाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, प्रविधिमैत्री र उत्थानशील बनाउने,

(ग) विद्यालयमा न्यूनतम शैक्षिक वातावरण तयार गरी गुणस्तरीय शिक्षण सिकाइ क्रियाकलापको वातावरण सुनिश्चित गर्ने,

(घ) शैक्षिक विकास तथा सिकाइ सुधारमा अभिभावकको सक्रियता अभिवृद्धि गर्ने,

(ङ) शैक्षिक व्यवस्थापनलाई जिम्मेवार र जवाफदेही बनाउने।

### ३.३.९ कार्यनीति

(क) नक्शाङ्कनका आधारमा यथावत निःशुल्क माध्यमिक शिक्षाको विकास तथा विस्तार गरी सबैलाई समावेशी तथा गुणस्तरीय माध्यमिक शिक्षाको पहुँच र अवसरमा सुनिश्चित गरिनेछ ।

(ख) विद्यालयमा न्यूनतम सिकाइ वातावरण तयार गर्न आवश्यक तथा व्यबस्थित भौतिक संरचनाको विकास गरिने छ।

(ग) विद्यालयलाई बालमैत्री, अपङ्गतामैत्री, लैङ्गिकमैत्री, प्रविधिमैत्री र उत्थानशील बनाइने छ ।

(घ) उपचारात्मक शिक्षण सिकाइको अवलम्बन गरी सिकाइ अवस्था कमजोर भएका बालबालिकाहरूको सिकाइ उपलब्धिमा सुधार गरिनेछ ।

(ङ) विद्यालयसँगको सहकार्यमा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा ल्याइनेछ ।

(च) साधारण माध्यमिक शिक्षाको धारमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षालाई सम्भाव्यताका आधारमा विस्तार गरिने छ ।

(छ) विद्यालयमा विज्ञान, सूचना र सञ्चार प्रविधि सम्बन्धी प्रयोगशाला विकास गरिनेछ ।

(ज) विद्यालयमा भय तथा विभेद रहित, सुरक्षित र जोखिममुक्त शैक्षिक वातावरण निर्माण गरिने छ ।

(झ) प्रभावकारी शिक्षक व्यवस्थापन, आवश्यकता तथा सक्षमतामा आधारित शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

(ञ) छात्राका लागि निःशुल्क सेनिटरी प्याड वितरण गरीनेछ र स्वास्थ्यकर्मी परिचालन गरी किशोर किशोरीलाई स्वास्थ्य सरसफाइ तथा प्रजनन स्वास्थ्य र सुरक्षित व्यवहारका बारेमा सचेतीकरण गरिनेछ।

(ट) विद्यार्थी सङ्ख्या तथा विषयगत शिक्षण सिकाइका आधारमा शिक्षक दरबन्दीको व्यवस्थापन गरिनेछ

(ठ) शिक्षक विद्यार्थी अनुपातलाई व्यवस्थित गरिने छ ।

(ड) सिकाइ मूल्याङ्कनलाई भरपर्दो र व्यावहारिक बनाइनेछ ।

(ढ) अनलाइन र अफलाइन पाठ्यसामग्रीहरूको विकास तथा प्रयोग गरी विपत्मा पनि शिक्षण कार्यलाई निरन्तरता प्रदान गरिने छ ।

(ण) अपाङ्गता भएका, गरीब तथा विपन्न, र सीमान्तकृत समुदायका बालबालिकालाई निःशुल्क पोशाक, शैक्षिक सामग्री सहयोग उपलब्ध गराइ माध्यमिक शिक्षाको शैक्षिक अवसर सुनिश्चित गरिने छ ।

(त) शिक्षण सिकाइलाई अनुसन्धानमा आधारित गर्न शिक्षकलाई प्रोत्साहन गरिनेछ ।

(थ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरी परिचालन गरिने छ ।

(द) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था गरिनेछ ।

### ३.३.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| विद्यालय नक्साङ्कन र नक्शाङ्कनका आधारमा पुर्नसमायोजन तथा व्यवस्थापन | पटक | १ | १ | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| न्यूनतम सिकाइ मापदण्डमा आधारित कार्यक्रम विकास | पटक | ५ | ५ | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| अपाङ्गता मैत्री बाल मैत्री लैङ्गिक मैत्री र प्रविधि मैत्री उत्थानशील भौतिक पूर्वाधार विकास | सङ्ख्या | ४ | ४ | संघ, प्रदेश सरकार र गैर सरकारी निकायहरू |
| शिक्षक दरबन्दी मिलान | सङ्ख्या | १४ | २० | स्थानीय सरकार |
| खेल मैदान सुधार तथा विद्यालय घेरावार कार्यक्रम | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार |
| विज्ञान तथा सूचना सञ्चार र प्रविधिमा आधारित प्रयोगशाला विकास कार्यक्रम | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार |
| सूचना सञ्चार प्रविधिमा आधारित सक्षमता विकाका लागि शिक्षकको पेसागत विकास तालिम सञ्चालन | सङ्ख्या | ४२ | ४२ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| कक्षाकोठामा सिकाइ कुनाको प्रबन्ध | सङ्ख्या | २१ | २१ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| कक्षाकोठामा किताव र्‍याक निर्माण | सङ्ख्या | २१ | २१ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र |

| | | | | |
|---|---|---|---|---|
| | | | | गैर सरकारी निकायहरू |
| विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन | सङ्ख्या | ५ | ५ | स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| एक विद्यालय एक पुस्तकालय कार्यक्रम सञ्चालन | सङ्ख्या | ७ | ७ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| गरीव तथा विपन्न र अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक सहयोग | सङ्ख्या | ४० | १६० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सिकाइ वातावरण सुधार(विद्यालय घेरावार सुरक्षित शौचालय तथा खानेपानीको व्यवस्था) कार्यक्रम | सङ्ख्या | ७ | ७ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| शिक्षक प्रोत्साहन कार्यक्रम | पटक | ५ | ५ | स्थानीय सरकार र गैह्र सरकारी निकाय |
| विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको नेतृत्व तथा व्यवस्थापन क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| स्वास्थ्य कर्मिबाट यौन तथा प्रजनन् स्वास्थ्य, व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | विद्यालय | ७ | ७ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था | विद्यालय | ७ | ७ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपत् प्रतिकार्य योजना विकास र कार्यान्वयन | विद्यालय | ७ | ७ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |

### ३.३.११ अपेक्षित उपलब्धिहरू

(क) विद्यालय भवन बालमैत्री अपाङ्गमैत्री तथा प्रविधिमैत्री हुने,

(ख) विद्यालयमा आवश्यक शिक्षक तथा विषयगत शिक्षक दरबन्दीको व्यवस्था भएको हुने,

(ग) शिक्षकले सूचना सञ्चार तथा प्रविधिमा आधारित तालिम प्राप्त गरी शिक्षण सिकाइमा प्रविधिको प्रयोग भएको हुने,

(घ) विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुने,

(ङ) विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटी प्रयोगशाला र ई-लाईब्रेरीको स्थापना भई कार्यान्वयनमा आएको हुने,

(च) माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुने,

(छ) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुने,

(ज) विद्यालय भय र विभेदरहित तथा सुरक्षित सिकाइ वातावरणको निर्माण भएको हुने,

(झ) शिक्षामा (भर्ना, सहभागिता र सिकाइ उपलब्धि) लैङ्गिक समानताको अवस्था सिर्जना भएको हुने,

(ञ) विद्यालय विपत् तथा महामारी प्रति उत्थानशील हुने,

(ट) शिक्षामा सुशासन कायम हुने,

(ठ) गरिव तथा जेहन्दार बालबालिकाले शैक्षिक सहयोग प्राप्त गरी माध्यमिक तह सम्मको शिक्षा हासिल गरेको हुने,

(ड) बालबालिकाले स्वास्थ्य सरसफाइ र प्रजनन स्वास्थ्यका बारेमा स्वास्थ्य कर्मिबाट ज्ञान तथा सिप विकास गरी दैनिक व्यवहारमा प्रयोग गरेको हुने,

(ढ) विद्यालय व्यवस्थापन समितिका पदाधिरकारीले विद्यालय व्यवस्थापन तथा नेतृत्व विकाससम्बन्धी क्षमता विकास भइ प्रयोगमा आएको हुने,

(ण) विद्यालयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन भइ पारदर्शिता तथा जबाफदेही संस्कार विकास भएको हुने ,

(त) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भइ प्रयोगमा आएको हुने।

## ३.४ प्राविधिक तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

प्राविधिक तथा व्यावसायिक शिक्षा आर्थिक र सामाजिक विकासको मेरुदण्डका रूपमा रहन्छ । विकसित राष्ट्रको अवस्थालाई हेर्दा प्राविधिक तथा व्यावसायिक शिक्षा नै विकासको मुख्य धारकै रूपमा रहेको अवस्था देखिन्छ । आधारभूत विद्यालय शिक्षापश्चात् प्राविधिक तथा व्यावसायिक शिक्षा पढ्नेको दर उच्च हुने गरेको अवस्था विश्व परिवेशमा पाइन्छ ।

प्राविधिक तथा व्यवसायिक शिक्षा तथा पर्यटनमुखी शिक्षा नगरपालिकाको विकास तथा सम्वृद्धिको आधार हो । यसले रोजगारीका अवसरहरूको सिर्जना गर्छ । नगरपालिकाको आर्थिक विकासका लागि प्राविधिक जनशक्ति अत्यावश्यक हुन्छ । यसका लागि प्राविधिक जनशक्ति उत्पादन गर्नु पर्छ । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको सहज पहँुच, समन्वयात्मक एवं गुणस्तरीय प्रणाली विकास र दिगो लगानीको सुनिश्चितता अत्यावश्यक हुन्छ ।

नेपालमा प्राविधिक तथा व्यावसायिक शिक्षा मागमुखी हुन सकेको छैन । पाठ्यक्रम विकास तथा कार्यान्वयन परम्परागत शैलीबाट निर्दिष्ट हुँदै आएको छ । प्रविधि, नवीनतम सीप, नैतिक शिक्षा, सूचना एवं समन्वय र उद्यमशीलता जस्ता ज्ञान एवं सिप विकासको सुनिश्चित गर्ने गरी प्राविधिका शिक्षा तथा व्यावसायिक सिप बिकासका कार्यक्रम सञ्चालनको अभावमा नेपाली विद्यार्थीले प्रतिस्पर्धा गर्न नसकेको अवस्था पनि देखिएका छन् ।

देशको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रभावकारिता अभिवृद्धि आजको आवश्यकता भएको छ । प्राविधिक शिक्षा तथा व्यावसियक सिप विकास योजना, कार्यक्रम र व्यवस्थापनको निम्ति अत्यावश्यक संरचना तथा कार्यक्रम तय गरी कार्यान्वयन गरी संघीय संरचना अनुसार प्रदेश तथा स्थानीय तहलाई जिम्मेवार बनाउनु उपयुक्त हुन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति विभिन्न संस्था तथा सरोकारवालाहरुसँग प्रभावारी समन्वय तथा सहकार्य गर्नु पर्ने अवस्था छ । यसो हुन सकेका मुलुकका लागि अत्यावश्यक प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्न सकिन्छ । हाल प्राविधिक शिक्षा हासिल गरेका व्यक्तिहरूले रोजगारी प्राप्त गर्न सकेको भएपनि उनीहरुको दिगोपना ख्याल गर्नु पर्ने देखिन्छ । रोजगारीको दरलाई तालिम कार्यक्रम सफलता मापनको मुख्य आधार हो । तसर्थ प्राविधिक शिक्षा तथा व्यवसायी सिप विकासका लागि परिणाममुखी योजना विकास र प्रभावकारी कार्यान्वयन अत्यावश्यक हुन आएको छ ।

सीमान्तकृत समुदायका व्यक्तिहरू, दुर्गम तथा भौगोलिक विकटता, आर्थिक विपन्नता आदिका कारण प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अवसरबाट बञ्चित हुनु पर्ने अवस्थालाई अन्त्य गर्न जरुरी छ । यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा समाजका सबै वर्गको पहुँच बढाउनु पर्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रममा श्रम बजार तथा व्यापार र उद्योग क्षेत्रको सक्रिय सहभागिता र सहकार्य बढाउन प्रोत्साहन गर्नु पर्ने हुन्छ । स्थानीय तहमा आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट सबै व्यक्तिलाई आत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने, माग र आवश्यकतामा आधारित शैक्षिक कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यहरू सम्पन्न गर्नु अत्यावश्यक हुन्छ ।

### ३.४.२ विद्यमान अवस्था

यस नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समतापूर्ण पहुँच विस्तार हुन नसकेको कुरामा दुई मत छैन। सबै बालबालिकाले प्राविधिक शिक्षा पाउने वातावरण सिर्जना हुन सकेको छैन । प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकाससम्बन्धी कार्यक्रम तथा पद्धतिको गुणस्तर, समयसापेक्षता र दक्षता अभिवृद्धि गर्नु पर्ने अवस्था छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शैक्षिक संस्थाको व्यवस्थापनमा प्रभावकारीता एवं दक्षता अभिवृद्धि गरी गुणस्तरीय जनशक्ति उत्पादन तथा तिनको श्रमबजारमा आपूर्तिलाई सहज बनाउन अत्यावश्यक छ । शैक्षिक कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनमा गुणस्तरीयता कायम गरी प्रभावकारी बनाउन अत्यावश्यक देखिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसँग सम्बन्धित सरोकारवालाहरु बीच प्रभावकारी संयोजन हुन सकेको अवस्था छैन । यस तर्फ अवका शिक्षाका योजना तथा कार्यक्रमले प्राथमिकता प्रदान गर्नु पर्ने अवस्था विद्यमान रहेको छ ।

प्राविधिक शिक्षाको विस्तारको क्रममा हाल दुई प्रकारबाट हुँदै आएको छ । पहिलो, साधारण माध्यमिक विद्यालयमा आधारित प्राविधिक शिक्षा जसमा साधारण धारका सामुदायिक विद्यालयमा कक्षा ९ देखि १२ सम्मको प्राविधिक धारमा आधारित माध्यमिक शिक्षा सञ्चालन गरिन्छ । यस अन्तर्गत एक विद्यालय सञ्चालन हुदै आएको छ।दोस्रो, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट प्राविधिक शिक्षालयमा आधारित

शिक्षा रहेको छ । यसको सञ्चालन तथा व्यवस्थापन परिषद्बाट हुँदै आए छ । यसका अतिरिक्त परिषद्बाट अनुमति लिई प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका कार्यक्रम निजी स्रोतबाट सञ्चालित तालिम केन्द्रबाट पनि हुदै आएको छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा तालिमको विकास र विस्तारको लागि साबिकको शिक्षा, विज्ञान तथा प्रविधि तथा हालको शिक्षा तथा खेलकुद मन्त्रालय मातहतमा प्राविधिक शिक्षा तथा व्यावसयिक तालिम परिषद्को कार्यरत रहदै आएको छ । यसै गरी अन्य निकायहरूबाट पनि छोटो अवधिका व्यावसायिक सिप विकासका कार्यक्रमहरू सञ्चालन हुदै आएका छन् । श्रम तथा रोजगार, उद्योग लगायतका मन्त्रालयहरूबाट यस सम्बन्धी विभिन्न सिप विकासका तालिम कार्यक्रम सञ्चालनमा रहेका छन् । हाल देशभरी आङ्गिक, साझेदारी, परिषद्सँग सम्बन्धन लिएका सामुदायिक विद्यालय र निजी संस्थाहरूले डिप्लोमा, प्रमाणपत्र तह र प्राविधक एसएलसी तथा छोटो अवधिको सिपमूलक तालिम सञ्चाललन गरिरहेका छन् । प्राविधिक सीप परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था पनि कार्यान्वयनमा रहेको छ ।

सोलुदुधकुण्ड नगरपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासको पर्याप्त अवसरहरू रहेको अवस्था छ । पर्यटन, कृषि जलस्रोत जडीवुटी लगायतका पेसा तथा व्यवसाय सञ्चालन गर्ने पर्याप्त सम्भावना रहेका छन् । यसका लागि शिक्षा विकास योजनाले उचित ध्यान दिन अत्यावश्यक देखिन्छ ।

### ३.४.३ समस्या

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि पालिका तहमा नक्शाङ्कन तथा सम्भाव्यता अध्ययन नहुनु,
(ख) प्राविधिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुन नसक्नु,
(ग) अभिभावक तथा विद्यार्थीको प्राविधिक शिक्षा प्रति रूचि तथा आकर्षण गर्न नसक्नु,
(घ) प्राविधिक शिक्षा हासिल गरेपश्चात् रोजगारीको सुनिश्चितता नहुनु,
(ङ) अभिभावकलाई प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकास प्रति आकर्षित गर्न नसकिनु,
(च) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि अत्यावश्यक आर्थिक स्रोत व्यवस्थापनका लागि अधिकाश अभिभावकहरू सक्षम र तयार नहुनु,
(छ) प्राविधिक शिक्षा सञ्चालनका लागि अत्यावश्यक विद्यालय पूर्वाधार तथा पर्याप्त उपकरण सहितको प्रयोगशालाको व्यवस्थापन हुन नसक्नु,
(ज) प्राविधिक शिक्षा सञ्चालनका लागि अत्यावश्यक आर्थिक स्रोतको व्यवस्थापन हुन नसक्नु र कमजोर शैक्षिक वातावरणमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका कार्य्रक सञ्चालन हुनु ,
(झ) दक्ष प्रशिक्षक उपलब्ध हुन नसक्नु र प्रशिक्षकहरुको निरन्तरता कायम हुन नसक्नु,
(ञ) सूचना सञ्चार तथा प्रविधिमा आधारित सिकाइका लागि उपयुक्त प्रयोगशालाको व्यवस्थापन हुन नसक्नु।

### ३.४.४ चुनौती

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि अत्यावश्यक पूर्वाधार विकास गर्नु,
(ख) प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय स्थापना तथा सञ्चालन गरी गुणस्तरीय जनशक्ति उत्पादन गर्नु,
(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक सिप विकासका कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्नु,
(घ) कक्षा ९ देखि १२ सम्म सञ्चालन भएका साधारण विद्यालयमा आधारित प्राविधिक शिक्षाका शैक्षिक कार्यक्रमको गुणस्तर तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
(ङ) प्राविधिक शिक्षा तथा व्यावसियक सिप विकासका कार्यक्रमका लागि विभिन्न निकायसँग समन्वय गर्नु,

(च) गरीव, विपन्न तथा सीमान्तकृत समूदायका बालबालिकाको प्राविधिक शिक्षा एवं सिपमूलक तालिमको पहुँचमा सुनिश्चित गर्नु,

(छ) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि अत्यावश्यक लगानी सुनिश्चित गर्नु।

### ३.४.५ अवसर

(क) श्रम बजारमा प्राविधिक जनशक्तिको माग बढ्दै जानु,

(ख) विद्यालयमा आधारित प्राविधिक तथा व्यावसायिक धारको शिक्षा पाउन सक्ने नीतिगत व्यवस्था हुनु,

(ग) प्राविधिक जनशक्ति उत्पादन तथा रोजगारमुखी शिक्षा संघीय बजेट तथा कार्यक्रममा प्राथमिकतामा पर्नु,

(घ) स्थानीय सरकारको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई प्राथमिकता प्रदान गर्नु।

### ३.४.६ लक्ष्य

गुणस्तरीय तथा समावेशि प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच विस्तार गरी दक्ष जनशक्ति उत्पादन गर्ने ।

### ३.४.७ उद्देश्य

(क) प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच विस्तार गर्नु,

(ख) प्राविधिक तथा व्यावसायिक सिप विकासको गुणस्तर वृद्धि गर्नु,

(ग) विद्यालयमा आधारित सिपमूलक एवं उद्यमशील तालिमका अवसरहरू वृद्धि गर्नु,

(घ) सिकाइलाई रोजगारीसँग आबद्ध गरी स्थानीय तहमा नै सिपमूलक रोजगारीका अवसर वृद्धि गर्नु।

### ३.४.८ रणनीति

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर वृद्धि गर्ने,

(ख) सिपयुक्त रोजगारमूलक एवम् प्रतिस्पर्धि जनशक्ति तयार गर्ने,

(ग) प्राविधिक शिक्षामा समता, गुणस्तर,समावेशिता, सान्दर्भिकता, उत्पादशीलता र उत्थानशिलता सहितको पहुँच सुनिश्वत गर्ने,

(घ) विद्यालयमा आधारित सिप विकासका अवसर सिर्जना गर्ने।

### ३.४.९ कार्यनीति

(क) पालिका भित्र प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर तथा सम्भावना यकिन गर्न नक्शाङ्कन गरिनेछ।

(ख) नक्शाङ्कनका आधारमा प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयहरूको विकास तथा विस्तार गरिनेछ

(ग) प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालयको भौतिक पूर्वाधार अझै विकास गरिने छ।

(घ) सम्भाव्यताका आधारमा पालिकामा एक वहुप्राविधिक शिक्षालय सञ्चालन गरिने छ ।

(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका अवसर वृद्धि गर्न स्थानीय उद्योग तथा यस सँग सम्बन्धित कार्य गर्ने निकायहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

(च) प्राविधिक धार सञ्चालन भएका साधारण विद्यालयको पूर्वाधार विकास गरी गुणस्तरीय सिकाइका लागि उपयुक्त बनाइने छ।

(छ) प्राविधिक शिक्षामा दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, शैक्षिक सामग्री उपलब्ध गराइने छ ।

(ञ) मागमा आधारित छोटो र लामा अवधिका सिपमूलक एवं उद्यमशील तालिम सञ्चालन गरी स्वरोजगारमुखी जनशक्ति विकासका लागि स्थानीय श्रमबजार वा उद्योगसँग सहकार्य गरिने छ ।

(झ) प्राविधिक शिक्षाको सञ्चालन सङ्घीय र प्रदेश सरकारसँगको सहकार्यमा गरिने छ ।

(ञ) परम्परागत प्रविधि तथा व्यावसायिक सीपहरूको अभिलेखीकरण गरी परम्परागत ज्ञान तथा सिपको उद्यमीकरण गर्दै तिनलाई रोजगारीमा आबद्ध गरिने छ ।

(ट) अनौपचारिक रूपमा हासिल ज्ञान तथा सीप प्रमाणीकरण गरी समकक्षता प्रदान गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरी परीक्षण तथा प्रमाणीकरण गरिने छ ।

### ३.४.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि पालिकास्तरीय सम्भाव्यता अध्ययन | पटक | १ | १ | स्थानीय सरकार |
| विद्यालयको भौतिक पूर्वाधार, प्रयोगशाला, मेशिनरी र अभ्यास स्थलको सुदृढीकरण | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| प्रशिक्षकको पेसागत विकास तालिम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सीमान्तकृत दलित अति विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति तथा शैक्षिक सहयोग | सङ्ख्या | १० | १० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विद्यालयमा आधारित सम्भाव्यताका आधारमा सिप विकास कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सूचना सञ्चार तथा प्रविधि सम्बन्धी प्रयोगशाला निर्माण | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| गरीव तथा जेहन्दार छात्रवृत्ति कार्यक्रम | सङ्ख्या | २० | ४० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| वहु प्राविधिक शिक्षालय सञ्चालन तथा व्यवस्थापन | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |

| | | | | |
|---|---|---|---|---|
| सिप परीक्षण कार्यका लागि सहजीकरण | पटक | १ | १ | स्थानीय सरकार |
| स्थानीय श्रमबजारमा रोजगार व्यवसाय सञ्चालन अनुदान कार्यक्रम | जना | ५० | ५० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |

### ३.४.११ अपेक्षित उपलब्धि

(क) यस नगरपालिकामा प्राविधिक तथा व्यावसायिक सिप विकास सम्बन्धी अवस्था तथा सम्भावना पहिचना सर्भे सम्पन्न भएको हुने

(ख) प्राविधिक धार सञ्चालन भएका साधारण सामुदायिक विद्यालयको भौतिक पूर्वाधार पूर्ण विकास भएको हुने ।

(ग)नगरपालिकामा एक बहु प्राविधिक तथा व्यवसायिक शिक्षा दिने विद्यालयको व्यवस्थापन भएको हुने ।

(घ) प्राविधिक धार सञ्चालन भएका विद्यालय तथा शिक्षालयमा सूचना प्रविधि, इ-लाइब्रेरी सहितको स्मार्ट कक्षा सञ्चालन भएको हुने ।

(ङ)प्राविधिक धारको शिक्षाको सञ्चालन भएका विद्यालयहरूको व्यवस्थापन सुदृढ भएको हुने ।

(च) समुदाय तहमा सिपमूलक एवम् स्वरोजगारमूलक तालिम प्राप्त गरी रोजगारीका अवसर प्राप्त गरेको अवस्था हुने। विद्यालयमा आधारित सिपमूलक तालिम विकासका अवसर सुनिश्चित भएको हुने

(छ) गरिब विपन्न तथा सीमान्तकृत समुदायका बालबालिकाले प्राविधिक शिक्षाका लागि छात्रवृत्ति प्राप्त गरी प्राविधिक शिक्षा हासिल गरेको हुने

(ज) प्राविधिक धार सञ्चालन भएका विद्यालयको प्रयोगशाला व्यवस्थापन भइ सिकारुले गुणस्तरीय सिकाइ अभ्यास गर्ने अवसर प्राप्त गरेको हुने

## ३.५ अनौपचारिक शिक्षा र आजिवन सिकाई

### ३.५.१ परिचय

अनौपचारिक शिक्षाले संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, मानव सभ्यताको विकास र संरक्षणमा मद्दत गर्छ । सामाजिक रुपान्तरणका लागि औपचारिक तथा अनौपचारिक शिक्षा अपरिहार्य हुन्छ । शिक्षा प्राप्त गर्ने विभिन्न विधि, प्रक्रिया तथा मोडेलहरू हुन्छन् । विद्यालय, विश्वविद्यालयबाट दिइने शिक्षा औपचारिक तथा नियमित शिक्षाका रूपमा रहन्छ । त्यसै गरी औपचारिक वा नियमित शिक्षा पद्धति भन्दा बाहिरबाट व्यक्तिले सिकाइ गरिरहेको हुन्छ ।

अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गरी जीवनका लागि आवश्यक ज्ञान, सीप र अभिवृद्धि हासिल गर्न अनौपचारिक शिक्षाका सिकाइ पद्धति अवलम्बन गर्ने गरिनेछ । यसरी अनौपचारिक रूपमा प्राप्त गर्ने सिकाइ विधि तथा प्रक्रिया अनौपचारिक शिक्षाका रूपमा रहन्छ।

अनौपचारिक सिकाइ भन्ने बित्तिकै विद्यालय, विश्वविद्यालय र तालिम केन्द्रहरूभन्दा बाहिरबाट गरिने सिकाइ भन्ने बुझिन्छ । यसलाई वास्तविक सिकाइको रूपमा लिइँदैन । साथै श्रम बजारमा पनि यसको खासै मूल्य दिने गरिएको छैन । त्यसैले अनौपचारिक सिकाइलाई पनि परीक्षण तथा प्रमाणीकरण गर्नुपर्छ । यसले अनौपचारिक रुपमा भएको अनुभव जन्य सिकाइलाई समेत उच्च मूल्याङ्कन गरी औपचारिक शिक्षा सरह समकक्षी बनाउँछ । अनुभवजन्य सिकाइलाई प्राय बेवास्ता गर्ने गरिन्छ । जबकि अनुभवजन्य सिकाइ सबैभन्दा पुरानो

परम्परागत सिकाइ शैली हो । प्रारम्भिक सिकाइको मूलस्रोत नै अनुभवजन्य सिकाइ हो । त्यसैले हाल निरन्तर वा आजीवन सिकाइको पक्षलाई महत्व दिन थालिएको छ ।

अनौपचारिक तरिकाबाट सिक्ने सिकाइलाई आजीवन वा जीवनपर्यन्त सिकाइ भनेर पनि भन्ने गरिन्छ । नेपाल सरकारले सबै नागरिकको शैक्षिक अधिकार सुनिश्चित गर्न र नेपाललाई साक्षर नेपाल घोषणा गर्न अनौपचारिक शिक्षालाई उच्च प्राथमिकता दिँदै आएको छ । साक्षर नेपाल अभियान सञ्चालन गरेको छ । साक्षरता शिक्षा, निरन्तर शिक्षा, साक्षरोत्तर शिक्षा, खुला विद्यालय शिक्षा, लगायतका विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

### ३.५.२ विद्यमान अवस्था

सोलुदुधकुण्ड नगरपालिकाले अनौपचारिक शिक्षा अन्तर्गत साक्षरता शिक्षा निरन्तर शिक्षा जस्ता शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । नगरपालिका भर १ सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छ । यो केन्द्रले अनौपचारिक शिक्षाका कार्यक्रमहरू निरन्तर सञ्चालन गर्दै आएका छन्। यद्यपी, बालबालिकालाई समाज, स्थानीय जातजाति, सहअस्तित्वको लिङ्ग तथा अपाङ्गताभएका व्यक्तिहरुप्रति उत्तरदायी बनाउन 'सामाजिकीकरण' आवश्यक छ। यसका लागि बालक्लब, युथ क्लब, र समुदायसँगको निरन्तर प्रत्यक्ष अन्तर्क्रिया गर्नु पर्ने देखिन्छ ।

### ३.५.३ समस्या

क) जनचेतनाको अभाव हुनु,
ख) भौगोलिक विकटताका कारण सबैको पहुँच सुनिश्चित गर्न नसक्नु,
ग) समुदायको आर्थिक अवस्था कमजोर हुनु,
घ) अपेक्षित उपलब्धि हासिल नहुनु,
ङ) नगरपालिकामा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन नहुनु,
च) साक्षरता सिप प्रयोगको अवस्था कमजोर हुनु,
छ) निरक्षरहरूको तथ्याङ्क सङ्कलन नहुनु,
ज) रोजगारीका लागि वैदेशिक श्रम बजारमा जाने अवस्था विद्यमान रहनु,
झ) शिक्षालाई सीपसँग जोड्न र सीपलाई रोजगार सँग जोड्न नसकिनु,
ञ) सरकारी-नीजी साझेदारीमा अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन नहुनु,
ट) सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण गर्न नसकिनु,
ठ) आर्थिक रूपले पछाडि परेका समुदायमा साक्षरोत्तर कक्षा तथा सिप विकास तालिम नहुनु,
ड) आवश्यकतामा आधारित आय आर्जन र निरन्तर शिक्षाको अवसरमा वृद्धि नहुनु।

### ३.५.४ चुनौती

क) नगरपालिकालाई साक्षर पालिकाका रूपमा निरन्तरता दिनु,
ख) सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण गरी अनौपचारिक तथा वैकल्पिक शिक्षा र आय आर्जन सीप विकासका लागि जिम्मेवार बनाउनु,
ग) निरन्तर रूपमा साक्षरोत्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्नु,
घ) आय आर्जन सीप विकासकार्यलाई स्वरोजगार व्यवसायमा आवद्ध गर्नु,
ङ) कमजोर आर्थिक अवस्था भएका व्यक्तिलाई साक्षरता तथा सीप विकास कार्यमा आकर्षित गर्नु,
च) अनौपचारिक तथा आजीवन सिप विकासमा लागत साझेदारी कार्यक्रम सञ्चालन गर्नु।

### ३.५.५ अवसर

क) आय आर्जनका प्रशस्त सम्भावनाहरू विद्यमान हुनु,

ख) समुदाय तहमा  शैक्षिक जागरणको अवस्थामा सुधार हुँदै जानु,

ग) निरक्षरता उन्मुलन नगरपालिकाको शैक्षिक प्राथमिकतामा पर्नु,

घ) नगरपालिकालाई सिप विकास तथा स्वरोजगारका कार्यक्रम, विकास तथा कार्यान्वयन गर्ने पर्याप्त आधार हुनु।

### ३.५.६ लक्ष्य

अनौपचारिक शिक्षा तथा आजीवन सिप विकासका अवसर वृद्धि गरी समुन्नत सोलुदुधकुण्डका विकासको लक्ष्य प्राप्तिको आधार तयार गर्ने ।

### ३.५.७ उद्देश्य

सोलुदुधकुण्ड नगरपालिकाको अनौपचारिक तथा निरन्तर शिक्षाको उद्धेश्य देहाय बमोजिम हुनेछ :-

क) औपचारिक शिक्षाको अवसरबाट बञ्चित व्यक्तिलाई अनौपचारिक तथा आजीवन सीप विकासका अवसर वृद्धि गर्नु,

ख) साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा तथा सीप विकासका अवसरलाई सर्वसुलभ बनाउनु,

ग) विपन्न तथा सीमान्तकृत समुदायका व्यक्तिको आय आर्जन विकास गरी सामाजिक तथा आर्थिक रूपमा सशक्तिकरण गर्नु,

घ) सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण  गरी अनौपचारिक तथा वैकल्पिक शिक्षा र आय आर्जन सिप विकासका लगि जिम्मेवार एवम् सक्षम बनाउनु।

### ३.५.८ रणनीति

क) निरक्षरता सर्भे गर्ने र सर्भेका आधारमा साक्षरता शिक्षा तथा सिप विकासका कार्यक्रम सञ्चालन गर्ने,

ख) ससामुदायिक सिकाइ केन्द्रको सवलीकरण गर्ने,

ग) साक्षरता सिप र आय आर्जन सिपलाई श्रम बजारमा आवद्ध गर्ने,

घ) पूर्ण साक्षरताको अवस्थालाई निरन्तरता प्रदान गर्ने।

### ३.५.९ कार्यनीति

क) निरक्षर व्यक्तिको तथ्यांक संकलन गरी अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि आधार तयार गरिनेछ।

ख) तथ्याङ्कमा आधारित साक्षरता शिक्षा तथा आय आर्जन सिप विकास गरिनेछ।

ग) सामुदायिक सिकाइ केन्द्रको सस्थागत क्षमता सुदृढ गरिनेछ।

घ) सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक तथा आय आर्जन सीप विकास गर्ने एक अभिन्न अङ्गका रूपमा विकसित गरिनेछ ।

ङ) गैरसरकारी संस्थाहरूसँग समन्वय तथा सहकार्य साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा र जीवनपर्यन्त सिप विकास कार्यक्रम सञ्चालनमा गरिनेछ ।

च) एक वडा एक सामुदायिक सिकाइ केन्द्रको अवधारणा कार्यान्वयन गरिनेछ।

छ) सामुदायिक सिकाइ केन्द्रलाई सूचनाको केन्द्रका रूपमा विकसित गरिनेछ ।

ज) रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन, भर्चुअल कार्यक्रम जस्ता कार्यक्रमहरू सञ्चालन गरी शैक्षिक जागरण तथा जनचेताका विकास गरिनेछ।

झ) विपन्न तथा सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सिप र रोजगारीमा आवद्ध गरिने छ।

### ३.५.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| घरधुरी सर्वेक्षण तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सामुदायिक सिकाइ केन्द्रको पूर्वाधार विकास र संस्थागत सुदृढीकरण | पटक | ० | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| मिडियामा आधारित जनचेतना विकास कार्यक्रम | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| साक्षरता शिक्षा, निरन्तर शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| आय आर्जन सिप विकास तालिम कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| अनौपचारिक तथा वैकल्पिक शिक्षामा कर्मचारीहरूको क्षमता विकास | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |

### ३.५.११ अपेक्षित उपलब्धि

क) अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी तथ्याङ्क निरन्तर अध्यावधिक भएको हुने,
ख) अनौपचारिक तथा वैकल्पिक शिक्षा सम्बन्धी कार्यक्रमहरू निरन्तर नियमित सञ्चालन भएको हुने,
ग) सामुदायिक सिकाइ केन्द्रहरू संस्थागत रूपमा सुदृढ भइ अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा, आधारभूत स्वास्थ्य, तथा आय आर्जन सिप विकासमा सक्रिय भएको हुने,
घ) मिडियमा आधारित सचेतना कार्यक्रमहरू मार्फत जनचेतना विकासका कार्यक्रम सञ्चालन भएको हुने,
ङ) अनौपचारिक तथा बैकल्पिक शिक्षाका माध्यमबाट हासिल ज्ञान तथा सीप परीक्षण तथा प्रमाणीकरण भएको हुने,
च) नगरपालिकाका प्रत्येक वडामा एक सामुदायिक सिकाइ केन्द्र स्थापना भई सञ्चालनमा आएको हुने,
छ) सामुदायिक सिकाइ केन्द्र सिकाइ थलोका रूपमा विकसित भइ सञ्चालनमा आएको हुने,
ज) नगरपालिका पूर्ण साक्षर भएको हुने,

## परिच्छेद ४ : शिक्षाका अन्तरसम्बन्धित विषय

यस परिच्छेदमा शिक्षाका अन्तर सम्बन्धित विषयका व्यवस्था बारे चर्चा गरिएको छ । यसमा मूलतः नेपाल सरकारले प्रतिवद्धता जनाएका, स्थानीय तहमा महत्वपूर्ण रहेका विषय क्षेत्रलाई समावेश गरिएको छ । यसमा समावेशि शिक्षा, शिक्षामा सूचना सञ्चार र प्रविधि, आपतकालिन तथा संकटपूर्ण अवस्थाको शैक्षिक व्यवस्थापनका बारेमा पनि उल्लेख गरिएको छ।

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सामग्री तथा मुल्याङ्कन

#### ४.१.१ परिचय

विद्यालयद्वारा बालबालिकाहरूलाई प्रदान गरिने ज्ञान, सीप, अभिवृत्ति तथा सम्पूर्ण अनुभवहरू व्यवस्थित गर्न पाठ्यक्रम अत्यावश्यक हुन्छ । पाठ्यक्रमलाई समग्र शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने दस्तावेजका रूपमा लिने गरिन्छ । शिक्षण सिकाइ क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन कार्यलाई पाठ्यक्रमले निर्दिष्ट गर्छ। पाठ्यक्रममा सिकारुले हासिल गर्ने सम्पूर्ण शैक्षिक अनुभवहरूलाई समेटिनु पर्छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट मात्र अपेक्षित शैक्षिक लक्ष्य हासिल गर्न सकिन्छ । यसका लागि विभिन्न पक्षहरू जिम्मेवार हुन्छन् । विद्यालय व्यवस्थापन, विद्यालयको भौतिक पूर्वाधार, शिक्षक तथा शिक्षकको सक्षमता, शिक्षण सिकाइ वातावरण, उपलब्ध स्रोत तथा साधन आदिले पाठ्यक्रम कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् । पाठ्यक्रमको कार्यान्वयमा शिक्षक तथा विद्यार्थीको महत्वपूर्ण भूमिका रहन्छ भने यसका लागि शिक्षक प्रमुख जिम्मेवार हुन्छ । त्यसैले शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बनाउन शिक्षकमा विषयगत ज्ञान तथा शैक्षणिक कलाकौशल अत्यावश्यक हुन्छ । यसका लागि शिक्षक तालिम अत्यावश्यक हुन्छ । अतः पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिमको आवश्यकता पर्दछ । त्यसैगरी पर्याप्त सिकाइ सामग्रीहरूको विकास तथा उपयोग अत्यावश्यक हुन्छ । शैक्षिक सुपरीवेक्षण, सिकाइको मूल्याङ्कन र सुधार जस्ता कार्य पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनसँग सम्बन्धित हुन्छन् । नेपालमा पाठ्यक्रमलाई मुख्य पाठ्यक्रम, ऐच्छिक पाठ्यक्रम तथा स्थानीय पाठ्यक्रम गरी व्यवस्थापन गर्दै आएको छ । नेपाल सरकारले पाठ्यक्रमको प्रभावकारी व्यवस्थापनका लागि निर्दिष्ट गर्न राष्ट्रिय प्रारुप ढाँचा, २०७६ तयार गरी कार्यान्वयनमा ल्याएको छ । साथै हालैका दिनमा नेपाल सरकारले योग्यता प्रारूप ढाँचाको अवधारणालाई कार्यान्वयनमा ल्याएको छ । यी सबै नीतिगत दस्तावेजले शिक्षण सिकाइ, पाठ्यक्रम र सिकाइ सामग्री विकास, शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन जस्ता पक्षलाई निर्देशित गरिएको हुन्छ । त्यसैले, स्थानीय पाठ्यक्रम (Local Curriculum) निर्माण गर्दा सोलुदुधकुण्डको स्थानीय संस्कृति, पर्यटन र मूल्य मान्यतासँगै- "नैतिक आचरण र संस्कार" लाई एक प्रमुख विधाका रूपमा अनिवार्य समावेश गर्ने कार्यनीति बनाउनु पर्ने देखिन्छ।

#### ४.१.२ विद्यमान अवस्था

हाल पाठ्यक्रमलाई विभिन्न तहमा विभक्त गरी कार्यान्वयनमा ल्याइएको छ । आधाभूत पाठ्यक्रम बाल विकास शिक्षाको एउटा ० तहको पाठ्यक्रम तथा कक्षा १-३ लाई एकीकृत पाठ्यक्रमका रूपमा कार्यान्वयनमा रहेको छ । त्यसैगरी, आधारभूत पाठ्यक्रम कक्षा ४-५, आधारभूत पाठ्यक्रम कक्षा ६-८, माध्यमिक पाठ्यक्रम कक्षा ९-१० र माध्यमिक पाठ्यक्रम कक्षा ११-१२ कार्यान्वयनमा रहेका छन् । यी पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयनमा रहेको छ । यसले आधारभूत तहमा एक विषय स्थानीय भाषाको पाठ्यक्रमको प्रबन्ध गरेको छ । यो पाठ्यक्रमको विकास तथा कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तह तथा विद्यालयलाई प्रदान गरेको अवस्था विद्यमान रहेको छ ।

सोलुदुधकुण्ड नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयन गर्ने कार्य सुरु गरी सकेको छ। हाल आधारभूत तह कक्षा १-५ सम्मको पाठ्यक्रम विकास गरी सकेको छ र कक्षा ६-८ को प्रारम्भिक खाका तयार गरी कार्यान्वयनमा जाने चरणमा रहेको छ ।

### ४.१.३ समस्या

(क) पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइ हुनु,
(ख) सिकाइ सामग्रीमा आधारित शिक्षण सिकाइ हुन नसक्नु,
(ग) वहुभाषिक समाज भएको कारण धेरै पाठ्यक्रम बनाउनु पर्ने
(घ) स्थानीय विषयको पाठ्यक्रमतथा पाठ्यसामग्रीको विकास र कार्यान्वयन प्रभावकारी नहुनु,
(ङ) सिकाइ सामग्री सहितको पुस्तकालयको व्यवस्थापन हुन नसक्नु र भएकोमा पनि शिक्षण सिकाइ क्रियाकलापका रूपमा उपयोगमा नआउनु,
(च) शिक्षकले पाठ्यक्रममा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक क्षमता विकासको अवसर प्राप्त गर्न नसक्नु,
(छ) एकीकृत पाठ्यक्रमको लागि अत्यावश्यक सक्षमता विकास नहुनु,
(ज) पाठ्क्रममा आधारित मूल्याङ्कन पद्धति संस्थागत हुन नसक्नु,
(झ) प्रविधिमा आधारित शिक्षण सिकाइ हुन नसक्नु,
(ञ) विज्ञान प्रयोगशालाको अवस्था कमजोर हुनु र प्रयोगात्मक अभ्यास हुने अवस्था नहुनु,
(ट) पाठ्यक्रम प्रबोधीकरणको अवस्था कमजोर रहनु,
(ठ) सिकाइ सामग्रीको उत्पादन,संकलन र प्रयोगमा विद्यालयहरूलाई सक्षम बनाउन नसक्नु ।

### ४.१.४ चुनौती

(क) पाठ्यक्रममा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनको अवस्था सुनिश्चत गर्नु,
(ख) एकीकृत पाठ्यक्रमको मर्म र भावना अनुसार शिक्षण सिकाइ गर्नु,
(ग) सूचना प्रविधिमा आधारित पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा कार्यान्वयन गर्नु,
(घ) विविध सिकाइ सामग्रीहरूको पहुँच वृद्धि गर्नु,
(ङ) प्रयोगात्मक मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाइ सिकाइको अवसर वृद्धि गर्नु,
(च) पाठ्यक्रममा आधारित शिक्षक सहयोग पद्धतिलाई संस्थागत गर्नु,
(छ) सिकाइ सामग्रीमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सुनिश्चित गर्नु।

### ४.१.५ अवसर

(क) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन अधिकार स्थानीय तहमा रहनु,
(ख) स्थानीय तहले सिकाइ सामग्री तयार गरी कार्यान्वयन गर्न सक्ने अवस्था हुनु,
(ग) आधारभूत तह कक्षा ८ सम्मको सिकाइ मूल्याङ्कन गर्ने अधिकार स्थानीय तहलाई हुनु,
(घ) स्थानीय स्रोत र साधनको प्रयोग गर्ने अधिकार हुनु।

### ४.१.६ लक्ष्य

पाठ्यक्रम तथा शैक्षिक सामग्रीमा आधारित प्रविधि मैत्री गुणस्तरीय सिकाइका अवसरहरू वृद्धि गर्नु ।

### ४.१.७ उद्देश्य

(क) गुणस्तरीय सिकाइका लागि आवश्यक शैक्षिक वातावरण तयार गर्नु,
(ख) पाठ्यक्रममा आधारित प्रविधि मैत्री शिक्षण सिकाइ गर्नु,

(ग) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम कार्यान्वयन गर्नु।

### ४.१.८ रणनीति

(क) एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने,

(ख) पाठ्यक्रम तथा स्थानीय स्रोतमा आधारित सिकाइ सामग्री विकास र प्रयोग गर्ने,

(ग) सूचना सञ्चार तथा प्रविधि, विज्ञान प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था र शैक्षणिक उपयोग गर्ने,

(घ) गुणस्तरीय शिक्षण सिकाइका लागि शिक्षकको सक्षमता विकास गर्ने,

(ङ) शिक्षण सिकाइ क्रियाकलापमा आधारित शैक्षणिक सहयोग गर्ने।

### ४.१.९ कार्यनीति

(क) एकीकृत पाठ्यक्रम तथा सूचना सञ्चार र प्रविधिमा आधारित शिक्षण सिकाइक वातावरण तयार गरिने छ।

(ख) स्थानीय पाठ्यक्रमको विकास तथा प्रयोग गरिने छ ।

(ग) स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामग्री विकास गरी शिक्षण सिकाइमा प्रयोग गरिने छ ।

(घ) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रबोधीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

(ङ) प्रविधिमैत्री शिक्षण सिकाइका लागि सहजपूर्ण वातावरण निर्माण गरिनेछ ।

(च) खुला तथा दुर शिक्षण सिकाइको अवसर वृद्धि गर्न विद्यालयमा सूचना, सञ्चार र प्रविधि (ICT) को पहुँच विस्तार ।

(छ) स्थानीय पाठ्यक्रम विकासमा शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास गरी पाठ्यक्रम विकास तथा कार्यान्वयन कार्यमा प्रभावकारीता ल्याइने छ ।

(ज) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निरन्तर अनुगमन तथा सुपरिवेक्षण प्रणालीको विकास गरिनेछ।

(झ) अन्तर विद्यालय-वक्तृत्वकला, हाजिरीजवाफ, चित्रकला, सङ्गीत, नृत्य, र स्काउट जस्ता विधालाई वार्षिक क्यालेन्डरमै समेटेर अनिवार्य गर्ने र यसका लागि पालिका स्तरीय कोष खडा गरिनेछ ।

(ञ) स्थानीय पाठ्यक्रम )Local Curriculum) निर्माण गर्दा सोलुदुधकुण्डको स्थानीय संस्कृति, पर्यटन र मूल्य- मान्यतासँगै नैतिक आचरण र संस्कारलाई एक प्रमुख विधाका रूपमा अनिवार्य समावेश गर्ने कार्यनीति तयार पारिनेछ।

### ४.१.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| पाठ्यक्रम प्रबोधीकरण कार्यक्रम सञ्चालन | सङ्ख्या | १० | १० | संघ, प्रदेश सरकार, स्थानीय सरकार |
| स्थानीय पाठ्यक्रम विकास र | पटक | १० | १० | स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| कार्यान्वयन | | | | |
| स्थानीय स्रोतमा आधारित सिकाइ सामग्री निर्माण र प्रयोग | पटक | १० | १० | स्थानीय सरकार |
| सूचना सञ्चार र प्रविधिमा आधारित शैक्षिक सामग्री व्यवस्थापन | पटक | १० | १० | स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| विज्ञ छनोट र विद्यालयमा आधारित शैक्षणिक सहयोग | सङ्ख्या | १० | १० | स्थानीय सरकार |
| एकीकृत पाठ्यक्रम, प्रविधि तथा पाठ्यक्रमा आधारित शिक्षणका लागि शिक्षक पेसागत तालिम सञ्चालन | सङ्ख्या | २०० | २०० | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी अनुभव आदान प्रदान भ्रमण तथा कार्यशाला | पटक | १० | १० | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| कक्षा ४-५ आन्तरिक मुल्यांकन सम्बन्धि शिक्षकहरुका लागि तालिम | पटक | १० | १० | स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| अन्तरविद्यालय वक्तृत्वकला-, हाजिरीजवाफ, चित्रकला, सङ्गीत, नृत्य, र स्काउट जस्ता विधालाई वार्षिक क्यालेन्डरमै समेटेर अनिवार्य गर्नका लागि पालिका स्तरीय कोष खडा गर्ने | पटक | १ | १ | |

#### ४.१.११ अपेक्षित उपलब्धिहरू

क) स्थानीय पाठ्यक्रम विकास भई कार्यान्वयनमा आएको हुने,

ख) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास भई प्रयोगमा आएको हुने,

ग) विद्यालयमा प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण विकास भई प्रयोगमा आएको हुने,

घ) शिक्षकले प्रविधि मैत्री शिक्षण, एकीकृत पाठ्यक्रम तथा पाठ्यक्रममा आधारित तालिम प्राप्त गरी शिक्षण सिकाइमा प्रयोग गरेको हुने,

ङ) पाठ्यक्रम र सो सम्बन्धी सामग्रीहरूको कार्यान्वयनबारे अभिमुखीकरण भएको हुने, र

च) विज्ञ समूहबाट विद्यालयमा आधारित शिक्षक सहयोग प्रदान गरेको अवस्था हुने।

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

गुणस्तरीयताको सुनिश्चितताका लागि प्रभावकारी शिक्षक व्यवस्थापन र पेसागत विकास अत्यावश्यक हुन्छ । मागमा आधारित पेसागत विकास, कार्य सम्पादनमामा आधारित मूल्याङ्कन, सक्षम तथा उत्तरदायी शिक्षक व्यवस्थापनबाट मात्र गुणस्तरीय शिक्षाको लक्ष्य हासिल गर्न सकिन्छ। शिक्षक गुणस्तर सुधारको प्रमुख कारक

पनि हो । संघीयता कार्यान्वयन पश्चात विद्यालय शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहमा गए पछि शिक्षक व्यवस्थापनको पक्ष झन पेचिलो बन्दै गएको छ ।

शिक्षक व्यवस्थापनका सन्दर्भमा संघीय तहका शिक्षक सेवा आयोगले शिक्षकको लागि शिक्षण अनुमती पत्र, शिक्षक छनोट, नियुक्ति, तथा पदोन्नतिका कार्यहरू गर्दै आएको छ । यी कार्यमा स्थानीय तह त्यति जिम्मेवार देखिदैन, यद्धपि सोलुदुधकुण्ड नगरपालिकाले धेरै हद सम्म दरबन्दी मिलानको कार्य गरि सकेको छ तथा यस स्थानीय तहमा शिक्षक दरबन्दी मिलान कार्य, शिक्षकको सरुवा तथा स्थानीय स्रोतमा आधारित शिक्षक छनोट तथा व्यवस्थापन कार्य हुँदै आएका छन् ।

गुणस्तरीय शिक्षाका लागि शिक्षकको भूमिका महत्वपूर्ण हुन्छ । शिक्षक, विद्यार्थी, अभिभावक सबैको सक्रियताले मात्र गुणस्तरीय सिकाइ सम्भव हुन्छ । यसका लागि शिक्षकहरूको उचित व्यवस्थापन जरुरी हुन्छ। पाठ्यक्रमले तोके अनुसारका विषय पठनपाठन गर्न आवश्यक विषयगत शिक्षकको व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

शिक्षकको क्षमता विकासबाट मात्र गुणस्तरीय सिकाइको अपेक्षा गर्न सकिन्छ । क्षमता विकास मार्फत शिक्षकलाई शिक्षण पेसाप्रति जिम्मेवार बनाउन सकिन्छ । शिक्षक सिकारुको सिकाइ प्रति जवाफदेही हुनु पर्छ । यो आजको अपरिहार्य आवश्यकता बनेको छ । यसका लागि शिक्षकको तयारी, विकास र व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षकको प्राज्ञिक योग्यता र तालिम दुवैको उच्चतम परिचालन गर्नु पर्छ ।

विद्यार्थीको सिकाइ प्रक्रियामा सहजीकरण गर्न शिक्षकको योग्यता तथा पेसागत सक्षमताको अभिवृद्धि गर्नु पर्ने हुन्छ । यसका लागि योग्य तथा सक्षम शिक्षक विकास र आपूर्ति जरुरी हुन्छ । यसका लागि विश्वविद्यालय तथा शिक्षक सेवा आयोग बढी जिम्मेवार हुनु पर्छ। शिक्षण सिकाइ सञ्चालन हुने दिन शिक्षकले कक्षाकोठामा वास्तविक रूपमा बिताउने शैक्षणिक समय पनि प्रभावकारी शिक्षणको भूमिका रहन्छ । साथै शिक्षक व्यवस्थापन मार्फत शिक्षक तथा विद्यार्थी बीच शिक्षण सिकाइका लागि उच्च अभिप्रेरणा तथा मनोबल कायम राख्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

सिकाइ प्रक्रियामा सुधार आवश्यक हुन्छ । शिक्षण सिकाइमा सुधारका लागि प्रविधिको प्रयोग, विद्यार्थी केन्द्रित शिक्षण सिकाइ, बहुकक्षा शिक्षण, कक्षाशिक्षण पद्धति जस्ता सुधारात्मक अभ्यास गर्नुपर्छ । साथै उपयुक्त सन्दर्भ सामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा पनि समानरूपमा जोड दिनु पर्छ । यसका लागि पनि शिक्षक व्यवस्थापनलाई उचित ध्यान दिनु पर्छ । गुणस्तरीय शिक्षणसिकाइ क्रियाकलापबाट शिक्षाको स्तरमा सुधारको अपेक्षा गर्न सकिन्छ ।

त्यसैगरी कक्षाकोठाको शिक्षणसिकाइमा सुधार ल्याउन कमजोर सिकाइस्तर भएका विद्यार्थीका लागि विशेष सहयोग प्रदान गर्नु पर्छ । अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितताका लागि उच्च प्राथमिकता प्रदान गर्नु पर्छ । शिक्षणसिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्नु पर्छ । सिकारुको निरन्तर मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्य, सहपाठी सिकाइ जस्ता विधि अवलम्बन गर्नु उचित हुन्छ । कमजोर सिकाइ भएका बालबालिका लक्षित उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा शिक्षणसिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट निरन्तर रुपमा गर्नका लागि शिक्षकको उचित व्यवस्थापन तथा उपयुक्त सक्षमता विकास गर्न जरुरी हुन्छ ।

### ४.२.२ विद्यमान अवस्था

हालको व्यवस्था अनुसार शिक्षकको विकास मूलतः विश्वविद्यालयहरूबाट हुने गर्छ । विश्वविद्यालयको शैक्षिक उपाधिलाई शिक्षक शिक्षा र पूर्व सेवाकालिन शिक्षक तयारीका रूपमा लिइँदै आएको छ । यसरी

विश्वविद्यालयबाट उत्पादित जनशक्ति नै शिक्षा क्षेत्रमा सक्रिय हुने गर्छन् । विद्यमान शिक्षा नियमावलीले शिक्षा शास्त्र सङ्कायमा अध्ययन गरेका शिक्षकलाई प्राज्ञिक र पेसागत दुवै रूपले योग्य मानेको छ । शिक्षक हुनका लागि शिक्षक सेवा आयोगबाट शिक्षण अध्यापन अनुमती पत्रको परीक्षा उत्तीर्ण गर्नु पर्ने प्रबन्ध गरेको छ । शिक्षण अध्यापन अनुमती पत्रको व्यवस्था गर्न र शिक्षक छनोट र शिक्षकको बढुवाका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगको व्यवस्था कार्यान्वयनमा रहेको छ । त्यसै गरी शिक्षक व्यवस्थापनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, विद्यालय शिक्षक किताव खाना, प्रदेश स्थित शिक्षा विकास निर्देशनालय र प्रदेश शिक्षक तालिम केन्द्रहरू पनि जिम्मेवार छन् । जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह र विद्यालय पनि शिक्षक व्यवस्थापन कार्यमा संलग्न हुने विद्यमान अवस्था छ ।

प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षकहरू बढी जिम्मेवार हुनु पर्छ । सिकारुको सिकाइका लागि प्रतिवद्ध हुनुपर्छ । उनीहरू बढी जिम्मेवारपूर्ण हुनुपर्दछ । यसका लागि शिक्षक सहयोग पद्धति पनि उत्तिकै जिम्मेवार हुन्छ । शिक्षकलाई निरन्तर सहयोग सहजीकरण तथा परामर्श प्रदान गर्नु पर्छ । आवश्यकता अनुसार शिक्षण सिकाइका लागि थप पेसागत विकासका अवसरहरू प्रदान गरी ज्ञान सिप र दक्षताका पक्षबाट अद्यावधिक गराइरहनु पर्छ । आधुनिक शिक्षण प्रविधि र प्रविधिमा आधारित शिक्षण सक्षमता विकास हुनु पर्छ ।

### ४.२.३ समस्या

(क) परम्परागत शिक्षण सिकाइले निरन्तरता पाउनु,
(ख) स्थानीय स्रोत र साधनमा आधारित शैक्षिक सामग्री विकास तथा प्रयोगको अवस्था नहुनु,
(ग) शिक्षकलाई पाठ्यक्रम अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गरी सक्षम बनाउन नसक्नु,
(घ) सक्षम व्यक्तिलाई शिक्षण पेसा प्रति आकर्षित गर्न र टिकाउन नसक्नु,
(ङ) अस्थायी शिक्षकका रूपमा लामो समय सम्म काम गर्ने अवस्था हुनु,
(च) विद्यार्थी सङ्ख्या तथा विषयगत आधारमा शिक्षक व्यवस्थापन हुन नसक्नु,
(छ) तालिमलाई कक्षाकोठाको वातावरणमा सही रूपमा कार्यान्वयनमा नआउनु,
(ज) शिक्षकलाई विद्यालयमा आधारित प्राविधिक सहयोग प्रदान गर्ने पद्धति नहुनु,
(झ) कक्षा कोठा वातावरण गुणस्तरीय तथा आधुनिक शिक्षण विधिका लागि उपयुक्त नहुनु,
(ञ) तालिम कार्यान्वयनको अनुगमन पक्ष कमजोर रहनु,
(ट) तालिमलाई कक्षाकोठा शिक्षण सिकाइसँग जोड्न नसक्नु,
(ठ) शिक्षक प्रोत्साहनका कार्यक्रमहरू तय गरी कार्यान्वयनमा नआउनु।

### ४.२.४ चुनौती

(क) तीन तहको सरकारबिच समन्वय र सहकार्यमा आधारित शिक्षक व्यवस्थापनको व्यवस्था गर्नु,
(ख) योग्य, दक्ष, र मेधावी विद्यार्थीलाई शिक्षण पेसामा आकर्षित गरी प्रवेश गराउनु, टिकाउनु र उत्प्रेरित गर्नु,
(ग) परिवर्तित पाठ्यक्रममा आधारित शिक्षक तालिमका अवसरहरू सबै शिक्षकलाई उपलब्ध गराउनु,
(घ) विद्यार्थी सङ्ख्या र विद्यालयमा पठनपाठन हुने विषयका आधारमा प्रत्येक शैक्षिक सत्रमा शिक्षकहरू दरबन्दी मिलान गर्नु,
(ङ) नपुग शिक्षकको व्यवस्थापन गर्नु,
(च) तालिम पश्चातको कार्यान्वयनको अनुगमनमा विद्यालयलाई जिम्मेवार बनाउनु,
(छ) शिक्षकलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु,

(ज) प्रविधिमा आधारित शिक्षण सिकाइ क्रियाकलापका लागि सक्षम शिक्षक तयार गर्नु, गुणस्तरीय सिकाइ वातावरण विकास गर्नु,

(झ) विद्यालयमा आधारित शिक्षक सहयोग पद्धति विकास गरी शिक्षकलाई प्राविधिक सहयोग प्रदान गर्नु।

### ४.२.५ अवसर

(क) स्थानीय तहलाई शिक्षक विकास गर्ने शिक्षक सहयोग पद्धति विकास गरी प्रयोग गर्ने र शिक्षक विकास गर्न सक्ने कानुनी आधार हुनु,

(ख) स्थानीय स्रोत र साधनमा आधारित सिकाइ सामग्री विकास र प्रयोग गर्ने उचित वातावरण हुनु,

(ग) स्थानीय स्रोत तथा साधनको परिचालन गरी शिक्षक प्रोत्साहनका कार्यक्रमहरू विकास गरी कार्यान्वयन गर्ने पर्याप्त अवसर हुनु,

(घ) उपयुक्त सिकाइ वातावरण विकास तथा प्रयोग गर्ने अवसर रहनु।

### ४.२.६ लक्ष्य

शिक्षक पेसागत क्षमता विकास, विषयगत शिक्षक व्यवस्थापन तथा गुणस्तरीय सिकाइ वातावरण विकास गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ।

### ४.२.७ उद्देश्य

(क) प्रभावकारी शिक्षक व्यवस्थापन गर्नु,

(ख) शिक्षक एवम् प्रधानाध्यापकको पेसागत क्षमता विकास गर्नु,

(ग) सङ्घ र प्रदेश सरकारसँग प्रभावकारी समन्वय गरी शिक्षक व्यवस्थापन गर्नु।

### ४.२.८ रणनीति

(क) विद्यार्थी सङ्ख्या तथा विषयगत व्यवस्थाका आधारमा शिक्षक दरवन्दी मिलान गर्ने,

(ख) शिक्षकको पेसागत विकास गर्ने,

(ग) शिक्षक सहयोग पद्धति विकास गरी आवश्यक पेसागत सहयोग गर्ने,

(घ) शिक्षण सिकाइ क्रियाकलापमा सुधार गरी शैक्षिक उपलब्धि वृद्धि गर्ने,

(ङ) कार्यसम्पादनमा आधारित शिक्षक मूल्याकनलाई प्रोत्साहन तथा वृत्ति विकासमा आवद्ध गर्ने।

### ४.२.९ कार्यनीति

(क) शिक्षक दरवन्दी मिलान तथा विषयगत शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग उचित समन्वय र सहकार्य गरिनेछ ।

(ख) विद्यार्थी सङ्ख्या तथा पठनपाठन गर्ने विषयका आधारमा आवश्यक शिक्षक दरबन्दी सिर्जना गरी शिक्षक व्यवस्थापन गरिने छ ।

(ग) विषयगत विभागहरू गठन गरी शिक्षण सिकाइ क्रियाकलाप तथा पेसागत विकासमा सक्रिय गराइने छ ।

(घ) शिक्षकहरूको वृद्धि विकासका लागि संघसंस्थासँग सहकार्य र समन्वय गरिने छ ।

(ङ) आवश्यकतामा आधारित तालिम सञ्चालन गरी शिक्षण सिकाइलाई प्रविधि मैत्री, बालमैत्री एकीकृत पाठ्यक्रममा आधारित, बहुभाषिक शिक्षण विधिको प्रयोग गरिनेछ ।

(च) कार्यसम्पादनमा आधारित मूल्याङ्कन गरी उत्कृष्ट शिक्षकलाई प्रोत्साहन सँग आबद्ध गरिनेछ ।

(छ) शिक्षक सहयोग पद्धति विकास गरी पेसागत सहयोग प्रदान गरिनेछ ।

(ज) माध्यमिक तहमा अंग्रेजी, विज्ञान र गणित शिक्षणका विधिमा केन्द्रित गरी शिक्षकको पेसागत विकास गरिनेछ।

(झ) माध्यमिक विद्यालयमा एक स्थायी प्रधानाध्यापकको पद सिर्जना गरी व्यवस्थापन गरिनेछ ।

(ञ) प्राविधिक धारमा कार्यरत शिक्षक/प्रशिक्षकको पेसागत क्षमता विकास गरिनेछ ।

(ट) अनलाइन तथा अफलाइन मोडका पेसागत विकासका तालिम कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

(ठ) स्थानीय तहमा विज्ञहरूको समूह गठन गरी विद्यालयमा आधारित शिक्षक सहयोग पद्धति विकास गरिने छ।

(ड) शिक्षकहरू बीच पेसागत छलफल कार्यक्रम आयोजना गरी सिकाइलाई एक आपसमा आदान प्रदान गर्ने र सिकाइ समस्या समाधान गर्ने अवसर प्रदान गरिनेछ ।

(ढ) उत्कृष्ट काम गर्ने शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति तथा नगरपालिकामा कार्यरत कर्मचारीलाई मूल्याङ्कनका आधारमा पुरस्कार तथा सम्मान गरिनेछ ।

(ण) अनुसन्धानमूलक कार्यमा उत्प्रेरित गर्न शिक्षक जर्नल (Journal) विकास तथा प्रकाशन गरिने छ

### ४.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| **प्रमुख कार्यक्रम** | **इकाइ** | **भौतिक लक्ष्य** | | **समन्वय र साझेदारी** |
|---|---|---|---|---|
| | | **पहिलो पाँच वर्ष २०८७** | **दोस्रो पाँच वर्ष २०९२** | |
| शिक्षक दरवन्दी मिलान | पटक | ५ | ५ | स्थानीय सरकार |
| विषयगत शिक्षक व्यवस्थापन अनुदान | सङ्ख्या | १० | १० | संघ र प्रदेश सरकार |
| विद्यालयमा प्रधानाध्यापक पदको व्यवस्था | सङ्ख्या | १० | १० | स्थानीय सरकार |
| आवश्यकतामा आधारित शिक्षक तालिम सञ्चालन(भर्चुअल, सूचना सञ्चार तथा प्रविधि, एकीकृत पाठ्यक्रम, बहुकक्षा शिक्षण आदि) | पटक | १० | १० | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| विज्ञान-प्रविधि. अङ्ग्रेजी र गणित (STEM) सम्बन्धि शिक्षक तालिम सञ्चालन | पटक | १० | १० | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| अनुसन्धानमा आधारित शिक्षक तालिम कार्यक्रम | पटक | १० | १० | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| प्राविधिक धारमा कार्यरत प्रशिक्षकका लागि तालिम | पटक | १० | १० | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| कार्यप्रगतिमा आधारित शिक्षक प्रोत्साहन अनुदान | पटक | १० | १० | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| शिक्षक पेसागत छलफल कार्यक्रम | पटक | १० | १० | संघ, प्रदेश, स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| | | | | सरकार र गैर सरकारी निकायहरु |
| शिक्षक जर्नल (Journal) विकास तथा प्रकाशन | पटक | २ | ५ | स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| विज्ञ समूहबाट शिक्षण सिकाइको अनुगमन तथा पृष्ठपोषण | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| शिक्षकहरूबाट सम्पादित कार्यको अनुभव आदान प्रदान सम्बन्धी अवलोकन भ्रमण | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| उत्कृष्ट विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| वियषगत गोष्ठी सेमिनार तथा कार्यशाला सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |

### ४.२.११ अपेक्षित उपलब्धि

(क) शिक्षक दरबन्दी मिलान भइ विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन भएको हुने,

(ख) विद्यालयमा विषयगत शिक्षकको व्यवस्थापन सुनिश्चित भएको हुने,

(ग) शिक्षकले आवश्यकतामा आधारित पेसागत विकासका अवसर प्राप्त गरी शिक्षण सिकाइमा सुधार गरेको अवस्था हुने,

(घ) प्रधानाध्यापकहरूको नेतृत्व क्षमता विकास भई शैक्षिक व्यवस्थापनमा सुधार भएको हुने,

(ङ) प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको कार्यसम्पादन अनुगमन/सुपरीवेक्षणका आधारमा उत्कृष्ट कार्य गर्ने व्यक्ति प्रोत्साहन गरिएको हुने,

(च) स्थानीय तहमा विज्ञहरूको समूह गठन भइ विद्यालयमा आधारित पेसागत सहयोग प्रदान गरिएको अवस्था हुने,

(छ) प्रत्येक विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना भइ परिचालन भएको हुने,

(ज) विद्यालयका शिक्षकहरूकै नेतृत्वमा पेसागत छलफल तथा अनुभन आदान प्रदान भएको हुने,

(झ) विद्यालय र विषयगत विभागहरू गठन भइ परिचालन भएको हुने,

(ञ) अनलाइन/भर्चुअल पद्धती मार्फत शिक्षकको पेसागत क्षमता विकास भएको,

(ट) विद्यालयमा आधारित अनुसन्धानात्मक जर्नल प्रकाशन भएको हुने।

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

प्रत्येक नागरिकलाई शिक्षा पाउने अधिकार संविधानले सुनिश्चित गरेको छ । शिक्षामा सबैको समान सहभागिता हुनु नितान्त जरुरी छ । विविध कारणबाट शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित बालबालिकाको शिक्षामा समान पहुँचको अवस्था सुनिश्चित गर्न औपचारिक शिक्षाबाट मात्र सम्भव हुँदैन । यसका लागि अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको पनि उत्तिकै आवश्यकता पर्छ । समावेशी शिक्षा विशेष गरी शिक्षाको मुल प्रवाहबाट बाहिर रहेका वा वन्चितमा परेका वा पारिएका बालबालिका तथा प्रौढहरू समेतलाई शिक्षाको मूल प्रवाहमा समाहित गर्ने प्रक्रिया हो । शिक्षालाई सामाजिक आर्थिक रुपान्तरणको मूल साधनका रुपमा आत्मसाथ गरिएको छ । यस अर्थमा पनि शिक्षामा समावेशिताको विषय महत्वपूर्ण हुन्छ ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क पाउने हक प्रदान गरेको छ । त्यसै गरी माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । अपाङ्गता भएका र आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हकको पनि व्यवस्था गरेको छ । मातृ भाषामा शिक्षा पाउने हक समेतको व्यवस्था संविधानले गरेको छ । अपाङ्गता भएका बालबालिकालाई ब्रेल तथा साङ्केतिक भाषामा शिक्षा पाउने हक सुनिश्चित गरेको हुँदा समावेशि शिक्षाको विकास तथा विस्तारका लागि सबै तहका सरकार जिम्मेवार हुनु पर्ने कानुनि व्यवस्था रहेको छ ।

समावेशी शिक्षाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, जातजाति लाई समान अधिकार प्रदान गर्छ । त्यसमा पनि शिक्षाबाट वञ्चितमा रहेका वर्गलाई उनीहरूको शैक्षिक आवश्यकता र चाहना पहिचान गरी आवश्यकता अनुसारको शैक्षिक अवसर प्रदान गर्छ । सबै बालबालिकालाई गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाउँछ । शिक्षाको माध्यमबाट राज्यको मूल प्रवाहमा समाहित गर्न सहयोग गर्छ । यसबाट सबै व्यक्तिको सामाजिक, आर्थिक, शैक्षिक विकास हुने पर्याप्त अवसर प्रदान गर्छ । परिणामतः समतामूलक समाज तथा आर्थिक तथा सामाजिक रूपान्तरणको अवस्था सिर्जना गर्न सहयोग पुग्न जान्छ ।

### ४.३.२ विद्यमान अवस्था

विक्रम सम्बत २०२१ पछि नेपालमा अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षाको विकासले गति लिन थालेको पाइन्छ । वि.सं. २०२१ मा दृष्टिविहिन व्यक्तिहरुका लागि एकीकृत विद्यालयको थालनी भयो । वि. सं. २०२३ मा बहिरा व्यक्तिहरुका लागि विशेष विद्यालयको सुरुवात भएको पाईन्छ । त्यस्तै वि.सं. २०२६ मा शारीरिक र दृष्टिविहिन अपाङ्गता भएका बालबालिकाहरुका लागि तथा २०३८ मा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि विशेष विद्यालयको सुरुवात गरेको ऐतिहासिक परिवेश रहेको छ । वि.सं. २०३९ सालमा अपाङ्गता भएका व्यक्तिहरुको लागि बनेको पहिलो ऐन 'अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ र उक्त ऐनलाई कार्यान्वयन गराउन बनेको नियमावली २०५१ सरकारले जारी गरे पश्चात् अपाङ्गता भएका व्यक्तिको अधिकारको प्राप्तिका लागि थप कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सुधार हुँदै गएको पाइन्छ । नेपाल सरकारले २०५३ सालमा अपाङ्गता भएका बालबालिकाहरुका लागि उनिहरुको शारीरिक मानसिक तथा कार्यगत अवस्थाको आधारमा शिक्षा प्रदान गर्न विशेष शिक्षा नीति तर्जुमा गरी लागू गर्यो । यसले शिक्षालाई थप व्यवस्थित गर्यो।

नेपाल सरकारले बालबालिकाको अधिकार सम्बन्धि महासन्धि १९८९ लाई अनुमोदन गरिसकेको छ। त्यसै गरी अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि २००६ मा समेत प्रतिवद्धता जनाइ सकेको

अवस्था छ । त्यसै गरी संयुक्त राष्ट्र सङ्घीय बालअधिकार महासन्धी सन् १९८९, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धी सन् २००६ मा प्रतिवद्धता जनाएको छ । दिगो विकास लक्ष्यको चौथो लक्ष्य प्राप्तिका सूचक तय गरी कार्यान्वयनमा ल्याएको अवस्था छ ।

### *४.३.२.१ जातिगत विवरण र समावेशी शिक्षा*

| *क्र.सं.* | *जातजाति* | *कुल जनसंख्या (संख्या)* | *प्रतिशत (%)* |
|---|---|---|---|
| १. | शेर्पा | १०,०१४ | ३९.००% |
| २. | राई (कुलुङ, थुलुङ आदि समेत) | ४,२११ | १६.४०% |
| ३. | तामाङ | ३,४४१ | १३.४०% |
| ४. | क्षेत्री | २,६९६ | १०.५०% |
| ५. | मगर | १,३८७ | ५.४०% |
| ६. | विश्वकर्मा (कामी) | ८७३ | ३.४०% |
| ७. | ब्राह्मण (पहाडी) | ५३९ | २.१०% |
| ८. | नेवार | ५१३ | २.००% |
| ९. | परियार (दमाइ/ढोली) | ३३४ | १.३०% |
| १०. | भुजेल | २८२ | १.१०% |
| ११. | अन्य साना जातिहरू (घर्ती, सार्की, गुरुङ, आदि) | १,३८८ | ५.४०% |
| | कुल जम्मा | २५,६७८ | १००% |

*श्रोतः जनगणना २०७८ पालिका प्रोफाइल*

समावेशी शिक्षा (Inclusive Education) को दृष्टिकोणबाट सोलुदुधकुण्ड नगरपालिकाको यो जातीगत बनावटलाई हेर्दा स्थानीय सरकार, विद्यालय र पाठ्यक्रम निर्माताहरूले विशेष ध्यान दिनुपर्ने केही मुख्य पक्षहरू देखिन्छन्:

(क) **बहुभाषिक शिक्षाको आवश्यकता र चुनौतीः** नगरपालिकामा ६९% भन्दा बढी जनसंख्या शेर्पा, राई (कुलुङ/थुलुङ) र तामाङ जस्ता रैथाने जनजातिहरूको छ। समावेशी शिक्षाको पहिलो सर्त नै 'मातृभाषामा शिक्षा' हो। यहाँ सबैभन्दा ठूलो हिस्सा (३९%) रहेको शेर्पा भाषा र अन्य रैथाने भाषाहरूलाई प्रारम्भिक कक्षाको पाठ्यक्रममा रैथाने विषयका रूपमा समेट्न जरुरी देखिन्छ, ताकि बालबालिकाहरू भाषाकै कारण विद्यालयको पहुँचबाट बाहिर नपरून्।

(ख) **सांस्कृतिक अनुकूलता र रैथाने ज्ञान (Indigenous Knowledge):** यहाँको शैक्षिक क्यालेन्डर र पाठ्यक्रम स्थानीय संस्कृति अनुकूल हुनुपर्छ। उदाहरणका लागि, हिमाली क्षेत्रका चाडपर्व (जस्तै ल्होसार) र राई समुदायका चाडहरूलाई विद्यालयले उचित स्थान दिनुपर्छ। पाठ्यपुस्तकमा उदाहरणहरू दिँदा सल्लेरी बजार वा पहाडी/हिमाली जनजीवन र शेर्पा/राई संस्कृतिको परिवेश सुहाउँदो बनाएमा सिकाइ बढी समावेशी र व्यावहारिक हुन्छ।

(ग) **भौगोलिक विकटता र सीमान्तकृत समुदायको पहुँचः** मगर, दलित (विश्वकर्मा, परियार, सार्की) र केही साना जातिहरू मिलेर झन्डै ११% भन्दा बढी जनसंख्या ओगट्छन्। भौगोलिक रूपमा छरिएर रहेका यी सीमान्तकृत तथा दलित समुदायका बालबालिकाहरू, विशेष गरी बालिकाहरू, विद्यालयसम्म सहजै पुग्न सकेका छन् कि छैनन् भन्ने कुरा समावेशी शिक्षाको ठूलो चुनौती हो। टाढाका वडाहरूबाट सल्लेरी वा ठूला विद्यालयमा आउनका लागि 'आवासीय छात्रवृत्ति' वा 'यातायातको सुविधा' जस्ता कार्यक्रम आवश्यक देखिन्छ।

(घ) **पर्वतारोहण र पर्यटनमुखी व्यावहारिक शिक्षाः** शेर्पा र राई समुदायको ठूलो हिस्सा पर्वतारोहण र पर्यटनमा आबद्ध छ। समावेशी शिक्षाले केवल अक्षर चिन्नु मात्र नभई समुदायको आर्थिक जीवनस्तर उकास्नु पनि हो। त्यसैले यहाँका विद्यालयहरूमा उच्च माध्यमिक तहदेखि नै पर्यटन, पर्वतारोहण, र रैथाने सीप सम्बन्धी प्राविधिक तथा व्यावसायिक शिक्षा (Technical and Vocational Education) समावेश गर्नु उपयुक्त देखिन्छ।

समावेशी शिक्षाको कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समिति (SMC) मा पनि यी सबै जातजाति र महिलाहरूको समानुपातिक प्रतिनिधित्व हुनु उत्तिकै आवश्यक छ।

### ४.३.२.२. अपाङ्गता र समावेशी शिक्षा

राष्ट्रिय जनगणना २०७८ (Census 2021) को तथ्याङ्क अनुसार सोलुखुम्बु जिल्लाभर कुल २,६०९ जना (जिल्लाको कुल जनसंख्याको २.४६%) व्यक्तिहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ। यसै अनुपात र राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थानीय तहगत प्रोफाइललाई आधार मान्दा, सोलुदुधकुण्ड नगरपालिका (कुल जनसंख्याः २५,६७८) मा अपाङ्गता भएका व्यक्तिहरूको संख्यात्मक विवरण र अवस्थाको हकमा नगरपालिकाको अपाङ्गता दर २.५% छ भने नगरपालिका भित्र झन्डै ६१० देखि ६४० जना व्यक्तिहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ। लैङ्गिक र प्रकृतिका आधारमा केलाउँदा निम्न अवस्था देखिन्छ ।

**१. लैङ्गिक अवस्था (Gender Distribution)**

अपाङ्गता भएका कुल व्यक्तिहरू सङ्ख्यामा पुरुषको संख्या महिलाको तुलनामा केही बढी देखिन्छः

- पुरुषः ५४% (३४० जना)
- महिलाः ४६% (२९० जना)

**२. अपाङ्गताको प्रकार अनुसार मुख्य वर्गीकरण**

नेपाल सरकारले तोकेका १२ वटा अपाङ्गताका प्रकारहरूमध्ये यस नगरपालिकामा मुख्य रूपमा निम्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूको बाहुल्यता छः

| अपाङ्गताको प्रकार | प्रतिशत | सम्भावित अवस्था/चुनौती |
|---|---|---|
| शारीरिक अपाङ्गता | ३७% | हिँडडुलमा समस्या, ह्विलचेयर वा बैशाखीको आवश्यकता पर्ने |

| अपाङ्गताको प्रकार | प्रतिशत | सम्भावित अवस्था/चुनौती |
|---|---|---|
| | | (भौगोलिक विकटताका कारण यो समूह सबैभन्दा बढी प्रभावित छ) |
| दृष्टिसम्बन्धी | २२% | न्यून दृष्टि भएका वा पूर्ण दृष्टिविहीन व्यक्तिहरू |
| सुस्त श्रवण र बहिरोपन | १५% | सुन्न र बोल्न समस्या भएका व्यक्तिहरू, जसलाई साङ्केतिक भाषाको आवश्यकता पर्छ |
| बोलाई सम्बन्धी | ६% | स्वर वा स्पष्ट बोल्न गाह्रो हुने अवस्था |
| बहु-अपाङ्गता | ९% | एकभन्दा बढी प्रकारका अपाङ्गता सँगै भएका व्यक्तिहरू |
| अन्य (मानसिक, बौद्धिक, अटिजम, हेमोफिलिया आदि) | ११% | मनोसामाजिक समस्या, सुस्त मनस्थिति वा जन्मजात कतिपय अवस्था |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

**समावेशी शिक्षा र स्थानीय योजनाका लागि यसको अर्थ**

हामीले चर्चा गरेको समावेशी शिक्षाको सन्दर्भमा यो अपाङ्गताको तथ्याङ्कले विद्यालय र पालिकालाई स्पष्ट कार्यदिशा दिन्छ ।

- **भौगोलिक चुनौती र भौतिक पहुँच (Accessibility):** सोलुदुधकुण्डको पहाडी भूगोलमा ३७% शारीरिक अपाङ्गता भएका बालबालिकाका लागि विद्यालयसम्मको बाटो र विद्यालय भवनहरू (शौचालय, कक्षाकोठा) अपाङ्गतामैत्री (Ramp सहितको) हुन अनिवार्य छ।
- **विशेष शिक्षक र शैक्षिक सामग्रीः** दृष्टिसम्बन्धी (२२%) र बहिरोपन (१५%) भएका बालबालिकालाई सामान्य कक्षामा मात्र राखेर पुग्दैन। उनीहरूका लागि ब्रेल लिपि (Braille) र साङ्केतिक भाषा (Sign Language) जान्ने शिक्षक र विशेष पाठ्यपुस्तकको व्यवस्था सल्लेरी वा वडास्तरका केन्द्रिय विद्यालयमा हुन जरुरी देखिन्छ।
- **प्रमाणिकरण र परिचयपत्र (Disability ID Card):** नेपाल सरकारले दिने रातो, नीलो, पहेंलो र सेतो परिचयपत्रको वितरण सुस्त हुँदा धेरै बालबालिकाहरू राज्यले दिने अपाङ्गता छात्रवृत्ति र सामाजिक सुरक्षा भत्ताबाट बञ्चित हुने गरेका छन्। समावेशी शिक्षाका लागि विद्यालय र वडाले संयुक्त रूपमा यस्ता बालबालिका पहिचान गर्ने अभियान चलाउनु पर्छ।

### ४.३.३ समस्या

क) नगरपालिका तहमा समावेशी शिक्षासम्बन्धी नीतिगत व्यवस्था हुन नसक्नु,
ख) अपाङ्गता भएका वा सिकाइ सिमितता भएका बालबालिकाहरूको सही पहिचान नहुनु,
ग) समावेशी तथा अपाङ्ग मैत्री विद्यालय भौतिक संरचना नहुनु,
घ) समावेशी शिक्षण सिकाइका लागि अत्यावश्यक सक्षमता विकास नहुनु,
ङ) समावेशी शिक्षाका लागि अत्यावश्यक शैक्षिक सामग्रीहरूको उचित प्रवन्ध हुन नसक्नु,

च) समावेशी शिक्षासम्बन्धी नीति तयार गरी कार्यान्वयनमा ल्याउन नसक्नु,
छ) सरोकारवालामा अपाङ्गता भएका बालबालिकाहरू प्रति हेर्ने दृष्टिकोण परम्परागत हुनु,
ज) प्रारम्भिक पहिचान पद्धति संस्थागत नहुनु,
झ) नियमित सहयोग प्रणाली विकास नहुनु,
ञ) निरन्तर मूल्याङ्कन प्रणालीका आधारमा अपाङ्गता भएका बालबालिकाले सिकाइ सहयोग प्राप्त गर्ने वातावरण नहुनु,
ट) सिकाईको विश्वव्यापी ढाँचा (Universal Design for Learning) को सिद्धान्तमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन नसक्नु।

### ४.३.४ चुनौती

क) विद्यालयमा प्रारम्भिक पहिचान तथा रेफर सेवा प्रदान गर्ने पद्धति स्थापना गर्नु,
ख) अपाङ्गता मैत्री शैक्षिक वातावरण सिर्जना गर्नु,
ग) बालबालिकाको सिकाइ चाहना तथा आवश्यकता अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
घ) बालबालिकाको शिक्षण सिकाइ क्रियाकलापमा समान सहभागिताको अवस्था सुनिश्चित गर्नु,
ङ) पुस्तकालय, सूचना तथा सञ्चार प्रविधिको प्रयोग र उपयोग, सह तथा अतिरिक्त क्रियाकलाप आदिमा समावेशी पहुँच सुनिश्चित गर्नु,
च) समावेशी शिक्षण सिकाइमा अभिभावकको भूमिका वृद्धि गर्नु,
छ) समावेशी शिक्षण सिकाइको लागि अत्यावश्यक लगानी सुनिश्चित गर्नु,
ज) समावेशी शिक्षाका लागि अत्यावश्यक सिकाइ सामग्रीहरुको सर्वसुलभता कायम गर्नु,
झ) अतिरिक्त क्रियाकलापमा समतामुलक प्रतिनिधित्व नहुनु,
ञ) परम्परावादी सोचले निरन्तरता पाउनु।

### ४.३.५ अवसर

क) समावेशिताका  सम्बन्धमा संवैधानिक रुपमा कानुनी व्यवस्था हुनु,
ख) नगरपालिकालाई नगरको आवश्यकता अनुसार शिक्षा नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने अधिकार हुनु,
ग) नगरपालिकाको संरचानले समावेशीताको पक्षलाई प्रवर्धन गरेको अवस्था विद्यमान हुनु,
घ) राष्ट्रिय अन्तरराष्ट्रिय रुपमा सरकारले समावेशी शिक्षाका लागि प्रतिवद्धता जाहेर गरेको अवस्था विद्यमान हुनु ।

### ४.३.६ लक्ष्य

समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चता  गर्ने ।

### ४.३.७ उद्देश्य

क) अपाङ्गता भएका बालबालिकाको कार्यगत सिमीतता पहिचान पद्धति स्थापना गर्नु,
ख) अपाङ्गतामैत्री विद्यालय भौतिक पूर्वाधारको व्यवस्था गर्नु ,
ग) अपाङ्गता भएका, लोपोन्मुख, अति सिमान्तकृत, अति विपन्न  र जोखिममा रहेका बालबालिकालाई सबै तहको शिक्षामा समान  पहुँचको अवस्था  सुनिश्चित गर्नु,
घ) समावेशी शिक्षा र सिकाइमा समुदाय तथा अभिभावकको भूमिका वृद्धि गर्नु।

### ४.३.८ रणनीति

क) स्थानीय तहमा समावेशी शिक्षाको नीतिगत व्यवस्था गर्ने,

ख) प्रारम्भिक पहिचान पद्धति विकास गरी अपाङ्गता तथा सिकाइ सीमितता पहिचान गर्ने,

ग) विद्यालयको भौतिक संरचना सुधार गरी अपङ्गतामैत्री बनाउने,

घ) समावेशी शिक्षाका लागि आवश्यक सक्षमता विकास गर्ने,

ङ) समावेशी शिक्षण सिकाइ वातावरण सिर्जना गर्ने।

### ४.३.९ कार्यनीति

क) समावेशी शिक्षाको नीति तय गरी कार्यान्वयनमा ल्याइने छ ।

ख) विद्यालयमा अपाङ्गता भएका बालबालिकाको कार्यगत सिमीतता पहिचान (Early screening of functional limitations) गर्ने पद्धति विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

ग) विद्यालयको भौतिक संरचनालाई अपाङ्गतामैत्री बनाइनेछ ।

घ) अपाङ्गता भएका लोपोन्मुख अति विपन्न तथा जोखिममा रहेका बालबालिकाहरूको उच्च शिक्षा सम्मको अध्ययनका लागि विशेष छात्रवृत्ति कार्यक्रम तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

ङ) अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच बढाउन ब्रेल तथा साङ्केतिक भाषाका सिकाइ सामग्री विकास गरिनेछ ।

च) समावेशी शिक्षामा सक्रियता बढाउन अभिभावक शिक्षा कार्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ ।

छ) बालक्लब, जुनियर रेडक्रस सर्कल, स्काउट जस्ता सञ्जालहरू समावेशी सिकाइ वातावरण तयार गर्न परिचालन गरिनेछ ।

ज) सिकाइ सिमितता पहिचान भएका बालबालिकाका लागि व्यक्तिगत सिकाइ योजना विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

झ) सिकाईको विश्वव्यापी ढाँचा (UDL) को सिद्धान्तमा आधारित शिक्षण सिकाइका लागि शिक्षकको क्षमता विकास गरिने छ ।

ञ) विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिने छ ।

ट) बालबालिकाको नियमित स्वास्थ्य परीक्षण गरी आवश्यक रेफर सेवा प्रदान गरिनेछ ।

ठ) गैर सरकारी संघसस्थाको समन्वय र सहकार्यमा समावेशी शिक्षाका लागि आवश्यक शैक्षिक सामग्री विकास गरी प्रयोगमा ल्याइनेछ ।

ड) अपाङ्गता भएका बालबालिकालाई अत्यावश्यक उपकरण( ह्वीलचेयर, छडी, आदि) सहयोग गरी शिक्षण सिकाइ प्रक्रियामा सक्रिय बनाइने छ ।

ढ) स्रोत कक्षा सञ्चालन भएका विद्यालयको शैक्षिक वातावरण सुधार गरी सुरक्षित सिकाइ वातावरण सिर्जना गरिने छ ।

### ४.३.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| नगरपालिका स्तरीय समावेशी शिक्षाको | पटक | १ | ० | स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| नीति विकास र कार्यान्वयन | | | | |
| अपाङ्गतामैत्री विद्यालय वातावरण निर्माणका लागि भौतिक सुधार संस्थागत सुदृढीकरण | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| अपाङ्गता भएका बालबालिकाको कार्यगत सिमीतता सहितको सूचना सङ्कलन तथा प्रयोग | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच सुनिश्चित गर्न उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| अपाङ्गतासम्बन्धी बालबालिकाको कार्यगत सिमीतता पहिचान गर्ने पद्धति विकास | विद्यालय | ५९ | ५९ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| कार्यगत सिमीतता पहिचान गर्न अत्यावश्यक सक्षमता विकास | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| अपाङ्गता तथा समावेशी शिक्षा सम्बन्धी अभिभावक सचेतना विकास कार्यक्रम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| समावेशी शिक्षाका लागि आवश्यक सिकाइ सामग्री विकास र तिनको उपलब्धता | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| सिकाइ सिमीतता भएका बालबालिकाहरूका लागि शैक्षिक सहयोग कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| नियमित स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | विद्यालय | ५९ | ५९ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |
| अपाङ्गता भएका बालबालिकाका लागि | सङ्ख्या | १०० | १०० | संघ, प्रदेश, स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| सहायता सामग्रीको व्यवस्था (श्रवण यन्त्र, ह्वीलचेयर, छडि लगायत) | | | | सरकार र गैर सरकारी निकाय |
| स्रोत कक्षा सञ्चालित विद्यालयको सिकाइ वातावरण सुधार कार्यक्रम | सङ्ख्या | १ | १ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकाय |

#### ४.३.११ अपेक्षित उपलब्धि

क) सबै विद्यालयहरूमा अपाङ्गतामैत्री वातावरणमा कक्षा सञ्चालन भएको हुने,

ख) सबै विद्यालयहरूमा अपाङ्गता भएका बालबालिकाको कार्यगत सिमीतताको पहिचान गर्ने पद्धति विकास तथा कार्यान्वयन भएको हुने,

ग) विद्यालयका शिक्षकहरूले अपाङ्गता सम्बन्धी शिक्षण सिकाइका लागि तालिम प्राप्त गरेको अवस्था हुने,

घ) अभिभावकहरूमा अपाङ्गता सम्बन्धी सचेतना विकास भइ अपाङ्गता भएका बालबालिकालाई शैक्षिक सहजीकरण गर्ने गरेको अवस्था हुने,

ङ) अपाङ्गता भएका बालबालिकाको कार्यगत सिमीतता सहितको सूचना सङ्कलन तथा प्रयोग भएको अवस्था हुने,

च) बाल क्लव तथा जुनियर रेडक्रस सर्कल लगायतका क्लवहरू विद्यालय तथा समुदायमा समावेशी सिकाइ वातावरण निर्माणमा सक्रिय भएको हुने,

छ) सिकाइ सिमीतता भएका बालबालिकाले अतिरिक्त सिकाइ सहयोग कार्यक्रममा सहभागी भइ शैक्षिक उपलब्धिमा सुधार भएको हुने,

ज) अपाङ्गता भएका बालबालिका लक्षित शैक्षिक सामग्री विकास तथा प्रयोग भएको हुने,

झ) अपाङ्गता भएका बालबालिकाले उच्च शिक्षा अध्ययन छात्रवृत्ति प्राप्त गरी शैक्षिक निरन्तता प्रदान गरेको हुने,

ञ) विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले समावेशि शिक्षा सम्बन्धी तालिम प्राप्त गरी प्रयोगमा ल्याएको हुने,

ट) स्रोत कक्षा सञ्चालित विद्यालयको सिकाइ वातावरण सुधार भइ सुरक्षित वातावरणमा सिकाइ क्रियाकलाप सञ्चालन भएको हुने,

ठ) अपाङ्गता भएका बालबालिकाले शैक्षिक उपकरण सहयोग प्राप्त गरी विद्यालयमा निरन्तरता प्रदान गरेको हुने,

ड) आवधिक रुपमा बालबालिकाको स्वास्थ्य परीक्षण भइ आवश्यक रेफर सेवा प्राप्त गरेको हुने।

### ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

#### ४.४.१ परिचय

बालबालिकाको वृद्धि र विकासका लागि पोषण युक्त खाना अपरिहार्य हुन्छ । पोषणयुक्त खाना खाएमा मात्र स्वस्थ्य जीवनको अवस्था सुनिश्चित हुन्छ । त्यसैले पोषणयुक्त खानाबाट नै स्वस्थ जीवनको सुरुवात हुने गर्छ । नेपाल सरकारले कलिलो उमेरबाट नै बालबालिकाका लागि शैक्षिक प्रबन्ध गरेको अवस्था छ । चार वर्ष उमेर भएका बालबालिका प्रारम्भिक बाल विकास र शिक्षाका कार्यक्रममा सहभागी हुने गर्छन् । यस अर्थमा पनि सानो उमेर समुहबाट नै विद्यालयमा आधारित पोषणयुक्त खानाको प्रबन्ध अनिवार्य जस्तै हुन्छ । विद्यालयमा

आएका बालबालिकाहरूको पोषणयुक्त खाजा व्यवस्थापन गर्न प्रारम्भिक बालविकासदेखि कक्षा ६ सम्म पढिरहेका विद्यार्थीहरूका लागि दिवा खाजा कार्यक्रमका रूपमा नेपाल सरकारले बजेट व्यवस्थान गर्दै आएको छ । यो बजेट सशर्त अनुदानका रूपमा स्थानीय तहमा जाने व्यवस्था रहेको छ । यो बजेटका लागि विद्यालयहरूले स्थानीय तहमा बजेट माग गरी विद्यार्थीहरूलाई खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने गरी व्यवस्थापन हुँदै आएको अवस्था छ ।

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको प्रत्यक्ष सम्बन्ध रहन्छ । स्वास्थ्य तथा पोषणको उचित व्यवस्थापनबाट बालबालिकाको सिकाइमा सहभागिता बढाउँछ । सिकाइमा हुने सहभागिताले उनीहरूको सिकाइ उपलब्धि सुधार गर्न सहज हुन्छ । त्यसै गरी बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ व्यक्तिगत तथा विद्यालय र घरपरिवारमा हुने सरसफाइको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ । त्यसैले विद्यालयमा आधारित स्वच्छताको अभ्यास गर्नु सान्दर्भिक हुन्छ । प्रारम्भिक स्वास्थ्य जाँच तथा त्यसका आधारमा गरिने रेफर सेवाले सिकारुको स्वास्थ्य तथा सिकाइमा सकारात्मक प्रभाव पार्ने छ । यस्ता आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्ने गरी विद्यालय स्वास्थ्य तथा पोषणका कार्यक्रम सञ्चालन महत्वपूर्ण हुन्छ ।

दिवा खाजा कार्यक्रमका धेरै सकारात्मक प्रभाव देखिएका छन् । विद्यार्थीको विद्यालयमा सहभागिता बढेको छ । भर्ना, हाजिरी र कक्षा पूरा गर्ने दरमा वृद्धि भएको छ । सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव परेको छ। सन् २०१८ मा नेपालमा गरिएको अध्ययनले दिवा खाजा खुवाएको विद्यार्थी दिवाखाजा नखुवाएको अन्य विद्यार्थीको तुलनामा ०.८८ वर्ष विद्यालयमा बढी समय टिकेको पाइएको छ । यसै गरी नेपालको दिवा खाजा

कार्यक्रममा भएको प्रत्येक एक डलर बराबरको लगानी खर्च ले पाँच दशमलव दुई डलर बराबरको प्रतिफल दिने कुरा लागत लाभ विश्लेषणले देखाएको छ (शिक्षा तथा मानव स्रोत विकास केन्द्र स्रोत पुस्तिका २०७७) । यसबाट पनि दिवाखाजाको व्यवस्थालाई थप व्यवस्थित गर्नु पर्ने अवस्था देखिन्छ ।

### ४.४.२ विद्यमान अवस्था

अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवम् नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेको छ । यो विषयलाई विद्यालय क्षेत्र विकास कार्यक्रम, पन्ध्रौं योजनाको आधारपत्र, एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत प्रावधान गरेको छ ।

कम्तीमा ३० प्रतिशत पोषण परिपूरक हुने विविधतामूलक आहार उपलब्ध गराएर विद्यालयमा बालबालिकाको स्वास्थ्य र पोषण स्थितिमा सुधार गर्नु पर्ने व्यवस्था गरिएको छ । संघबाट वर्षेनी करीव ९ अर्व बराबरको रकम दिवा खाजाका रूपमा स्थानीय तहलाई हस्तान्तरण गरिदै आएको अवस्था छ । समग्रमा केही विद्यालयमा दिवा खाजा व्यवस्थापन सन्तोषजनक भएको र केही विद्यालयमा नभएको अवस्था देखिन्छ । दिवा खाजा कार्यक्रम मापदण्डमा आधारित हुनु पर्ने गरी निर्देशिका तयार भएको छ । तर अभ्यासमा विद्यालयले मापदण्ड अबलम्बन गर्ने गरेको अवस्था प्राय देखिदैन । पौष्टिक हिसाबले पनि हरेक क्यालोरी मिलाउने गरी दिवा खाजा व्यवस्थापन हुन सकेको देखिँदैन ।

कोशी प्रदेशको अवस्थाले स्वास्थ्य तथा पोषणमा थप प्राथमिकता प्रदान गर्नु पर्ने देखाएको छ । नेपाल राष्ट्रिय जनासांख्यिकी तथा स्वास्थ्य सर्वेक्षण २०२२ (NDHS 2022) को तथ्य अनुसार प्रदेशमा ५ वर्षमुनिका बालबालिकाहरु मध्ये २९ प्रतिशत पुडका छन् । यो राष्ट्रिय औषत भन्दा माथि रहेको छ । बिगत ५ वर्षमा यस प्रदेशमा पुडका बालबालिकाको संख्या बढेको देखाएको छ। त्यसै गरी सर्वेक्षणले प्रदेशका १७ प्रतिशत

बालबालिका कम तौलका र करिब १० प्रतिशत बालबालिका ख्याउटे रहेका छन् । यस परिवेशमा विद्यालय दिवा खाजा कार्यक्रम निकै उपयोगी र जरुरी देखिन्छ ।

### ४.४.३ समस्या

क) दिवा खाजा व्यवस्थापनका लागि आवश्यक भौतिक संरचना विकास नहुनु,
ख) दिवा खाजा व्यवस्थापनका लागि आवश्यक भान्से, भाँडाकुँडा आदिको प्रबन्ध नहुनु,
ग) स्थानिय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्न कठिनाइ हुनु,
घ) दिवा खाजा व्यवस्थापन प्रति विद्यालय व्यवस्थापन र प्रधानाध्यापकको कम चासो रहनु,
ङ) स्थानीय तहबाट दिवा खाजा व्यवस्थापन सम्बन्धी स्थानीय आवश्यकता र परिवेशमा आधारित कार्यविधि विकास नहुनु,
च) दिवा खाजा व्यवस्थापनको अनुगमन नहुनु,
छ) सरोकारवालामा पोषण सम्बन्धी उपयुक्त ज्ञानको कमी रहनु,
ज) दिवाखाजा पोषण तथा स्वास्थ्यलाई एकीकृत रूपमा सञ्चालन हुन नसक्नु,
झ) दिवा खाजा पश्चातको फोहोर उचित व्यवस्थापन नहुनु,
ञ) लागत सझेदारीको अवधारणा अनुसार दिवा खाजा व्यवस्थापन गर्ने कार्य नहुनु,
ट) स्थानीय तहबाट दिवा खाजाको थप व्यवस्थापनका लागि आवश्यक भौतिक पूर्वाधार विकास मानव स्रोत व्यवस्थापन गर्ने योजना तथा बजेटको व्यवस्थापन नहुनु।

### ४.४.४ चुनौती

क) उपयुक्त भौतिक वातावरणमा दिवा खाजा व्यवस्थापन गर्नु,
ख) स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्नु,
ग) दिवा खाजाको व्यवस्थापन तथा विस्तारका लगि आवश्यक बजेटको प्रबन्ध गर्नु,
घ) लागत साझेदारीमा दिवा खाजालाई निरन्तरता प्रदान गर्नु,
ङ) विद्यालयमा स्वास्थ्य सम्बन्धी जानकारी प्रदान गर्ने दक्ष जनशक्तिको अभाव हुनु,
च) बालबालिकालाई नियमित रूपमा स्वास्थ्य उपचार गर्ने पद्धति विकास नहुनु,
छ) विद्यालयमा प्राथमिक उपचार कक्ष तथा अत्यावश्यक सामग्री लगायतका औषधिहरूको व्यवस्थापन नहुनु,
ज) दिवा खाजा तथा विद्यालय स्वास्थ्य कार्यक्रमको अनुगमन नहुनु।

### ४.४.५ अवसर

क) संघ सरकारबाट सन् २०३० सम्म दिवा खाजा व्यवस्थापनका लागि योजना तथा कार्यक्रम स्वीकृत हुनु,
ख) दिवा खाजाका कारण विद्यालयमा विद्यार्थीको निरन्तरता बढ्नु र सकारात्मक प्रभाव देखिनु,
ग) स्थानीय सरकारले शैक्षिक गुणस्तरमा सुधार गर्ने लक्ष्य लिनु,
घ) स्थानीय सरकारलाई आवश्यक कार्यविधि तयार गरी एकीकृत विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गर्ने अधिकार र अवसर हुनु।

### ४.४.६ लक्ष्य

सफा सुरक्षित र उपयुक्त वातावरणमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरी बालबालिकाको गुणस्तरीय स्वास्थ्य र सिकाइको अवस्थामा सुधार गर्ने ।

### ४.४.७ उद्देश्य

क) उपयुक्त भौतिक वातावरण सिर्जना गरी स्थानीय कृषि उपजमा आधारित दिवा खाजा व्यवस्थापन गर्नु,

ख) विद्यालयमा विद्यार्थीको उपस्थिति नियमित गराउनु, बिचैमा छाड्ने दरमा कमी ल्याउनु र सिकाइमा सुधार गर्नु,

ग) बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार गरी निरन्तर सिकाइका लगि अभिप्रेरित गर्नु।

### ४.४.८ रणनीति

क) विद्यालयको भौतिक संरचनामा भान्सा तथा स्टोर कक्षको प्रबन्ध गर्ने,

ख) विद्यालयमा उचित खानेपानी, स्वास्थ्य र सरसफाइ सहितको दिवा खाजाको प्रबन्ध गर्ने,

ग) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई एकीकृत गरी स्थानीय उपजमा आधारित दिवा खाजाको व्यवस्थापन मार्फत् स्थानीय कृषि उत्पादनको अवस्थामा सुधार गर्ने।

### ४.४.९ कार्यनीति

क) विद्यालय स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

ख) वहुक्षेत्रीय एकीकृत विद्यालय स्वास्थ्य तथा पोषण योजना विकास गरी कार्यान्वयन गरिनेछ ।

ग) स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गर्न विद्यालयलाई प्रोत्साहन तथा सहजीकरण गरिने छ ।

घ) बालबालिकाका लागि स्वास्थ्य उपचार तथा स्वास्थ्य सम्बन्धी परामर्शका लागि एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन गरिनेछ ।

ङ) स्थानीय गैर सरकारी निकायहरूको साझेदारीमा विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था गरिनेछ ।

च) दिवा खाजा तथा पोषण युक्त खानाका सम्बन्धमा अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

छ) गैर सरकारी निकायहरूलाई दिवा खाजा व्यवस्थापन तथा विद्यालय पोषण कार्यक्रम सञ्चालनमा परिचालन गरिनेछ ।

ज) स्वास्थ्य शाखाको समन्वय र सहकार्यमा विद्यालयका बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्याबलेटको (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण गरिने छ ।

झ) सुरक्षित विद्यालय अवधारणा अनुसार विद्यालयको घेरावार, कम्पाउण्ड लगायतका पक्षहरूमा सम्भाव्यता र आवश्यकताका आधारमा सुधार गरिने छ ।

ञ) विद्यालय स्वास्थ्य तथा दिवा खाजा व्यवस्थापन सम्बन्धी कार्यक्रम विद्यालय सुधार योजनामा समावेश गर्न प्रोत्साहन गरिने छ ।

ट) स्थानीय उत्पादनमा आधारित दिवा खाजा मेनु विकास गरी कार्यान्वयन गरिने छ ।

ठ) स्वास्थ्य तथा पोषणसम्बन्धी स्थानीय पाठ्यक्रम निर्माण/परिमार्जन लगायतका काममा आवश्यक क्षमता गरिनेछ ।

### ४.४.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| विद्यालय स्वास्थ्य पोषण तथा दिवा | पटक | १ | संशोधन १ | स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| खाजा सम्बन्धी कार्यविधि विकास र कार्यान्वयन | | | | |
| विद्यालयको न्यूनतम भौतिक संरचना विकास Kitchen, store room, water facilities, utensils, change room, toilets etc.) | पटक | १ | १ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| एकीकृत विद्यालय स्वास्थ्य तथा पोषण योजना विकास र कार्यान्वयन | स्थानीय तह | १ | १ | स्थानीय सरकार |
| स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन | स्थानीय तह | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन | सङ्ख्या | २ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था | सङ्ख्या | ५९ | ५९ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| प्राथमिक उपचार किटको सम्बन्धी शिक्षक अभिमुखीकरण कार्यक्रम | सङ्ख्या | २ | ३ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| विद्यालयका बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच जुकाको , तत्व पोषक सूक्ष्म तथा औषधि र ए भिटामिन) ट्याबलेटको प्रदायक आदि एसिड फोलिक आइरन) को वितरण | सङ्ख्या | ५९ | ५९ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा व्यवस्थापनका लागि जबाफदेही संयन्त्र विकास | सङ्ख्या | ५९ | ५९ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| पालिका तहमा दिवा खाजा सम्बन्धी मेनु विकास | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| दिवा खाजा व्यवस्थापन | सङ्ख्या | ५९ | ५९ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| विद्यालयको घेरावार, कम्पाउण्ड लगायतका पक्षहरूमा सम्भाव्यता र आवश्यकताका आधारमा सुधार गर्न | सङ्ख्या | २५ | ५९ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| विद्यालय स्वास्थ्य तथा पोषण र दिवा खाजा सम्बन्धी स्थानीय | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |

| | | | | |
|---|---|---|---|---|
| पाठ्यक्रम विकास तथा कार्यान्वयनमा स्थानीय निकायलाई सहजीकरण | | | | |

### ४.४.११ अपेक्षित उपलब्धि

क) दिवा खाजा कार्यविधि विकास भई कार्यान्वयनमा आएको हुने,

ख) विद्यालयको न्यूनतम भौतिक संरचना विकास (Kitchen, store room, water facilities, utensils, change room, toilets etc.) भई दिवा खाजा व्यवस्थापनमा प्रयोगमा आएको हुने,

ग) एकीकृत विद्यालय स्वास्थ्य तथा पोषण योजना विकास र कार्यान्वयनमा आएको हुने,

घ) स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन भएको हुने,

ङ) एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन भई स्वास्थ्य र पोषण सम्बन्धमा बालबालिकाहरूले उचित परामर्श पाएको हुने,

च) विद्यालयमा प्राथमिक उपचार किटको व्यवस्था भई प्रयोगमा आएको हुने,

छ) बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटको (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) वितरण भएको हुने,

ज) स्थानीय तहमा स्थानीय उत्पादनमा आधारित दिवा खाजा मेनु विकास भइ प्रयोगमा आएको हुने,

झ) विद्यालयहरूले दिवा खाजा व्यवस्थापन गरेको हुने,

ञ) विद्यालयको घेरावार, कम्पाउण्ड, उचित खानेपानी लगायतका पक्षहरूमा सुधार भइ विद्यालयहरू सुरक्षित हुने,

ट) विद्यालय स्वास्थ्य तथा पोषण र दिवा खाजा सम्बन्धी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनमा आएको हुने,

## ४.५ विद्यालय सुरक्षा, विपद् न्यूनिकरण तथा उत्थानशिलता

### ४.५.१ परिचय

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७ जारी गरी कुनै पनि अवस्थामा विपद तथा प्राक्रितिक प्रकोप, महामारी, द्वन्द एवम् युद्धको अवस्थामा बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्नु पर्ने कानुनी दायित्व प्रदान गरेको अवस्था छ । यस प्रकारको व्यवस्थाले नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा पाउने अधिकारको सुनिश्चितता गर्न थप सहयोग गर्छ । जुन सुकै अवस्थापमा पनि निर्वाधरूपमा शिक्षा पाउनुलाई बालबालिकाको मौलिक अधिकारका रूपमा रहेको हुनछ । आपत्कालीन अवस्थामा पनि उनीहरूले निरन्तर पढन पाउने अवस्था सिर्जना गर्नु सरकारको दायित्व हो । यस अर्थमा पनि स्थानीय तहमा बन्ने शिक्षाका योजनाले आपत्कालीन शिक्षाको योजना तयार गर्नु नितान्त जरुरी हुन्छ।

आपत्कालिन शिक्षाले बालबालिकामा संकट तथा जोखिमका अवस्थापमा मनोवैज्ञानिक डर त्रास हटाइ सहज वतावतरण सिर्जना गर्न र सामाजिक समायोजन गर्न सघाउँछ । उनीहरूको शारीरिक वृद्धि, विकास, संरक्षण गर्नमा पनि सघाउँछ । यसरी आपत्कालमा संकटपूर्ण अवस्थाबाट पर्ने मनोवैज्ञानिक त्रास हटाउने, सहव वातावरण सिर्जना गर्न, न्यूनतम सिकाइ वातावरणमा सिकाइलाई निरन्तरता प्रदान गर्ने, आपतकालिन समयमा हुन

सक्ने विभिन्न प्रकारका शोषणबाट बालबालिकालाई सुरक्षित राख्ने, सुरक्षित सिकाइ स्थल तयार गरी शिक्षालाई निरन्तरत प्रदान गर्ने क्रियाकलाप आपत्कालिन शिक्षामा गरिन्छ । त्यसै गरी शारीरिक तथा मानसिक तनाव, स्वास्थ्य सम्बन्धी समस्या, रोग, महामारी आदिबाट बच्ने उपायका बारेमा सचेत गराउने गरिन्छ । भेदभाव, अपहेलना झगडा, हानी, दुरव्यवहार, र हिंसाबाट सुरक्षित राख्ने जस्ता कार्य आपत्कालिन शिक्षामा गर्ने गरिन्छ । यसका लागि सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रम तय गरिन्छ।

आपतकालिन शिक्षामा जोखिमको पूर्व तयारी (Preparedness), क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) र आपतकाल पश्चात क्षतिको आपूरण (Recovery) जस्ता पक्षहरू समेटिएको हुन्छ । विशेषगरी लामो द्वन्द्वको परिवेश, विनाशकारी भूकम्प, आगलागी, बाढी लगायतका विभिन्न समय र स्थानमा घट्नसक्ने प्राकृतिक प्रकोप, कोभिड-१९ जस्ता महामारीको प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुन नदिन र शैक्षिक अवरोध हटाइ शैक्षिक निरन्तरता प्रदान गर्न आपतकालिन शिक्षाको योजना तथा कार्यक्रम अत्यावश्यक हुन्छ ।

सन् २०१५ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरुको साधारण सभाको शिखर सम्मेलनले दिगो विकासका १७ लक्ष्य तय गरेको थियो । यसले कूल १६९ सहायक लक्ष्यहरु निर्धारण गरेको थियो । नेपालले पनि सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने लक्ष्य हासिल गर्ने प्रतिवद्धता जाहेर गरेको छ । यसका लागि राष्ट्रिय कार्ययोजना तयार गरी रहेको छ । नेपाल पनि संयुक्त राष्ट्र संघको सदस्य भएको नाताले उक्त लक्ष्य प्राप्त गर्नका लागि सम्बन्धित क्षेत्रमा आवश्यक योजनासहित प्रस्तुत हुनु पर्ने अवस्थाका र कारण हालै मात्र कार्यान्वयनमा आएको शिक्षा क्षेत्र सुधार योजनाले पनि दिगो विकास लक्ष्य लाई केन्द्र विन्दुमा राखेको छ ।

### ४.५.२ विद्यमान अवस्था

नेपालले दिगो विकास लक्ष्य (सन् २०१५-२०३०), जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता (२०१५) र विपद् जोखिम न्युनीकरणका लागि सेण्डाई कार्यढाँचा (२०१५-२०३०) लगायतका विभिन्न सम्झौता कार्यान्वयन गर्ने प्रतिवद्धता जनाएको छ । यी अन्तर्राष्ट्रिय प्रतिवद्धता कार्यान्वयन गर्नको लागि नेपालले संघीय, प्रादेशिक र स्थानीय तहमा विपद जोखिम न्युनीकरण सम्बन्धी रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने नीति अख्तियार गरेको छ ।

नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । धारा ३७ ले उपयुक्त आवासको हक प्रदान गरेको छ । राज्यका नीतिहरु अन्तर्गत धारा ५१ (छ) मा प्राकृतिक साधन श्रोतको संरक्षण, सम्वर्धन र उपयोग सम्बन्धी नीति रहेको छ । जस अन्तर्गत जल उत्पन्न प्रकोप नियन्त्रण, औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिम न्युनीकरण, वन, वन्यजन्तु, वनस्पती तथा जैविक विविधताको संरक्षण, वातावरणीय प्रभाव न्युनीकरण एवं प्राकृतिक प्रकोपबाट हुने जोखिम न्युनीकरण गर्न पुर्व सुचना, तयारी, उद्धार, राहत एवं पुनरुथापना गर्ने नीतिगत प्रावधान रहेका छन् । यीनै नीतिगत प्रावधानका आधारमा तिन ओटै तहमा बन्ने योजनामा विपत् सम्बन्धी योजना समेत समावेश गर्ने अभ्यासको थालनी भएको छ । कोशी प्रदेशले पनि प्रादेशिक विपत् व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

सोलुदुधकुण्ड नगरपालिकामा पनि विभिन्न प्रकारका विपतका घटना हुने गरेका छन् । बाढी, पहिरो, भूकम्प तथा आगलागी आदि केही प्रमुख रहेका छन् । त्यसै गरी स्वास्थ्य सम्बन्धी महामारीबाट पनि समय

समयमा धनजनको क्षति हुने गरेको छ । सडक दूर्घटना तथा चटयाङ्बाट पनि धनजनको क्षति हुँदै आएको अवस्था छ ।

### ४.५.३ समस्या

क) विद्यालय निर्माणलाई विपद् जोखिम न्यूनीकरणमैत्री बनाउन नसक्नु,

ख) समुदायस्तरमा विपद र यसको व्यवस्थापन सम्बन्धी सचेतनाका कार्यक्रम पुऱ्याउन नसक्नु,

ग) विपद व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्तिको अभाव रहनु,

घ) विपद् पूर्वतयारीको क्षेत्रमा अपेक्षित कार्य हुन नसक्नु,

ङ) विपद्का क्षेत्रमा क्रियाशील सरकारी र गैरसरकारी संघ संस्थाहरूबिच उचित समन्वय नहुनु,

च) प्राकृतिक साधन स्रोतको अन्धधुन्ध दोहन गरिनु,

छ) विपद व्यवस्थापन सम्बन्धी प्रतिकार्य योजना तयार भइ कार्यान्वयनमा जान नसक्नु,

ज) विपद व्यवस्थापनको लागि तदर्थ व्यवस्था कार्यान्वयन नगरिनु,

झ) विपद जोखिम व्यवस्थापन उत्थानशील क्षमता विकास हुन नसक्नु,

ञ) विद्यालयहरू जोखिमपूर्ण जमिनमा बन्नु,

ट) विद्यालय भवन निर्माणमा विपद जोखिम व्यवस्थापन मापदण्ड अनुसरण नगरिनु,

ठ) आपत्कालिन शिक्षा योजना तथा विद्यालय सुरक्षा योजना विकास नहुनु।

### ४.५.४ चुनौती

क) मापदण्डमा आधारित विद्यालय भौतिक संरचना विकास गर्नु,

ख) जोखिमपूर्ण अवस्थामा रहेका विद्यालय भवनको पूनर्निर्माण गर्नु,

ग) विपद् व्यवस्थापन सम्बन्धी सक्षमता विकास गरी परिचालन गर्नु,

घ) विपद् व्यवस्थापनका लागि अत्यावश्यक आर्थिक लगानी सुनिश्चित गर्नु,

ङ) विपद् उत्थानशीलता क्षमता विकास गर्नु,

च) विद्यालयमा आधारित विपद प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्नु।

### ४.५.५ अवसर

क) स्थानीय सरकारले विपद् व्यवस्थापनका लागि चासो दिनु,

ख) संघद्वारा विपद व्यवस्थापन सम्बन्धी कानुनी तथा संरचनागत प्रबन्ध गरिनु,

ग) स्थानीय सरकारलाई विपद व्यवस्थापन सम्बन्धी कार्यक्रम विकास गरी कार्यान्वयन गर्ने अधिकार हुनु।

### ४.५.६ लक्ष्य

आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा बालबालिकाको सुरक्षा प्रदान गरी शिक्षालाई निरन्तरता दिने।

### ४.५.७ उद्देश्य

क) विपद उत्थानशील क्षमता र पद्धति विकास गर्नु,

ख) जोखिम न्यूनीकरण गर्नु,

ग) विपद प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्नु ।

### ४.५.८ रणनीति

क) आपतकालिन शिक्षा सम्बन्धी आवश्यक रणनीति र कार्ययोजना तयार गर्ने,

ख) विद्यालयको संकटापन्नता तथा सक्षमताको लेखाजोखा (Vulnerability and capacity Assessment- VCA) गरी यसका आधारमा विपद व्यवस्थापन तथा आपतकालिन शिक्षा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने,

ग) विपद व्यवस्थापनका लागि अत्यावश्यक सक्षमता विकास गर्ने,

घ) आपतकालिन शिक्षा योजना विकास गरी कार्यान्वयन गर्ने,

ङ) बालबालिकाको सुरक्षाका लागि न्यूनतम पूर्वाधारको व्यवस्था गर्ने,

च) विद्यालयको भौतिक संरचनालाई उत्थानशील बनाउने।

### ४.५.९ कार्यनीति

क) नगरस्तरीय विपद व्यवस्थापन सम्बन्धि नीति तथा मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।

ख) संकटासन्नताको मूल्याङ्कन (Vulnerability and capacity Assessment- VCA)कार्य गरिनेछ ।

ग) संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको योजना तयार गरी कार्यान्वयन गरिने छ।

घ) विपद प्रतिरोधी भौतिक पूर्वाधारको विकास गरिने छ ।

ङ) विशेष आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार सिकाइ सामग्रीको व्यवस्थापन गरिने छ।

च) सबै बालबालिकासँग आधारभूत सिकाइ सामग्रीहरू जस्तै पाठ्यपुस्तक, कलम, कापी, स्वाध्ययन सामग्री, स्टेसनरी आदिको सुनिश्चित गरी सिकाइलाई निरन्तरता प्रदान गरिने छ ।

छ) शैक्षिक सेवा सुनिश्चिताका लागि आवश्यक हुने यन्त्र, उपकरण, खाद्यान्न, पोषाक तथा अन्य राहत सामग्रीहरूको प्रबन्ध गरिने छ ।

ज) फर्निचर, शौचालय, पर्याप्त प्रकाश र हावा आवत जावत गर्न सक्ने कक्षाकोठा, स्वास्थ्य तथा सरसफाइका लागि साबुन, पानी, सेनिटाइजर आदिको उचित प्रबन्ध गरी बालबालिकाको सुरक्षाका लागि न्यूनतम पूर्वाधारको व्यवस्था गरिने छ ।

झ) शिक्षक, प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनका पदाधिकारीहरूको विपद व्यवस्थापन तथा आपतकालिन शिक्षाका लागि अत्यावश्यक सक्षमता विकास गरिने छ ।

ञ) विपतका समयमा तत्काल सहयोग गर्न पालिका तहमा विपद् व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण गरिने छ ।

ट) स्वास्थ्य केद्रसँग समन्वय गरी आपतकालिन सहयोग डेस्क खडा गरी परिचालन गरिने छ ।

ठ) विपदका समयमा शिक्षक तथा सिकारुका लागि मनोसामाजिक परामर्शको व्यवस्था, हिंसा/ दुर्व्यवहारको सुनुवाईमा पहुँचको व्यवस्था गरिने छ ।

ड) हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास लक्ष्य केन्द्रित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

ढ) विपद व्यवस्थापन तथा जलवायु परिवर्तन लगायतका आपतकालिन शिक्षाको निरन्तरतामा आधारित रेडियो कार्यक्रम विकास गरी कार्यान्वयन गरिने छ ।

ण) समुदाय तहमा विपद पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताका लागि सचेतना विकास कार्यक्रम सञ्चालन गरिने छ ।

### ४.५.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण तथा पुनरावलोकन कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| संकटासन्नता मूल्याङ्कन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विद्यालयमा आधारित विपत प्रतिकार्य योजना विकास तथा कार्यान्वयन | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपद प्रतिरोधी विद्यालय भवन तथा कक्षाकोठा निर्माण | सङ्ख्या | ४ | ७ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| प्र अ तथा विद्यालय व्यवस्थापन समितिका पदाधारीलाई विपद व्यवस्थापन सम्बन्धि क्षमता विकास | सङ्ख्या | ५९ | ५९ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिलताका लागि अभिभावक सचेतना विकास कार्यक्रम सञ्चाल | विद्यालय | ५९ | ५९ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशिल क्षमता विकास | सङ्ख्या | १०० | १९० | संघ, प्रदेश सरकार, स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| सम्बन्धी शिक्षकको पेसागत विकास तालिम | | | | सरकार र गैर सरकारी निकायहरू |
| नगरपालिका स्तरीय आपतकालिन डेस्क सञ्चालन | सङ्ख्या | १ | ७ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| आपतकालिन शिक्षा योजना विकास र कार्यान्वयन | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपद्का समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्श सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन | सङ्ख्या | ५ | ५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपद् व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सिकाइ निरन्तरताका लागि यन्त्र, उपकरण, खाद्यान्न, पोषाक तथा अन्य राहत सामग्रीहरूको प्रबन्ध | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विपद्का समयमा हुने शैक्षिक क्षति आपूरण सम्बन्धी सिकाइ सहयोग कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैर सरकारी निकायहरू |

### ४.५.११ अपेक्षित उपलब्धि

क) विपद तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण  तथा पुनरावलोकन भइ अद्यावधिक भएको हुने,

ख) सबै विद्यालयको संकटापन्नता मूल्याङ्कन भएको हुने,

ग) विद्यालयमा आधारित विपत प्रतिकार्य योजना विकास तथा कार्यान्वयन भएको हुने,

घ) विपदका समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्श सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने,

ङ) विपत व्यवस्थापनका न्यूनतम सामग्रीहरूको भण्डारण भइ आपतकालिन समयमा प्रयोगमा आएको हुने,

च) विपद प्रतिरोधी विद्यालय भवन तथा कक्षाकोठा निर्माण भइ सुरक्षित विद्यालयमा बालबालिकाहरूले अध्ययन गर्ने अवसर पाएको हुने,

छ) प्रअ तथा विद्यालय व्यवस्थापन समितिका पदाधारीहरूको विपद व्यवस्थापन सम्बन्धी सक्षमता विकास भइ प्रयोगमा आएको हुने,

ज) विपदका समयमा शिक्षक तथा सिकारु केन्द्रित मनोसामाजिक परामर्श सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको हुने,

झ) आपतकालिन शिक्षा योजना विकास र कार्यावयन भएको हुने,

ञ) सिकाइ निरन्तरताका लागि यन्त्र, उपकरण, खाद्यान्न, पोषाक तथा अन्य राहत सामग्रीहरूको प्रबन्ध भइ सिकाइको निरन्तरता भएको हुने,

ट) विपदका समयमा हुने शैक्षिक क्षति आपूरण सम्बन्धी सिकाइ सहयोग कार्यक्रम सञ्चालन भई सिकाइ उपलब्धिमा सुधार भएको हुने।

## ४.६ शिक्षामा सूचना  सञ्चार र प्रविधिको प्रयोग

### ४.६.१ परिचय

शिक्षण सिकाईलाई बढी अन्तर्क्रियात्मक बनाउन, सिकाइप्रति सिकारुको उत्प्रेरुणा बढाउन तथा खोज तथा अनुसन्धानमुखी जनशक्ति विकास गर्न शिक्षामा सूचना सञ्चार तथा प्रविधिको प्रयोग हुन थालेको छ । यसलाई शैक्षिक सामग्रीको रुपमा अब हरेक कक्षाकोठामा प्रयोग गर्न  अपरिहार्य बन्दै गइरहेको छ । कक्षाकोठामा अडियो-भिडियो माध्यमबाट अन्तक्रियात्मक शिक्षण सिकाई गर्न, ई-लर्निङ् मार्फत दुर तथा खुला रुपमा स्वसिकाइ गर्न, परम्परागत शिक्षण सिकाईलाई प्रविधियुक्त बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग धेरै लाभदायक र नतिजामुखी देखिएको छ । यसले कक्षामा अनुपस्थित विद्यार्थीको दर कम गर्न समेत सहयोग पुगेका तथ्यहरू पनि आएका छन् ।

सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology- ICT) भन्नाले आधुनिक विधि तथा प्रविधिको प्रयोगलाई बुझाउँछ । यसको उच्चतम उपयोग गरी कक्षा कोठामा कम्प्युटर र इन्टरनेटका माध्यमबाट छापा, श्रव्य, दृश्य, श्रव्यदृश्य, मल्टिमिडिया तथा वेवमा आधारित शिक्षण सिकाइ सामग्रीको प्रयोगलाई बुझाउँछ । यसले शिक्षकले शैक्षिक सामग्रीमा आधारित भइ सिकाउने शैलीमा परिवर्तन र सहजीकरण गर्ने कार्यलाई थप प्राथमिकता प्रदान गर्छ । आधुनिक विश्वपरिवेश अनुसार प्रतिस्पर्धी जनशक्ति मार्फत् देशले तय गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकासका लक्ष्य हासिल गर्नमा समेत मद्दत पुऱ्याउँछ ।

सन् २००० पछिका दशकहरूमा विश्वमा तीव्र गतिमा प्रविधिको प्रयोग हुन थालेको हो । आधुनिक जीवन शैलीका हरेक गतिविधि तथा शिक्षण सिकाइको शैलीमा समेत प्रविधिको प्रयोगका कारण आमूल परिवर्तन

हुन गएको छ । शिक्षण सिकाइ क्रियाकलाप देखि लिएर शैक्षिक योग्यता अभिवृद्धि र विभिन्न विकासका गतिविधिमा इन्टरनेट सेवाको पहुँचका कारण सेवा प्रवाहमा सुधार भएको छ । रेडियो, टेलिभिजन र मल्टिमिडियामा आधारित सिकाइ सामग्रीहरूको विकास तीव्र गतीमा भई रहेको छ । अझ कोभिड १९ को माहमारीबाट उत्पन्न कठिन परिस्थितिका कारण अधिकांश पाठ्यक्रम तथा पाठ्यसामग्री अनलाइन सिकाइका रूपमा रूपान्तरण भएका छन् । यसले विद्यालय बन्द भएको समयमा, आपत्कालिन समयमा पनि सिकारु तथा शिक्षकले शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता प्रदान गर्न सक्ने वातावरण निर्माण गरेको छ ।

नयाँ सूचना सञ्चार र प्रविधिको व्यापकता सँगै शिक्षकमा भएको ज्ञान तथा सिपमा परिमार्जित गर्न जरुरी हुन पुगेको छ । शिक्षकहरुको ज्ञान र सीपलाई आधुनिकीकरण हुन अत्यावश्यक भएको छ । ज्ञान तथा सिप लाई अध्यावधिक गराइ राख्न जरुरी हुन आएको छ । यसका लागि सधै तालिम तथा शैक्षिक योग्यताका कार्यक्रममा सहभागी हुने अवस्था रहदैन । यसका लागि पनि सूचना सञ्चार तथा प्रविधिमा आधारित हुन पर्ने अवस्था रहेको छ । किनकी सबै शिक्षकलाई एकैपटक सूचना तथा ज्ञानका बारेमा औपचारिक ढंगबाट तालिम प्रदान गर्ने सक्षमता सरकारी साधन र स्रोतबाट संभव देखिदैन । यसका लागि अनलाइन, दूर शिक्षा तथा खुला शिक्षाको सहयोग लिनु पर्छ । त्यसै गरी सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्नका लागि सूचना तथा सञ्चार प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षामा सूचना सञ्चार तथा प्रविधिको प्रयोगले शिक्षकलाई पेसागत रूपमा सक्षम बनाउँछ । आधुनिक ज्ञान तथा सीप सँग जोड्छ । त्यसै गरी सिकारुलाई सिकाइ प्रतिको आकर्षण बढाउँछ । सिकाइको दिगोपना कायम गर्न सहयोग गर्छ । नवीनतम ज्ञान तथा सीप विकास गर्न सिर्जनात्मक तथा प्रवर्तनात्मक क्रियाकलापहरू सञ्चालन गर्न सहजीकरण गर्छ । विद्यालय तथा अन्य शिक्षा सम्बद्ध सस्थाहरूमा गरिने व्यवस्थापकीय कार्यहरूमा सहजता तथा पारदर्शिता ल्याउन समेत मदत गर्छ ।त्यसै गरी पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीका लागि उपयुक्त स्रोतका रूपमा पनि सूचना र सञ्चार प्रविधि रहने हुँदा यसको प्रयोगलाई थप विस्तार हुन अत्यावश्यक छ । कोभिड - १९ ले शिक्षा जगत तथा मानव जीवनमा नकारात्मक प्रभाव पारेको भए तापनि सूचना सञ्चार तथा प्रविधिको प्रयोगको पर्याप्त सम्भावना पनि उजागर गरिदिएकाले शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई थप प्रोत्साहित गरेको छ।

### ४.६.२ विद्यमान अवस्था

विद्यालयमा नेपाल सरकार तथा अन्य गैर सरकारी संघसंस्थाले पनि कम्प्युटर र इन्टरनेटको लागि सहयोग गरिरहेको सन्दर्भ विद्यमान छ । कतिपय अवस्थामा केन्द्रीय योजनाका आधारमा र कतिपय अवस्थामा गैरसरकारी संघसंस्थाको कार्यक्रम तथा परियोजनाका आधारमा कम्प्युटर तथा इन्टरनेटको विस्तार भएको अवस्था छ । खासगरी विद्यालयको मागमा आधारित भएको अवस्था देखिदैदैन । किनकी उपलब्ध गराइएका साधनहरूको ज्यादै न्यून मात्रामा प्रयोग भइरहेका छन् ।कतिपय विद्यालयमा उपलब्ध यस्ता प्रविधिका साधनको प्रयोग शैक्षिक क्रियाकलामा भन्दा अन्य प्रशासनिक कामका लागि प्रयोग गर्ने गरेको अवस्था अझै विद्यामान रहेको छ । शिक्षकहरूले फुर्सदको समय विताउने माध्यमको रुपमा प्रयोग गरेको अवस्था पनि देखिएका छन् । यी साधनको प्रयोगलाई बढाउन विद्यालय तथा शिक्षकमा त्यति धेरै उत्साह र जागर देखिँदैन । उपायको खोजीमा भन्दा धेरै जसो समस्या देखाउने र पन्छिने आचरण तथा प्रवृत्ति देखिन्छ ।

प्रविधिको प्रयोग त्यति उत्साहजनक देखिँदैन । यस सन्दर्भमा धेरै अनुसन्धान भएको अवस्था देखिदैन । तर पनि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विगत केही वर्ष अगाडि गरेको अध्ययन अनुसार प्रविधिको प्रयोगको अवस्थाले यसका लगि विशेष योजना तथा कार्यक्रम बनाउन पर्ने अवस्था देखिएको छ । सोलुदुधकुण्ड

नगरपालिकामा पनि शिक्षामा र विषेशतः शिक्षण सिकाइमा सूचना सञ्चार र प्रविधिको प्रयोग भएको अवस्था छैन । साधन र स्रोतको अभाव, सक्षमताको अभाव, नियमित विद्युत आपूर्तिको समस्या तथा इन्टरनेट कनेक्टीभिटिको समस्याका कारण सूचना र सञ्चार प्रविधिको प्रयोग भएको अवस्था छैन ।

### ४.६.३ समस्या

क) विद्यालयको भौतिक संरचना प्रविधिमैत्री नहुनु,
ख) शिक्षकमा सूचना सञ्चार र प्रविधिमा आधारित शिक्षण सिकाइ सम्बन्धि दक्षता नहुनु,
ग) विद्यालयमा सूचना सञ्चार र प्रविधि ल्यावको व्यवस्था हुन नसक्नु,
घ) शैक्षिक सामग्री तथा अन्य पूर्वाधार विकासका लागि पर्याप्त लगानी गर्न सक्ने अवस्था नहुनु,
ङ) नियमित विद्युत आपूर्ति नहुनु,
च) इन्टरनेट कनेक्टिभिटिको समस्या हुनु,
छ) शिक्षकमा सूचना सञ्चार तथा प्रविधिको प्रयोग गर्ने चाहना र चासो कम हुनु,
ज) सूचना सञ्चार तथ प्रविधिको प्रयोगका लागि अत्यावश्यक सहयोग र सहजीकरण हुने अवस्था नहुनु।

### ४.६.४ चुनौती

क) प्रविधिमा आधारित शिक्षण सिकाइका लागि आवश्यक सिप विकास गर्नु,
ख) सूचना सञ्चार र प्रविधिसम्बन्धी ल्याव तथा उपकरणको व्यवस्था गर्नु,
ग) प्रयोगशाला एवम् आवश्यक पूर्वाधारको विकासका लागि आवश्यक आर्थिक तथा मानवीय स्रोतको व्यवस्थापन गर्नु,
घ) नियमित विद्युत आपूर्ति तथा इन्टरनेट कनेक्टिभिटिको अवस्था सुनिश्चित गर्नु,
ङ) शिक्षक तथा विद्यालय व्यवस्थापनमा संलग्न पदाधिकारीलाई सूचना सञ्चार तथा प्रविधिको शैक्षिक प्रयोगका लागि तयार गर्नु।

### ४.६.५ अवसर

क) शिक्षक तथा बालबालिकामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्ने बानी क्रमशः विकास हुनु,
ख) संघीय सरकारको नीति तथा कार्यक्रममा सूचना सञ्चार तथा प्रविधिले प्राथमिकता पाउनु,
ग) विद्यालयमा विगत देखि नै संघीय सरकारको बजेटबाट कम्प्युटर प्रदान गरिनु,
घ) कोभिड महामारीका कारण वैकल्पिक सिकाइ विधिको महत्वका बारेमा शिक्षक तथा अभिभावकमा स्पष्टता आउनु,
ङ) स्थानीय तहले पनि सूचना सञ्चार तथा प्रविधिको प्रयोगलाई प्राथमिकतामा राख्नु।

### ४.६.६ लक्ष्य

सूचना सञ्चार तथा प्रविधिका लागि आवश्यक भौतिक, मानवीय, आर्थिक तथा शैक्षिक पूर्वाधार सुनिश्चित गरी सूचना सञ्चार तथा प्रविधिको पहुँच एवम् प्रयोगलाई व्यवस्थित गर्ने ।

### ४.६.७ उद्देश्य

क) नगरपालिकाका विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार गर्नु,
ख) नगरपालिकाका विद्यालयका शिक्षकको सूचना सञ्चार तथा प्रविधि प्रयोगका लागि आवश्यक सक्षमता विकास गर्नु,
ग) नगरपालिकाका विद्यालयमा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको माध्यमको रूपमा प्रयोग गर्नु।

### ४.६.८ रणनीति

क) विद्यालय वातावरणलाई प्रविधिमैत्री बनाउने,

ख) विद्यालयमा आवश्यक मात्रामा कम्प्यूटर तथा कम्प्युटर ल्यावको व्यवस्था गर्ने,

ग) सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइका लागि शिक्षकको सक्षमता विकास गर्ने,

घ) विद्यालयमा नियमित विद्युत आपूर्ति तथा इन्टरनेट कनेक्टीभिटिको व्यवस्था गर्ने,

ङ) विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन पदाधिकारीको सक्षमता विकास गरी सूचना सञ्चार र प्रविधिको शैक्षिक प्रयोगका लागि तयार गर्ने।

### ४.६.९ कार्यनीति

क) प्रत्येक विद्यालयमा निःशुल्क इन्टरनेट सुविधा विस्तार गरी सूचना सञ्चार र प्रविधिमा आधारित सिकाइका लागि उपयुक्त वातावरण निर्माण गरिने छ ।

ख) प्रत्येक विद्यालयमा एक आइसिटि ल्याब विकास गरिने छ।

ग) प्रत्येक विद्यालयका प्रधानाध्यापक तथा विद्यालयल व्यवस्थाप समितिका पदाधिकारीलाई सूचना र प्रविधिमा आधारित सिकाइका लागि प्रोत्साहन गरिने छ ।

घ) प्रत्येक विद्यालयका शिक्षकलाई सूचना सञ्चार र प्रविधिमा आधारित तालिम प्रदान गरी सूचना र प्रविधिमा आधारित शिक्षण सिकाइका लागि जिम्मेवार बनाइने छ ।

ङ) धेरैजसो विद्यालयलाई इ-पुस्तकालयसँग जोडिने छ

च) डिजिटलमा आधारित सिकाइ सामग्रीमा पहुँच बढाइने छ ।

### ४.६.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| निःशुल्क इन्टरनेट जडान | विद्यालय | ५९ | ५९ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी निकायहरू |
| एक विद्यालय एक आइसिटी ल्याब कार्यक्रम सञ्चालन | सङ्ख्या | १८ | ३० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी निकायहरू |
| वैकल्पिक उर्जाको व्यवस्थापन | सङ्ख्या | २५ | २५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी निकायहरू |
| माध्यमिक विद्यालयका सबै शिक्षकरुलाई आइसिटिमा आधारित तालिम सञ्चालन | सङ्ख्या | ७० | ८० | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी |

| | | | | |
|---|---|---|---|---|
| | | | | निकायहरू |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन पदाधिकारीलाई सूचना तथा सञ्चार प्रविधिसम्बन्धी अभिमुखीकरण | पटक | २८ | ३५ | संघ, प्रदेश सरकार, स्थानीय सरकार र गैह्र सरकारी निकायहरू |

### ४.६.११ अपेक्षित उपलब्धि

क) सामुदायिक विद्यालयहरूमा इन्टरनेट सेवा सहितको ICT प्रयोगशालाको विस्तार भएको हुने छ ।

ख) शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको ICT सम्बन्धी क्षमता विकास भएको हुनेछ ।

ग) शिक्षक तथा विद्यार्थीहरूका लागि वेवमा आधारित तथा डिजिटल शिक्षण सिकाइ पोर्टल सहितका स्रोत सामग्रीहरूको विकास भएको हुनेछ ।

घ) सबै शिक्षककहरूमा डिजिटल साक्षरता सीप विकास भइ प्रयोगमा आएको अवस्था हुने छ ।

ङ) विद्यालयमा वैकल्पिक उर्जाको व्यवस्था भई सूचना तथा सञ्चार ल्याव सञ्चालनमा आएको हुने छ।

## परिच्छेद ५ : अन्य उपक्षेत्र

### ५.१ विद्यालय व्यवस्थापन

### ५.१.१ परिचय

विद्यालय सञ्चालनको लागि विभिन्न पक्षको व्यवस्थापन गर्नु पर्छ । यसका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था छ । विद्यालयको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि विद्यालयले समुदाय तथा अन्य स्रोत परिचालन गरी साधन र स्रोत जुटाउने र तिनको परिचालन गर्ने कार्य सम्पन्न गर्नु नितान्त जरुरी छ । विद्यालय व्यवस्थापनले केवल आर्थिक स्रोत र साधनको जोरजाम मात्र गर्दैन । यसले विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,कार्य परिन सम्पन्न गर्नु पर्छ । त्यसैगरी विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने कार्यका लागि पनि विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुन्छ। विद्यालयले वार्षिक योजना तथा कार्यक्रम विकास गरी कार्यान्वयनमा जानु पर्ने हुनछ । यसका लागि पनि विद्यालय व्यवस्थापन समिति जिम्मेवार हुन्छ ।

विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न उत्तिकै जरुरी छ । बालबालिकाको उचित सुरक्षा तथा हेरचाह उचित स्वास्थ्य उचारका लागि आवश्यक प्रबन्ध लगायतका कार्यमा उपयुक्त वातावरण निर्माण गर्ने दायित्व पनि विद्यालय व्यवस्थापनमा रहन्छ । शिक्षकलाई हाजिर गराई काममा लगाउने तोकेको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने, लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकाको शिक्षा हेर्ने निकायमा पेश गर्ने, शिक्षा समिति र नगरपालिकाबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन अन्तर्गत पर्छ ।

विद्यालय व्यवस्थापन समिति समग्र शैक्षिक व्यवस्थापनका लागि जिम्मेवार हुन्छ । शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने, विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,शिक्षकलाई तालिमको लागि छनौट गर्ने आदि कार्यका लागि विद्यालय व्यवस्थापन जिम्मेवार रहेको छ । नेपालमा संघीय स्वरूपको राज्य व्यवस्था अनुसार विद्यालय शिक्षाको व्यवस्थापनमा तीनै तहको सरकार (संघ, प्रदेश र स्थानीय तह) मा रहेको छ । नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा सञ्चालन

व्यवस्थापन स्थानीय तहबाट हुने व्यवस्था गरको छ । यसो भएता पनि तीन ओटै तहका सरकारबिच सहकार्य समन्वय र सहयोग अत्यावश्यक हुन्छ । यसरी हुने समन्वयात्मक प्रयासबाट राज्यले परिलक्षित गरेका शिक्षाका उद्धेश्य तथा अन्य विकासका उद्देश्यहरू हासिल गर्न सकिन्छ ।

### ५.१.२ विद्यमान अवस्था

सोलुदुधकुण्ड नगरपालिकामा स्थानीय सरकार मातहतमा शैक्षिक प्रशासन तथा व्यवस्थापनका लागि शिक्षा युवा तथा खेलकूद शाखा लगायत अन्य शाखाहरू कार्यरत रहेका छन् । त्यसैगरी वडा कार्यालय, र अन्य शैक्षिक व्यवस्थापन सम्बन्धी निकायहरू कार्यरत रहेका छन् । विद्यालय एवं शिक्षण संस्थाहरूका साथै विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, प्रशासनिक एवं व्यवस्थापकीय कार्यका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, शिक्षक अभिभावक संघलाई जिम्मेवार बनाइएको छ । त्यसै गरी बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र जस्ता संरचना पनि कार्यान्वयनमा रहेका छन् ।

शैक्षिक नीति तथा योजना निर्माण, आर्थिक विनियोजन ऐन तथा आर्थिक ऐन विकास भइ शैक्षिक कार्यक्रम कार्यान्वयनमा हुँदै आएका छन् । शैक्षिक कार्यक्रमको अनुगमन, विद्यालय एवं शिक्षण संस्थाहरूको सुपरिवेक्षण जस्ता नियमन कार्यका लागि व्यवस्थित संरचना विकास हुन सकेको अवस्था छैन । विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूको क्षमता विकास , शिक्षण संस्थाको भौतिक तथा शैक्षिक पूर्वाधारहरूको विकास, विद्यार्थी र विषयका आधारमा शिक्षक दरवन्दीको व्यवस्थापन, विद्यालय वातावरणमा सुधार लगायतका कार्य जिम्मेवारी पनि नगरपालिकाले बहन गर्नु पर्ने अवस्था छ । विद्यालयको उचित व्यवस्थापनका लागि नगरपालिकाका सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भइ कार्यान्वयनमा रहेका छन्। समितिले शैक्षिक विकासका लागि निरन्तररूपमा कार्य गरिरहेका छन् । विद्यालयको व्यवस्थापनलाई अझ बढी प्रभावकारी बनाइ नगरपालिका क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा सुधार गर्न पर्ने अवस्था भने अझै पनि विद्यमान रहेको छ ।

### ५.१.३ समस्या

(क) संघीय शिक्षा ऐन जारी हुन नसक्नु र कार्य जिम्मेवारीमा अस्पष्टता कायम हुनु,
(ख) प्रदेश तथा संघबिचको समन्वय प्रभावकारी नहुनु,
(ग) विद्यालयमा विद्यार्थी सङ्ख्या तथा विषयगत आधारमा न्यूनतम शिक्षक दरबन्दी व्यवस्थापन नहुनु,
(घ) विद्यालयमा न्यूनतम सहजकारी वतावरण निर्माण हुन नसक्नु ,
(ङ) भौतिक पूर्वाधार गुणस्तरीय सिकाइका लागि उपयुक्त हुन नसक्नु ,
(च) विद्यालयमा ल्याब ,पुस्तकालय ,विज्ञान तथा सूचना सञ्चार तथा प्रविधिमा आधारित प्रयोगशालाका लागि न्यूनतम पूर्वाधार नहुनु ,
(छ) विद्यालय वातावरण अपाङ्गता मैत्री हुन नसक्नु ,
(ज) विद्यालयमा स्वास्थ्य, सरसफाइ, खाने पानी, दिवा खाजाको उचित व्यवस्थापन गर्न आवश्यक भौतिक संरचनाको अभाव हुनु ,
(झ) विद्यालय समुदाय सहसम्बन्ध सुदृढ हुन नसक्नु,
(ञ) विद्यालय व्यवस्थापनमा अभिभावकको सक्रियता बढाउन नसक्नु,
(ट) विद्यालय व्यवस्थापन पारदर्शी तथा जवाफदेही हुन नसक्नु,

(ठ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीमा गुणस्तरीय सिकाइ तथा विदयालय व्यवस्थापन सम्बन्धी भूमिकाका बारेमा स्पष्टता नहुनु।

### ५.१.४ चुनौती

(क) विद्यालयमा विद्यार्थी तथा विषयका आधारमा शिक्षक व्यवस्थापन गर्नु ,

(ख) विद्यालय व्यवस्थापनलाई भरपर्दो विश्वसनीय एवम् पारदर्शी बनाउनु,

(ग) गुणस्तरीय एवम् समावेशि शिक्षाका लागि अत्यावश्यक विद्यालयको भौतिक पूर्वाधार विकास गर्नु ,

(घ) विद्यालयका गतिविधिमा अभिभावकको सक्रिय सहभागिता सुनिश्चित गर्नु,

(ङ) विद्यालय व्यवस्थापन समितिको सक्षमता तथा र विद्यालय व्यवस्थापनमा सक्रिय बनाउनु।

### ५.१.५ अवसर

(क) स्थानीय सरकारलाई विद्यालय व्यवस्थापन गर्ने कानुनी अधिकार हुनु,

(ख) नगरपालिका दीर्घकालिन शैक्षिक योजना तयार तथा कार्यान्वयका लागि प्रतिवद्ध हुनु,

(ग) स्थानीय स्रोत परिचालन गर्ने पर्याप्त अवसर हुनु।

### ५.१.६ लक्ष्य

गुणस्तरीय एवम् प्रभावकारी विद्यालय व्यवस्थापन मार्फत् शैक्षिक गुणस्तरमा सुधार गर्ने ।

### ५.१.७ उद्देश्य

(क) पालिका शिक्षा ऐन तथा नियमावली तयार गरी कार्यान्वयन गर्नु,

(ख) न्यूनतम भौतिक संरचना तयार गरी प्रभावकारी शैक्षिक व्यवस्थापन गर्नु,

(ग) विद्यालयमा शैक्षिक सुशासनको वातावरण सिर्जना गर्नु ,

(घ) विद्यालय व्यवस्थापन समितिलको सक्षमता अभिवृद्धि प्रभावकारी विद्यालय व्यवस्थापनमा सक्रिय गराउनु,

(ङ) प्रभावकारी शैक्षिक व्यवस्थापन गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न सहजीकरण गर्नु ।

### ५.१.८ रणनीति

(क) शिक्षा ऐन नियमावली तथा कार्यविधि तयार गरी विद्यालय सञ्चालन तथा व्यवस्थापन ढाँचा तयार गर्ने,

(ख) विद्यालय सुधार योजना सुदृढ गरी शैक्षिक सुशासन तथा व्यवस्थापन सुनिश्चित गर्ने,

(ग) संस्थागत क्षमता विकास गर्ने,

(घ) कार्यसम्पादनमा आधारित शैक्षिक व्यवस्थापन तथा स्रोत परिचालन गर्ने ,

(ङ) संघ तथा प्रदेश सरकार बिच समन्वय तथा सहकार्य संयन्त्र विकास गरी शैक्षिक व्यवस्थापनमा सुधार गर्ने।

### ५.१.९ कार्यनीति

(क) शिक्षा नियमावली ,नीति ,योजना ,निर्देशिका ,कार्यविधि विकास गरी विद्यालय व्यवस्थापनलाई प्रभावकारी बनाइने छ ।

(ख) विद्यालय व्यवस्थापनलाई सबलीकरण गरिने छ ।

(ग) विद्यालय नक्शाङ्कनका आधारमा समायोजन तथा पुनर्व्यवस्थापन गरिनेछ ।

(घ) प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पादाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास कार्यक्रम सञ्चालत गरि व्यवस्थापनलाई प्रभावकारि बनाइने छ ।

(ङ) विज्ञान प्रयोगशाला ,पुस्तकालय ,सूचना ,सञ्चार तथा प्रविधि ल्याब ,विषयगत ल्याव ,आदिको व्यवस्था गरी सिकाइ उपलब्धिमा सुधार गरिने छ ।

(च) प्रविधिमैत्री शिक्षण सिकाइको अवसर वृद्धि गरिनेछ ।

(छ) विद्यार्थी सङ्ख्या तथा विषयगत शिक्षणको व्यवस्थाअनुसार शिक्षक दरबन्दी मिलान ,विषयगत शिक्षक व्यवस्थापन गरिने छ ।

(ज) प्रधानाध्यापकको नियुक्ति तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयन गरिने छ ।

(झ) विद्यालयमा न्यूनतम सहजपुर्ण वातावरण सुनिश्चित गर्न कक्षाकोठा निर्माण ,शौचालय ,खानेपानीको व्यवस्था , मर्मत ,रङरोगन ,फलसिलिङ ,बाहिरी वातावरण ,स्वास्थ्य र सरसफाईको उचित प्रबन्ध गरिनेछ ।

(ञ) विद्यालयमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यलाई व्यवस्थित गरी शैक्षिक सुशासन कायम गरिने छ

(ट) आर्थिक ,प्रशासनिक ,शैक्षिक तथा व्यवस्थापकीय कार्यहरूमा पारदर्शिता कायम गरिनेछ ।

(ठ) संस्थागत विद्यालयको अनुमति, स्वीकृति तथा नियमनका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गरिने छ ।

(ड) संस्थागत विद्यालयको ग्रेडिङ ,छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड कार्यान्वयन गरिनेछ ।

(ढ) नतिजामा आधारित मूल्याङ्कनका आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान प्रदान गरिनेछ ।

### ५.१.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| ऐन, नियमावली, कार्यविधि आदिको विकास तथा संशोधन | पटक | २ | ३ | स्थानीय सरकार |
| प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघका पदाधिकारीको सक्षमता विकास कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| विद्यालय नक्शाङ्कन | पटक | १ | १ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| विद्यालय सुधार योजना अद्यावधिक | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| विद्यालय वातावरण सुधार कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| सार्वजनकि सुनुवाइ तथा सामाजिक परीक्षण | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी संस्थाहरु |
| मूल्याङ्कनका आधारमा उत्कृष्ट विद्यालय | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय |

| | | | | |
|---|---|---|---|---|
| प्रोत्साहन कार्यक्रम | | | | सरकार र गैह्र सरकारी संस्थाहरु |
| तहगत, विषयगत शिक्षक व्यवस्थापनका लागि शिक्षक दरवन्दी मिलान र शिक्षक व्यवस्थापन | सङ्ख्या | ५ | ५ | स्थानीय सरकार |
| संस्थागत विद्यालयको स्तरीकरण | पटक | १ | २ | स्थानीय सरकार |

#### ५.१.११ अपेक्षित उपलब्धि

(क) शिक्षा ऐन, नियमावली तथा कार्यविधिहरू विकास भई कार्यान्वयनमा आएको हुने,

(ख) प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि प्रदेश, संघ तथा अन्य गैर सरकारी निकायहरू बिच समन्वय र सहकार्यको वातावरण सिर्जना भएको हुने,

(ग) विद्यालय नक्शाङ्कनका आधारमा विद्यालय समायोजन भएको हुने ,

(घ) विद्यालय सुधार योजना विकास तथा अद्यावधिक भइ योजना अनुसार शैक्षिक व्यवस्थापन भएको हुने,

(ङ) विषयगत, विद्यार्थी सङ्ख्यागत रूपमा शिक्षक दरवन्दी मिलान भएको हुने ,

(च) स्थानीय स्रोत परिचालन गरी अतिरिक्त शिक्षकको व्यवस्था भएको हुने ,

(छ) विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू तथा शिक्षक अभिभावक संघको सक्षमता विकास भइ प्रभावकारी शैक्षिक व्यवस्थापन भएको हुने ,

(ज) विद्यालय नक्शाङ्कनका आधारमा विद्यालय समायोजन भएको हुने,

(झ) कार्यसम्पादन नतिजाका आधारमा उत्कृष्ट विद्यालय प्रोत्साहन अनुदान प्राप्त गरेको हुने ,

(ञ) विद्यालयमा न्यूनतम सहजपूर्ण वातावरण निर्माण भएको हुने

(ट) तोकिएको कार्यविधि अनुसार संस्थागत विद्यालयहरू सञ्चालन भएको हुने,

(ठ) पालिका तथा विद्यालय स्तरमा सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणका कार्य संस्थागत भई शैक्षिक सुशासन कायम भएको हुने ।

## ५.२ शैक्षिक गुणस्तर

### ५.२.१ परिचय

व्यक्तिमा निश्चित आधारभूत मानवीय गुणको विकास हुनु पर्छ । उपयुक्त ज्ञानले युक्त हुनुपर्छ । व्यक्तिगत, पेसागत तथा अन्य विषय क्षेत्रका लागि आवश्यक सीप विकास हुनु पर्छ । आय आर्जन क्षमता हुनु पर्छ । असल आचरण प्रदर्शन गर्नु पर्छ । प्रत्येक व्यक्ति सभ्य, शिष्ट, शालिन, नैतिकवान, चरित्रवान, सुसंस्कृत, कर्तव्यनिष्ठ, कर्मशील, गतिशील, अनुशासित, स्वावलम्बी, आत्मनिर्भर हुनु पर्छ । यस्ता चारित्रिक विशेषतालाई गुणस्तरीय पक्षका रूपमा हेर्ने गरिन्छ । त्यसैले एक आदर्शवान्, क्षमतावान्, दक्ष समाजिक तथा पेशागत जीवनका समस्याहरूको सहज समाधान गर्न योग्य र प्रतिस्पर्धी नागरिक तयार गर्न सक्ने शिक्षा नै गुणस्तरीय शिक्षा हो भनेर परिभाषित गर्न सकिन्छ । व्यक्तिले व्यावहारिक दृष्टिकोणमा सिकाइमार्फत मानवीय व्यवहारमा सकारात्मक परिवर्तन ल्याउन सक्नु पर्छ । व्यवहारिक समस्या हल गर्न सक्नु पर्छ । कामप्रति सम्मान गर्नु पर्छ । उद्यमशील भई स्वरोजगार बन्न सक्नुपर्छ । समाज, राष्ट्र र अन्तर्राष्ट्रिय जगतमा योगदान दिन सक्नु पर्छ । यस प्रकारका नागरिक तयार गर्ने काम गुणस्तरीय शिक्षाबाट हुने गर्छ ।

यस नगरपालिकाले अपेक्षा गरेको जनशक्ति उत्पादनका लागि शैक्षिक व्यवस्थापन तथा शिक्षण सिकाइ क्रियाकलापको गुणस्तरीयता कायम हुन नितान्त जरुरी छ । यसका लागि शिक्षाका समग्र पक्षको गुणस्तरीयता

अत्यावश्यक हुन्छ । शिक्षक गुणस्तरयुक्त हुनु पर्छ । शिक्षण सिकाइका लागि अत्यावश्यक ज्ञान तथा सीपले युक्त हुनु पर्छ । विद्यालय वातावरण गुणस्तरीय शिक्षण सिकाइका लागि उपयुक्त हुनुपर्छ । शैक्षिक व्यवस्थापन स्तरीय हुनुपर्छ । सिकारु सिकाइ प्रति आकर्षित हुनुपर्छ । शिक्षण सिकाइ प्रति अभिभावक सक्रिय हुनुपर्छ । यसो हुन सकेमा मात्र गुणस्तरीय शिक्षण सिकाकाइको उपयुक्त वातावरण निर्माण हुन जान्छ ।

गुणस्तर सापेक्षित हुन्छ । स्थान विषेश गुणस्तर फरक फरक हुन सक्छ । तर पनि शैक्षिक गुणस्तका लागि मापनयोग्य सूचकहरू विकास गरी कार्न्वयनमा जानु पर्ने हुन्छ । यसका लागि गुणस्तर मापदण्ड तथा मापन सूचकरुको आवश्यकता पर्छ । नेपालमा पनि गुणस्तरका मापदण्डका रुपमा केही सूचकहरु तय गरी अभ्यासमा आएका छन् । शिक्षाका मुख्य मुख्य उपलब्धि सूचकरु परिभाषित गरिएका छन् । त्यसै गरी शिक्षकको सक्षमता परिभाषित गरिएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रल पनि गुणस्तर परीक्षणका सूचक विकास गरी कार्यान्वयन ल्याएको छ ।

विवेकशील, अध्ययनशील, ऊर्जाशील, गतिशील र दक्ष शिक्षकबाट गुणस्तरीय शिक्षण सिकाइको अपेक्षा गर्न सकिन्छ । शिक्षक शारीरिक रूपमा स्वस्थ, मानसिक रूपमा सक्षम हुनु पर्छ । विद्यार्थीलाई विषयवस्तु बुझाउने कलाकौसलले युक्त शिक्षकबाट मात्र गुणस्तरीय सिकाइ हुन जान्छ । विषयवस्तुको अथाह ज्ञान भएर मात्रै शिक्षक पूर्ण हुन सक्दैन। शिक्षकमा विषयवस्तुको ज्ञानका अलावा त्यसलाई बुझाउने कला समेत हुनुपर्छ। यसका लागि शिक्षकको पेसागत क्षमता विकास तथा निरन्तर सहयोग पनि उत्तिकै जरुरी हुन्छ ।

### ५.२.२ विद्यमान अवस्था

समग्रमा नेपालका शैक्षिक गुणस्तरको अवस्था सन्तोषजनक अवस्थामा देखिदैन । शैक्षिक व्यवस्थापन, शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ उपलब्धि आदि सबै पक्षहरू गुणस्तरका लागि जिम्मेवार हुन्छन । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विस २०७९ को शैक्षिक तथ्याङ्क अनुसार कक्षा १-५ को विद्यालय छाड्ने दर २.६ प्रतिशत रहेको छ । त्यसै गरी कक्षा ६-८ को ३.३ प्रतिशत छ भने कक्षा ९-१० को ०.७ रहेको छ।त्यसै गरी कक्षा दोहोर्याउने बालबालिको अवस्था पनि गुणस्तरीय सूचकका पक्षबाट त्यति सन्तोषजनक देखिँदैन।यसमा कक्षा १-५ को ७.८ प्रतिशत, कक्षा ६-८ को १.४ प्रतिशत छ भने कक्षा ९-१० को २.२ प्रतिशत रहेको छ । कक्षा वृद्धिको हकमा कक्षा १-५ को ८८.५ प्रतिशत, कक्षा ६-८ को ९५.१ प्रतिशत छ भने कक्षा ९-१० को ९६.६ प्रतिशत रहेको अवस्था विद्यमान छ।सोलुदुधकुण्ड पालिकाको शैक्षिक गुणस्तरको अवस्था पनि सन्तोषजनक देखिदैन। आधारभूत तहको शैक्षिक उपलब्धिको औसत प्रतिशत ५४ रहेको छ।त्यसै गरी माध्यमिक तह कक्षा १० को सिकाई उपलब्धि ८९% र कक्षा १२ को सिकाइ उपलब्धि स्तर औसत ४५ रहेको छ ।यो परिणाम सन्तोषजनक देखिदैन।यसमा सुधार गरी गुणस्तर अभिवृद्धि गर्न अत्यावश्यक छ ।

### ५.२.३ समस्या

(क) शिक्षाको गुणस्तरीयता सुनिश्चित हुन नसक्नु ,
(ख) विद्यालयमा विद्यार्थी सङ्ख्या तथा पठनपाठन हुने विषयका आधारमा शिक्षक व्यवस्थापन नहुनु ,
(ग) गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक भौतिक पूर्वाधारहरु विकास नहुनु ,
(घ) गुणस्तर मापदण्ड तयार गरी मापदण्डमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन नहुनु ,
(ङ) शैक्षिक सामग्रीमा आधारित शिक्षण सिकाइ क्रियाकलाप नहुनु ,
(च) सूचना सञ्चार तथा प्रविधिमा आधारित ल्याव, विज्ञान प्रयोगशाला लगायतका अन्य ल्यावको उचित प्रबन्ध नहुनु ,
(छ) सङ्गठनात्मक संरचना तथा जनशक्तिको उचित व्यवस्थापन नहुनु ,

(ज) सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन कार्य नहुनु,
(झ) अनुसन्धान जस्ता पक्षलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोगमा नआउनु,
(ञ) विद्यालयमा आरित शिक्षक सहयोग पद्धति विकास नहुनु ,
(ट) गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक लगानीको व्यवस्था नहुनु ,
(ठ) सिकारुको सिकाइ मूल्याङ्कन नतिजामा आधारित सिकाइ सहयोग कार्यक्रम सञ्चालन गर्ने अभ्यास नहुनु ,
(ड) सामुदायिक विद्यालयप्रति अभिभावकको कम चासो हुनु,
(ढ) पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीको अभाव हुनु,
(ण) विद्यालय व्यवस्थापन सिमितिका पदाधिकारीको सक्षमता कमजोर हुनु।

### ५.२.४ चुनौती

(क) नगरपालिकाका विद्यालयको भौतिक संरचनालाई गुणस्तरीय बनाउनु ,
(ख) विद्यालयमा विज्ञान, भाषा, पुस्तकालय तथा सूचना र सञ्चार प्रविधि ल्यावको व्यवस्था गर्नु ,
(ग) शैक्षिक सामग्रीमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ,
(घ) सिकारुको निरन्तर सिकाइको मूल्याङ्कनका आधारमा सिकाइ अवस्था कमजोर भएका बालबालिकालाई उपचारात्मक सिकाइको अवस्था सुनिश्चित गर्नु,
(ङ) विद्यार्थी सङ्ख्या तथा विषयगत रूपमा सबै विद्यालयहरुमा शिक्षकको व्यवस्था गर्नुका साथै गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक लगानीको वातावरण तयार गर्नु,
(च) अभिभावकको सामुदायिक विद्यालय प्रतिको चासो वृद्धि गर्नु,
(छ) शिक्षकलाई सक्षमता तथा व्यवहारका पक्षबाट गुणस्तरीय सिकाइका लागि तयार गर्नु।

### ५.२.५ अवसरहरू

(क) शैक्षिक गुणस्तरका लागि नवनिर्वाचित जनप्रतिनिधि प्रतिवद्ध हुनु,
(ख) स्थानीय सरकारले शिक्षमा लगानी वृद्धि गर्ने पर्याप्त अवसर हुनु।

### ५.२.६ लक्ष्य

गुणस्तरीय शैक्षिक वातावरण सुनिश्चित गरी प्रविधिमैत्री, सिकारूमैत्री पाठ्यक्रम तथा शैक्षिक सामग्रीमा आधारित सिकाइ मार्फत शैक्षिक गुणस्तरमा सुधार गर्ने।

### ५.२.७ उद्देश्य

(क) गुणस्तरीय शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्नु,
(ख) शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्नु,
(ग) विद्यालय शिक्षाका लागि योग्य र दक्ष शिक्षक तथा विषयगत शिक्षकको व्यवस्था सुनिश्चित गर्नु ,
(घ) विद्यालय भौतिक सरचनालाई गुणस्तरीय बनाउनु ,
(ङ) शैक्षिक व्यवस्थापनलाई सुदृढ, नतिजामुखी तथा जवाफदेही बनाउनु।

### ५.२.८ रणनीति

(क) गुणस्तरीय भौतिक संरचना विकास गर्ने,
(ख) गुणस्तरीय सिकाइका लागि अत्यावश्यक सक्षमता विकास गर्ने ,
(ग) शैक्षिक व्यवस्थापन सुदृढीकरण गर्ने,
(घ) प्रविधि मैत्री, पाठ्यक्रम तथा सिकाइ सामग्रीमा आधारित शिक्षण सिकाइ संस्थागत गर्ने,
(ङ) शिक्षक सहयोग पद्धति विकास गर्ने,

(च) अभिभावक सहभागिता अभिवृद्धि गर्ने।

### ५.२.९ कार्यनीति

(क) गुणस्तर मापदण्ड तयार गरी शिक्षकको पेसागत विकास गरिनेछ ।

(ख) पेसागत सहयोग गर्ने पद्धति विकास गरी कार्यान्वयन गरिनेछ ।

(ग) विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना गरी शैक्षिक व्यवस्थापन तथा सुशासन कायम गरिने छ

(घ) शिक्षक विद्यार्थी अनुपात कायम गरी शिक्षकहरूको दरबन्दी मिलान गरिने छ

(ङ) विषयगत शिक्षकको व्यवस्था गर्न प्रदेश तथा संघसँग सहकार्य गरिने छ ।

(च) थप शिक्षकको व्यवस्था गरी शिक्षण सिकाइलाई निरन्तरता प्रदान गरिनेछ ।

(छ) शिक्षकको पेसागत विकासका कार्यक्रमहरू विकास गरी सञ्चालन गरिनेछ ।

(ज) विद्यालयको नियमित नियमन कार्यलाई व्यवस्थित गरिनेछ।

(झ) विद्यालया आधारित शिक्षक सहयोग पद्धति विकास गरी कार्यान्वयन गरिनेछ।

(ञ) सिकाइरुको मूल्याङ्कन नतिजाका आधारम शैक्षणिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

(ट) विभिन्न सामुदायिक सञ्जाल, युथ क्लव, बालक्लव, महिला समूह, परिचालन गरी सरोकारवालाहरूको शैक्षिक सहभागिता बढाइनेछ।

(ठ) समाजमा कुरीति हटाउन युवा मार्फत समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

(ड) प्रत्येक विद्यालयमा एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला तथा एक सूचना सञ्चार तथा प्रविधि ल्यावको प्रवन्ध गरी गुणस्तरीय शिक्षण सिकाइको न्यूनतम वातावरण निर्माण गरिने छ ।

(ढ) प्रत्येक विद्यालयलाई अपाङ्गतामैत्री, लैङ्गिकमैत्री बनाइने छ ।

(ण) विद्यालयमा शौचालय, खानेपानी तथा सरसफाइ व्यवस्थापन स्यानिटरी प्याड वितरण तथा व्यवस्थापनको उचित प्रवन्ध गरिने छ ।

(त) असल अभ्यास तथा अनुभव आदान प्रदान गर्न शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

(थ) कार्यमूलक अनुसन्धान संस्कृति विकास गरिनेछ ।

(द) विद्यालयमा आधारित शिक्षक सहयोग पद्धति विकास गरी कार्यान्वयन गरिने छ ।

(ध) गुनासो सुनुवाइ संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ ।

(न) एक विद्यालय एक स्वास्थ्य परिचारिकाको अवधारणा कार्यान्वयन गरिने छ ।

(ऩ) उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

(प) शैक्षिक अनुसन्धान गरी पेसागत विकास गर्न प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

(फ) विद्यालयमा STEM (Science & Technology, English, Math) शिक्षाको प्रवर्धन गर्नका लागि STEM विषयहरूमा शिक्षक तालिम सञ्चालन गरिने छ ।

(ब) कक्षाकोठामा आधारित सिकाइ कुनाको व्यवस्था गरिने छ ।

(भ) स्थानीय पाठ्यक्रम (Local Curriculum) निर्माण गर्दा सोलुदुधकुण्डको स्थानीय संस्कृति, पर्यटन र मूल्य मान्यता सँगै नैतिक आचरण र संस्कार लाई पनि एक विधा बनाउने ।

### ५.२.१० प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | समन्वय र साझेदारी |
|---|---|---|---|

| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
|---|---|---|---|---|
| गुणस्तर मापदण्ड विकास | पटक | ५ | ५ | स्थानीय सरकार |
| विद्यालय भौतिक संरचना सुधार | सङ्ख्या | ५९ | ५९ | संघ, प्रदेश, स्थानीय सरकार र गैर सरकारी निकायहरु |
| शिक्षक दरवन्दी मिलान | पटक | ५ | ५ | स्थानीय सरकार |
| सिकाइ सहयोग कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| युवा तथा अन्य सामाजिक सञ्जालको गठन र शैक्षिक सुधारमा परिचालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| कार्यमूलक अनुसन्धानमा आधारित प्रोत्साहन अनुदान | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| शिक्षण सिकाइको नियमित अनुगमन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| गुनासो सुनुवाइ यन्त्रको विकास र प्रभावकारी सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| एक विद्यालय एक स्वास्थकर्मी कार्यक्रम | पटक | ० | ४ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| उत्कृष्ट शिक्षक प्रोत्साहन कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई सक्षमता विकास कार्यक्रम | पटक | ५ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |
| शैक्षिक अवलोकन भ्रमणमा आधारित सिकाइ | पटक | २ | ५ | संघ, प्रदेश, स्थानीय सरकार र गैह्र सरकारी निकायहरु |

### ५.२.११ अपेक्षित उपलब्धि

(क) गुणस्तर मापदण्ड तयार भइ कार्यान्वयनमा आएको हुने,

(ख) प्रत्येक विद्यालयमा प्रधानाध्यापकको पद सिर्जना भएको हुने,

(ग) विद्यार्थी र विषय सङ्ख्याका आधारमा शिक्षक व्यवस्थापन भएको हुने ,

(घ) सिकाइको अवस्था कमजोर भएका बालबालिकाहरूले सिकाइ सहयोग कार्यक्रम मार्फत् सिकाइ सहयोग प्राप्त गरेका हुने,

(ङ) शिक्षकले शैक्षिक अनुसन्धानमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको अवस्था हुने,

(च) विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र विकास तथा प्रयोगमा आएको हुने,

(छ) कक्षाकोठामा सिकाइ कुनाको व्यवस्था भएको हुने ,

(ज) विद्यालयमा एक पुस्तकालय एक विज्ञान प्रयोगशाला र एक सूचना सञ्चार तथा प्रविधिमा आधारित ल्यावको विकास भएको हुने ,

(झ) विद्यालयमा एक स्वास्थ्य कर्मीको परिचालन भएको हुने ,

(ञ) स्टेम लगायत अन्य शैक्षिक सामग्री तथा डिजिटल शैक्षिक सामग्री विकास भइ शैक्षणिक क्रियाकलापमा प्रयोग भएको अवस्था हुने,

(ट) शिक्षण सिकाइ क्रियाकलापमा उत्कृष्ट नतिजा हासिल गर्न सक्षम शिक्षकले शैक्षिक प्रोत्साहन अनुदान प्राप्त गरेको अवस्था हुने,

(ठ) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूले अभिमुखीकरण तालिम प्राप्त गरेका अवस्था हुने।

## परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

### ६.१ संस्थागत संरचना र क्षमता विकास

#### ६.१.१ परिचय

सोलुदुधकुण्ड नगरपालिकाले यस दीर्घकालिन शिक्षा योजना अनुसार कार्यक्रम विकास, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कन कार्यलाई व्यवस्थित गर्न जरुरी छ।यसका लागि नगरपालिकाको संस्थागत सुधार तथा क्षमता विकास गर्नुपर्छ । गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि पनि संस्थागत सुधार अत्यावश्यक छ । हाल नगरमा भएको जनशक्ति प्रत्येक वडामा रहेको जनशक्तिले नयाँ शिक्षा योजनाको दीर्घकालिन लक्ष्य , दूरदृष्टिले परिकल्पना गरे अनुसारको सेवा प्रवाह हुन सक्ने अवस्था नभएकाले संस्थागत सुधार अपरिहार्य छ ।

शिक्षा एक पद्धतिमा सञ्चालित हुन्छ।पद्धति विकासका लागि संस्थामा सम्बद्ध मानवीय, भौतिक एवंम व्यवस्थापकीय पक्षहरुको उचित व्यवस्थापन गरिनुपर्छ।यी पक्षहरुको प्रभावकारी संयोजनबाट मात्र अपेक्षित लक्ष्य हासिल गर्न सकिन्छ।यसरी संस्थाको मानवीय आर्थिक भौतिक तथा व्वस्थापकीय पक्षहरूको प्रभावकारी व्यवस्थापनको पक्षलाई शासकीय प्रबन्ध भन्ने गरिन्छ।त्यसैले पालिकाको आवश्यक जनशक्ति र संरचना विकास गर्नु र संरचना अनुसार कार्यरत पदाधिकारीहरूको सक्षमता विकास अपरिहार्य हुने गर्छ।योजना, सङ्गठन, निर्देशन तथा नियन्त्रणका पक्षहरूमा संस्थामा कार्यरत पदाधिकारीहरूले सही समयमा उपयुक्त निर्णय लिन सक्ने र निर्णयप्रति उक्त निर्णयबाट प्रभावित सेवाग्राही प्रति जवाफदेहिता विकास गर्नु पर्ने पक्ष संस्थागत विकास भित्र पर्छ। शिक्षाको योजनाले शैक्षिक क्षेत्रमा आवश्यक पर्ने पारदर्शीता, समावेशीता, उत्तरदायित्व र जवाफदेहिताहरुको खोजी, बालबालिकाको सिकाइस्तरमा सुधार र सम्बद्ध सरोकारवालाहरुको कार्यकुशलतामा अभिवृद्धि गरी योजनाले अपेक्षा गरेको उद्देश्य तथा लक्ष्य हासिल गर्नु पर्ने हुन्छ ।

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकारहरू प्रदत्त गरेको छ।त्यसै गरी स्थानीय तहलाई सेवा सञ्चालनको लागि अत्यावश्कय खर्चको व्यवस्थापन गर्ने जिम्मेवारी र राजस्व सङ्कलन तथा व्यवस्थापन गर्ने अधिकार समेत प्रदान गरेको अवस्थामा यी अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने क्रममा स्थानीय तहमा अत्यावश्यक सक्षमताहरूको अवस्था भने कमजोर रहेको अवस्था छ । नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई जनउत्तरदायी बनाउन, सहज, सर्वसुलभ र प्रभावकारी बनाउन, संस्थागत क्षमताको अत्यन्त ठूलो भूमिका रहने भएकाले योजनाले संस्थागत क्षमताको आकलन गरी अत्यावश्यक क्षमताको विकास गर्न अत्यावश्यक हुन्छ ।

हाम्रो संविधानले विद्यालय शिक्षालाई एकल अधिकारको सूचीमा राखेको छ। शिक्षा तिनै तहको साझा सूचिमा समेत समेटिएको छ । यस सन्दर्भमा विद्यालय शिक्षाप्रति स्थानीय तहको दायित्व अहम् देखिन्छ ।

आफ्नो समुदायका नागरिकको शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गर्न आवश्यक प्रबन्ध गर्ने अवसर सबै स्थानीय तहमा रहेको छ । विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई विविध अधिकार प्रदान गरेको छ । उक्त ऐनमा उल्लेख भएको काम, कर्तव्य र अधिकारको प्रभावकारी कार्यान्वयनका लागि पालिकाको संस्थागत संरचनामा सुधार तथा क्षमता विकास अपरिहार्य हुन आउँछ । आगामि दिनमा नगरपालिकाको निम्न क्षेत्रहरुमा क्षमता निर्माण गरी क्षमता विकास गर्नु उपयुक्त हुन्छ ।

क) **कानुन निर्माणः** नगरपालिकाले विभिन्न प्रकारका कानुन तथा कार्यविधिहरू तय गरेको अवस्था छ । तर पनि शिक्षा ऐन तथा नियमावली समावेशी शिक्षा नीति लगायतका कतिपय कानुन तथा निर्देशिकाहरू निर्माण गर्नु पर्ने अवस्था रहेको छ । यसका लागि नगरपालिका भित्र रहेको शिक्षा युवा तथा खेलकूद शाखामा कार्यरत पदाधिकारीहरूको सक्षमता विकास अनिवार्य देखिन्छ ।

ख) **योजना, कार्यक्रम र तथ्याङ्क व्यवस्थापनः** योजना, कार्यक्रम र तथ्याङ्क व्यवस्थापनका लागि अत्यावश्यक सक्षमताको विकास गर्नु पर्ने अवस्था रहेको छ । योजना निर्माण तथा कार्यान्वयन उपलब्ध स्रोत र साधनको सही व्यवस्थापन लगायतका पक्षहरूमा अत्यावश्यक सक्षमता विकास गर्न जरुरी देखिएको छ । सफल र उत्तरदायित्वपूर्ण रूपमा योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास तथा कार्यान्वयन गर्ने सक्षमता विकासको आवश्यकता देखिएको छ ।

ग) **सेवा प्रवाहः** प्रत्येक नागरिकले पालिकाबाट प्रदान गर्ने सेवाप्रति सन्तुष्टि पाउनु पर्छ। तर सामन्यतया केहि सेवाग्राहीहरू नगरपालिकाको सेवा प्रवाह प्रति सन्तुष्ट हुन सकेको अवस्था देखिदैन। स्थानीय स्तरमा नगरबासीको प्रत्यक्ष सरोकार रहन्छ । विभिन्न किसिमको सिफारिस र प्रमाणित गर्ने, नक्सापास गर्ने, स्वास्थ्य सेवा र शिक्षा सेवा उपलब्ध गराउने,जस्ता सेवाहरू लिने गर्छन् । उनीहरूले नगरपालिकाबाट राम्रो तथा प्रभावकारी सेवा प्रवाह भएको अनुभूति गर्ने वातावरण सिर्जना गर्न पनि पालिकाको संस्थागत संरचना तथा कर्मचारीहरूको सक्षमता विकास गर्न अत्यावश्यक हुन्छ ।

घ) **स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयनः** हाल कक्षा ८ सम्मका विद्यालयलले स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्नु पर्ने हुन्छ । तर यसका लागि अत्यावश्यक प्राविधिक जनशक्ति पालिकामा नभएको र अर्को तर्फ भैरहेका कर्मचारीमा स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन सम्बन्धी अत्यावश्यक सक्षमता नभएको अवस्था विद्यमान रकेकाले यसका लागि थप सक्षमता विकास गर्न जरुरी छ । यो कार्य संघीय संरचना अन्तरगतको पाठ्यक्रम विकास केन्द्र सँगको समन्वयमा गर्नु जरूरी छ ।

ङ) **सामाजिक समावेशीताः** नगरपालिका भित्रका सबै बासिन्दा एकैखालका पनि हुदैनन्। सेवाग्राहीको विविधताले पनि अपेक्षा फरक पर्न सक्दछ । कतिपय अवस्थामा सेवाको उपलब्धता मात्र पनि पर्याप्त हुदैन। विषेश समुह वा वर्गलाई सेवा प्रदान गर्न उत्प्रेरित गर्ने कार्य पनि गरी रहनु पर्दछ । नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विभिन्न शाखा तथा कार्यालय वा एकाईले प्रदान गर्ने सार्वजनिक सेवाको सूधार नगरपालिका र सम्बन्धित कार्यालय, शाखा, एकाईको सबैले उच्च प्राथमिकता प्रदान गर्नु पर्छ । तर सामाजिक समावेशिता तथा अपाङ्गता भएका बालबालिकाको शैक्षिक पहुँच सुनिश्चित गर्न र समाजिक समावेशीताको अवस्था सिर्जना गर्न अत्यावश्यक संस्थागत तथा पेसागत क्षमता पालिका भित्र देखिदैन। यसका लागि सक्षमता विकास गर्न र विकसित सक्षमताको उपयोग गर्न जरूरी छ ।

च) **आपतकालिन शिक्षाः** विपद तथा महामारीमा शिक्षालाई निरन्तरता प्रदान गर्नु पालिकाको महत्वपूर्ण कार्य जिम्मेवारीका रूपमा रहन्छ । नगरपालिका भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद् तथा सर्वसाधारणको

जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि अत्यावश्यक सक्षमता विकास गर्नु पर्ने अवस्था छ । आपतकालिन शिक्षाको योजना विकास तथा कार्यान्वयनका लागि नगरपालिकाको विद्यमान सक्षमता कमजोर रहेको अवस्था पनि विद्यमान छ ।

### ६.१.२ समस्याहरू

क) समग्र विद्यालय शिक्षाको व्यवस्थापनका लागि अत्यावश्यक संरचना तथा जनशक्तिको अभाव रहनु,

ख) सीमित सक्षमतामा शैक्षिक व्यवस्थापन गर्नु पर्ने अवस्था विद्यमान रहनु,

ग) संघीय शिक्षा ऐन तथा स्थानीय तहको शिक्षा ऐन तथा नियमावली तयार नहुनु र सेवा प्रवाहमा दोहोरोपना कायम हुनु

घ) संघ, प्रदेश तथा स्थानीय सरकार बीच अत्यावश्यक समन्वयन संयन्त्र विकास भइ कार्यान्वयनमा नआउनु,

ङ) नगरपालिकाको संस्थागत सक्षमता विकास योजना तयार भइ कार्यान्वयनमा नआउनु।

### ६.१.३ लक्ष्य

विद्यालय शिक्षाको शासकीय प्रवन्ध सुदृढ गरी नतिजामुखी शैक्षिक सुशासनको अवस्था सुनिश्चित गर्ने ।

### ६.१.४ उद्देश्य

क) शैक्षिक व्यवस्थापनलाई पारदर्शी, जनमुखी तथा जवाफदेही बनाउनु,

ख) नतिजामा आधारित शैक्षिक व्यवस्थापन गर्नु,

ग) शैक्षिक सेवा प्रवाहको सहज पहुँच तथा गुणस्तरीयताका लागि अत्यावश्यक संस्थागत संरचना र सक्षमता विकास गर्नु।

### ६.१.५ रणनीति

क) नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी अत्यावश्यक जनशक्ति पहिचान गर्ने ।

ख) संघ तथा प्रदेश सरकारसँग समन्वय गरी पदपूर्तिको व्यवस्था गर्ने ।

ग) आफ्नै स्रोतमा व्यवस्थापन गर्न सकिने पदहरू यकिन गर्ने

घ) निश्चित प्रक्रिया अवलम्बन गरी नगरपालिकाको आन्तरिक स्रोतबाट व्यवस्थापन गरिने जनशक्ति आपूर्ति गर्ने।

ङ) जनशक्तिको व्यवस्थापन गर्दा शिक्षाका विशिष्ट कार्यहरू जस्तैः स्थानीय पाठ्यक्रम विकास ,परीक्षा तथा मूल्याङ्कन ,अनौपचारिक तथा वैकल्पिक शिक्षा र विद्यालय सुपरीक्षण तथा शैक्षिक परामर्श सेवा प्रदान गर्न सक्ने विज्ञहरूको पद सुनिश्चित गर्ने ।

च) प्रत्येक वडाबाट शिक्षा सञ्चालन तथा व्यवस्थापन हुने गरी संस्थागत प्रबन्धका साथै अत्यावश्यक जनशक्ति व्यवस्था गर्ने ।

छ) स्थानीय तहमा शिक्षा व्यवस्थापनमा प्राविधिक सहयोग प्रदान गर्न सक्ने विज्ञहरूको समूह गठन गरी शिक्षक सहायता प्रणाली परिचालन गर्ने ।

ज) नगरमा कार्यरत जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

झ) प्रधानाध्यापक तथा वि व्य सको तेतृत्व क्षमता विकास गर्ने।

### ६.१.६ कार्यनीतिहरू

क) नगरपालिका शिक्षा ऐन तथा नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याइने छ ।

ख) नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे गरी अत्यावश्यक संस्थागत संरचना विकास गरिने छ ।

ग) जनशक्ति विकास योजनाका आधारिमा जनशक्तिको आकलन गरिनेछ ।

घ) संगठन तथा व्यवस्थापन सर्भेका आधारमा पहिचान भएका जनशक्तिको आपूर्तिका लागि संघ तथा प्रदेश सरकार सँग आवश्यक समन्वय गरिने छ ।

ङ) नगरपालिकाको आफ्नै स्रोत परिचालन गरी व्यवस्थापन गरिने जनशक्तिको आपूर्ति गरिने छ ।

च) नगरपालिकामा कार्यरत कर्मचारीहरूको सक्षमता विकास योजन तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

छ) विद्यालयका प्रधानाध्यापकलाई कार्यसम्पादन करारका आधारमा नियुक्ति गरी परिचालन गरिने छ ।

ज) संस्थागत संरचनाका आधारमा गठित विभिन्न समिति तथा उपसमितिहरूको सक्षमता विकास गरी परिचालन गरिने छ ।

झ) विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण गरी तिनको प्रभावकारी कार्यान्वयन गरिने छ ।

ञ) सबै विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन सिमितिका पदाधिकारीहरूको क्षमता विकास गरिने छ।

ट) प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क विन्दुका रूपमा कार्य गर्ने शिक्षकको व्यवस्था गरी सक्षमता विकास गरिने छ ।

ठ) सामुदायिक सिकाइ केन्द्र तथा विशेष कक्षा सञ्चालन भएका स्रोत विद्यायलयहरूको संस्थागत सुदृढीकरण गरिने छ ।

### ६.१.७ संस्थागत संरचना

<u>शिक्षा युवा तथा खेलकूद शाखा</u>

क) नगरपालिकामा एक शैक्षिक व्यवस्थापन शाखा रहने छ र यसको नेतृत्व शिक्षा प्रशासन तर्फको राजपत्राङ्कित तृतीय श्रेणीले गर्नेछ ।

ख) प्रत्येक वडामा शिक्षा सम्बन्धी कार्य सम्पादनका शिक्षा समिति रहनेछ।

<u>विज्ञ समूह</u>

क) नगरपालिकाले स्थानीय तहमा उपलब्ध शिक्षा ,व्यवस्थापन ,परीक्षा र मूल्याङ्कन ,पाठ्यक्रम तथा पाठ्यसामग्री विकास ,शैक्षिक सुपरीवेक्षण तथा अनुगमन ,अनौपचारिक तथा वैकल्पिक शिक्षा जस्ता विषय क्षेत्रमा अनुभवी विज्ञहरूको एक रोष्टर तयार गरी कार्यान्वयनमा ल्याउनेछ ।

ख) नगरपालिकाका विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन कार्यमा आवश्यकता अनुसार विज्ञ समूह परिचालन गरी विज्ञताको उपयोग गरिनेछ ।

ग) आवधिक रूपमा विज्ञसमूहको अद्यावधिक गरिनेछ ।

घ) विज्ञसमूहको काम कर्तव्य र जिम्मेवारी नगरपालिकाबाट तय गरिनेछ ।

<u>अनुगमन समिति</u>

क) नगरपालिकामा शिक्षा युवा तथा खेलकूद शाखाको शाखा प्रमुखको संयोजकत्वमा एक अनुगमन समिति रहने छ ।

ख) अनुगमन समितिमा शिक्षा  अधिकृत ,विज्ञ समूहका प्रतिनिधि , सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट एक एक जना ,सम्बन्धित वडाको वडाध्यक्ष समेतको प्रतिनिधित्व रहनेछ।

ग) अनुगमन समितिले विद्यालयहरूको कार्ययोजनाका आधारमा अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनेछ ।

घ) नगरपालिकाले अनुगमन समितिको काम तथा जिम्मेवारी तय गरी अनुगमन समितिलाई परिचालन गर्ने छ।

आधारभूत तह परीक्षा सञ्चालन समिति

क) नगरपालिकामा पालिकाको प्रमुख वा शिक्षा अधिकृतको अध्यक्षतामा एक आधारमूत तह परीक्षा सञ्चालन रहने छ ।

ख) परीक्षा सञ्चालन समितिले पालिकाले आधारभूत तहको परीक्षा सञ्चालन सम्बन्धी नीति तथा प्रक्रिया निर्धारण गर्ने छ ।

ग) परीक्षा सञ्चालन समितिले संघ तथा प्रदेश सरकारमातहत सञ्चालन हुने कक्षा १० र कक्षा १२को परीक्षा सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गर्ने छ ।

घ) समितिले अनौपचारिक रूपमा सिकेका ज्ञान तथा सीप प्रमाणीकरण गर्ने कार्यमा संघ तथा प्रदेश सरकारसँग समन्वय गर्ने छ ।

ङ) यसको गठन तथा काम कर्तव्य र अधिकार नगरपालिकाले व्यवस्था गरे अनुसार हुने छ ।

### ६.१.८ संस्थागत क्षमता विकास

क) नगरपालिकामा कार्यरत जनशक्तिको लागि आवश्यकतामा आधारित सक्षमता विकास गरिनेछ ।

ख) माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापनका लागि अत्यावश्क सक्षमता पहिचान गर्न प्रत्येक कर्मचारीको सक्षमता सम्बन्धी आवश्यकता पहिचान गरिने छ ।

ग) आवश्यकतामा आधारित सक्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

घ) छोटा अवधिका लामो अवधिका सक्षमता विकास कर्याक्रम विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

ङ) सक्षमता विकासका लागि विभिन्न अनलाईनमा आधारित कोर्ष लिन कर्मचारीलाई प्रोत्साहन गरिने छ ।

च) विकसित सक्षमता प्रयोग गर्ने वातावरण सिर्जना गरी गुणस्तरीय सेवाको सुनिश्चितता गरिने छ ।

छ) संस्थागत क्षमता विकासका लागि प्रदेश तथा सघीय सरकारसँग उचित समन्वय र सहकार्य गरिनेछ ।

ज) विद्यालयका प्रधानाध्यापक लैङ्गिक सम्पर्क विन्दुका रूपमा कार्यरत शिक्षक तथा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन पदाधिकारीहरूको सक्षमता विकास गरिने छ।

झ) स्रोत कक्षा सञ्चालन भएका विद्यालयलहरूको संस्थागत सुदृढीकरण गरिने छ ।

### ६.१.९ प्रमुख कार्यक्रम तथा भौतिक लक्ष्य

| प्रमुख कार्यक्रम | इकाइ | भौतिक लक्ष्य | | समन्वय र साझेदारी |
|---|---|---|---|---|
| | | पहिलो पाँच वर्ष २०८७ | दोस्रो पाँच वर्ष २०९२ | |
| नगरपालिका ऐन तथा नियमावली विकास | पटक | १ | १ अद्यावधिक | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |

| | | | | |
|---|---|---|---|---|
| नगरपालिका ऐन तथा नियमावलीको प्रवोधीकरण | पटक | १ | १ | स्थानीय सरकार |
| नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे | पटक | १ | १ | स्थानीय सरकार |
| संगठन तथा व्यवस्थापन सर्भेका आधारमा अत्यावश्यक संरचना तयार गर्ने | पटक | १ | १ | स्थानीय सरकार |
| संस्थागत संरचनाका आधारमा गठित समितिका पदाधिकारीहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| कर्मचारीको सक्षमता विकास योजना तयार तथा कार्यान्वयन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| अनलाइनमा आधारित पेसागत क्षमता विकासका लागि प्रोत्साहन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| प्रधानाध्यापकहरूसँग कार्य सम्पादन करार | सङ्ख्या | ५ | ५ | स्थानीय सरकार |
| प्रधानाध्यापक विद्यालय तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको सक्षमता विकास तालिम सञ्चालन | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| शैक्षिक कार्यक्रमहरूको निरन्तर अनुगमन तथा पृष्ठपोषण प्रदान | पटक | १० | १० | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| विद्यालय सुधार योजना विकास तथा कार्यान्वयनमा सहजीकरण | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| नगरपालिका योजना तथा कार्यक्रमहरूको पारदर्शिताका लागि वेबपेज विकास र अद्यावधिक | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| लैङ्गिक सम्पर्क विन्दुका रूपमा कार्यरत शिक्षकको क्षमता विकास | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |
| सामुदायिक सिकाइ केन्द्र तथा स्रोत कक्षा सञ्चालन भएका विद्यालयहरूको | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी |

| | | | | |
|---|---|---|---|---|
| संस्थागत सुदृढीकरण | | | | निकायहरू |
| सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ | पटक | ५ | ५ | संघ, प्रदेश सरकार स्थानीय सरकार र गैर सरकारी निकायहरू |

### ६.१.१० अपेक्षित उपलब्धि

क) नगरपालिका शिक्षा ऐन तथा नियमावली विकास भइ कार्यान्वयनमा आएको हुने,

ख) नगरपालिका ऐन तथा नियमावलीको प्रभावकारी प्रबोधीकरण भएको हुने,

ग) नगरको सङ्गठन तथा व्यवस्थापन सर्भे भइ त्यसका आधारमा संस्थागत संयन्त्र विकास भइ कार्यान्वयनमा आएको हुने,

घ) संगठन तथा व्यवस्थापन सर्भेका आधारमा स्वीकृत जनशक्तिको पदपूर्ति भइ नगरपालिका योजनाको कार्यान्वयनमा सहजीकरण भएको हुने,

ङ) नगरपालिकाको जनशक्ति विकास योजना तयार भइ कर्मचारीहरूको सक्षमता विकास भइ शैक्षिक व्यवस्थापनमा सुधार भएको हुने,

च) कार्यसम्पादन करारका आधारमा प्रधानाध्यापकहरू छनोट भइ कार्यान्वयनमा आएको हुने,

छ) विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यस्थापन समितिका पदाधिकारीहरूको सक्षमता विकास भइ शैक्षिक व्यवस्थापनमा सुधार भई शैक्षिक सुशासनको अवस्था सुनिश्चित भएको हुने,

ज) विद्यालयका प्रभावकारी तथा वास्तविक आवश्यकतामा आधारित विद्यालय सुधार योजना विकास भइ कार्यान्वयनमा आएको हुने,

झ) नगरपालिकामा शिक्षाका कार्यक्रम तथा कार्य प्रगतिहरूको पारदर्शिताका लागि वेव पेज तयार गरी दस्तावेजहरू अपलोड भई सरोकारकवालहरूको पहुँच सर्वशुलभ भएको हुने,

ञ) नगरपालिकाका कार्यरत कर्मचारीहरूले अनलाइनमा आधारित पेसागत विकासका कायर्यक्रमहरूमा सहभागी भइ पेसागत सक्षमता विकास र प्रयोग गरेको हुने,

ट) संस्थागत संयन्त्र अनुसार गठित समितिहरूले निरन्तर रूपमा शैक्षिक कार्यक्रमहरूको अनुगमन तथा विद्यालयमा आधारित सहयोग प्रदान गरेको अवस्था हुने,

ठ) प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क विन्दुका रूपमा एक जना शिक्षक तोकिएको हुने र अत्यावश्यक क्षमता विकास भइ लैङ्गिक सबालहरूमा बालबालिकालाई परामर्श तथा सरसल्लाह प्रदान भएको हुने,

ड) सामुदायिक सिकाइ केन्द्र तथा स्रोत कक्षा सञ्चालन भएका विद्यालयहरूको सस्थागत विकास भएको हुने,

ढ) नगरपालिका तथा विद्यालयका सेवा प्रवाह सहभागितामूलक, नतिजामूलक, कार्यसम्पादनप्रति उत्तरदायी र जवाफदेही हुने।

## परिच्छेद ७ : लगानी र स्रोत व्यवस्थापन

नगरपालिकाको समग्र विकासका लागि शिक्षा क्षेत्र मुख्य आधारका रूपमा रहेको हुन्छ । शिक्षामा गरिने लगानीको प्रतिफल प्रत्यक्ष रूपमा तत्काल विश्लेषण गर्न कठिनाइ हुने भएता पनि यसबाट हुने प्रारम्भिक असरहरू आँकलन गर्न सकिन्छ । यसबाट दिर्घकालसम्म पार्ने असर र अन्य क्षेत्रहरूमा पार्ने सकारात्मक प्रभावहरू निकै महत्वपूर्ण हुन्छन्।नगरपालिकाको दिगो आर्थिक विकास र समुन्नतिका लागि अत्यावश्यक जनशक्तिको आपूर्ति , सरोकारवालाहरूको सशक्तिकरण र विकास प्रक्रियामा सक्रिय सहभागिता ,दिगो विकासका लक्ष्यहरूको प्राप्तिमा

सहजीकरण जस्ता पक्षहरूमा शिक्षा क्षेत्रले खेल्ने भूमिका अहम् रहन्छ । यसका लागि शिक्षा क्षेत्रमा गरिने लगानी प्रमुख कारकको रूपमा रहेको कुरा अन्तर्राष्ट्रिय स्तरमा नै स्थापित भैसकेको छ । विभिन्न मुलुकहरूले शिक्षा क्षेत्रमा उच्च प्राथमिकतासहित लगानी गर्दै आइरहेको र यसबाट मुलुकको आर्थिक विकास र समृद्धि उच्चतहमा पुगेका प्रशस्त उदाहरणहरू छन् ।

नेपालको संविधानले पनि आधारभूत तथा माध्यमिक तहसम्मको शैक्षिक व्यवस्थापन स्थानीय तहको कार्यक्षेत्रमा निर्धारण गरेतापनि प्रदेश तथा संघले खेल्नुपर्ने भूमिका साझा अधिकारको सूचीमा राखेबाट नै पुष्टि हुन्छ । यसै सन्दर्भमा राष्ट्रिय बजेटमा शिक्षाको प्रतिशत लक्ष्य अनुसार विनियोजन हुन सकेको अवस्था छैन । यद्यपि स्थानीय तहको क्षेत्राधिकारमा रहेको यस क्षेत्रमा समेत शिक्षाको महत्वलाई मध्यनजर गर्दै सशर्त तथा समन्यायिक अनुदानको रूपमा वार्षिक रूपमा बजेट व्यवस्थापन हुँदै आएको छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकारको शिक्षामा हुने लगानी स्वयम् नै अति महत्वपूर्ण रहेको छ ।

यस दश वर्षीय शिक्षा योजनाको सफल कार्यान्वयनका लागि नगरपालिकाले गर्ने लगानी अपेक्षित विकास लक्ष्य हासिल गर्न निर्णायक बन्न जान्छ । अन्तर्राष्ट्रिय सन्दर्भ केलाउँदा धेरैजसो विकासोन्मुख तथा विकासशील देशहरूले शिक्षा क्षेत्रमा कम्तीमा २० प्रतिशत लगानी गर्दै आएको देखिन्छ । सङ्घीय सरकारले पनि सोही प्रतिशत लगानी गर्न प्रतिबद्धता जाहेर गरेतापनि करीब १०-१७ प्रतिशत सम्म लगानी गर्दै आएको छ । यो लगानी मूलतः सबैका लागि गुणस्तरीय तथा समावेशी शिक्षाको पहुँच सुनिश्चित गर्न अपुग रहँदै आएको छ । यस परिप्रेक्ष्यमा नगरपालिकाले शिक्षा क्षेत्रमा गर्ने लगानी कम्तीमा पनि २० प्रतिशत हुन अत्यावश्यक रहेको छ । यसका औचित्यहरू देहायबमोजिम स्थापित भएका छन् ।

क) साक्षर नगरको अवधारणालाई निरन्तरता दिने,

ख) समावेशी शैक्षिक पहुँच तथा सहभागिता र उपलब्धि सुनिश्चित गर्ने,

ग) गुणस्तरीय शिक्षाका लागि शिक्षक प्रधानाध्यापक एवम् विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावकको क्षमता विकास गर्ने,

घ) शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई संस्थागत गर्न विद्यालयमा आधारित आइसिटी ल्याब , नगरपालिका केन्द्रित डिजिटल अनुसन्धान स्रोतकेन्द्र स्थापना गर्ने जस्ता नविनतम कार्यक्रमहरू सञ्चालन गर्ने,

ङ) घुम्ती पुस्तकालय ,घुम्ती शिक्षक ,एक विद्यालय एक पुस्तकालय ,एक विद्यालय एक स्वास्थ्य परिचारिका ,सिक्दै कमाउँदै कार्यक्रम ,ल्याब-स्कूलको अवधारणा जस्ता प्रवर्तनात्मक एवम् गुणात्मक कार्यक्रमहरू कार्यान्वयन गर्ने।

**नगरपालिकाले विगतका वर्षहरूमा गरेको लगानीको अवस्था**

| आ.व. | नगरपालिकाले विनियोजन गरेको शिक्षा तर्फ | | | वृद्धि वा ह्रास |
|---|---|---|---|---|
| | चालु बजेट | पुँजीगत बजेट | जम्मा बजेट | |
| २०७७/०७८ | २०३२४४००० | १७२६१००० | २२०५०५००० | |
| २०७८।०७९ | २१३८३५००० | ३६३४१००० | २५०१७६००० | २९६७१००० |
| २०७९।०८० | २४५३७३००० | ४१९७२००० | २८७३४५००० | ३७१६९००० |
| २०८०।०८१ | २५६५३२००० | ३७७५०००० | २९४२८२००० | ६९३७००० |

| | | | | |
|---|---|---|---|---|
| २०८१।०८२ | २२१६५७००० | १०००००००० | २३१६५७००० | -६२६२५००० |
| २०८२।०८३ | २९७७५९००० | ३४९५००००० | ३३२७०९००० | १०१०५२००० |

**श्रोतः नगरपालिकाको वार्षिक बजेट,नीति तथा कार्यक्रम २०७७/०७८ देखि २०८२/०८३**

एकातिर कुल बजेटको आकार र प्रवृत्ति हेर्दा निरन्तर वृद्धि र अचानक गिरावट आएको देखिन्छ जुन आर्थिक वर्ष २०७७/०७८ देखि २०८०/०८१ सम्म कुल शिक्षा बजेट लगातार बढिरहेको देखिन्छ तर, आ.व. २०८१/०८२ मा बजेटमा ठूलो गिरावट (रु. ६ करोड २६ लाख २५ हजारले कमी) आएको छ। त्यसै गरि ऐतिहासिक वृद्धिमा आ.व. २०८२/०८३ बजेटमा भने अहिलेसम्मकै ठूलो सुधार आउँदै कुल बजेट रु. ३३ करोड २७ लाख ९ हजार पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब ४३.६% को वृद्धि हो।

अर्को तर्फ चालु र पुँजीगत बजेटको हिस्सा (प्राथमिकता) हेर्दा शिक्षा क्षेत्रमा विनियोजन हुने बजेटको ठूलो हिस्सा चालु (प्रशासनिक, तलब, दैनिक कार्य सञ्चालन) तर्फ जाने गरेको देखिन्छ जस्तै चालु बजेटको बर्चस्व पनि देखिन्छ । औसतमा कुल शिक्षा बजेटको ८५% देखि ९५% सम्म हिस्सा चालु बजेटले ओगटेको छ। आ.व. २०८१/०८२ मा त कुल बजेटको ९५.६% हिस्सा चालुमै खर्च भएको थियो।

पुँजीगत बजेट (पूर्वाधार विकास) मा अस्थिरता पनि देखिन्छ विद्यालय भवन निर्माण, प्रयोगशाला जस्ता दिगो विकासमा खर्च हुने पुँजीगत बजेट निकै अस्थिर छ। आ.व. २०७९/०८० मा सबैभन्दा बढी (रु. ४ करोड १९ लाख ७२ हजार) पुँजीगत बजेट थियो भने आ.व. २०८१/०८२ मा यो घटेर मात्र रु. १ करोडमा सीमित हुन पुग्यो। आ.व. २०८२/०८३ मा फेरि बढेर रु. ३ करोड ४९ लाख ५० हजार पुगेको छ।

**उपक्षेत्रगत लगानीको प्रक्षेपण (हजारमा)**

| उपक्षेत्र | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | छैटौं वर्ष | सातौं वर्ष | आठौं वर्ष | नवौं वर्ष | दशौं वर्ष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक वालविकास | १५५८० | १५६०० | १५६१० | १५६२० | १५६३० | १५६४० | १५६५० | १५६६० | १५६७० | १५६८० |
| आधारभूत शिक्षा | ३४८८ | ३५९० | ३६०० | ३६५० | ३७०० | ३८०० | ३९०० | ४००० | ४२०० | ४४०० |
| माध्यमिक शिक्षा | २८९० | २९०० | ३००० | ३१०० | ३२०० | ३३०० | ३४०० | ३५०० | ३६०० | ३७०० |
| प्राविधिक शिक्षा | ७३०० | ७४०० | ७५०० | ७६०० | ७७०० | ७८०० | ७९०० | ८००० | ८००० | ९००० |
| पाठ्यक्रम र पाठ्यसामग्री | ३२५० | ३३०० | ३४०० | ३५०० | ३६०० | ३७०० | ३८०० | ३९०० | ४००० | ४१०० |
| शिक्षक व्यवस्थापन र विकास | २२२९१८ | २२२९२० | २२२९३० | २२२९४० | २२२९५० | २२२९६० | २२२९७० | २२२९८० | २२२९९० | २२३००० |
| विद्यालय व्यवस्थापन | २१६७० | २२६७० | २२६७० | २२६८० | २२७०० | २२७१० | २२८८० | २२९०० | २२९८० | २३००० |
| अनौपचारिक तथा वैकल्पिक शिक्षा | ३००० | ३५०० | ३५५० | ३५६० | ३५६० | ३५७० | ३६०० | ३६०० | ३७०० | ३८०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| समावेशी तथा गुणस्तरीय शिक्षा | १००० | ११०० | १२०० | १२१० | १६०० | १६०० | १६०० | १६०० | १६०० | १७०० |
| शिक्षामा सूचना प्रविधिको प्रयोग | ३२०० | ४२०० | ४३०० | ४४०० | ४५०० | ४९५० | ५००० | ५५०० | ५५०० | ६००० |
| जम्मा | **२८४२९६** | **२८७१८०** | **२८७७६०** | **२८८२६०** | **२८९१४०** | **२९००३०** | **२९०७००** | **२९१६४०** | **२९२२४०** | **२९४३८०** |

# परिच्छेद ८ : योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन र समन्वय

नगरपालिकाले तय गरेको दीर्घकालीन सोच दूरदृष्टि तथा लक्ष्यका आधारमा , विकास योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन समन्वय र सहजीकरण गर्नुपर्छ । योजनालाई नतिजामुखी बनाउनु पर्छ । योजना तर्जुमा तथा कार्यान्वयन पक्ष दुवै लाई विशेष ध्यान दिनु पर्छ । योजनाले परिलक्षित गरेका उपलब्धि हासिल गर्न दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि पनि योजना तर्जुमा तथा कार्यान्वयन पक्षलाई मजबूद बनाउनु पर्छ । योजना तर्जुमा तथा कार्यान्वयन गर्दा संघ तथा प्रदेश बाट प्राप्त निर्देशन तथा मार्गदर्शन र स्थानीय तहले तय गरेका नीति तथा कार्यक्रमको प्राथमिकताहरूलाई समेत उचित ध्यान दिनु पर्छ । त्यसै गरी संघ तथा प्रदेश सँग पनि प्रभावकारी समन्वय स्थापित गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्नु पर्छ ।

स्थानीय तहमा योजना प्रणाली विकास गरी कार्यान्वयनमा ल्याउनु उपयुक्त हुन्छ । योजना प्रणालीलाई संस्थागत गर्नु जरुरी छ । यसरी योजना तर्जुमा गर्दा संघीय प्रादेशिक योजना तर्जुमा दिग्दर्शनहरूलाई अनुशरण गर्नु उपयुक्त हुन्छ । यसरी प्राप्त निर्देशन तथा मार्गदर्शनका आधारमा योजना तर्जुमा गर्दा योजना बढी गुणस्तरीय एवम् व्यावहारिक बनाउन मदत पुग्छ ।

## ८.१ योजना तर्जुमा

विद्यमान अवस्थामा सोलुदुधकुण्ड नगरपालिकाले आफ्ना योजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । नगरपालिकाले तयार गरेको विभिन्न ऐन कानुन तथा नियमावलीको परिधि र संघ तथा प्रदेशबाट प्राप्त निर्देशन तथा कार्यढाँचाका आधारमा योजना तर्जुमा र कार्यान्वयन गर्दै आएको परिवेशमा योजना तर्जुमालाई थप व्यवस्थित गरी परिलक्षित लक्ष्य राष्ट्रिय लक्ष्य तथा दिगो विकासका लक्ष्यहरू समेतका प्राप्तिलाई सहज बनाउन योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियालाई थप व्यवस्थित गर्नु पर्ने अवस्था रहेको छ ।

### ८.१.१ समस्या

क) योजना तर्जुमाका लागि दक्ष तथा योग्य जनशक्तिको अभाव रहेको छ ।

ख) संघ प्रदेश तथा स्थानीय तहबीचको अधिकारहरूमा स्पष्टता कायम नहुनु ।

ग) योजना तर्जुमा अत्यावश्यक सूचना तथा तथ्याङ्कमा आधारित भइ तथ्यपरक तथा नतिजामुखी हुन नसक्नु।

घ) योजना तर्जुमा प्रक्रियामा सरोकारवालाहरूको सहभागिता न्यून हुनु ।

ङ) योजना छनोट प्रक्रियाले आवश्यकता तथ्यपरक विश्लेषण र मागका आधारमा कार्यक्रमहरू छनोट तथा वितरण हुन नसक्नु ।

च) योजानाहरू टुक्रिएका र छरिएका अवस्थामा पर्याप्त वजेटको व्यवस्थापन नभइ योजना पूरा हुने अवस्था नहुनु ।

### ८.१.२ चुनौती

(क) सक्षम जनशक्तिको व्यवस्था गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्नु,

(ख) अत्यावश्यक खण्डिकृत सूचना र तिनको विश्लेषणका आधारमा योजना तर्जुमा गर्नु,

(ग) आवश्यकतामा आधारित सरोकारवालाहरूको सक्रिय सहभागितामा योजना तर्जुमा तथा कार्यान्वयन गर्नु।

### ८.१.३ अवसर

(क) स्थानीय सरकारलाई आफ्नो आवश्यकताका आधारमा योजना तर्जुमा गर्ने अधिकार प्राप्त हुनु,

(ख) योजना निर्माण तथा कार्यान्वयन प्रति जनचासो बढ्दै जानु,

(ग) योजना तर्जुमा विधि तथा प्रक्रियामा अत्यावश्यक सुधार गर्ने पर्याप्त अवसर हुनु।

### ८.१.४ सोच

नगरपालिकाको संरचना ऐन कानुन तथा प्राथमिकताका आधारमा नतिजामुखी योजना तर्जुमा तथा कार्यान्वयन संयन्त्र संस्थागत गर्ने ।

### ८.१.५ लक्ष्य

दश वर्षे दीर्घकालीन सोच अनुसार शिक्षाका योजना तर्जुमा तथा कार्यान्वयन गरी अपेक्षित लक्ष्य तथा उपलब्धि हासिल गर्ने।

### ८.१.६ उद्देश्य

दीर्घकालीन सोच तथा लक्ष्य हासिल गर्न स्थानीय तहमा सम्बन्धित सरोकारवालाहरूको सहकार्य र समन्वयमा नतिजामुखी योजना तर्जुमा र कार्यान्वयन गर्ने दर्विलो पद्धतिको विकास गर्नु

### ८.१.७ रणनीति

(क) दीर्घकालीन सोच तथा लक्ष्य अनुसारको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने।

(ख) योजना तर्जुमा विधि, प्रक्रियामा र पद्धतिमा आवश्यक सुधार गरी योजना व्यवस्थापन तथा कार्यान्वयन प्रक्रियालाई सुदृढ गर्ने ।

(ग) योजना तर्जुमामा संलग्न व्यक्ति तथा संरचना वा संघसंस्थाहरूको सक्षमता अभिवृद्धि गर्ने ।

### ८.१.८ कार्यनीति

(क) शिक्षा ऐन नियमावली तथा दीर्घकालिन सोच अनुसार संविधानले प्रदान गरेको माध्यमिक शिक्षा सम्मको शैक्षिक व्यवस्थापनका लागि उचित एवम् प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ।

(ख) योजना तर्जुमा गर्दा दिगो विकासका लक्ष्यहरुको प्राप्तिमा केन्द्रित गरी स्थानीयकरण गरिनेछ ।

(ग) स्थानीय तहमा विकास आयोजना तर्जुमा गर्न, समन्वय गर्न एक संरचना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

(घ) योजना तर्जुमा गर्दा कार्यक्रमहरूको पहिचान, प्राथमिकीकरण, कार्यान्वयन प्रक्रिया तथा मूल्याङ्कन कार्यलाई समेत एकीकृत गरिनेछ ।

(ङ) अनुभवका आधारमा योजना तर्जुमा प्रक्रियालाई पुनरावलोकन गरी परिमार्जन गरिने छ ।

(च) वस्तुपरक तथ्याङ्क र अनुमानका आधारमा नतिजामुखी योजना तयार गर्ने प्रक्रिया अवलम्बन गरिने छ ।

(छ) योजना तर्जुमा गर्दा मध्यकालीन खर्च संरचनालाई ध्यानमा राखी आवश्यक बजेटको अनुमान गरी योजनालाई व्यावहारिक तथा कार्यान्वयन योग्य बनाइने छ ।

(ज) योजना तर्जुमा गर्दा उपलब्ध स्रोत र साधनको उचित व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।

(झ) योजना तर्जुमा गर्दा विगतको अनुभव ,समस्या सिकाइ तथा सूचनामा आधारित गरिनेछ र यसका लागि व्यवस्थित सूचना व्यवस्थापन पद्धति विकास गरी संस्थागत गरिनेछ ।

(ञ) योजना तर्जुमा गर्दा योजनाको कार्यान्वयन पक्ष उपलब्ध जनशक्ति र त्यसको व्यवस्थापन कार्यान्वयन संयन्त्र ,स्रोत तथा जिम्मेवारी र जवाफदेही संयन्त्रसमेतको किटानी योजना तर्जुमाका क्रममा नै गरी कार्यान्वयन पक्षलाई प्रभावकारी बनाइने छ ।

(ट) योजना तर्जुमा गर्दा सहभागितामूलक बनाइने छ  र यसका लागि सरकार निजी स्रोत तथा गैर सरकारी निकायहरूविच उचित समन्वय गरिनेछ ।

(ठ) योजना कार्यान्वयनका लागि सार्वजनिक खरीद प्रक्रियालाई बढी व्यावहारिक र चुस्त बनाई समयमा नै विकास खर्च हुने अवस्था सिर्जना गरिनेछ ।

(ड) योजना तर्जुमा तथा कार्यान्वयनमा समावेशी सिद्धान्तलाई आत्मसात गरी गरीब ,विपन्न सीमान्तकृत समूह ,अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र विकास पक्षलाई सुनिश्चित गरिनेछ ।

(ढ) योजना तर्जुमा तथा कार्यान्वयनकमा आउन समस्या समाधानका लागि समन्वय समिति गठन गरी कार्यान्वयनमा ल्याइने छ ।

### ८.१.९ अपेक्षित उपलब्धि

(क) योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी विधि प्रक्रिया संरचना वा संयन्त्र विकास भइ कार्यान्वयनमा आएको हुने छ ।

(ख) दीर्घकालीन सोच तथा लक्ष्यका आधारमा आवश्यकतामा आधारित नतिजामुखी योजना तर्जुमा र कार्यान्वयन भएको हुने छ ।

(ग) सरोकारवालाहरूको सक्रिय सहभागितामा योजना तर्जुमा तथा कार्यान्वयन भएको हुनेछ ।

(घ) योजना तर्जुमा तथा व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ् पद्धति विकास भइ अद्यावधिक भएको हुनेछ।

(ङ) योजना तर्जुमामा संलग्न पदाधिकारीहरूको सक्षमता विकास भएको हुने छ ।

## ८.२ अनुगमन तथा मूल्याङ्कन

योजना तर्जुमा योजनाको कार्यक्रम तथा आयोजनाको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । त्यसै गरी योजना निमाण तथा कार्यान्वयन प्रक्रियालाई नतिजामूलक र पारदर्शी बनाई सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्न पनि अनुगमन तथा मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहन्छ । कार्यान्वयनका क्रममा देखिएका समस्याहरू तत्काल पहिचान गरी समाधान गर्न योजना कार्यान्वयन प्रक्रियालाई नतिजामुखी बनाउन अनुगमन तथा मूल्याङ्कन अपरिहार्य हुन्छ । त्यसै गरी सुशासनको प्रत्याभूति दिलाउन कार्यान्वयन प्रक्रियालाई बढी पारदर्शी बनाउनमा समेत यसले महत्व राख्छ । विकास आयोजनाहरूको व्यवस्थित अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ कार्यान्वयनमा रहेको छ। प्रदेशको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकासका लागि प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ तयार भइ कार्यान्वयनमा आएको छ । दिगो विकास लक्ष्यमैत्री अनुगमन तथा मूल्याङ्कनका लागि सूचक तयार गरी प्रदेशगत रूपमा समेत तथ्याङ्कको व्यवस्थापन कार्यहरू भएका छन् । अनुगमन तथा मूल्याङ्कनलाई अन्तरनिकाय र अन्तरसरकारी तहको समन्वय र सहकार्य गर्नु पर्ने अवस्था रहन्छ । यसबाट अनुगमन तथा मूल्याङ्कन थप प्रभावकारी हुन जान्छ । संवैधानिक अधिकार, संघबाट प्रदत्त अधिकार तथा निर्देशिका, प्रदेश सरकारबाट प्राप्त निर्देशन समेतका आधारमा योजना कार्यान्वयनको निरन्तर अनुगमन र मूल्याङ्कन गरिनु पर्छ ।

### ८.२.१ समस्या

(क) अनुगमनका चरणहरू अनुशरण गरि व्यवस्थित रूपमा अनुगमन नहुनु,

(ख) अनुगमन फितलो हुनु र विकास नीति, योजना तथा कार्यक्रमले पारेको समग्र प्रभाव, असर र दिगोपनालाई ध्यानमा राखी अनुगमन तथा  मूल्याङ्कन नहुनु,

(ग) योजना तर्जुमाको क्रममा नै अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कार्ययोजनाले प्राथमिकता नपाउनु,

(घ) अनुगमन तथा मूल्याङ्कनका प्रतिवेदन तथा सुझावका आधारमा योजना निर्माण तथा कार्यान्वयन गरिने अवस्था नरहनु,

(ङ) अनुगमन तथा मूल्याङ्कनले उच्च प्राथमिकता प्राप्त गर्न नसक्नु ,

(च) अनुगमन तथा मूल्याङ्कनका आधारमा दण्ड तथा पुरस्कारको व्यवस्था कार्यान्वयनमा आउन नसक्नु ,

(छ) अनुगमन तथा मूल्याङ्कन प्रणालीसँग आबद्ध जनशक्तिको पर्याप्त क्षमता विकास गर्न नसक्नु ,

(ज) अनुगमन तथा मूल्याङ्कनका लागि साधन-स्रोतको अपर्याप्तता रहनु,

(झ) संघीय संरचना अनुरूप संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा अनुगमन तथा मूल्याङ्कन कार्य नहुनु ।

### ८.२.२ चुनौती

(क) अनुगमन तथा मूल्याङ्न पद्धतिलाई संस्थागत गरी नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कनलाई अभ्यासमा ल्याउनु,

(ख) मापन योग्य सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन गरी योजना सञ्चालनकै क्रममा सञ्चालन प्रक्रिया तथा गुणस्तरीयता सुनिश्चत गर्नु ,

(ग) अनुगमन तथा मूल्याङ्कनसँग सम्बन्धित सूचनालाई व्यवस्थित गर्न सक्षम जनशक्ति विकास गर्नु र विकसित जनशक्तिलाई टिकाइ राख्नु ,

### ८.२.३ अवसर

(क) स्थानीय सरकारले विद्यालय शिक्षा सम्मको अनुगमन संयन्त्र अनुगमन साधन सक्षमता विकास अनुगमन तथा मूल्याङ्कनको प्रयोग गर्ने अधिकार प्राप्त हुनु,

(ख) संघ प्रदेश तथा स्थानीय सरकारसँग समन्वय र सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई व्यावहारिक एवम् सुधार मुखी बनाउने अवसर हुनु,

(ग) अनुगमन तथा मूल्याङ्कनमा संलग्न पदाधिकारीहरूको सक्षमता विकास गर्न सक्नु ।

### ८.२.४ सोच

व्यवहारयोग्य प्रभाव र असर केन्द्रीत मापनयोग्य सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गरी सुशासन कायम ।

### ८.२.५ लक्ष्य

अपेक्षित लक्ष्य तथा उद्देश्य हासिल गर्न व्यवस्थित अनुगमन तथा मूल्याङ्कन पद्धति विकास र सही उयपोग गरी योजनाको सफल कार्यान्वयन गर्ने ।

### ८.२.६ उद्देश्य

मापनयोग्य सूचकमा आधारित कार्यक्रम अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्नु ।

### ८.२.७ रणनीति

(क) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने ,

(ख) समन्व तथा सहकार्यका आधारमा नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई संस्थागत गर्ने,

(ग) अनुगमन तथा मूल्याङ्कन कार्यमा सरिक हुने मानवस्रोतको विकास गर्ने,

(घ) अनुगमन तथा मूल्याङ्कनबाट योजना तथा कार्यक्रमका समस्या पहिचान र समयमै समाधान गर्न आवश्यक संरचना विकास र कार्यान्वयन गर्ने।

### ८.२.८ कार्यनीति

(क) नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई संस्थागत गरिनेछ ।

(ख) सूचक तथा मापदण्डमा आधारित अनुगमन तथा मूल्याङ्कनका अत्यावश्यक पद्धति विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

(ग) सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई संस्थागत गरिने छ ।

(घ) अनुगमन तथा मूल्याङ्कनका साधन विकास गरी प्रयोगमा ल्याइने छ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन सूचक तथा मापदण्ड विकास गरी कार्यान्वयमा ल्याइनेछ ।

(च) अन्तर निकायगत सहयोग र समन्वयमा अनुगमन तथा मूल्याङ्कनका जनशक्तिको सक्षमता विकास गरिने छ।

(छ) वार्षिक रूपमा अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

(ज) अनुगमन तथा मूल्याङ्कनमा आधुनिक विधि ,प्रविधि तथा प्रक्रिया अवलम्बन गरिने छ ।

(झ) अनुगमन समितिलाई सक्रिय बनाइ अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी एवम् एकीकृत गरिनेछ।

(ञ) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियामा आवश्यक सुधार गरिनेछ ।

### ८.२.९ अपेक्षित उपलब्धि

(क) अनुगमन तथा मूल्याङ्कनको उपयुक्त संयन्त्र विकास भइ संस्थागत भएको हुनेछ ।

(ख) योजना तथा कार्यक्रम तर्जुमा सँगै अनुगमन कार्य योजना तयार भइ कार्यान्वयनमा आएको हुनेछ।

(ग) अनुगमन तथा मूल्याङ्कन कार्यमा संलग्न जनशक्तिले नतिजामा आधारित अनुगमन तथा मुल्याङ्कन सम्बन्धी क्षमता विकासको अवसर प्राप्त गरेका हुनेछन् ।

(घ) अनुगमन तथा मूल्याङ्कनमा सरोकारवालाहरूको सहभागिता सुनिश्चित भएको हुनेछ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन बाट प्राप्त सुझावका आधारमा कार्यक्रम कार्यान्वयन प्रक्रियामा सुधार भएको हुनेछ ।

## ८.३ समन्वय र सहकार्य

योजना तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कन कार्य सम्पादन गर्दा विभिन्न निकायहरू अन्तरसरकारी निकायहरू बीच उचित एवम् प्रभावकारी समन्वय र सहकार्य अत्यावश्यक हुन्छ । संविधानले प्रदान गरेका एकल तथा साझा अधिकारको सफल कार्यान्वयनका लागि यो नितान्त जरुरी छ । सवै कार्यहरूको कार्यान्वयन स्थल विद्यालय शिक्षालय तथा विश्वविद्यालयहरू नै हुन् । साथै सवै कार्यक्रमहरूको कार्यान्वयन पनि विद्यालय शिक्षालय र विश्वविद्यालय अन्तरगतका कलेजहरूमा नै हुन्छ । अतः अन्तर निकाय

तथा अन्तर सरकारी समन्वय र सहकार्य विना योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन सक्दैन । त्यसैले संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो अधिकार प्रयोग गर्दा एकअर्काको साझा चासो, सरोकार र राष्ट्रिय लक्ष्य एवम् हितको विषयलाई समेत ध्यान दिनु पर्छ । यी तीन तहको सम्बन्ध ,सहकारीता, सहअस्तित्व र समन्वयका सिद्धान्तका आधारमा हुने संवैधानिक व्यवस्था भएकाले पनि यसलाई स्थानीय सरकारले योजना तयार गर्दा विशेष ध्यान दिनु जरुरी हुन्छ ।

### ८.३.१ समस्या

(क) तीन ओटै सरकारको आ-आफ्नै बुझाइ हुनु र हालसम्म संघबाट अत्यावश्यक संघीय कानुनहरू नबन्नु ,

(ख) कानुनी तथा संस्थागत प्रबन्ध नहुनु,

(ग) समन्वय र सहकार्यको वातावरण निर्माण हुन नसक्नु।

### ८.३.२ चुनौती

(क) संविधानले तय गरेका अधिकारहरूका बारेमा स्पष्टता कायम गरी तीन ओटै तहका सरकारमा समान बुझाइ र धारणाको विकास गर्नु ,

(ख) योजना निर्माण तथा कार्यान्वयनमा एकरुपता ल्याउनु र दोहोरोपना हटाउनु ,

(ग) तिन ओटै तहका सरकारमा राजनीतिक समझदारी तथा कार्यगत एकताका लागि अत्यावश्यक न्यूनतम समझदारी विकास गर्नु,

(घ) कानुनी व्यवस्था तय गरी समन्वय र सहकार्यको वातावरण सुनिश्चित गर्नु।

### ८.३.३ अवसर

(क) जनताका आकांक्षाहरु नजिकबाट पहिचान र सम्बोधन गर्ने उपयुक्त वातावरण हुनु,

(ख) स्थानीय तहका समन्वय र सहकार्यको वातावरण तयारीका लागि अत्यावश्यक कानुन निर्माण गर्ने अधिकार हुनु।

### ८.३.४ सोच

सुदृढ अन्तर निकायगत र अन्तर सरकारबिच कार्यगत समन्वय र सहसम्बन्ध ।

### ८.३.५ लक्ष्य

अन्तर निकायगत र अन्तरसरकार वीच कार्यगत समन्वय र सहसम्बनधलाई सुदृढ, सबल र सक्षम बनाउने

### ८.३.६ उद्देश्य

अन्तर निकाय तथा अन्तर सरकार समन्वय र सहकार्य स्थापित गरी योजनाको सफल कार्यान्वयन गर्ने ।

### ८.३.७ रणनीति

(क) संवैधानिक अधिकारको सहज र प्रभावकारी कार्यान्वयनको वातावरण निर्माण गर्ने,

(ख) स्थानीय तहमा कार्यरत विभिन्न मन्त्रालय अन्तरगतका कार्यक्रम विकास तथा कार्यान्वयनमा समन्वय र सहकार्य गरी कार्यक्रमलाई प्रभावकारी गराउने ,

(ग) छिटो छरितो सेवा प्रवाहको अवस्था सुनिश्चित गर्ने,

(घ) विभिन्न सरकारी गैर सरकारी तथा निजी क्षेत्रसँग उचित समन्वय स्थापित गरी स्रोतको व्यवस्थापनमा हुने दोहोरोपना हटाउने।

### ८.३.८ कार्यनीति

(क) संघ, प्रदेश र स्थानीय निकाय विचको सम्बन्धलाई व्यवस्थित गरी समन्वयात्मक रूपमा कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गरिनेछ ।

(ख) कार्यक्रम तर्जुमा, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनमा नगरपालिका भित्र अन्तर सरकार समन्वय स्थापित गरिनेछ ।

(ग) कार्यक्रम निर्माण कार्यान्वयन र मूल्याङ्कन जस्ता कार्यहरूमा नगरपालिका भित्र कार्य गर्ने विभिन्न सरकारी गैर सरकारी तथा निजी क्षेत्रसँग उचित समन्वय स्थापित गरी उपलब्ध स्रोत र साधनको उच्चतम उपयोग गरिनेछ ।

(घ) संघ, प्रदेश तथा स्थानीय सरकारबाट योजना तथा कार्यक्रमहरू विकास गर्दा उचित समन्वय गरी उपलब्ध स्रोत, साधन तथा कार्यक्रममा हुने दोहोरोपना हटाईनेछ।

### ८.३.९ अपेक्षित उपलब्धि

(क) अन्तर सरकार तथा अन्तर निकाय बीच योजना तर्जुमा तथा कार्यान्वयनमा समन्वय र सहकार्य भएको हुनेछ ।

(ख) स्थानीय तहमा रहेका विभिन्न गैर सरकारी निकायहरू वीच सह-सम्बन्ध र सहकार्यमा योजना तथा कार्यक्रम विकास र कार्यान्वयन भएको अवस्था हुनेछ ।

(ग) स्थानीय निकायमा अन्तर निकायगत समन्वयलाई सुदृढ बनाउँन एक संयन्त्र विकास भइ कार्यान्वयनमा आएको हुनेछ ।

## अनुसूची १: (२०८०-२०८४) पाँच वर्षे शिक्षा योजना निर्माण सल्लाहकार समिति

१. नाम्गेल जाङ्बु शेर्पा
   **नगरपालिका प्रमुख**

२. गान्धीमाया तामाङ
   **नगरपालिका उप प्रमुख**

३. कोपिला राई
   **प्रमुख प्रशासकीय अधिकृत**

## अनुसूची २ : (२०८३-२०९२) दश वर्षे शिक्षा योजना निर्माण समिति

| क्र.सं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | सोनाम ग्याल्जेन शेर्पा | सामाजिक विकास संयोजक | सोलु दुधकुण्ड नगरपालिका |
| २ | राम कुमार खड्का | अधिकृत आठौं | योजना शाखा |
| ३ | बाशु देव वाग्ले | तालिम अधिकृत | रिड नेपाल |
| ४ | रोजिना पौडेल | शिक्षा अधिकृत सातौ | सोलुदुधकुण्ड नगरपालिका |

| | | | |
|---|---|---|---|
| ५ | बिनोदं सिंह तामाङ | प्रधानाध्यापक | गार्मा मा. वि. |
| ६ | महा प्रसाद फुयल | प्रधानाध्यापक | जन जागृति मा. वि. |
| ७ | हर्क बहादुर राई | प्रधानाध्यापक | सिंहकाली आ. वि. |

## अनुसूची ३ : (२०८३-२०९२) दश बर्षे शिक्षा योजना सल्लाहकार समिति

| क्र.सं. | नाम थर | पद | कार्यालय |
|---|---|---|---|
| १ | नाम्गेल जाङ्बु शेर्पा | प्रमुख | सोलुदुधकुण्ड नगरपालिका |
| २ | गान्धी माया तामाङ | उप प्रमुख | सोलुदुधकुण्ड नगरपालिका |
| ३ | सुरेन्द्र थापा | प्रमुख प्रशासकीय अधिकृत | सोलुदुधकुण्ड नगरपालिका |
| ४ | छोंङ्बा शेर्पा | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा नं.१ |
| ५ | ङ्वाङ ठिले शेर्पा | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा नं.२ |
| ६ | ल्हाक्पा गेलु शेर्पा | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा नं.३ |
| ७ | युवाश तामाङ | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा नं.४ |
| ८ | मिङमार तामाङ | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा नं.५ |
| ९ | फुर्वा ग्याल्जेन शेर्पा | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा नं.६ |
| १० | सोनाम ग्याल्जेन शेर्पा | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा नं.७ |
| ११ | पासाङ कटुवाल | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा न. ८ |
| १२ | धनराज तामाङ | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा न. ९ |
| १३ | होम बहादुर मगर | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा न.१० |
| १४ | टंक बहादुर कार्की | वडा अध्यक्ष | सोलुदुधकुण्ड नगरपालिका वडा न.११ |
| १५ | एक बहादुर बस्नेत | प्रधानाध्यापक | दुधकुण्ड हिमालय आ वि |

## अनुसूची ४ : (२०८३-२०९२) दश वर्षे शिक्षा योजना मुल्याङ्कन समिति

१. नगर उपप्रमुख गान्धिमाया तामाङ - संयोजक
२. अधिकृत सातौं दोर्जी शेर्पा - सूचना प्रविधि शाखा
३. लेखा अ. छैठौं फुरी लामा-लेखा शाखा
४. प्रधानाध्यापक पेम्बा नुर्बु शेर्पा-सगरमाथा मा. वि.
५. मा. वि. शिक्षक गोपाल राज भुजेल - चाँगेस्थान मा. वि.

अनुसूची ५ नगर : शिक्षा योजना बैठक तथा निर्णयहरु

## 3 Days Local Level Education Sector Plan Pr…

**Participant's Lodging, Fooding & Travel Co…**

Organized By : Solududhkunda Municipality — Techn…

Date : 2nd March 2023 - 4th March 2023

Venue : Samikshya Hall, Sallen, Solukhumbu

| SN | Name | Organization | Designation | Contact No |
|---|---|---|---|---|
| 1 | आदर्शी माया तामाङ | सोलु दु न पा | उप-मेयर | ९८४२४३ ५३१२ |
| 2 | लाक्पा गेलु शेर्पा | " " - ३ | वडा अध्यक्ष | |
| 3 | सुजाता तामाङ | " " - ६ | वडा सदस्य | ९८४१५० ६५०१ |
| 4 | सोनाम ग्याल्जेन शेर्पा | " " - ७ | वडा अध्यक्ष | ९८४१०६३ ७३८ |
| 5 | पासाङ कटुवाल | " " - ८ | वडा अध्यक्ष | ९८६३०४ ८४० |
| 6 | टंक ब. कार्की | " " - ११ | वडा अध्यक्ष | ९८४२८३ ०३० |
| 7 | पेलु लामा | " " | कार्यपालिका सदस्य | (९८४२ ८९८२६३) |
| 8 | कुलध्वज थर्ती मगर | " " | " " | ९७६५४४ ५३६ |
| 9 | खगेन्द्र श्रेष्ठ | शिक्षा विकास तथा समन्वय इ. | प्रमुख | ९८४२८४ २३० |
| 10 | राम कुमार खड्का | " " | नि. प्र. प्र. अ | ९८६२८० ८८८३ |
| 11 | तिलक राई | ज. ज्या. मा. वि | प्र. अ | ९८४०३८ १३४० |
| 12 | विनोद लि तामाङ | गार्मा मा. वि | प्र. अ | ९८४२८३ ७६४३ |
| 13 | कुमार खड्का | सिंहकाली मा. वि | प्र. अ | ९८४११८४ ०३० |
| 14 | चैत ब. मगर | पिके मा. वि | प्र. अ | ९८६२८४ १४३० |
| | Total | | | |

Prepared By : — Reviewed By :

## 3 Days Local Level Education Sector Plan Pre…

**Participant's Lodging, Fooding & Travel Cos…**

Organized By : Solududhkunda Municipality — Techn…

Date : 2nd March 2023 - 4th March 2023

Venue : Samikshya Hall, Salleri, Solukhumbu

| SN | Name | Organization | Designation | Contact No |
|---|---|---|---|---|
| 15 | पेमा रिन्जी शेर्पा | सोलु दु. न. पा. सेवा | शिक्षक | ९८४२०१ ६२३३ |
| 16 | प्रेम कुमार राई | ज. ज्या. सल्लेरी | अध्यक्ष | ९८४२०९ ६७४ |
| 17 | रतन राई | गार्मा मा. वि | शिक्षक | ९८४३९४ ०९९९ |
| 18 | सीता आचार्य | दुधकुण्ड हिमालय आ. वि | " | ९८६२५५९ ३३१ |
| 19 | सुन्दिरा कुलुङ | ज. ज्या. आ. वि | " | ९८४२९३२८ ४३० |
| 20 | केशरी राई | " " | " | ९८६२६२ १०७४ |
| 21 | होमा खतिवडा | दुधकुण्ड आ. वि | प्र. अ. | ९८४२५३० २०५ |
| 22 | कृष्णा कुमारी वि. क | सा. अ. केन्द्र सल्लेरी | परिचालिका | ९८४४८९ ७९४८ |
| 23 | अशोक राई | हिमाल एफ. एम | कार्यक्रम प्रस्तोता | ९८१०४४ ०४१०६ |
| 24 | रीता दुङ्गाना | सोलु. दु. न. पा | अ. नि. हि. | ९८४२८९ ७९४४ |
| 25 | सन्तोष राउत | " " " | शिक्षा शाखा प्र | ९८४८०४ ९३२४ |
| 26 | रमन वन | सोलु एफ. एम | समाचारदाता | ९८४१३३ २८४८ |
| 27 | प्रकाश थ्योपाने | शिक्षा विकास तथा समन्वय इकाई | प्रा. सा | ९८६१०११ ४१२० |
| | Total | | | |

Prepared By : — Reviewed By :

## 3 Days Local Level Education Sector Plan Pr

**Participant's Lodging, Fooding & Travel C**

Organized By : Solududhkunda Municipality — Tech

Date : 2nd March 2023 - 4th March 2023

Venue : Samikshya Hall, Salleri, Solukhumbu

| SN | Name | Organization | Designation | Contact No |
|---|---|---|---|---|
| २८ | रिवलक ब. कार्की | पाँगेस्थान मा.वि | प्र.अ | ९८४२६८९०७८ |
| २९ | दावा शेर्पा | भिमसेनथान आ.वि | प्र.अ | ९८६२२१०७२२ |
| ३० | धन ब. कार्की | जनप्रिय मा.वि | प्र.अ | ९८६३०४९१३५ |
| ३१ | भरत राई | जुनवेशी मा.वि | प्र.अ | ९८४९९६२०११७ |
| ३२ | विनोद केसी | वालेश्वर मा.वि | प्र.अ | ९८४२६८३६५४ |
| ३३ | पैम्बा नुरु शेर्पा | सगरमाथा मा.वि | " " | ९८६५८०६०८० |
| ३४ | गणेश कुमार कार्की | दोर्पु आ.वि कुल्थु | " | ९८४५८२४३३२ |
| ३५ | गोपाल राज भुर्जेल | चोँगेस्थान मा.वि | स.शि | ९८४२८३४१०८३ |
| ३६ | प्रकाश श्रेष्ठ | वालेश्वर मा.वि | शिक्षक | ९८६१२३८२०५ |
| ३७ | हर्के ब. राई | सिंहकाली आ.वि | प्र.अ | ९८११७०७००२१ |
| ३८ | कुमार खड्का | जनप्रिय मा.वि | शिक्षक | ९८४३४६०३९९ |
| ३९ | दान ब. कुलुङ | पत्तालें आ.वि | शिक्षक | ९८४२३४४७७२ |
| ४० | चमर ब. मगर | सोलु दु. न.पा | उ.स्वा.नि | ९८४६६३०३९६ |
| ६ | कुमार प्रसाद बास्तोला | " " -ऽ | प्र.अ | ९८६६९२२२०२ |
| | Total | | | |

Prepared By: Reviewed By:

## 3 Days Local Level Education Sector Plan Pre

**Participant's Lodging, Fooding & Travel Cos**

Organized By : Solududhkunda Municipality — Techn

Date : 2nd March 2023 - 4th March 2023

Venue : Samikshya Hall, Salleri, Solukhumbu

| SN | Name | Organization | Designation | Contact No |
|---|---|---|---|---|
| १. | दाङवा शेर्पा | सोलु दु. न.पा-१ | वडा अध्यक्ष | ९८४२८०७०७४ |
| २. | प्रेम कुमार कटेल | टाक्सीन्दु मा.वि | प्र.अ | ९८४२८९५५१३ |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | Total | | | |

आज मिती २०८३।०३।०६ गते ~~शुक्रवारको~~ शनिवारको दिन दिउँसो १ बजे यस सोलुदुधकुण्ड नगरपालिकाको १० वर्षे नगर शिक्षा योजना निर्माणको विषयमा (मस्यौदामा) छलफल गरि निर्माण कार्य सम्पन्न गर्न सामाजिक विकास संयोजक श्री सोनाम ग्याल्जेन शेर्पाको अध्यक्षतामा बैठक बसि देहाय बमोजिमको उपस्थितीमा निम्नानुसार निर्णय गरियो।

उपस्थिति :

१. सामाजिक विकास संयोजक - श्री सोनाम ग्याल्जेन शेर्पा
2. अ. आठौं - योजना शाखा - श्री राम कुमार खड्का
३. माध्यमिक वि. प्र.अ. - गार्मा मा.वि. - बिनोद सिंह तामाङ
४. मा.वि. प्र.अ. - जनजागृति मा.वि. महेन्द्रप्रसाद फुयाल
५. आ.वि. प्र.अ. - हर्क बहादुर राई - हिंहकाली आ.वि.
६. अ. सातौं - शिक्षा शाखा - रोजीना पौडेल
७. तालिम अ. - रिड नेपाल - बालु देव वाग्ले

आमन्त्रित

श्री सुरेन्द्र थापा - प्रमुख प्रशासकीय अधिकृत

निर्णय :

१० वर्षे नगर शिक्षा योजनाको मस्यौदामा सल्लाहकार समिति बाट प्राप्त सुझाव अनुरुप परिमार्जन गर्दै मूलपाठ्नै र नगर शिक्षासमितिमा मस्यौदा पेश गर्ने निर्णय गरियो।

आज मिति २०८२।०३।०८ गते सोमवारका दिन बिहान ६:०० बजे बसेको यस सोलुदुधकुण्ड नगरपालिकाको १० वर्षे नगरशिक्षा योजना निर्माण समितिका संयोजक श्री सोनाम ग्याल्जेन शेर्पा (सामाजिक विकास समितिका संयोजक) को संयोजकत्वमा देहाय बमोजिमको उपस्थितिमा निम्नानुसार निर्णय गरियो।

उपस्थिति

१. सामाजिक विकास संयोजक - श्री सोनाम ग्याल्जेन शेर्पा - संयोजक
२. अधिकृत आठौं श्री राम कुमार खड्का - सदस्य
३. मा.वि. प्र.अ. (ज.ज्यो.मा.वि.) श्री महाप्रसाद कुमाल - सदस्य
४. मा.वि. प्र.अ. (गाम्मा मा.वि.) श्री विनोद सिंह तामाङ "
५. आ.वि. प्र.अ. (सिंह ज्योति आ.वि.) श्री हर्क ब. राई "
६. शिक्षा अधिकृत सरिता पौडेल "
७. तालिम अधिकृत (रिड नेपाल) श्री वासुदेव वाग्ले "

श्री सुरेन्द्र थापा, प्रमुख प्रशासकीय अधिकृत (आमन्त्रित)

निर्णय

१० वर्षे नगर शिक्षा योजनाको मस्यौदाको अनुमोदन गर्न कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

## अनुसूची ६ : शिक्षा योजना निर्माण बैठकका केहि तस्विरहरु








